भारतमा टुट-फूट, एकता र संघर्षबाट अगाडि बढिरहेको माओवादी पार्टी !



# मूल्याङ्कन

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६४
माघ-फागुन, २०५५






## कति फरक पर्छ यो चुनावमा बाम तालमेल नभएमा ?

मूल्य रु. २०/-
थप चार पृष्ठको आकर्षण सहित

*कसरी बनले नेपाललाई*
*विदेशी ऋणको फन्दाबाट मुक्त पार्न सक्छ ?*
डा. नारायणकाजी श्रेष्ठको विचारोत्तेजक विश्लेषण

# DUCKHAMS





अन्तरराष्ट्रिय
**ISO-9002 को**
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

## Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 350221, 350285

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६४
माघ–फागुन/२०५५



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह–सम्पादक**
राजेन्द्र महर्जन
**सहायक–सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


# वाम तालमेल

## कति फरक पर्छ यो आम चुनावमा बाम तालमेल नभएमा ?

◆ बुद्धिजीवीहरूले अवश्य नै एकताको कुरा गर्नुपर्छ
*-गोविन्द भट्ट*

◆ समग्र वामपक्षबीच तालमेल हुनु आवश्यक छ
*-डा. चैतन्य मिश्र*

◆ वामपन्थीहरूले चुनावी एकता गर्नै पर्ने हो
*-डा. नारायण पोखरेल*

◆ भारतमा सि.पि.आई. र सि.पि. (एम) ले फुटेको केही महिनापछि नै चुनावी एकता गरे
*-प्रा. मणिकलाल श्रेष्ठ*

◆ एमाले र मालेबीच तालमेल नहुँदा ठूलो नोक्सानी हुन सक्छ
*-पद्मरत्न तुलाधर*

◆ *वामहरु नमिलेमा यसपालि यी ठाउँहरु गुम्न सक्छन् !*
❑ *मिलेमा यसपालि यी ठाउँहरु समेत जित्न सम्भव छ !*
◆ **वाम तालमेल भएको भए त्यतिखेरै बहुमत आउँथ्यो !**

## बनले नेपाललाई विदेशी ऋणको फन्दाबाट यसरी मुक्त पार्न सक्छ !
◆ डा. नारायणकाजी श्रेष्ठ ◆

## पिपुल्स वार ग्रुप: टुट-फूट, एकता र संघर्षबाट अगाडि बढ्दैछ !
पिपुल्सवार ग्रुप र पार्टी यूनिटीबीच एकीकरण

## नेपालको जलस्रोतमा एनरोनको गिद्देदृष्टि


**हाम्रो मूल्यांकन**
आम निर्वाचनको पूर्व सन्ध्यामा देखापरेका यी खतरनाक प्रवृत्तिहरु ४
**घटना र प्रवृत्ति**
नेपालको जलस्रोतमा एनरोनको गिद्देदृष्टि ५
प्रगतिशील लेखक संघ साझा संगठन होला कि नहोला ? ३८
अमेरिकी डलरसित पौंठाजोरी खेल्दै नयाँ विश्व मुद्रा यूरो प्रचलनमा ४५
'अन्तर्क्रिया डबली' संचालन हुन थाल्यो ! ४५
**आवरण कथा**
कति फरक पर्छ यो आम चुनावमा बाम तालमेल नभएमा ? ६
◆ बुद्धिजीवीहरुले अवश्य नै एकताको कुरा गर्नुपर्छ
*-गोविन्द भट्ट*
◆ समग्र वामपक्षबीच तालमेल हुनु आवश्यक छ
*-डा. चैतन्य मिश्र*
◆ वामपन्थीहरुले चुनावी एकता गर्नै पर्ने हो
*-डा. नारायण पोखरेल*
◆ भारतमा सि.पि.आई. र सि.पि. (एम) ले फुटेको केही महिनापछि नै चुनावी एकता गरे
*-प्रा. मणिकलाल श्रेष्ठ*
◆ एमाले र मालेबीच तालमेल नहुँदा ठूलो नोक्सानी हुन सक्छ
*-पद्मरत्न तुलाधर*
**आत्मकथा**
मेरो घरको इतिहास
-क. निर्मल लामा ३४
**दर्शन**
हामी कसरी आदर्शवादी भइरहेका हुन्छौं ?
-प्रज्ञानरत्न ३७
जडसूत्रवाद भनेको के हो ? ३८
**जीवनको झाँकी**
नक्सलवादी आन्दोलनको उभारबीच विवाद चर्कियो ! २४
**विश्व कम्युनिष्ट आन्दोलन**
पिपुल्स वार ग्रुप टुट-फूट, एकता र संघर्षबाट अगाडि बढ्दैछ ! २८
पिपुल्सवार ग्रुप र पार्टी यूनिटीबीच एकीकरण ३१
**अर्थतन्त्र**
बनले नेपाललाई विदेशी ऋणको फन्दाबाट यसरी मुक्त पार्न सक्छ !
-डा. नारायणकाजी श्रेष्ठ १८
**अन्तर्वार्ता**
मेरो घर थाहा नपाउने कम्युनिष्ट नेताहरु थोरै मात्र होलान्
-क. कृष्णदास श्रेष्ठ २२
**आँखीझ्याल**
यस्तो छ मानव अधिकारको दुर्दशा अति विकसित मुलुकमा
-दीपक वैद्य १७
**साहित्य**
झरेको तारा/कथा
-देविका तिमिल्सिना ३९
जनता छाप चप्पल/व्यंग्य
-विमल निभा ४३
मीनबहादुर विष्टका दुई कविताहरु ३३
भोक र टेलिभिजन
छतमा बसेको मान्छे
**इतिहास**
दशरथ चन्दसँग उनका साथी रामहरि शर्माले गरेको महत्वपूर्ण कुराकानी संस्मरणको रुपमा ४०
गंगालाल शहीद हुनकै लागि जन्मेका थिए
-हरिकृष्ण श्रेष्ठ ४२
**पर्दा/रंगमञ्च**
'सिम्मा' र 'कहाली' पछिको गीतिनाटक 'बुहारी' ३६
पाठकको कुरो ४६



आवरणमा : निर्वाचनको निम्ति नेपालका वामपन्थी पार्टीहरुका चुनाव चिन्हरु/वामन्थी नेता क. अमीक शेरचन, क. चित्रबहादुर के.सी., क. नारायणमान विजुक्छे, क. प्रभुनारायण चौधरी, क. बामदेव गौतम, क. विष्णुबहादुर मानन्धर र क. माधव नेपाल (वर्णानुक्रमअनुसार)
काँधमा : भारतको माओवादी पार्टी पिपुल्स वार ग्रुपका छापामारहरु
आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५ /कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक। फोन: २४७१८२
कम्प्युटर सेटिङ्ग: माइक्रोचिप्स, पुतलीसडक, फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार



# आम निर्वाचनको पूर्व सन्ध्यामा देखापरेका यी खतरनाक प्रवृत्तिहरु

**२०४६** सालको ऐतिहासिक जन आन्दोलनपछिको तेश्रो संसदीय महा-निर्वाचन आगामी वैशाख २० गते हुने निश्चित भईसकेको छ । तर निर्वाचनको पूर्व सन्ध्यामा केही अत्यन्त खतरनाक प्रवृत्तिहरू चुनावी मैदानमा देखापरेका छन्, जसप्रति संम्पूर्ण जागरूक नागरिकहरूको ध्यान बेलैमा आकर्षित हुनु जरूरी भएको छ ।

पहिलो कुरो त, नेपालको संसदीय निर्वाचनको इतिहासमा पहिलो पटक चुनावमा सेना प्रयोग गर्न लागिएको छ । सेनाको प्रयोग गर्ने धारणा रा.प्र.पा.बाट आएको छ र त्यो त्यतिखेर आएको छ, जब निर्वाचन आयोगले एकै चरणमा चुनाव गर्न सुरक्षाकै कारणले संभव नहुने कुरा प्रहरीमार्फत् बताएको छ र तीन चरणमा चुनाव गर्ने आफ्नो प्रस्ताव पार्टीहरूसमक्ष अघि सारेको छ ।

निश्चय नै तीन चरणमा चुनाव संपन्न गर्ने नेपाली कांग्रेसको सरकारको प्रयत्न र निर्वाचन आयोगको प्रस्ताव विरोधयोग्य प्रस्ताव हो । २०१५ सालमा यही तरीका अप्नाएर तात्कालीन नेपाली कांग्रेसको सरकारले चुनावमा व्यापक धाँधली गरेको थियो ।

> प्रहरीको तुलनामा सेनाले गर्ने शक्तिको दुरूपयोगलाई प्रतिरोध गर्ने संभावना जनतासित निकै कम हुन्छ, त्यसैले, चुनावमा सेनाको प्रयोग गरिनु हुन्न ।

केही संवेदनशील ठाउँमा कम्युनिष्टहरूका प्रमुख उम्मेदवारहरूलाई जबरजस्ती हराएर त्यसको प्रचारद्वारा कांग्रेस नजित्ने ठाउँमा पनि जित्ने षड्यन्त्र भएको थियो । अहिले पनि कांग्रेसले त्यही पुरानो सफलताको अनुभवलाई पुनः व्यवहारमा प्रयोग गर्ने प्रयत्न गरेको हुन सक्दछ । किनभने देशमा अहिले वाँमहरू मिलेमा र निष्पक्ष निर्वाचन भएमा कांग्रेसले बहुमत ल्याउने कुनै संभावना छैन ।

तसर्थ, तीन चरणको निर्वाचन पहिले नै ग्रायण्ड रिहर्सल भइसकेको धाँधलीको पुनः रंगमंचमा मंचन हो । र, यसको सशक्त विरोध हुनैपर्थ्यो । कांग्रेस बाहेकका सबै पार्टीले यसको विरोध गरेर ठीक गरेका छन् । तर त्यसको विकल्प चुनावमा सेनाको प्रयोग हुन सक्दैन । सेना नेपाली जनताको नजरमा अहिले पनि भयको प्रतीकको रूपमा छ । यसको उपस्थितिले काफी मात्रामा मतदातालाई मतदानमा आउनबाट विच्काउन संभव छ । त्यसको परिणाम हुनेछ - व्यापक मात्रामा प्रोक्सी मतदान । अर्थात, अर्को रूपको धाँधली ।

त्यसमाथि थप, सेना प्रहरीभन्दा पनि निकै कम जनसम्बन्ध भएको र जन उत्तरदायी नभएको संस्था हो । प्रहरीको तुलनामा त्यसले गर्ने शक्तिको दुरूपयोगलाई प्रतिरोध गर्ने संभावना जनतासित निकै कम हुन्छ, त्यसैले, चुनावमा सेनाको प्रयोग गरिनु हुन्न । बरू अहिलेदेखि नै तालिम गरेर भू.पू. प्रहरी, भू.पू. सैनिक जवान, रा.से. र अरू मिलाएर अस्थायी प्रहरीको व्यवस्था गरिनु उचित हुनेछ । ४५ हजार प्रहरीले पुग्दैन भनेर सेनालाई चुनावमा ल्याउने हो भने अब उप्रान्त प्रत्येक चुनावमा सेना उतार्नु पर्ने अनिवार्यता र स्थायी स्थिति पैदा हुन संभव छ । यो गलत प्रवृत्ति हो । यसको विरोध गरिनु जरूरी छ ।

अर्को खतरनाक प्रवृत्ति हो- जनताको मतदानद्वारा होइन, 'मसल र मनी'को प्रयोगद्वारा चुनाव जित्ने प्रमुख ठूला पार्टीहरूमा देखा परेको प्रवृत्ति । नेपाली कांग्रेसका सभापतिले खुलेआम रूपले "वन बुथ ट्वेण्टी युथ" को नारा दिईसकेका छन् । साथै, अहिलेदेखि नै जिल्ला जिल्लामा गुण्डाहरूको तालीम थालिएको छ । त्यही प्रवृत्ति छद्म रूपमा प्रमुख ठूला वाम पार्टीहरूमा पनि देखापर्न थालेको छ । यस्तो प्रतीत हुन्छ, आगामी चुनावमा वास्तविक जीतहार जनताको मतद्वारा होइन, माफियाहरूका गुण्डा र पैसाको प्रयोगको मात्राद्वारा निर्धारण हुने स्थिति देखा पर्दैछ । प्रमुख ठूला पार्टीहरू जनतासित उठाएको चन्दाको आधारमा होइन, कार्यकर्ता र समर्थकको लेवीमा पनि होइन, मूलतः तस्कर, माफिया र व्यापारीहरूको पैसामा चल्न थालेका छन् । यो सारै खतरनाक प्रवृत्ति हो । यसको सशक्त विरोध हुनु जरूरी छ ।

यसको लागि पार्टीको आयस्रोत पारदर्शी पारिनु जरूरी छ । पार्टीका गतिविधिउपर जनताको जागरूक निगरानी पुग्नु जरूरी छ । तस्कर माफियाहरूको गुण्डा र पैसाको प्रयोग गर्ने प्रवृत्तिलाई, त्यसका बाहकलाई सर्वत्र निन्दा र सामाजिक वहिष्कार गर्नु जरूरी भएको छ ।

तेश्रो प्रवृत्ति, आम जनतामा देखापरेको प्रवृत्ति हो । आम जनतामा यतिखेर पार्टी पनि नहेर्ने, घोषणपत्र पनि नहेर्ने, मान्छे हेरेर भोट दिने प्रवृत्ति पैदा भएको छ । यो गत आठ वर्षमा प्रमुख ठूला पार्टीहरूले गरेको वदमासी र भ्रष्ट आचरणले गर्दा जनतामा पार्टीहरूप्रति पैदा भएको अविश्वास र वितृष्णाको उपज हो । यो प्रवृत्ति निर्दलीय प्रवृत्ति हो, जसको लागि मूलतः जनता दोषी छैनन्, तथापि, यो वेठीक प्रवृत्ति हो ।

पार्टीहरूलाई हेर्नुपर्ने उनीहरूको घोषणा पत्र र उसको व्यवहारमा नै हो । घोषणापत्र अनुरूप व्यवहार नगर्ने पार्टीहरूलाई जनताले प्रत्येक आमसभा, टोलभेला र घरदैलो कार्यक्रममा आलोचनात्मक प्रश्नहरू राखेर व्याखन्याख्ती पार्ने प्रक्रिया थालिनु पर्दछ । खराब काम गर्ने पार्टीको नाममा जो सुकै आओस्, मैदानमा उसलाई टिक्नै नसक्ने पारीदिएको खण्डमा मात्रै भ्रष्ट र खराव काम गर्ने पार्टीहरू चेत्न बाध्य हुन्छन् ।

भ्रष्ट र खराब काम गर्ने पार्टीहरू र निर्वाचित उम्मेदवारलाई निर्वाचक जनताले कुनै पनि वेला फिर्ता बोलाउने अधिकार जनतालाई भएमा मात्र उनीहरूमाथि जनताको नियन्त्रण बलवान हुन सक्दछ भन्ने हामीलाई लाग्छ । ☐

# नेपालको जलस्रोतमा एनरोनको गिद्देदृष्टि

अमेरिकी बहुराष्ट्रिय उर्जा कम्पनी एनरोनले फेरि नेपालको जलस्रोतमाथि आफ्नो गिद्देदृष्टि गाडेको छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको समयमा पहिलो पटक कर्णाली -चीसापानी परियोजनाको सर्भेक्षणका लागि लाइसेन्स प्राप्त गर्न आवेदन दिएको एनरोनले पछि गएर "एशियाली बजारमा देखिएको अस्थिरताको कारण" देखाएर आवेदन फिर्ता लिएको थियो । तर नेपालका कमिशनखोरहरु र सत्तासीन राजनीतिक दल नेपाली कांग्रेस तथा नेकपा एमालेका केही नेताहरुको अवाञ्छित स्वार्थले गर्दा एनरोनले आफूलाई लाभान्वित गराउने आकांक्षा छोडिसकेको थिएन । त्यसैले हाल आएर यस कम्पनीले उक्त परियोजना सर्भे गर्नका लागि भनेर फेरि नेपाल सरकार समक्ष अनुमति प्राप्त गर्न आवेदन दिएको छ ।

नेपालको लागि अमेरिकी राजदूत राल्फ फ्रयांइले एनरोनको उक्त आशयको पत्र यही माघ ११ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, जलस्रोत मन्त्री प्रदीप नेपाल र अर्थमन्त्री भरतमोहन अधिकारीलाई बुझाइसकेका छन् । यस घटनासंगसंगै नेपालका जलस्रोतविदहरु र यस सम्बन्धी जानकार बौद्धिक समुदायमा तीव्र प्रतिक्रियाहरु पैदा भएका छन् ।

१० हजार ८ सय मेगावाट विद्युत उत्पादन क्षमता भएको कर्णाली चीसापानी बहुउद्देश्यीय परियोजना विश्वकै ठूला परियोजनाहरु मध्ये एक हो । यस परियोजनाका लागि पटक पटक गरी अहिलेसम्म सर्भेक्षणका लागि मात्रै लगभग ६ करोड अमेरिकी डलर खर्च भैसकेको छ । सबभन्दा पहिले जापानको निप्पन कोइले सन् १९६३ देखि ६६ सम्म, त्यसपछि अष्ट्रेलियाको स्नोई माउन्टेन र त्यसपछि नर्वे तथा स्वीजरल्याण्डका कम्पनीहरुले थप स्थलगत सर्भेक्षण गरी श्री ५ को सरकारलाई संभाव्यता प्रतिवेदन पेश गरेका थिए । त्यसपछि फेरि सन् १९८९ मा विश्व बैंक, नेपाल सरकार र भारत सरकारले उक्त परियोजनाका निम्ति संयुक्त रुपले संभाव्यता अध्ययन गर्न हिमालयन पावर कन्सल्ट्यान्टलाई काम लगाएका थिए । त्यसबेला हिमालयन पावर कन्सल्ट्यान्टले विस्तृत सर्भेक्षण गरी २२ ठेलीको प्रतिवेदन पेश गरेको थियो । पछिल्लो पटक अमेरिकी-क्यानाडाली परामर्शदातृ संगठनहरुले सवा १ करोड डलर खर्च गरेर विस्तृत सर्भे गरेका थिए । तसर्थ, हाल एनरोनले सर्भेक्षणका लागि श्री ५ को सरकार समक्ष दिएको आवेदन बारे नेपाली जलस्रोत विद्हरुको भनाई के रहेको छ भने, यतिन्जेल परियोजनाको संभाव्यता- अध्ययनका लागि मात्र ६ करोड डलर खर्च भैसकेको छ । यो ६ करोड डलर एनरोनले नेपाललाई कहिले र कसरी दिन्छ ? त्यो परियोजना लिनेले यस अघि खर्च भएको ६ करोड डलरको ब्याजसहित फिर्ता गर्नु पर्छ ।

प्रष्ट छः सर्भेक्षण भैसकेको परियोजनामा फेरि सर्भेक्षण गर्नका निम्ति भनेर लगानी गर्नु अथवा त्यस्तो सर्भेक्षणको अनुमति दिनु आवश्यक छैन ।

विगतमा एनरोनलाई परियोजना सुम्पन्न अत्यधिक रुचि राख्नु हुने शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वकालमा तत्कालीन सरकारमाथि आइलागेको अविश्वासको प्रस्तावबाट सरकारलाई जोगाउन एनरोनकै नेपाली एजेन्टको पैसाले ५ जना मन्त्रीहरुलाई बैंकक लगेर पालिएको कुरा जानकारहरु बताउँछन् । त्यही प्रसंगमा उनीहरुको थप भनाई छ, सर्भेको लाइसेन्स लिन आउँदा नै ५/५ जना मन्त्रीलाई किन्न सक्ने संस्थाले अब फेरि पनि नेपाली अनुहारका विदेशी दलालहरुलाई पर्याप्त मात्रामा किन्ने निश्चित छ ।



कर्णाली नदीको धारः *नेपालको पश्चिम तराई क्षेत्रबाट कर्णाली नदीलाई हेर्दा*

**सर्भेक्षण भैसकेको परियोजनामा फेरि सर्भेक्षण गर्नका निम्ति भनेर लगानी गर्नु अथवा त्यस्तो सर्भेक्षणको अनुमति दिनु आवश्यक छैन ।**

चुनावी सरकारले दूरगामी महत्वका निर्णयहरु गर्ने अधिकार पाउँदैन । तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला संगसंगै जलस्रोत मन्त्री प्रदीप नेपाल एनरोनलाई अनुमति दिलाउन र महाकालीको डि.पी.आर पनि तयार गराउन लागिपरेका छन् । राष्ट्रघाती महाकाली सन्धि त्यही अनुरुप कार्यान्वयन गराउन विशेष रुचि राख्ने एमालेका मन्त्री प्रदीप नेपालले महाकालीको डि.पी.आर. तयार पार्नका लागि अर्थ मन्त्रालयबाट डेढ करोड रुपियाँ निकासा गराएको कुरा सार्वजनिक भएको छ । यस खाले कार्यशैली अपनाइरहेको सरकारले एनरोनलाई पनि फेरि अनुमति पत्र दिएर फेरि सर्भे गराउने प्रबल संभावना छ ।

६ देखि ८ अरब अमेरिकी डलर खर्च हुने कर्णाली चीसापानी परियोजना नेपालको राष्ट्रिय हितमा छैन भन्ने कुरा जलस्रोत विद्हरुले विभिन्न ढंगले प्रष्ट पारिसकेका छन्, तर पनि सरकारले विज्ञहरुको भनाईतर्फ कुनै ध्यान दिएको छैन । यसबाट प्रष्ट हुने कुरा के हो भने, वर्तमान सरकार पनि कमिशनखोर र भ्रष्टाचारीहरुको दबदबाबाट नराम्ररी प्रभावित छ ।

कर्णालीबाट उत्पादित विजुली भारत, पाकिस्तान र चीनलाई बिक्री गर्ने कुरा एनरोनले संभाव्यताको स्तरमा उठाएको थियो । तर उसैले एशियाली बजारमा अस्थिरता रहेको बताइसकेको छ । अर्कोतिर, त्यस परियोजनाबाट तल्लो तटिय फाइदा नेपाललाई भन्दा भारतलाई बढी हुने कुरा जलस्रोत विद्हरु बताउँछन् । उनीहरु के पनि थप्छन् भने, विजुली मात्रै सबै थोक हो भन्ने सोचाईले कर्णाली आयोजनाबाट हुनुपर्ने फाइदा पाउन सकिँदैन ।

अहिलेको सरकार र एनरोनको रुचि नेपालको राष्ट्रिय हित अनुरुप छैन भन्ने कुरामा सहमति व्यक्त गर्दै जलस्रोतविद् ई. विकास पाण्डेले अहिलेको विद्युत ऐन पनि ठूला योजनाहरुका लागि निकास दिने खालको छैन भन्ने कुरा बताउनु भएको छ । मूल्याङ्कनसंग कुरा गर्दै उहाँले भन्नु भएको छ : विद्युत ऐन २०४९ साना आयोजनाहरुलाई दृष्टिगत गरी बनाइएको हो । घरेलु खपतका निम्ति उत्पादन गरिने साना विद्युत परियोजनाले सरकारलाई बुझाउने राजश्वको बारेमा मात्रै त्यसले किटान गरेको छ । कालीगण्डकी र अरुणको प्रसंग आउनुअघि नै बनेको त्यो ऐनले सरकारलाई दुई प्रतिशत मात्र राजश्व बुझाउने कुरा गरेको छ । कर्णाली चीसापानी जस्तो ठूलो परियोजनाका निम्ति त्यो ऐन उपयोगी छैन ।

ठूलो मात्रामा विद्युत निर्यात समेत गर्दा सरकारले कुन आधारमा कति राजश्व लिने हो भन्ने ऐन नबनाइकन परियोजना सम्बन्धी काम थाल्नु हास्यास्पद तथा हानीकारक दुवै हुन जान्छ ।

दोस्रो कुरा ठूलो परियोजना निर्माण गर्दा परियोजना स्थलबाट ठूलो संख्यामा विस्थापित हुने व्यक्तिहरुले पाउनु पर्ने मुआब्जाका बारेमा पनि विद्युत ऐनले केही भनेको छैन । त्यस स्थितिमा कर्णाली परियोजनाको काम पाइहाल्यो भने पनि एनरोनले विस्थापित व्यक्तिहरुलाई मुआब्जा नदिएर त्यसको निम्ति श्री ५ को सरकारलाई नै खर्चभार लाद्न सक्छ ।

इन्जिनियर पाण्डेका अनुसार, परियोजना तयार भएपछि उत्पादित विजुली भारतलाई भारुमा बिक्री गरेर एनरोनले श्री ५ को सरकारसंग चाहिँ डलर माग गर्ने सक्ने संभावना रहेको छ ।

यी अन्यौल र अस्पष्टताहरुका साथसाथै एउटा अर्को कुरा पनि विचारणीय छ । त्यो के हो भने, एनरोन जलविद्युत क्षेत्रमा काम गरेर ख्याती आर्जन गरिसकेको कम्पनी होइन । अन्य उर्जामा नै बढी काम गरेको एनरोनले कर्णाली चीसापानी परियोजनामा बढी रुचि राख्नु निश्चय नै अस्वभाविक देखिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने, यो परियोजनाबाट उत्पादन हुने विजुली नेपालले खपत गर्न पनि सक्दैन र परियोजनामा लगानी पनि गर्न सक्दैन । त्यसैले विदेशी कम्पनी आएर लगानी गरेपछि मुनाफा पनि उसैले कुम्ल्याउँछ । यो खतरनाक स्थितिबाट मुलुकलाई जोगाउन देशभक्तहरु सचेत हुनु जरुरी छ ।

◆ समीर थापा



दक्षिण एशियामा नेपाल नै यस्तो देश हो, जहाँ बामपन्थी शक्तिहरु एकगठ भएमा पूँजीवादी संसदमा सजिलैसित उनीहरुको बहुमत हासिल हुन सम्भव छ र केन्द्रमा उनीहरुको सरकार बन्न संभव छ । यसको निम्ति अरु थोक केही गर्नु पर्दैन, विभिन्न पार्टीका आफ्नै पार्टी दस्तावेजमा लेखिएका साझा कुराका आधारमा एउटा "साझा न्यूनतम कार्यक्रम" बनाएर चुनावी एकता वा चुनावी तालमेल गरे पुग्छ । यति गरेको खण्डमा नेपालमा तुरुन्तै अत्यधिक बहुमतको बामपन्थी सरकार केन्द्रमा स्थापित गर्न संभव छ ।

यस्तो गर्न सकेको खण्डमा नेपालको पूँजीवादी जनवादी क्रान्तिको प्रक्रियालाई निकै तेज र सहज बनाउन संभव छ । तल जगमा पार्टी यन्त्रमार्फत् गरीखाने वर्ग र तमाम उत्पीडित वर्ग एवं जन समुदायको वर्ग-संघर्ष संचालन गर्ने र तेज पार्ने, माथि संसद र सरकारमार्फत् त्यो वर्ग-संघर्षमाथि दमन

# वाम तालमेल

## कति फरक पर्छ यो आम चुनावमा बाम तालमेल नभएमा ?

◆ श्याम श्रेष्ठ

गर्न नदिने, बरु त्यसलाई ढालले झैं रक्षा गर्दै, जन बल र जन संघर्षको बुतामा जगको माग र आवश्यकता मुताबिक चौतर्फी प्रजातान्त्रिक सुधारको लर्को लगाउने, सामन्तवादी र साम्राज्यवादी उत्पीडनको अन्त्य गर्ने प्रक्रिया चलाउने ।

यी दुई बाटाको संयोजनबाट नेपालमा राष्ट्रिय स्वाधिनतामुखी जनवादी क्रान्तिको प्रक्रिया निकै सबल र तेज पार्न सम्भव छ । कम से कम जनताको निम्ति कम भ्रष्ट र अदमनकारी प्रशासन, तथा राहतपूर्ण उन्नत जीवनस्तर सिर्जना गर्न संभव छ । देशलाई थुप्रै असमान सन्धिहरुबाट र वैदेशिक परनिर्भरताबाट मुक्त पार्दै लान संभव छ । तल जगमा वैकल्पिक जनसत्ताको भ्रुण पनि पैदा गर्दै र मजबूत पार्दै लान संभव छ ।

नेपालको वस्तुगत स्थिति ठीक यही दिशामा जानका लागि तम्तयार छ । यस्तो गर्न सकिने परिपक्व वस्तुगत स्थिति दक्षिण एशियामा कतै छैन, सिर्फ नेपालको मात्र विशेषता हो यो । विश्वमै यस्तो स्थिति विरलै ठाउँमा विद्यमान छ ।

तर के हामी नेपालको वस्तुगत स्थितिको यो विशिष्टता ठम्याइरहेका छौं ? नेपालको क्रान्ति जुन समाज विकासको विशिष्ट प्रक्रियामार्फत् गुज्रन र अघि बढ्न लागिरहेछ- के त्यसलाई हामीले पक्रिरहेका छौं ?

अहँ, यहाँका क्रान्तिकारी शक्तिहरुबाट त्यस्तो हुन सकिरहेको देखिन्न ।

### विगतको समीक्षा

हामी २०४८ सालको आम चुनावको परिणामलाई विश्लेषण गरी हेरौं । समय र परिवेशको विशिष्टता बुझेर एउटा 'साझा न्यूनतम कार्यक्रम'का आधारमा आफ्नो औकातको वस्तुनिष्ट मूल्यांकन गर्दै सम्पूर्ण वामहरु त्यतिखेर एकताबद्ध हुन सकेको भए नेपालमा वहुमतको संयुक्त बाम सरकार त्यतिखेरै गठन गर्न संभव थियो । त्यतिखेर संसदमा वामपन्थीहरुको कुल सीट ८२ थियो । देशभरमा १४ वटा ठाउँहरु यस्ता थिए, जहाँ वामपन्थीहरुको कुल मत जोड्दा प्रतिद्वन्दीको तुलनामा स्वत: निकै ज्यादा हुन्थ्यो, तर पनि बाम एकता हुन नसक्दा उनीहरु हारेका थिए र कांग्रेसी उम्मेदवारको जीत भएको थियो । १५ ठाउँ यस्ता थिए, जहाँ सिर्फ १५०० भन्दा पनि कम मतको अन्तरले वामपन्थीहरु प्रतिक्रियावादीहरुबाट पराजित भएका थिए । वामपन्थीहरु एकताबद्ध भएको भए त्यसको लहरले ती ठाउँहरुमा उनीहरुको विजय सजिलै संभव थियो । यस प्रकार, त्यतिखेरै संसदमा वामपन्थीहरुको करिब १११ सीट आउन संभव थियो । *(हेर्नुहोस् टेबुल नं. १ का तथ्यांकहरु) ।*

अझ, २०५१ सालको मध्यावधि चुनावमा त वामशक्ति वस्तुनिष्ठ भएर एकताबद्ध हुन सकेको भए संसदमा उनीहरुको अत्यधिक बहुमत आउन बिल्कुलै संभव थियो, त्यतिखेर संसदमा वामपन्थीहरुको कुल सीट ९४ थियो । दश ठाउँ यस्ता थिए, जहाँ मत जोड्दा वामपन्थीहरुको कुल मत प्रतिक्रियावादी प्रतिद्वन्दीको भन्दा स्वत: निकै बढी छ, तथापि वाम बेमेलले गर्दा उनीहरु पराजित भएका छन् । २१ ठाउँ यस्ता छन्, जहाँ बामपन्थी उम्मेदवार १५०० भन्दा पनि कम मतको अन्तरले मात्र हारेका छन् । वाम एकता भएको खण्डमा त्यसको प्रभाव र लहरले ती ठाउँमा सजिलै जित्नु संभव थियो । किनकि, चुनावमा एकताको असर अंकगणितीय हुँदैन, त्यो गुणनात्मक हुनेगर्छ । यसरी बामपन्थीहरुले त्यतिखेरै हेलैसित १२५ सीट हासिल गर्न सक्ने संभावना थियो । *(हेर्नुहोस् टेबुल २ र ३ को तथ्यांक)*

तर दु:खको कुरो, भरमग्दुर प्रयत्न हुँदाहुँदै दुवै स्पष्ट संभावनाहरु साकार हुन सकेनन् । नेपालको इतिहास जुन अनुकूल र उन्नत दिशातिर जान खोज्दै थियो, त्यो त्यता जानै सकेन । त्यो प्रतिकूल दिशातिर मोडियो । आफ्नो र अरुको स्थितिको बारे नितान्त मनोगतवादी मूल्याङ्कन, संकीर्ण व्यक्तिवादी समूह स्वार्थवादी चिन्तन र वैचारिक अस्पष्टता

◆ वामहरु नमिलेमा यसपालि यी ठाउँहरु गुम्न सक्छन्

❑ मिलेमा यसपालि यी ठाउँहरु समेत जित्न सम्भव छ

◆ वाम तालमेल भएको भए त्यतिखेरै बहुमत आउँथ्यो

तथ्यांकहरुले के देखाउँछन् ?

**बुद्धिजीवीहरुले अवश्य नै एकताको कुरा गर्नुपर्छ**
◆ गोविन्द भट्ट

*समग्र वामपक्षबीच तालमेल हुनु आवश्यक छ*
◆ डा. चैतन्य मिश्र

**भारतमा सि.पि.आई. र सि.पि. (एम) ले फुटेको केही महिनापछि नै चुनावी एकता गरे**
◆ प्रा. मणिकलाल श्रेष्ठ

**वामपन्थीहरूले चुनावी एकता गर्नै पर्ने हो**
◆ डा. नारायण पोखरेल

**एमाले र मालेबीच तालमेल नहुँदा ठूलो नोक्सानी हुनसक्छ**
◆ पद्मरत्न तुलाधर

❑ *प्रस्तुतिः* **गोविन्द वर्तमान**

नै त्यतिखेरको संसदीय चुनावमा वाम एकता नहुनुका मुख्य कारण थिए ।

वामपन्थी शक्तिहरु सीटको मागमा द्वन्दवादी-भौतिकवादी नै हुन सकेनन्; उनीहरुले आफ्नो र अरुको यथार्थ हैसियत याद राखेर सीटको माग र तालमेल नै गर्न सकेनन् । उनीहरुले आफ्नो स्थितिलाई यथार्थभन्दा ज्यादा मोटो ठाने र अरुको स्थितिलाई यथार्थभन्दा दुब्लो । बरु प्रतिक्रियावादी जिते जितोस्, तर आफूबाहेकका अन्य बाम शक्ति चाहिँ तगडा भएर ननिक्लून् भन्ने व्यक्तिवादी समूह स्वार्थवादी संकीर्ण प्रवृत्ति पनि ठाउँ ठाउँमा अभिव्यक्त भयो ।

पूँजीवादी संसदमा प्रतिक्रियावादी उन्नत मस्तिष्कहरुसित हरेक हिसाबले लाप्पा खेल्न सक्ने र 'मौका पाएर पनि बेइमान नहुने' आफ्ना सबैभन्दा योग्य र सक्षम मान्छे कुन ? उनीहरुलाई चुनेर पठाउनका लागि आफ्नो सबैभन्दा सुनिश्चित र बलियो क्षेत्र कुन ? यी दुई सवालमा वैचारिक अस्पष्टता रहँदा केही पार्टीले गलत ठाउँबाट आफ्नो सबैभन्दा योग्य मान्छे उठाए र त्यही सवाल पनि बाम वेमेलको कारण बनेको देखियो । नेपालको विशिष्ट वस्तुगत स्थिति ठम्याएर निश्चित र सुस्पष्ट क्रान्तिकारी उद्देश्य हासिल गर्नका लागि सजनीतिक क्रान्तिअघि पनि क्रान्तिकारी कम्युनिष्टहरु सरकारमा जानु हुन्छ कि हुन्न ? यो सवालमा वैचारिक अस्पष्टता रहनाले पनि एउटा "साझा न्यूनतम कार्यक्रम" का आधारमा संसदीय चुनावमा वाम एकता कायम गर्नु संभव भएन ।

## फेरि उही गल्ती ?

सबैभन्दा वैज्ञानिक सिद्धान्त अप्नाउने हुनाले कम्युनिष्टहरुमा हुने र हुनुपर्ने एउटा मूलभूत चरित्र हो- बारम्बारको प्रयोगद्वारा गलत साबित भएको कुनै पनि कुरालाई गल्तीको रुपमा सजिलै स्वीकार्नु र आफ्नो गल्ती खुलेआम र तुरुन्त सच्याउनु । तर हामी नेपाली कम्युनिष्टहरुमा भने यो वैज्ञानिक चरित्रको सारै ठूलो अनिकाल देखिन्छ । हामीहरु उही ढुंगामा लगातार ठेस लागे तापनि पुनः अर्को पटक त्यही ढुंगामा जानजान ठोक्किन तयार हुन्छौं, गल्ती र ठक्करबाट पटक्कै नचेत्ने हाम्रो यो प्रवृत्ति वैज्ञानिक चरित्र होइन ।

खालि बाम तालमेल मात्र गर्दा पनि पूँजीवादी संसदमा स्वतः बहुमत आउने र स्थानीय सरकार मात्र होइन, केन्द्रीय सरकार नै बामपन्थीहरुको हातमा सजिलै आउने नौलो ऐतिहासिक स्थिति विगतमा दुई दुई पटक गुमिसकेको छ । तथापि नेपालका बामपन्थी पार्टीहरु विगतका ती महाभूलहरुबाट पटक्कै चेतेका देखिन्नन् । उनीहरु तेश्रो पटक पनि बिल्कुलै उही ढुंगामा पुनः ठोक्किन तम्तयार देखिएका छन् । यसपालि पनि अरुको र आफ्नो स्थितिको बारेमा मनोगतवादी हिसाब किताबकै कारणले, संकीर्ण व्यक्तिवादी समूह स्वार्थ केन्द्रित प्रवृत्तिकै कारणले र वैचारिक अस्पष्टताकै कारणले पुनः त्यही महाभूल दोहोऱ्याइदैछ, जुन २०४८ सालमा र २०५१ सालको आम चुनावमा पटक पटक भइसकेको छ । खालि पात्रहरु फरक छन्, प्रवृत्ति फरक छैन ।

यसपालि त्यो महाभूल मूलतः एमाले र मालेले गर्दैछन् ।

पोहोर फागुनमा ने.क.पा. (एमाले) मा भएको पार्टी फूटपछि दुईथरिबीच असैद्धान्तिक झगडा र द्वेष यति चर्कोसित चुलिएको छ कि, एउटै पार्टीमा हिजोसम्म काम गरिरहेका मित्रहरु अहिले एक अर्कालाई दुनियाँको सबैभन्दा ठूलो वर्ग-दुश्मनको व्यवहार गर्दैछन् । वास्तविक वर्गशत्रु त त्यसको तुलनामा कता हो कता गौण भएको छ ।

पार्टी टुक्रिएको एक वर्ष हुन लागेको छ, तर नेकपा (एमाले) नेकपा माले पार्टीको अस्तित्वसम्म स्वीकार्न तयार देखिन्न । बरु नेपाली कांग्रेसले संसदमा बहुमत ल्याए ल्याओस्, अधिकांश सीट जितेपनि जितोस् तर माले चाहिँ सकेसम्म संसदमा जिरो हुनुपर्छ- एमालेको यतिखेरको मुख्य चुनावी रणनीति यस्तो भएको देखिन्छ । बरु एमाले आगामी चुनावमा बामपन्थीहरुको अत्यधिक बहुमत आउने र आफ्नो अगुवाइमा सरकार गठन गर्न सकिने ऐतिहासिक संभावना गुमाउन तयार छ, तर वाम तालमेल गरेर मालेले संसदमा २०/३० सीट हासिल गरेको हेर्न तयार छैन । बरु प्रतिक्रियावादीले जिते जितोस्, तर मालेले चाहिँ कतै नजितोस्- एमालेको शिरदेखि पैतालासम्म यही भाव सवार भएको छ । द्वेषले मान्छेलाई नितान्त वेहोश र अन्धो बनाउँछ । मालेप्रतिको अत्यधिक द्वेषले अहिले एमालेमा त्यही स्थिति सिर्जना गरेको छ । कांग्रेस हराऊ होइन, रा.प्र.पा. हराऊ पनि होइन, माले हराऊको रणनीति लिएर यतिखेर एमाले चुनावी मैदानमा खडा भएको छ । यही रणनीति नै वाम तालमेलको लागि सबैभन्दा ठूलो तगारो भएको छ ।

माले पनि के कम ? आन्तरिक रुपमा मालेको नेतृत्व र कार्यकर्ता पंक्ति वाम तालमेलको लागि तयार र इच्छुक देखिन्छ । तर बाहिर उनीहरु पनि द्वेषपूर्ण भाषामा ऐलान गर्दैछन् - हाम्रो अरु सबै वामसित तालमेल हुन सक्छ, तर एमाले नामको पार्टीसित हाम्रो तालमेल संभव छैन । यस्तो प्रतीत हुन्छ- एमालेको द्वेषले उनीहरुमा पनि प्रतिद्वेषको भावना संचार भएको छ, उनीहरु पनि 'अदलाको बदला' लिने ढंगले चुनावमा पेश भइरहेछन् ।

यसरी, तेश्रो पटक पनि नेपालको पूँजीवादी संसदमा बामपन्थीहरुको एकलौटी अत्यधिक बहुमत आउन सक्ने र इतिहासमा पहिलो पटक बहुमतको बाम सरकार आउने टड्कारो संभावना एमाले-मालेबीचको द्वेष र असैद्धान्तिक शत्रुता र भीडन्तका कारणले खत्तम हुन लाग्दैछ । कांग्रेस लोकप्रिय र बलवान हुनाले होइन; बामपन्थी शक्तिहरु अदूरदर्शी, संकीर्ण स्वार्थमुखी र पटमूर्ख हुनाले आगामी संसदमा नेपाली कांग्रेसको अनपेक्षित बहुमत आउने संभावनाको ढोका खुला भएको छ । अन्यथा, अहिले कांग्रेस २०५१ सालको चुनावमा भन्दा पनि पुड्को हुने निश्चितप्रायः छ ।

त्यसो त अहिले मसाल र एकता केन्द्रसित चुनावी तालमेल गर्न एमाले तयार देखिएको छ । त्यस्तै माले पनि आठ बामसितको सडकको एकतालाई चुनावी मैदानमा पनि विस्तार गर्न प्रयत्नशील देखिएको छ । केही नहुनुको तुलनामा यति शक्तिबीच चुनावी तालमेल हुनु पनि सारै राम्रो कुरा हो । तर यो चुनावी तालमेलको सीमा के हो भने, यति पार्टीहरु मात्र मिलेर आगामी संसद प्रतिक्रियावादीहरुको कब्जामा पर्नबाट रोक्न संभव छैन । यो एकताले संसदमा प्रतिक्रियावादीहरुलाई केही हदसम्म घटाउने त निश्चित छ, तर यो एकताले आगामी संसद र सरकारको हालीमुहाली बामपन्थीहरुको



*यी चिन्हहरूमध्ये कुनै एक मात्र मतदातासामु उपस्थिति हुने गरी 'साझा वाम- एक ठाम' गर्ने उपाय के ?*

टेबुल १ :

# नमिलेमा यसपालि यी ठाउँहरु गुम्न सक्छन्

## २०५१ सालको मध्यावधि चुनाव

### दुई हजार भन्दा पनि कम मतको अन्तरले मात्र एमाले जितेका ठाउँहरू

| क्रम संख्या | जिल्ला/ क्षेत्र नं. | निकटतम प्रतिद्वन्दी | मत अन्तर जित्नेको |
|---|---|---|---|
| १ | ताप्लेजुङ्ग/२ | रा.प्र.पा. | १५९ |
| २ | इलाम /१ | ने.का. | २१० |
| ३ | इलाम/३ | " | २६५ |
| ४ | झापा /१ | " | ११४१ |
| ५ | संखुवासभा/२ | " | ९३५ |
| ६ | भोजपुर/१ | " | २६ |
| ७ | भोजपुर/२ | " | १८८८ |
| ८ | मोरंग/६ | " | १५०२ |
| ९ | खोटाङ्ग/१ | " | ४७७ |
| १० | उदयपुर/२ | " | १४७७ |
| ११ | सप्तरी/५ | ने.स.पा. | ९०० |
| १२ | रामेछाप/१ | ने.का. | ११ |
| १३ | धनुषा/२ | " | ७६४ |
| १४ | ललितपुर/१ | " | १७५१ |
| १५ | सिन्धुपाल्चोक/१ | रा.प्र.पा. | २०० |
| १६ | कास्की/१ | नेका | १२५१ |
| १७ | स्याङ्जा/३ | " | ५५० |
| १८ | गुल्मी/३ | " | ७६७ |
| १९ | कालिकोट/१ | रा.प्र.पा. | ४२९ |
| २० | सुर्खेत/२ | ने.का. | १२९२ |
| २१ | बाजुरा/२ | " | १५१० |
| २२ | कैलाली/१ | " | १०५२ |
| २३ | कैलाली/४ | रा.प्र.पा. | ५५६ |

*तथ्यांक स्रोतः निर्वाचन आयोग, तथ्यांक विश्लेषणः मूल्यांकन*

हातमा ल्याउन संभव छैन । यो संभव पार्न माले एमालेबीचको तालमेल अनिवार्य छ ।

तथापि एमाले नेतृत्वको भने स्पष्ट दावी छ, यसपालि मालेसित कुनै चुनावी तालमेल नभए पनि एमालेको संसदमा एकलौटी बहुमत आउन संभव छ । हामीसितको कुराकानीमा एमालेका महासचिव माधवकुमार नेपालले स्पष्ट शब्दमा दावी गर्नु भएको छ- "हामी एक्लैले संसदमा कम्तीमा ९८ सीट ल्याउन सक्छौं । यही कारणले पनि मालेसितको तालमेल अनावश्यक भएको हो ।" उहाँको विश्लेषण छ- "माथि केन्द्रदेखि तल जिल्लासम्म कोही पनि मालेसित तालमेल गर्न तैयार र इच्छुक छैनन् । यस्तो स्थितिमा खालि नेतृत्वबाट तालमेल कसरी संभव हुन्छ ? पार्टी फूटबाट एमालेलाई खास केही नोक्सानी भएको छैन, खालि पार्टीभित्रका केही फोहोरहरु मात्र बाहिर मिल्काइएका हुन् भन्ने कुरा हाम्रो समग्र पार्टी व्यवहारमा साबित गर्न चाहन्छ" ।

## बेमेलको परिणाम

तर यथार्थ स्थिति त्यति रंगीन देखिन्न, जति एमालेका नेतृत्वदायी मित्रहरुलाई लागिरहेको छ ।

हामीले २०५१ सालको चुनाव परिणामलाई राम्ररी केलायौं भने एमाले-मालेबीच बाम तालमेल भएन भने के परिणाम हुन सक्छ भन्ने कुराको एउटा वस्तुवादी चित्र कोरिन संभव छ ।

२०५१ सालको आम चुनावमा २३ ठाउँ यस्ता देखिन्छन्, जहाँ खालि २००० भन्दा कम मतको अन्तरले मात्र एमाले प्रतिक्रियावादी प्रतिद्वन्दीलाई हराएर विजयी भएको थियो । *(हेर्नुहोस् टेबुल नं. १)* त्यसमध्ये १४ ठाउँमा त मतको अन्तर एक हजारभन्दा पनि कम देखिन्छ । यी ठाउँहरुमा मालेले आगामी चुनावमा हजार मत मात्र आफ्नो पक्षमा तान्यो भने पनि २३ ठाउँको विजय सजिलै प्रतिक्रियावादीहरुको, खास गरी नेपाली कांग्रेसको पोल्टामा जाने निश्चित छ । हजार मतको अन्तर भएका क्षेत्रमा मालेले ५०० मत मात्र आफ्नो पक्षमा तान्यो भने पनि १४ वटा क्षेत्र नेपाली कांग्रेस वा राप्रपाको हातमा जानेछ । के फूटपछि मालेले यीमध्ये धेरै क्षेत्रमा कम्तीमा ५०० वा १००० मत आफ्नो पक्षमा तान्नु गाह्रो र असंभव कुरा हो ?

त्यस्तै, दुईदेखि तीन हजार मतसम्मको अन्तरले एमाले जितेका ठाउँहरु थप १६ वटा छन् । यहाँ कम्तीमा १५०० मत मात्र मालेले आकर्षित वा प्रभावित पार्यो भने पनि यीमध्ये अधिकांश क्षेत्र प्रतिक्रियावादीको पोल्टामा जाने देखिन्छ । *हेर्नुहोस्*

◆ **आगामी निर्वाचनमा वामपन्थीहरुबीच चुनावी एकताको औचित्य र संभावना कस्तो देख्नुभएको छ ?**

- आगामी निर्वाचनमा वामपन्थीहरु बीच एकता हुनुपर्छ । उनीहरुबीचका झगडाले गर्दा नै कांग्रेस बलियो भयो, त्यसैले कांग्रेसले बहुमत ल्याउँछ भन्ने एउटा आशंका जनता र केही वामपन्थी बुद्धिजीवीहरुमा पनि छ । व्यापक दृष्टिबाट हेर्दा त्यो एक किसिमले सही कुरा पनि हो । एकातिर, कांग्रेस र अन्य प्रतिक्रियावादी शक्तिहरु एकढिक्का भएर रहेका छन् भने अर्कातिर, त्यसको विरोध गर्ने जनवादी प्रगतिशील वामपन्थी शक्तिहरु चाहिँ १५ औं चिरामा विभाजित छन् । त्यसमाथि एमाले र माले दुई ठूलो फ्याकमा विभाजित छन् । देशमा राम्रो सरकार आओस् भन्ने चाहना राख्नेहरुले यो अलिकति डरलाग्दो स्थिति देखेर चिन्ता व्यक्त गर्नु स्वाभाविक कुरा हो ।

तर एकताको निम्ति जुन परिस्थिति उत्पन्न हुनुपर्छ, त्यसको आधार चाहिँ म अहिले देख्दिनँ । त्यसैले आगामी चुनावको परिणाम दुःखदायी पनि हुनसक्छ । चुनावमा ठक्कर खाइसकेपछि एउटा होश आएर वामपन्थीबीच एकता पनि हुनसक्ला, तर अहिलेलाई म त्यस्तो संभावना देख्दिनँ । खासगरी, माले र एमाले बीचमा तालमेल हुने त म संभावना नै देख्दिनँ ।

◆ **माले र एमालेबीचको अहिलेको कटुता कति हदसम्म सैद्धान्तिक कटुता हो ?**

- एमालेभित्र पाँचौ महाधिवेशनदेखि नै सैद्धान्तिक विभाजन आएको हो । जनताको बहुदलीय जनवाद र परिमार्जित नौलो जनवादको रुपमा त्यो देखिएको थियो । पछि आएर विस्तारै जनताको बहुदलीय जनवाद नै ठीक भन्ने स्थिति बन्यो । जब छैठौं महाधिवेशनतिर फुट्ने कुरा आयो, तब हामीहरु पनि यस्तो स्थिति नहोस् भनेर दौडधूप गर्यौं । त्यसक्रममा एमालेले राष्ट्रवादी अडान छोड्यो भन्ने सैद्धान्तिक कुरा पनि आयो । पाँचौं महाधिवेशनले पारित गरेका कुराहरुलाई निरन्तरता दिनुपर्नेमा त्यसमा पनि काँटछाँट गरियो, त्यसैले यो सैद्धान्तिक विवाद नै हो भनेर वामदेव गौतमहरुले भन्नुभएको छ । तर जहाँसम्म मलाई लाग्छ, आफ्नो विचार राख्ने शैलीमा मात्र मतभेद भएको हो । यो मतभेदलाई सैद्धान्तिक रुप नै




*क. माधव नेपाल, क. अमृत बोहरा क. वामदेव गौतम र राप्रपा नेता लोकेन्द्रबहादुर चन्द*

पञ्चसँग समेत मिल्न तयार एमाले-मालेहरू आफूहरू मिल्न चाहिं किन बेतयार ?

# बुद्धिजीवीहरूले अवश्य नै एकताको कुरा गर्नुपर्छ

◆ गोविन्द भट्ट ◆



दिइहाल्नुपर्ने आवश्यकता म देख्दिनँ। सैद्धान्तिक रुप दिए पनि यो कार्यशैलीको प्रश्न हो।

**◆ सैद्धान्तिक मतभेदहरु नभएको अवस्थामा वामपन्थी समूहहरुबीच एकता हुनसक्ने आधारहरु थुप्रै छैनन् र ?**

- हाम्रो आशा, आकांक्षा सैद्धान्तिक, रोमान्टिक र आदर्शवादी प्रकारको छ। एमालेमा धेरै कमजोरीहरु छन्, एमालेले केही बाटो पनि बिराएको हो। तर पनि एमालेइतरका पार्टीहरुले एमालेको बारेमा जुन व्यापक रुपले नकारात्मक दृष्टिकोण राखेका छन्, त्यो एउटा ठूलो पर्खाल भएको छ। खास गरेर सोभियत संघको विघटनपछि र एक्काइसौं शताब्दीको परिप्रेक्ष्यमा वामपन्थी शिविरका सामु खडा भएका अनेक किसिमका सैद्धान्तिक, व्यवहारिक, विज्ञान र प्रविधिले ल्याएका चुनौतीहरुमा मार्क्सवादका बारेमा त्यसको सारतत्वलाई नछोडी पुनर्विचार गर्नुपर्ने आवश्यकता एमालेले महसुस गरेको छ। एमालेको त्यो भावना ठीक छ। आज मार्क्सवादलाई जोगाउने हो भने, त्यस्तो भावनाले मात्रै जोगाउन सकिन्छ। तर एमाले इतरका साना वामपन्थी पार्टीहरुले नेपाली कम्युनिष्ट आन्दोलनको पचास वर्षको इतिहासमा सामाजिक परिवर्तनका निम्ति ठोस काम गर्न सकेका छैनन्। पर्चा निकाल्ने र साना-साना जुलुसहरु प्रदर्शन गर्नेबाहेक उनीहरुले अरु केही गर्न सकिरहेका छैनन्। तर एमाले २०४६ सालपछि दुईपल्ट सरकारमा गयो। अहिलेका कांग्रेस र अन्य प्रतिक्रियावादीहरुलाई ठोस रुपले चुनौती दिएर तिनीहरुले गरेको नराम्रो कामलाई रोक्नसक्ने एउटा शक्ति एमाले नै देखिएको छ। त्यसैले एउटा वस्तुगत तथ्य के हो भने- एमाले, मालेसित आफूलाई क्रान्तिकारी भन्ने अरु साना वाम पार्टीहरुको मतभेद छ, संसदीय बाटोबाट जान सकिन्न भन्ने सन् १९५० को पुरानो दृष्टिकोण लिएर ती साना पार्टीहरु बसेका छन्। त्यो आधारमा नै हेराइ र बुझाइको दृष्टिकोण र अहिलेको नयाँ परिप्रेक्ष्यमा मार्क्सवादलाई प्रयोग गर्ने विषयमा मतभिन्नता छ। त्यसकारण जबसम्म ती साना पार्टीहरु मार्क्सवादलाई नयाँ परिप्रेक्ष्यमा कसरी प्रयोग गर्ने भन्ने विषयमा सहमतिको बिन्दुमा आउँदैनन्, तबसम्म पार्टी एकताका रुपमा वाम एकता हुन सक्दैन। तैपनि चुनावको बेलामा तालमेलसम्म हुनसक्छ, तर "वाम एकता" हुन सक्दैन।

> एमालेलाई मात्र वाम एकता नचाहने ठूलो पार्टीको अहंकार भएको पार्टी भन्न मिल्दैन ।

**◆ वामपन्थीहरुबीच चुनावी तालमेल मात्रै भए पनि दक्षिणपन्थी उत्पीडनबाट केही कालको निम्ति नै भए पनि मुलुकलाई राहत त हुने थिएन र ?**

- त्यो एउटा हाम्रो शुभकामना हो। मैले स्वतन्त्र रुपबाट वस्तुगत स्थितिको अध्ययन गर्दा एमालेले मालेसँग मिल्न अहिले गाह्रो छ। तर म अहिले आफूलाई एमालेको नजिक किन पाउँछु भने, अहिलेको स्थितिमा कांग्रेसलाई चुनौती दिन सक्ने, सरकार बनाउन सक्ने र जनतालाई केही न केही राहत दिन सक्ने पार्टी भनेको एमाले नै हो। एमाले मार्क्सवादी वा क्रान्तिकारी भएकोले नै त्यस्तो भएको होइन। व्यवहारिक दृष्टिबाट हेर्दा एमाले एउटा राष्ट्रव्यापी शक्ति भएकोले हामीले एमालेलाई समर्थन किन नगर्ने ? यसलाई गाली गर्नु पनि प्रतिक्रियावादी शक्तिलाई सघाउ पुऱ्याउनु हो। एमालेलाई गाली गर्नु नै मार्क्सवाद हो भनेर केही व्यक्तिहरुले सोचिरहेका छन्। त्यो पनि मार्क्सवाद होइन भन्ने मात्रै मेरो भनाइ हो। त्यसैले, एमाले र अन्य वामपन्थी मिलून् भन्नु हाम्रो राम्रो शुभकामना हो, तर अहिले पार्टी नेतृत्वमै म यस्तो मतभेद देख्छु कि- धेरै साथीहरुले तालमेल वा एकताका प्रश्न उठाउँदा मैले यथार्थवादी भएर भनेको छु- 'अहिले यस्तो हुने संभावना म देख्दिनँ।' मेरो यस भनाइलाई लिएर मलाई एकताको विरोधी नठानियोस्।

**◆ त्यस्तो संभावना नदेखे पनि वामपन्थी दलहरुबीच रहेको आपसी कटुता घटाएर चुनावी तालमेल हुने संभावनाको वातावरण निर्माण गर्न वामपन्थी बुद्धिजीवीहरुले खेल्नुपर्ने भूमिका चाहिँ के हो ?**

- बुद्धिजीवीहरुले अवश्य नै एकताको कुरा गर्नुपर्छ। दक्षिणपन्थीहरु एकजुट भएर आइरहेका छन्, त्यसबाट हुने खतरा देखाउनुपर्छ। यस्तो काम लेखेर र बोलेर दुवै किसिमले गर्न सकिन्छ। यसको साथै, जुन जुन पार्टीमा हामी छौं अथवा पार्टीमा नभए पनि जुन पार्टीको हामी नजिक छौं, त्यहाँ पनि हामीले कार्यकर्ता तथा नेतृत्व तहमा वाम एकताको कुरा पुऱ्याउनुपर्छ। त्यस्तो काम हामीले गरी पनि रहेका छौं। तर पनि मैले यो चुनावभन्दा अगाडिसम्म एकजुट भएर जाने संभावना अझै देखिरहेको छैन। यसो भन्नुपर्दा मलाई दुःख लाग्छ, तर पनि अहिलेको वस्तुस्थिति यही हो।

**◆ तैपनि तालमेलको लागि तपाईहरुले संगठित प्रयास शुरु गर्नुभएको थियो नि त ?**

- एक पटक हामी वार्तामा बसेका हौं, तर त्यसको खास टुंगो लाग्न सकेन। त्यो वार्तामा पनि यस्तै खरो कुरा गरेको थिएँ। वाम तालमेलको निम्ति अहिलेको निर्णायक शक्ति भनेको एमाले नै हो। त्यो सरकारमा पनि छ र सांगठनिक रुपमा पनि सबभन्दा शक्तिशाली छ। त्यहाँभित्र सम्पर्क गरेर त्यहाँका सर्वोच्च नेताहरुलाई पनि भेटेर वाम एकताको के कति सम्भावना छ भनेर बुझ्दा उहाँहरुले अहिलेलाई त्यस्तो सम्भावना छैन भनेर स्पष्टै भन्नुभयो। यो कुरा पनि मैले वाम तालमेलको निम्ति बसेको बुद्धिजीवीहरुको वार्तामा सुनाएको थिएँ।

**◆ त्यसबाट त एमालेको वाम एकताविरोधी चरित्र नै प्रस्तुत भएन र ?**

- एमालेलाई त्यसो भनिहाल्न अलि मिल्दैन। एमालेले त्यसो भन्नुका पछाडि केही आधारहरु छन्।

**◆ के-के आधारहरु छन् त ?**

- मनमोहन अधिकारी र माधव नेपालले पनि भन्नुभएको छ- 'नेमकिपा, मसाल, नेकपा संयुक्त जस्ता पार्टीहरु, जो परिस्थिति हेरी हामीसित तालमेल गर्न तयार छन्, उनीहरुको निम्ति ढोका खुला छ। तर छैठौं महाधिवेशनका निर्णयहरु अस्वीकार गरेर जाने मालेहरुसँग हामी तालमेल गर्न सक्दैनौं।' यस भनाइबाट के देखिन्छ भने, एमाले मालेसँग मिल्न नसक्ने वैधानिक आधार छ। साना वाम पार्टीहरुसँग मिल्ने कुरामा पनि विगतको अनुभवले नकारात्मक पाठ सिकाएको छ। पद्मरत्नजीको घरमा गत महानिर्वाचनताका वाम तालमेलका निम्ति भएको बैठकमा साना पार्टीहरुले पनि एमालेसँग आफ्नो हैसियतभन्दा बढी सीटको दावी गरेका थिए। त्यसबेला त्यहाँ म स्वयं उपस्थित थिएँ। त्यतिखेर मलाई साना वाम पार्टीहरुसँग पनि वितृष्णा लाग्यो। एमालेलाई पनि मिलेर जान साह्रै गाह्रो रहेछ भन्ने कुरा त्यसबेला मलाई अनुभव भयो। अहिले परिस्थिति केही फरक भए पनि त्यही कुरा अहिले पनि दोहोरिन्छ। त्यसैले, एमालेलाई मात्र वाम एकता नचाहने ठूलो पार्टीको अहंकार भएको पार्टी भन्न मिल्दैन। यसका भित्री कारणहरु पनि वस्तुगत आधारमा खोतल्नुपर्दछ। तर अझै पनि म के भन्छु भने, ठूलो पार्टीको नाताले वाम एकताका निम्ति एमालेको बढी उत्तरदायित्व हुन्छ। एमाले अलिकति बढी उदार भएर सबैलाई समेटेर जाने प्रयास चाहिँ गर्नुपर्छ। एमालेले त्यसो नगरेकोमा मलाई दुःख पनि लागेको छ। ❑

---

*टेबुल* / यी सब आँकडाहरुको आधारमा विश्लेषण गर्दा मालेले १५०० मत मात्र आफ्नो पक्षमा तान्यो भने पनि एमाले कुल जम्मा ३९ क्षेत्रमा पराजित हुन सम्भव देखिन्छ। ती ठाउँहरु प्रतिक्रियावादीको, विशेषतः नेपाली कांग्रेसको पोल्टामा जान संभव छ। यो पाँच वर्षको बीचमा एमालेले औधी प्रगति गरेर कतिपय स्थानमा आफ्नो स्थिति मजबूत पारेको पनि त होला, किनकि स्थिति भनेको स्थिर रहँदै रहँदैन भन्ने तर्क पनि स्वाभाविक रुपमा उठ्न सक्छ, यो जायज तर्क हो। यो कोणबाट विचार गर्ने हो भने हामीले वास्तविकताको अर्को कोणमा पनि हाम्रो दृष्टि पुऱ्याउनु जरुरी हुन्छ: त्यो के भने माले पनि त कैयन स्थानमा १५०० भन्दा निकै ज्यादा मतलाई प्रभावित पार्ने स्थितिमा देखिन्छ, कतिपय ठाउँमा त ८/१० हजार वा त्योभन्दा बढी नै मत नै आकर्षित गर्न सक्ने हालतमा देखिन्छ, जस्तो काठमाडौंमा नै। त्यस्ता ठाउँको त यसमा हिसाबै गरिएको छैन। यहाँ त खालि न्यूनतम १५०० मत प्रभावित पार्न सक्ने क्षेत्रहरुको मात्र हिसाब गरिएको

## टेबुल २ :
# मिलेमा यसपालि यी ठाउँहरु समेत जित्न सम्भव छ

### २०५१ सालको मध्यावधि चुनावः सिर्फ १५०० भन्दा कम मतको अन्तरले वामपन्थी हारेका ठाउँहरू

| क्रम संख्या | जिल्ला/ क्षेत्र नं. | जितेको पार्टी | हारेको वाम प्रतिद्वन्दी | मत अन्तर |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग/१ | ने.का. | एमाले | ९२० |
| २ | पाँचथर/१ | ,, | ,, | ९६० |
| ३ | इलाम/२ | ,, | ,, | ५८७ |
| ४ | झापा/४ | ,, | ,, | २४४ |
| ५ | सोलुखुम्बु/१ | ,, | ,, | १६७ |
| ६ | ओखलढुंगा/१ | ,, | ,, | ११०४ |
| ७ | ओखलढुंगा/२ | ,, | ,, | ८६२ |
| ८ | सिराहा/१ | ,, | ,, | १२१८ |
| ९ | दोलखा/१ | ,, | ,, | ८८३ |
| १० | रामेछाप/२ | ,, | सं.ज.मो | १०२६ |
| ११ | सिन्धुली/१ | ,, | एमाले | ८५० |
| १२ | सिन्धुली/२ | ,, | ,, | १३४४ |
| १३ | बारा/२ | ,, | ,, | २५३ |
| १४ | कास्की/३ | ,, | ,, | १४९ |
| १५ | तनहुँ/३ | ,, | ,, | ३९५ |
| १६ | अर्घाखाँची/१ | ,, | ,, | १४२१ |
| १७ | बाग्लुङ्ग/२ | ,, | मसाल | १९४ |
| १८ | पर्वत/१ | ,, | एमाले | ८५२ |
| १९ | प्युठान/१ | ,, | मसाल | २६० |
| २० | सुर्खेत/१ | ,, | एमाले | १११७ |
| २१ | बझाङ्ग/२ | स्वतन्त्र | एमाले | १३१ |

*तथ्यांक स्रोतः निर्वाचन आयोग, तथ्यांक विश्लेषणः मूल्यांकन*

हो । यी दुवै कोणबाट स्थितिको विश्लेषण गर्ने हो भने एमालेले औधी विकास गरेका ठाउँहरुको संख्या र मालेले १५०० भन्दा निकै ज्यादा मत प्रभावित पार्न सक्ने ठाउँहरुको संख्या लगभग हाराहारी हुन आउँछ । फेरि प्रगति कैयन ठाउँमा एमालेले मात्र होइन, मालेले पनि त गरेको छ, कांग्रेसले पनि त गर्न सम्भव छ ।

तथापि, हाम्रो आँकडा र विश्लेषण हचुवा नहोस्, वस्तुनिष्ठ होस् भन्नाका लागि हामी मालेले १५०० मत मात्र तान्दा पनि एमाले हार्न सम्भव ३९ ठाउँलाई पूरै ५० प्रतिशत घटाउने काम गरौं । यसो गर्दा पनि त अझै २० स्थानमा पराजय बिल्कुलै संभव हुन्छ ।


फेरि, यस पटक एमालेका सामु दुईवटा प्रतिकूलताहरु कटु यथार्थ बनेर खडा भएका छन् । पहिलो, २०५१ सालको मध्यावधि चुनावताका एमाले एकढिक्का थियो, अहिलेभन्दा ज्यादा बलवान स्थितिमा थियो । अहिले एमाले विभाजित छ र पहिलेभन्दा कम बलवान स्थितिमा छ । दोश्रो, त्यतिखेर गणेशमानको विद्रोहले गर्दा नेपाली कांग्रेस विग्रह र विभाजित स्थितिमा थियो, बागी उम्मेदवारीको व्यापकताले गर्दा कमजोर स्थितिमा थियो । अहिले स्थिति पूरै उल्टिएको छ, पहिलेको तुलनामा ।

कांग्रेस अहिले एकगठ भएर आएको छ । ऊ एमाले जस्तो विभाजित स्थितिमा छैन । ऊ पहिलेभन्दा बलवान स्थितिमा छ । एमाले चाहिँ विभाजित र पहिलेभन्दा कम बलवान हुनु, कांग्रेसचाहिँ पहिलेभन्दा एकढिका हुनु र पहिलेभन्दा बढी बलवान हुनु- स्थितिमा आएको यो परिवर्तनले थोरैमा पनि ८/१० सीट प्रभावित हुनु संभव छ ।

कटु यथार्थको अर्को एउटा पक्ष पनि छ । त्यो के भने एमाले जहाँ जहाँ छ, तीमध्ये धेरै जस्तो ठाउँमा मालेको पनि उपस्थिति छ । र, माले धेरै ठाउँमा एक्लै जित्न सक्ने गरी अस्तित्वमा देखिन्न, तर एमालेलाई हराउन सक्ने ल्याकत भने उसको धेरै ठाउँमा देखिन्छ ।

यथार्थका यी सबै पाटाहरुलाई हेरेर विश्लेषण गर्दा, माले-एमालेबीचको यदुवंश स्टाइलको भीडन्तको परिणाम ज्यादै घातक हुने निश्चित छ, एमालेको एक्लै बहुमत आउँछ भन्ने एमालेका मित्रहरुको दावी नितान्त मनोगत देखिन्छ । यो दावी सोम शर्माको सातुको घ्याम्पोको कथा जस्तो प्रतीत हुन्छ । संसदमा अविभाजित एमालेको जति स्थान थियो, अहिलेको माले-एमालेको मल्लयुद्धले र कांग्रेसको एकताले त्यसमा थोरैमा पनि २५/३० सीटको न्यूनता ल्याउने टड्कारो संभावना छ ।

माले-एमालेको भागमा २५/३० सीट घट्नु भनेको त्यति नै सीट कांग्रेसको भागमा थपिनु हो । यस हिसाबले आगामी संसदमा कांग्रेसको स्पष्ट बहुमत आउने लगभग अवश्यंभावी भएको छ । किनभने, कांग्रेसको स्पष्ट बहुमत आउनका लागि अहिलेको सीटमा थप ३० सीट आउनु नै पर्याप्त छ । दुःखद कुरा के हो भने, कांग्रेसको यो बहुमत ऊ लोकप्रिय हुनाले र उसको जनाधार बलियो हुनाले आउन लागेको छैन, माले-एमाले अदूरदर्शी र संकीर्ण हुनाले आउन लागेको छ । कांग्रेसको लागि त माले-एमाले भीडन्त 'भाग्योदय



◆ **वामपक्षहरुबीच तालमेलको आवश्यकता छ कि छैन ?**

समग्र वामपक्षहरुको बीचमा तालमेल हुनु अन्य निर्वाचनमा जस्तै यो निर्वाचनमा पनि आवश्यक छ । नेपालको राजनीतिमा २००७ सालपछि देखिएको कुरा के हो भने, वामपक्षको विभाजन हुँदाखेरि धेरै राजनीतिक शक्ति क्षय भएको छ । यो कुरा निर्वाचन र अन्य राजनीतिक प्रक्रियामा पनि लागू हुन्छ । अर्थात् वामपक्ष संगठित हुने हो भने यसले देशको राजनीतिमा निर्णायक भूमिका खेल्न सक्छ भन्ने कुरा स्पष्ट छ । त्यसकारणले अन्य राजनीतिक प्रक्रिया लगायत गएका निर्वाचनहरुमा जस्तै यो निर्वाचनमा पनि वामपक्ष संगठित हुन सक्दाखेरि एउटै पक्षको उपपक्ष भएर भए पनि मिलेर चुनाव लड्दा प्रतिक्रियावादी शक्तिहरुलाई परास्त गर्न धेरै सजिलो पर्ला जस्तो मलाई लाग्छ ।

◆ **वामपन्थीहरु बीच यस्तो तालमेल कत्तिको संभव देखिन्छ त ?**

समग्र वामपक्ष समेट्न सकिएन भने पनि जतिसम्म संभव छ अर्थात् जुन जुन वामपक्षलाई समेट्न सकिन्छ, त्यो त्यो पक्षलाई समेटेर जानुपर्छ जस्तो मलाई लाग्छ । समग्र वामपक्षलाई समेट्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्नमा चाहिँ त्यसको निम्ति कोशिस त गर्नुपर्छ,

# वाम तालमेल भएको भए त्यतिखेरै बहुमत आउँथ्यो

## टेबुल ३ :

### २०५१ सालको मध्यावधि चुनावः कुल मत जोड्दा वामपन्थी स्वतः जित्ने, तर वामहरू नमिल्नाले हारेका ठाउँहरू

| क्रम संख्या | जिल्ला /क्षेत्र नं. | जितेको पार्टी | जित्नेले पाएको मत | वामहरुले पाएको मत जोड्दा हुने मत | मिल्नुपर्ने वाम पार्टीहरु |
|---|---|---|---|---|---|
| १ | सिराहा/३ | ने.का. | १४३५७ | १५४६२ | एमाले+संजमो+संयुक्त |
| २ | रामेछाप/२ | ,, | ८२४१ | १४२५५ | संजमो+एमाले |
| ३ | सिन्धुली/२ | ,, | १०४७१ | १२४७४ | एमाले+मार्क्सवादी+संजमो |
| ४ | महोत्तरी/१ | ,, | १५४६८ | १६८१६ | एमाले+संजमो+संयुक्त |
| ५ | बारा/२ | ,, | १४४०३ | १५१४३ | एमाले+मार्क्सवादी संयुक्त |
| ६. | तनहुँ/३ | ,, | १६३०६ | १६४९० | एमाले+संजमो |
| ७. | अर्घाखाँची/१ | ,, | १६७५२ | २३०८७ | एमाले+मसाल |
| ८ | प्यूठान/१ | ,, | ९४०३ | १००७० | मसाल एमाले |
| ९ | मुगु/१ | ,, | ९१९० | ९३०५ | एमाले+नेमकिपा+मार्क्सवादी |
| १० | दैलेख/१ | ,, | १०६९५ | १३०३८ | नेमकिपा+एमाले |

| | | | |
|---|---|---|---|
| एमालेले जितेको सीट : | ८८ | ने.म.कि.पाले जितेको सीटः | ४ |
| नेकपा (मसाल)ले जितेको सीटः | २ | स्वतः जित्ने भएर पनि हारेको : | १० |
| जम्मा हुन जाने सीट : | १०४ सीट | सिर्फ १५०० मतको अन्तरले वामपन्थी हारेका ठाउँहरु | २१ सीट |

कुल जम्मा हुन जाने सीट १२५ ।

*तथ्यांक स्रोतः निर्वाचन आयोग, तथ्यांक विश्लेषणः मूल्यांकन*

# समग्र वामपक्षबीच तालमेल हुनु आवश्यक छ

◆ डा. चैतन्य मिश्र

साथसाथै, हामीले यथार्थवादी भएर सोच्ने हो भने त्यो कुरा संभव नहोला जस्तो मलाई लाग्छ । खास गरेर एमाले र मालेबीच चर्को भगडा भइरहेकोले यो कुरा संभव नहोला कि भन्ने मलाई लाग्छ । त्यसो भनेर एमाले र माले मात्रै नमिल्ने, अरु वामहरु चाहिँ मिली हाल्छन् भन्ने कुरा पनि होइन ।

निर्वाचनमा जाने वामपक्षको शक्तिमध्ये एमाले र माले दुईटा ठूला शक्तिहरु हुन् । यी दुईटालाई एउटा ठाउँमा ल्याउन सक्दा वामपक्ष बढी संगठित भएको महसुस हुन्थ्यो । तर ती दुई बीचको अहिलेको कटुताले गर्दा कमसेकम यो निर्वाचनमा वाम तालमेल संभव होला जस्तो मलाई लाग्दैन ।

**◆ एमाले र मालेबीचको अहिलेको कटुतालाई सैद्धान्तिक रुपले कसरी व्याख्या गर्न सकिन्छ ?**

म आफैं पनि यस बारेमा त्यति स्पष्ट भैसकेको छैन । कति हदमा यो राजनैतिक र सैद्धान्तिक कुरा हो, कति हदमा यो व्यक्तिगत र सांगठनिक कुरा हो, म स्पष्ट छैन । मलाई लाग्छ- केही न केही मात्रामा यो कटुताको पछिल्तिर सैद्धान्तिक कुरा पनि छ, राजनीतिक कुरा पनि छ, सांगठनिक र व्यक्तिगत कुराहरु पनि छन् । समग्र सिद्धान्तको कुरा गर्ने हो भने चाहिँ यो सैद्धान्तिक भगडा होइन, तर सबै कुरा समग्रमै गर्नुपर्छ भन्ने पनि होइन जस्तो लाग्छ । साम्राज्यवादी शक्तिलाई कसरी हेर्ने ? महाकाली सन्धिलाई सैद्धान्तिक कुराको रुपमा हेर्ने कि एउटा परिघटनाको रुपमा मात्रै चित्रित गर्ने ? यस कुराले पनि अलिकति असर पारेको हो कि भन्ने लाग्छ । तर, मैले अघि नै भनें- यसबारे म आफैं त्यति स्पष्ट भएको छैन ।

**◆ एमालेसँग तालमेल हुन नसक्दा पनि सडक संघर्षमा सहभागी भएका नौ वाम समूहबीच तालमेल भएर एउटै चुनाव चिन्ह अन्तरगत चुनावमा जाने संभावना चाहिँ कस्तो छ ?**

मलाई त्यस्तो संभावना रहेको छ जस्तो लाग्दैन । अहिलेकै कुरामा पनि माले र एमाले बाहेकका पार्टीहरु आफू माले र एमालेको बीचमा भएको महसुस गर्दैछन् । उनीहरुको भनाइबाट त्यस्तो कुरा झल्किन्छ । कुनै कुनै दल, मालेभन्दा एमालेको नजीक भएको कुराको पुष्टि हुन्छ । त्यसैले एमाले बाहेक अरु सबै वामहरु एकै ठाउँमा आउने संभावना पनि मैले कमै देखेको छु । यद्यपि एकताका निम्ति प्रयत्न चाहिँ हुनुपर्छ ।

> **कांग्रेसले कति मत प्राप्त गर्छ भन्ने कुरा एमाले र मालेबीचको प्रतिद्वन्दिता कति चर्को हुन्छ भन्ने कुरामा निर्भर हुने देखिन्छ ।**

**◆ चुनावमा वाम एकता वा तालमेल भएन भने त्यसको तत्कालीन परिणाम जनतामा कुन रुपमा देखापर्ला ?**

निर्वाचनमा विभिन्न संभावनाहरु खुला छन् । मैले यस्तै हुन्छ भनेर निर्क्यौल गर्न सक्ने स्थिति छैन । कांग्रेसले जित्न पनि सक्छ र एमाले अगाडि आउन सक्ने संभावना पनि छ । अथवा यी दुवै दलले धेरै मत पाए पनि बहुमत नपाउन सक्छन् । कांग्रेसले कति मत प्राप्त गर्छ भन्ने कुरा एमाले र मालेबीचको प्रतिद्वन्दिता कति चर्को हुन्छ भन्ने कुरामा निर्भर हुने देखिन्छ । एमाले र मालेबीच जति चर्को प्रतिद्वन्दिता भयो, उति कांग्रेसले बढी मत प्राप्त गर्नेछ ।

यसो भएमा तत्कालका असरहरुमा पक्कै पनि देशभित्र वामपन्थी शक्तिहरु चलखेल गर्ने ठाउँहरु साँघुरो हुने संभावना प्रशस्त छ । यदि, वामपक्षहरुको सरकार नबन्ने त नभनूँ, सरकार नबन्दैमा चलखेल गर्ने ठाउँ बन्द भैहाल्ने त होइन, तर वामपक्षको भोट निकै कम आएमा चलखेल गर्ने ठाउँ क्रमशः ज्यादै साँघुरो हुने संभावना छ । दुई, त्यही रुपमा जनताहरु आफ्नो हकहितका लागि संगठित हुने प्रजातान्त्रिक अधिकार पनि अलिकति क्षीण हुने संभावना पनि छ । किनभने, वामपक्ष समग्रलाई अथवा माओवादीको नाममा सबै वाम समूहमाथि प्रहार हुने विभिन्न किसिमका संभावनाहरु छन् । त्यस्तै गरेर मलाई यो पनि लाग्छ कि, मोहीहरुको हकहित संरक्षण गर्ने कुरादेखि लिएर गरीब निम्नवर्गको शिक्षा स्वास्थ्यलगायतका अन्य क्षेत्रहरुमा वामपन्थीहरु संसदमा समेत ज्यादै सानो साजइमा खुम्चिनु परेमा उपर्युक्त हकहितका कुराहरु पनि अगामी सरकारद्वारा न्यून आंकलन हुने र त्यही अनुरुप काम हुने संभावना पनि प्रशस्त छ ।

**◆ अहिलेको यो परिस्थितिमा स्वतन्त्र वाम बुद्धिजीवीहरुले कस्तो भूमिका खेल्नुपर्ला जस्तो लाग्छ ?**

एउटा त निर्वाचनमा कसरी सँगै जाने भन्ने कुरा हो । त्यसो भन्ने बित्तिकै के कुरा आउँछ भने- के कार्यक्रमको आधारमा सँगै जाने ? त्यसैले एकातिर स्वतन्त्र वाम बौद्धिकहरुले त्यस्तो कार्यक्रमको अथवा Electoral Platform को संयोजन गर्नुपर्ने हुन्छ । संयोजन भनेर मैले ठूलो कुरा भन्न लागेको होइन । वामपार्टीहरुको चुनावी घोषणापत्रहरुमा भएकै कुराहरुमा साझा कुराहरु के के छन् भनेर छुट्याउनु पर्छ । त्यसपछि ती पार्टीहरुलाई यी यी साझा कामहरु गर्नका लागि साझा ढंगले किन जानु हुन्न ? भन्ने प्रश्न गर्ने र त्यसलाई लागू गर्न खोज्ने, अनि ती साझा कार्यक्रमहरुमा परिमार्जन गर्नुपर्ने कुराहरु देखिएमा परिमार्जन गर्न सघाउने काम वामबुद्धिजीवीहरुको सबभन्दा बढी महत्वपूर्ण काम हो जस्तो मलाई लाग्छ ।

**◆ स्वतन्त्र वाम बौद्धिकहरुको हैसियत चाहिँ पार्टीहरुलाई प्रभावित गर्न सक्ने स्तरको छ कि छैन ?**

त्यो स्तरको छैन । विभाजन कालमा एमालेभित्र सुरु भएको कटुताको अनुभवले गर्दा पनि हाम्रो त्यस्तो हैसियत छैन भन्ने कुरा मैले बुझें । त्यसबेला पनि एमालेमा विभाजन नहोस् भनेर मात्रै हामी कर्तव्यबोधले गर्दा लागिपरेका थियौं, हैसियत छ भनेर होइन । अहिले पनि हामीले आफ्नो कर्तव्यबोध गरेर लागिपर्ने कुरा हो ।

❑



चिठ्ठा'सरह भएको छ । कांग्रेस पार्टी असाध्य अलोकप्रिय भएको स्थितिमा केवल माले-एमालेबीचको मल्लयुद्धकै कारणले बहुमत ल्याउने अत्यन्त सजिलो उपाय जुट्नु भनेको कांग्रेसको लागि अपुतालीबाट अपार संपत्ति जुट्नु जस्तै कुरा हो । त्यसैले, यो मल्लयुद्धको लागि खुराक र सर्जाम चाहिएमा कांग्रेसले मुफतमा जति पनि जुटाईदिने कुरा पनि निश्चित छ, यो मल्लयुद्ध जति चर्क्यो- कांग्रेसलाई उति फाइदा छ । त्यसैले, यसलाई जति सक्यो उति चर्काउन कांग्रेस र सम्पूर्ण प्रतिक्रियावादको आन्तरिक भूमिका सारै ठूलो हुने कुरा सहजै अनुमान गर्न सकिन्छ । अन्यथा, नेपालमा यतिखेर कांग्रेसको बहुमत आउने कुनै संभावना छैन । माले, एमाले र संम्पूर्ण वामपन्थी मिलेको खण्डमा कांग्रेसले यसपल्ट संसदमा ५० सीट ल्याउन समेत मुश्किल हुनेछ ।

क. निर्मल लामा र क. चित्रबहादुर के.सी.

**के उहाँहरुका पार्टीहरुले चुनाव पनि लड्ने र जितेमा सरकारमा गई क्रान्तिमुखी सुधारका कामहरु पनि गर्ने खालको वस्तुनिष्ठ राजनीतिक लाइन अपनाउन सम्भव छैन ?**

तर माले-एमाले बेमेलले गर्दा स्थिति बिल्कुलै उल्टो हुन लागेको छ । कांग्रेसले भोग्ने नियति यसपालि माले एमालेको हुन लागेको छ ।

माले-एमालेकै भीडन्तको कारणले संसदमा कांग्रेसको बहुमत आएमा र उसको स्पष्ट•बहुमतको सरकार बनेको खण्डमा देश, जनता र प्रजातन्त्रको भविष्य कस्तो हुनेछ, त्यसको निम्ति वढी व्याख्या गरिराख्नु जरुरी छैन । यसको निम्ति गिरिजाको तीनवर्षे शासनकाल र कांग्रेस अल्पमतमा रहँदा समेत उसले चलाएको शासनकाललाई सम्झी हेरे पुग्छ । यस अवधिमा पंचायती शासन काललाई समेत मात ख्वाउने गरी नृशंस जनहत्या र जनदमन भएको, महंगी, बेरोजगारी र भ्रष्टाचार चुलिएको, विदेशी ऋण र निर्भरता अक्कासिएको, लाखौं बेदर्ताका मोहीहरुको मोहीयानी हक खोसिएको, महाकाली र पश्चिम सेतीको 'कन्यादान' भएको, बहुदलीय प्रजातन्त्रलाई सारै सीमित र नाम मात्रको पारिदिने गरी दुई दुई पटक आतंककारी विधेयक ल्याउन खोजिएको, प्रतिक्रियावादी र पुनरुत्थानवादी शक्ति पुनः झन झन वलवान हुँदै आएको कुरा कसको आँखावाट छिपेको छ र ?

कांग्रेस स्पष्ट बहुमतमा आउनुको तात्पर्य हो- यी सबै प्रक्रियाहरु अब अरु ज्यादा तीव्र हुनेछन् । त्यसका लागि जिम्मेवार अरु कोही हुने छैन, माले-एमालेबीचको वर्तमान असैद्धान्तिक भीडन्त नै यसका निम्ति मूलतः जिम्मेवार हुनेछ । यो 'सौताको रीसले पोईको नाक काट्नु' जस्तै कुरा हुनेछ ।

### टेबुल ४ः

## बाम तालमेल भएको भए २०४८ सालमै बहुमत आउँथ्यो

**२०४८ सालको आम चुनावमाः कुल मत जोड्दा वामपन्थी स्वतः जित्ने, तर वामहरू नमिल्नाले हारेका ठाउँहरूः**

| क्रम संख्या | जिल्ला/ क्षेत्र नं. | जितेको पार्टी | जित्नेले पाएको मत | वामहरु एक भएमा हुने मत |
|---|---|---|---|---|
| १. | सिराहा/२ | ने.का. | ८१०७ | १६०४० |
| २ | सिराहा/३ | ,, | १२४८५ | १८५८५ |
| ३ | सिन्धुली/२ | ,, | ९८०० | ११४८४ |
| ४ | धनुषा/१ | ,, | १६६१६ | २१२८५ |
| ५ | धनुषा/५ | ,, | १६६४० | १७८४७ |
| ६ | सर्लाही/१ | ,, | १२२९६ | १५१६५ |
| ७ | सर्लाही/५ | ,, | ७८१८ | ८९३७ |
| ८ | भक्तपुर/२ | ,, | १६०५२ | २१५५८ |
| ९ | बारा/३ | ,, | १८१४४ | १८१८० |
| १० | गोरखा/१ | ,, | १५४९६ | १६९८९ |
| ११ | गोरखा/२ | ,, | १५२६९ | १६९७५ |
| १२ | कालीकोट/१ | ,, | ७७१७ | १४८३७ |
| १३ | जाजरकोट/१ | ,, | ५०३३ | ६७८३ |
| १४ | दैलेख/१ | ,, | १३४६७ | १५०६२ |

| | |
|---|---|
| एमाले जितेको सीट | ६९ |
| संजमोले जितेको सीट | ९ |
| ने.क.पा. (प्रजातन्त्रवादी) ले जितेको सीट | २ |
| नेमकिपाले जितेको सीट | २ |
| बाम एक भएमा स्वतः जित्ने | १४ |
| सिर्फ १५०० को फरकले वाम हारेका सीटहरु | १५ |
| जम्मा हुन जाने सीट | १११ |

*तथ्यांक स्रोतः निर्वाचन आयोग, तथ्यांक विश्लेषणः मूल्यांकन*



यसरी संयुक्त संघर्ष गरेर आजको स्थितिसम्म आइपुगियो तर ....

## केही प्रश्नहरू, केही दायित्वहरू

मालेलाई निमिट्यान्न पारिदिने नाममा एमालेका मित्रहरुबाट अहिले जसरी कांग्रेसको विजय यात्राको लागि फराकिलो राजमार्ग तयार पारिदिने काम हुँदैछ; त्यो देश, जनता र प्रजातन्त्रको हितमा त कदापि छैन । तर त्यो के स्वयम् एमालेको हितमा छ ?

एमालेको निम्ति सर्वश्रेष्ठ विकल्प कुन हो- वाम तालमेलद्वारा चुनाव लडेर संसदमा सबैभन्दा ठूलो दलको रुपमा निक्लनु, आगामी वाम सरकारको अगुवाई गर्नु ,सरकारमार्फत् देशमा प्रजातान्त्रिक सुधारको लर्को लाउनु, र यसरी नेपाली समाजको रुपान्तरणमा सारथीको भूमिका खेल्नु कि संसदमा कांग्रेसलाई सबैभन्दा ठूलो पार्टी हुन दिएर एकलौटी सरकार पनि उसैलाई बनाउन दिएर त्यस सरकारमार्फत् देश, जनता र प्रजातन्त्रलाई बर्वादीमा लाने मूलढोका खोलिदिनु ? कुन दिशामा काम गर्दा एमालेको बेसी हित हुने हो ?

एमालेको भलाइ चाहने जोसुकैले पनि पहिलो विकल्पलाई सर्वश्रेष्ठ ठहऱ्याउनु स्वाभाविक छ । तर आश्चर्य के छ भने, एमालेको नेतृत्व यतिखेर आफ्नो भलाइ हुने सर्वश्रेष्ठ विकल्प रोजिरहेकै छैन । ऊ कांग्रेसको मात्र भाग्योदय हुने चुत्थो विकल्प रोजिरहेछ । उसको रणनीति 'पहिले चुनावी मैदानमा मालेलाई नै बढारौं, त्यसपछि अर्को पटकको संसदीय चुनाव र सरकार हाम्रो' भन्ने भइरहेछ ।

**के चिली र निकारागुआको घटना नेपालमा नदोहोरिएला भनेर अहिल्यै केही भन्न सकिन्छ ? अहँ, सकिन्न ।**

तर विचार गर्नुपर्ने कुरा के हो भने, मालेलाई संपूर्ण रुपमा वढार्नु एमालेको इच्छाको वशमा छ ? के संसदीय चुनावमा शून्य सीट नै हात लागेमा पनि नेपालको राजनीतिक भूगोलबाट माले वास्तवमै बढारिन्छ ? यदि संसदीय सीटमा एक स्थान नै नहुँदा एउटा राजनीतिक पार्टी बढारिन्छ भन्ने सोच्ने हो भने माओवादी पार्टी यतिञ्जेल किन बढारिएन ? किन ऊ उल्टो झन झन बढ्दैछ ? मसाल र एकता केन्द्र किन बढारिएनन् ? पंच.यती संसदमा लामो समयसम्म चौ.म., पुष्पलालको पार्टी कोही पनि एउटा सीटमा नहुँदा पनि उनीहरु किन बढारिएनन् ? उनीहरु झन झन किन बढे ?

त्यसैले, संसदीय चुनावमा धेरै ठाउँ आउन नदिएर मालेलाई नेपालको राजनीतिक भूगोलबाट बढार्ने भन्ने सोच आफैं बच्कना सोच हो । यो तानाशाहहरुले क्रान्तिकारी नेता कार्यकर्ता मारेर शून्य पारिदिएपछि क्रान्तिकारी आन्दोलन मर्छ भनेर सोचेजस्तै केटाकेटीपन हो ।

अर्को कुरा, मानौं यसपालि माले थोरै सीटमा जित्ला, तर त्यसो हुँदैमा, के अर्को पटक संसदमा एमालेको बहुमत आउने सुनिश्चित हुन्छ र ?

यो पाँच वर्षमा बहुमतको सरकार चलाउने दौरानमा नेपाली कांग्रसले के के गर्ला ? उसले गर्ने काम र चाल्ने प्रतिक्रियावादी कदमहरुले देशको समग्र सामाजिक सम्बन्ध र शक्ति सन्तुलन र राजनीतिमा के के असर पुऱ्याउला ? के त्यसबारे अहिले नै निश्चितताका साथ केही भन्न सकिन्छ ? के चिली र निकारागुआको घटना नेपालमा नदोहोरिएला भनेर अहिल्यै केही भन्न सकिन्छ ? अहँ, सकिन्न । यस परिप्रेक्ष्यमा आगामी पाँच वर्षपछिको संसद एमालेकै हुनेछ भन्ने सपना पाल्नु बिल्कुलै फजुल कुरो हो ।

मेरो ठम्याइमा यसपालि संसदमा माले त यसै पनि थोरै हुन्छ, उसै पनि थोरै हुन्छ तर एकदमै ज्यादा सीट आउने संभावना भएर पनि, संसदको सर्वाधिक ठूलो पार्टी हुने संभावना भएर पनि र आफ्नो प्रधानमन्त्रीत्वमा बहुमतको वाम सरकार नै चलाउने संभावना भएर पनि ती सब अवसर गुमाउने पार्टी चाहिँ एमाले नै हुनेछ । सबैभन्दा ज्यादा नोक्सानी व्यहोर्ने पार्टी एमाले नै हुनेछ । वाम तालमेल नहुँदा नोक्सानी ज्यादा मालेलाई होइन, एमालेलाई हुनेछ ।

तथापि एमाले नेतृत्व ढुक्क देखिन्छ । उसलाई मालेले वाम् तालमेल गऱ्यो भने १०-२० सीट वढी ल्याउला भन्ने औधी पीर देखिन्छ । तर त्यसो नगर्दा कांग्रेसले संसदको बहुमत नै हसुर्ने सवालमा भने कुनै चिन्ता देखिन्न ।

यदि एमालेका मित्रहरुलाई कांग्रेस देशमा हावी हुँदा चाहिँ कुनै आपत्ति हुन्न, तर मालेले १०/२० सीट बढी ज्यादा ल्याउँदा चाहिँ चौपट्टै आपत्ति हुन्छ भने या त उहाँहरुको वर्ग विश्लेषण ज्यादै त्रुटीपूर्ण भएको अथवा उहाँहरु स्वयम्को वर्ग परिवर्तन भएको छर्लङ्ग हुन्न र ? अन्यथा, हिजो एउटै पार्टीमा काम गरेका

बाँकी ४४ पेजमा

# भारतमा सि.पि.आई. र सि.पि. (एम) ले फुटेको केही महिनापछि नै चुनावी एकता गरे



◆ प्रा. मणिकलाल श्रेष्ठ ◆

**◆ वामपन्थीहरुबीच आगामी चुनावमा एकताको आवश्यकता महसुस गर्नुभएको छ कि छैन ?**

- वामपन्थीहरु को को हुन् भन्ने बारेमा नै यहाँ विरोधाभासपूर्ण भनाइहरु रहेका छन् । नेकपा एकता केन्द्र, मसाल र नेमकिपाले एमालेलाई वामपन्थी पार्टी नै होइन भनेका छन् । अर्कोतिर, मालेले एमालेलाई देशद्रोही पार्टी भनिदिएको छ । उता, एमालेले मालेलाई पार्टी नै होइन, हामीबाट फुटेर गएको आराजक तथा अनुशासनहीन जमात मात्रै हो भनिदियो । त्यस्तै, एमालेले नेकपा माओवादीलाई अराजकतावादी मात्र होइन, आतंकवादी नै भन्न पुग्यो । त्यसैले वामपन्थीहरु बीचमा नै एउटा पार्टीले अर्कोलाई वामपन्थी हो कि होइन भन्ने झगडा छँदैछ । पार्टी एकीकरण कै कुरा हुने हो भने त यस्तो स्थितिले नकारात्मक प्रभाव पार्छ नै । तर अहिले पार्टी एकीकरणको होइन, आगामी निर्वाचनमा चुनावी एकता गर्ने कुरा छ ।

एक समयमा एमाले वामपन्थी पार्टी होइन भन्नेहरुले एमालेसँग मिलेर आन्दोलन पनि गरेका थिए । एमाले सरकारमा गएर संसदीय धापमा फस्यो भन्नेहरुले के विचार गर्नुपर्छ भने, एमालेसँग मतभिन्नताहरु हुन सक्छन्, महाकाली सन्धिको विषयमा उसबाट ज्यादै नराम्रो काम भएको छ । त्यसैगरी, एमालेले अपनाएको जनताको बहुदलीय जनवादको विषयलाई लिएर ऊ कम्युनिष्ट हो कि होइन भन्ने प्रश्न उठ्नसक्छ । तर हामीले वाम एकताको कुरा गरिरहेको हुनाले जसले साम्राज्यवादको विरोध गर्छ र जो नेपालको स्वाधीनतामा हस्तक्षेप गर्न खोज्ने तत्वहरुलाई र सामन्ती तत्वहरुलाई बढावा दिन खोज्नेहरुलाई विरोध गर्छ, ती सबैलाई विस्तृत अर्थमा वामपन्थी भनेर मान्नुपर्ने हुन्छ । यसरी हेर्दा, एमाले पनि वामपन्थी नै हो । जबसम्म कुनै राजनीतिक समूहले आफ्नो पथप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद नै हो भनिरहन्छन्, तबसम्म तिनीहरुलाई हामीले वामपन्थीकै रुपमा लिनुपर्छ ।

आगामी चुनावमा वामपन्थीहरु सबै मिल्न सकेनन् भने यहाँ प्रगतिशीलहरुको सरकार आउँदैन, बरु घोर प्रतिक्रियावादीहरुको सरकार आउँछ । एकफेर कांग्रेस, राप्रपा र सद्भावनाको सरकार बनेको *थियो, फेरि* त्यस्तै सरकार बन्ने हो भने जनताको निम्ति त्यो अत्यन्त दुर्भाग्यको कुरा हुनेछ ।

> त्यतिबेला मनमोहनजीले भन्दिनुभयो– "हाम्रो पार्टी फुटाउने अनुशासनहीनहरूको समर्थनमा हामी सरकारमा जान्नौं ।" त्यो एउटा राजनीतिक नेताले भन्ने कुरा नै होइन ।

हुन त संसद्मा वामपन्थी दलहरुले जितेर पनि समाजवाद वा साम्यवाद आउने होइन, तैपनि संसद्मा वामपन्थीहरुले जितेमा समाजवादीतिर जाने संघर्षलाई अघि बढाउन त्यो स्थिति उपयोगी हुन्छ । त्यसैले नै वामपन्थीहरुलाई निर्वाचनमा जिताउन आवश्यक थियो र छ । त्यसैले, वाम तालमेल हुनु जरुरी छ ।

वामशक्तिहरु एकजुट हुनुपर्ने अर्को एउटा कारण पनि छ । पद्मरत्नजीले बहुदलीय व्यवस्था आइसकेपछिको संसदीय चुनाव दुईपल्ट जित्नुभयो । सबभन्दा बढी शहरी क्षेत्र भएको र ग्रामीण इलाका तुलनात्मक रुपले कम भएको निर्वाचन क्षेत्र-पद्मरत्नजी अहिले लड्न लाग्नुभएको काठमाडौं चार नम्बर क्षेत्र नै हो । त्यसक्षेत्रबाट उहाँले मंगलादेवी जस्तो नेपाली कांग्रेसको हेभिवेट उम्मेद्वारलाई हराउनुभयो । एउटा बुर्जुवा नेतृ भए पनि राणाविरोधी आन्दोलनमा निकै ठूलो योगदान् भएका मंगलादेवी सिंह जस्ती व्यक्तित्वलाई पद्मरत्नले हराउनु भयो । अर्कोपटक मंगलादेवीभन्दा तुलनात्मक रुपले कमजोर कांग्रेसको उम्मेदवारलाई उहाँले हराउनुभयो । तर पनि त्यस क्षेत्रमा नेपाली कांग्रेसले ल्याएको मत थोरै थिएन । त्यस क्षेत्रमा कांग्रेसको संगठन बलियो भएर कांग्रेसले धेरै मत ल्याएको थिएन । पूर्व पंचहरुको र कम्युनिष्टहरुलाई मतदान गर्न नचाहने व्यक्तिहरुको जम्मै मत कांग्रेसले पाएको थियो । त्यस क्षेत्रमा अहिले वामपन्थीको मत विभाजित भयो भने कांग्रेसले स्वतः जित्छ । धेरै ठाउँहरुमा स्थिति यस्तै छ । त्यसैले, अहिलेको यो यथार्थ हेरेर कम्युनिष्ट नेताहरुले चुनावी एकता गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

यस विषयमा भारतकै एउटा उदाहरण हेरौं । शुरुमा त्यहाँ कम्युनिष्ट पार्टी फुटेर सि.पि.आई., सि.पि.आई. (एम) भयो । त्यसको केही महिनापछि नै केरला र बंगालमा चुनाव हुँदा उनीहरु एक भएर चुनाव लडे । त्यहाँ दुई पार्टीबीच झगडा भए पनि चुनावका लागि त एकता भयो । अहिले नेपालमा वामपन्थीहरुले चुनावी एकता गरेनन् भने चुनाव हार्ने मात्र होइन, वाम आन्दोलनलाई नै संकट पुग्न जान्छ । त्यसैले वाम आन्दोलनको अस्तित्वको प्रश्नलाई विचार गर्दा पनि वामपन्थीहरुले एकता गर्नुपर्छ ।

**◆ यस्तो चुनावी एकताको संभावना चाहिँ कति देख्नुभएको छ त ?**

- एमालेले २०५ वटै क्षेत्रमा उम्मेदवारी दिने कुरा गरेको थियो । अहिले आएर उसले मालेबाहेक अरुसँग तालमेल गर्न सकिने कुरा बताएको छ । एमाले फुट्ने बित्तिकैको समयमा त्यसका महासचिव माधव नेपालले मालेसँग हाम्रो कुनै पनि किसिमको वार्तासमेत हुन सक्दैन भन्नुभएको थियो । तर चुनावको बारेमा नि ? भनेर प्रश्न गर्दा उहाँले भन्नुभएको थियो- 'मैले पार्टी एकता हुन सक्दैन पो भनेको, चुनावमा त परिस्थिति हेरेर जोसँग पनि एकता गर्न सकिन्छ ।' उहाँको त्यो कुरा सुन्दा वामएकताको वातावरण त्यति बिग्रिएको जस्तो लागेको थिएन । तर पछि गएर परिस्थिति बद्लियो अथवा उहाँको पार्टीमा एकता नचाहनेहरुको प्रभाव बढेर उहाँलाई पनि बाध्य बनायो, अहिले आएर त कुनै हालतमा पनि चुनावी एकता नहुने कुरा एमालेले गर्न थालेको छ ।

अरु कुरामा त म माले र एमालेबीच त्यति भिन्नता देख्दिनँ, दुबैले जनताको बहुदलीय जनवादलाई नै मानेका छन्, तर चुनावी एकताको कुरामा चाहिँ बरु मालेले सदासयता देखाएको छ । राष्ट्रियताका मुद्दाहरुमा तुलात्मक रुपमा मालेको अडान एमालेको भन्दा राम्रो छ, तर वर्गीय दृष्टिकोण र सैद्धान्तिक हिसाबले म माले र एमालेमा त्यति फरक देख्दिनँ । यति भएर पनि सबै वामपन्थीहरुबीच एकताको कुरामा केही समय अगाडिसम्म मालेको धारणा राम्रो लागेको थियो । सरकारबाट निस्कने बित्तिकै मालेका नेता वामदेव गौतमले भन्नुभयो- 'कांग्रेसइतर सरकार अहिलेको अर्को विकल्प हो, मनमोहनजीको नेतृत्व हामी स्वीकार गर्छौं ।' त्यो बेला आफूप्रति सद्भाव देखाउने मालेप्रति एमालेले आलोचना गर्नु हुन्नथ्यो । त्यतिबेला मनमोहनजीले भन्दिनुभयो- "हाम्रो पार्टी फुटाउने अनुशासनहीनहरुको समर्थनमा हामी सरकारमा जान्नौं ।" त्यो एउटा राजनीतिक नेताले भन्ने कुरा नै होइन । राजनीतिमा जहाँ पनि के हुन्छ भने, आफ्नो शत्रुले पनि आफूप्रति नरम व्यवहार देखायो भने त्यसलाई स्वागत गर्न नसके पनि आक्रमण गरिँदैन । तर मनमोहनजीको त्यो व्यवहार हेर्दा हाम्रा सबभन्दा पाका नेताहरुमा नै अपरिपक्वता देखिए झैं मलाई लाग्यो ।

**◆ वाम तालमेलका लागि बौद्धिकहरुले चाहिँ कस्तो पहल गर्नुपर्ला जस्तो तपाईलाई लाग्छ ?**

- मनमोहनजीले एकपटक मलाई नै के भन्नुभएको थियो भने, जतिसुकै झगडा भए पनि कम्युनिष्टहरुको बुद्धि पुगेर सबै वामपन्थीहरुले चुनावी तालमेल गरेको भए वामपन्थीहरुको अल्पमतको होइन, बहुमतको सरकार आउँथ्यो । एमाले फुटेर एमाले र माले भैसकेपछि पनि मसँगैको कुराकानीमा उहाँले भन्नुभएको थियो- 'सि.पी.आई., सि.पी.आई (एम.) को झगडा भए पनि उनीहरु चुनावमा मिलेर लड्छन् भने नेपाली कम्युनिष्टहरुमा बुद्धि छ भने उनीहरुले

मिलेर चुनाव लड्नुपर्छ ।' तर उहाँले त्यस्तो एकताको निम्ति आफूले चाहिँ पहल गर्नुभएन । उहाँले बौद्धिकहरुलाई के भन्नुभयो भने- वामपन्थीहरु बीच एकता हुनुपर्छ भन्ने कुराले जनतामा गति लिन थालेपछि एकताको निम्ति पहल गर्न हामीलाई सजिलो हुन्छ । त्यसैले तपाईंहरुले त्यसको निम्ति सहयोगी भूमिका खेल्नु पर्छ । यी सबै कुरा हेर्दा मलाई के लाग्छ भने, एमालेभित्र पनि एकताका पक्षधरहरु छन् । त्यसैले बौद्धिकहरुले सबै पार्टीमा रहेका एकताका पक्षधरहरुको आवाजलाई अघि लैजाने काम गर्नुपर्छ । वामपन्थी पार्टीहरुलाई एकताको निम्ति दवाब दिने काम सचेत मतदाताहरुकै हो र मतदाताहरुमध्ये पनि सबभन्दा सचेत बौद्धिकहरु नै हुन् । जनमत सिर्जना गर्ने काममा आफ्नो समय दिएर बौद्धिकहरु अगाडि बढ्न सके भने परिस्थितिवश वामपन्थीहरुबीच चुनावी एकता हुन पनि सक्छ । जत्तिकै शत्रुता भए पनि अहिलेको यथार्थता बुझिदिने हो भने, एमाले र मालेबीच पनि चुनावी तालमेल हुने संभावना छ ।

एउटा कुरा भनुँ- मनमोहनजीले एकपटक २७/२८ सालतिर जेलबाट निस्कँदा पञ्चायत व्यवस्था एउटा यथार्थ हो भन्नु भएको थियो । त्यसो भनेर उहाँले पञ्चायत ठीक भन्नुभएको त होइन । वास्तविकतालाई राजनीतिज्ञले देख्न सक्नुपर्छ भनेर उहाँले Boldly भन्दिनु भयो । त्यही स्तरको Boldness मा अहिले पनि एमाले र माले मिली दिएनन् भने दुवैको भविष्य राम्रो छैन भन्ने बुझेर मनमोहनजीले एकताको निम्ति आवाज उठाउनु पर्ने थियो ।

◆ **माले र एमाले मिलेनन् भने पनि साझा कार्यक्रम लिएर सडक आन्दोलनमा आएका नौ वाम समूह चाहिँ एउटै चुनावचिन्ह अन्तरगत मिलेर चुनाव लड्नसक्ने स्थिति छ कि छैन ?**

- नौ वाम एक भएर आए त त्यो एकदम राम्रो हुने थियो । त्यस अवस्थामा एमालेले एकता गर्न नचाहे पनि जनतामा नौ वामप्रति आकर्षण हुने थियो । तर नौ वाम पनि एक भएर आउने संभावना देखिँदैन । नौ वाममध्ये एउटा राष्ट्रिय जनआन्दोलन संयोजन समितिले अहिले पनि चुनावमा भाग नलिने घोषणा गरेको छ । बाँकी आठ वाममा पनि सबैको एउटै 'लाईन' छैन । वामपन्थीहरु सबै एकजूट हुनुपर्छ भन्ने नारामा पनि एमालेसँग मिल्नु हुन्न भन्ने एकथरि छन् भने एकता केन्द्र र मसालले मालेसँग मिल्न सकिन्छ भने एमालेसँग पनि मिल्नुपर्छ भन्ने विचार ल्याएका छन् । यस्तो स्थितिले गर्दा आठ वाम पनि एक भएर चुनावमा जालान् जस्तो देखिँदैन । ❑

**अहिलेको संसदमा पनि देखियो- मसालका साथीहरूले एमालेलाई जति मद्दत गरेका छन्, अर्को शक्तिले त्यति मद्दत गरेको छैन**

# वामपन्थीहरूले चुनावी एकता गर्नै पर्ने हो

◆ डा. नारायण पोखरेल



◆ आगामी चुनावमा वामपन्थीहरुबीच चुनावी एकताको आवश्यकता छ कि छैन ?

- छ । त्यस्तो आवश्यकता किन पनि छ भने, वाम खेमाभित्र मतदाताहरूको संख्या बढी छ । अहिलेको वाम विभाजनको स्थितिले मलाई कस्तो पनि लागिरहेको छ भने, वामपन्थी समूहका प्रतिनिधिहरूले आफूलाई जुन वर्गको प्रतिनिधि भनीरहेका छन्, वास्तवमा उनीहरू त्यस वर्गका प्रतिनिधिहरू होइनन्) । सैद्धान्तिक कुराहरूकै कारणले मात्र वामपन्थीहरूबीच विभाजन भइरहेको भए त्यो एकदमै ठीक हुन्थ्यो, तर त्यस्तो भइरहेको छैन । एकातिर हाम्रो चाहना चाहिँ वामपन्थीहरू एक भइदिए हुन्थ्यो भन्ने छ, तर उनीहरू भने एक हुने पक्षमा देखिन्नन् । वामपन्थी शक्तिहरूलाई कुनै अर्कै शक्तिले नियन्त्रण गरिरहे जस्तो लाग्दछ । वामपन्थी शक्तिहरूलाई मिल्न नदिन र फुटाउन जहिले पनि पूँजीवादी शक्तिहरू उद्दत रहेका हुन्छन् । पूर्व पञ्चहरूलाई जसले तानेको छ र नेपाली कांग्रेसलाई पनि जसले तानेको छ, त्यस्ता शक्तिहरूले अहिले वामपन्थी शक्तिहरूलाई पनि आफूतिर तान्न थालेका छन् । अहिले नेकपा एमालेकै कुरा गर्ने हो भने, उसलाई साउथ ब्लकबाट राम्रो ढाडस मिलेको छ । यो कुरा एमालेका गतिविधिहरूबाट पनि प्रष्टै देखिइरहेको छ ।

"मित्रता पनि समानतामा आधारित हुन्छ" भनिएझैं आफू जस्तै र आफू जत्तिकै ठूलो पार्टी नभेटेकोले पनि होला, एमाले अन्य वाम पार्टीहरूसँग मिल्न चाहिरहेको छैन ।

◆ वामपन्थी पार्टीहरुमध्ये चुनावमा वाम एकता नचाहने पार्टीको रुपमा कसलाई देख्नुभएको छ ?

- करीब-करीब एमाले नै त्यस्तो पार्टी हो भन्ने देखिइरहेको छ । एकता भए फाइदा त एमालेलाई नै हुन्छ । एमालेले अलिकति उदार भएर अन्य पार्टीहरूको पकड भएको ठाउँमा आफ्नो उम्मेदवारी नदिएर सघाउने हो भने, मार्क्सवादी चिन्तनमा विश्वास गर्नेहरूको समर्थन पनि उसले प्राप्त गर्न सक्छ । अहिलेको संसदमा पनि देखियो- मसालका साथीहरूले एमालेलाई जति मद्दत गरेका छन्, अर्को शक्तिले त्यति मद्दत गरेको छैन । सैद्धान्तिक रूपले मसाल र एमालेबीच विवाद र मतभिन्नता छ, तर पनि त्यो आफ्नो ठाउँमा छ, संसदीय सहकार्य अर्को ठाउँमा छ । यस्तो फेरि पनि हुनसक्छ, तर व्यक्तिवाद र व्यक्तिगत फाइदा बटुल्ने प्रवृत्तिको कारणले वाम आन्दोलनमा तालमेल भने हुन सकिरहेको छैन ।

◆ आगामी चुनावमा चाहिँ वामपन्थीहरुबीच तालमेल होला कि नहोला त ?

- वाम आन्दोलनलाई समेटेर एकताबद्ध ढंगले हाँक्न सक्ने चमत्कारिक व्यक्तित्व रातारात जन्मिँदैन । त्यस्तो आशा चाहिँ गर्न सकिन्छ । आउँदो चुनावमा वामपन्थीहरू मिल्लान् कि भन्ने कुरा चाहिँ उनीहरूको गतिविधिबाट देखिएको छैन ।

◆ वामपन्थीहरु एक आपसमा मिलेनन् र आ-आफ्नै जुधे भने त्यसको असर चाहिँ कस्तो होला ?

- चुनावको परिणाम कस्तो आउँछ भन्ने आशयको प्रश्न गर्नुभएको हो भने त अबको संसदमा कसैको बहुमत आउँदै आउँदैन । अब पनि Hung Parliament नै हुन्छ । संख्यात्मक हिसाबले पनि संसदमा वामपन्थीहरूको स्थिति अहिलेको भन्दा राम्रो हुँदैन । एमालेको स्थिति पनि राम्रो देखिन्न भने मालेको अवस्था पनि नराम्रो देखिन्छ । जहाँ-जहाँ एमाले र मालेको पकड छ, त्यहाँ त्यहाँ कांग्रेसले जित्छ । त्यसले गर्दा अन्ततः वामहरू निमिट्यान्न हुन्छन् कि भन्ने डर पनि पैदा भएको छ । साथसाथै, नेकपा एमालेको अहिलेको चुनावी रवैयाको स्थितिले चाहिँ एमालेले आफ्नो नीति र नाम परिवर्तन गर्दैछ भन्ने जुन कुरा उठिरहेको छ, त्यही कुरातिर पनि संकेत गरीरहेको छ । मलाई पनि त्यस्तै लाग्छ ।

◆ वामपन्थीहरुले सहमतिका साझा विषयहरु खोजेर त्यसको आधारमा चुनावी एकता मात्रै गरे भने पनि जनताका लागि केही राहत पुग्ने स्थिति हुन सक्दैन ?

- यो कुरालाई त हामीले नजरअन्दाज गर्नुहुँदैन कि, एमालेको नौ महिने शासनकालमा एमालेले केही जनप्रिय कार्यक्रम त ल्याएकै थियो । एमालेले केही जनप्रिय कार्यक्रम ल्याएको हुनाले नै दक्षिणपन्थीहरूले अत्तालिएर एमालेलाई सत्ताच्यूत गराए । जनतालाई राहत पुऱ्याउने दृष्टिकोणले पनि वामपन्थीहरूले चुनावी तालमेल गरेर बहुमत सीट जित्नुपर्ने हो । आ-आफ्नो हैसियतअनुसार सरकारमा सहभागी भएर जनतालाई राहत पुग्ने किसिमको कार्यक्रम ल्याउन वामपन्थीहरूले चुनावी एकता गर्नै पर्ने हो भन्ने मलाई लाग्छ ।

◆ सैद्धान्तिक भिन्नताबिना पनि वामपन्थीहरु विभाजित हुनाको कारण चाहिँ तपाईं केलाई देख्नुहुन्छ ?

- वामपन्थी पार्टीभित्र नेतृत्वमा रहेका केही व्यक्तिहरूले आत्मगत विश्लेषण गरेर आफूलाई मात्र सही साबित गर्ने गर्नु भएको छ । गुट उपगुटभन्दा माथि उठेर सिंगो कम्युनिष्ट आन्दोलनलाई नेतृत्व गर्ने क्षमताको कमीले गर्दा उहाँहरूबाट त्यस्तो भएको छ । अर्थात् कम्युनिष्ट नेताहरूमा व्यक्तिवादी चिन्तन हावी भएको छ । "म संगठनको नियममा रहनुपर्छ" भन्नेभन्दा "मैले संगठनको नियम बनाउनुपर्छ" भन्ने चिन्तनले उहाँहरू ग्रसित हुनुहुन्छ । यस्तो व्यक्तिवादी चिन्तनबाट मुक्त भएर वाम एकताको निम्ति पहल शुरू गरे मात्र देश र जनताको कल्याण हुनेछ भन्ने म ठान्दछु । ❑

# एमाले र मालेबीच तालमेल नहुँदा ठूलो नोक्सानी हुनसक्छ

◆ पद्मरत्न तुलाधर



◆ **आगामी निर्वाचनमा वामपन्थीहरु बीच चुनावी एकताको संभावना कस्तो देख्नुहुन्छ ?**

-वाम एकताको पक्षधर हुनुको कारणले म त्यसको संभावना देख्दछु । आगामी चुनावमा वामपन्थीहरु विरुद्ध उपस्थित हुने एउटा ठूलो पार्टी नेपाली कांग्रेस नै हो । नेपाली कांग्रेस अहिले पनि चुनावी राजनीतिमा वैचारिक र सांगठनिक दुवै हिसाबले वामपन्थीहरुभन्दा कमजोर नै छ । त्यसकारणले वामपन्थीहरुले एउटा समझदारी बनाएर कमसेकम सिटको मात्रै तालमेल गर्ने हो भने अहिले पनि वामपन्थीहरुकै जीतको संभावना छ । नेकपा एमाले विभाजित भएकाले अहिले एउटा ठूलो असर पर्ने भएको छ ; तर एउटा समझदारी बन्न सक्यो भने वामपन्थीहरुको बहुमत आउन सक्छ र वामपन्थीहरुको संयुक्त सरकार बन्न सक्छ । तसर्थ, यस कुरालाई बुझेर वामपन्थीहरुले दायित्वबोध गर्ने हो भने चुनावी एकताको अझै पनि संभावना छ । यसतर्फ वामपन्थीहरुको प्रयास हुनुपर्दछ । यसका लागि पार्टीहरुबीच वार्ता चलिरहेको छ । हामीले पनि यसका लागि केही प्रयासहरु गरेका छौं ।

◆ **वामपन्थीहरुबीच चुनावी तालमेलको निम्ति अहिलेको समस्या चाहिं के देख्नुभएको छ ?**

- चुनावी हिसाबले भन्ने हो भने सबभन्दा ठूला वामशक्तिहरु भनेका एमाले र माले हुन् । यी दुई शक्तिहरु तालमेलमा जुट्छन् कि जुट्दैनन् भन्ने कुरा नै अहिलेको सबभन्दा ठूलो समस्या हो । अहिले एमालेले मालेबाहेक अरु वामपन्थीसँग र त्यसैगरी मालेले एमालेबाहेक अरु वामपन्थीहरुसँग चुनावी तालमेल गर्न सक्नेछन् भन्ने कुरा बाहिर आएको छ । चुनावी हिसाबले एमाले र मालेबीचमा तालमेल नभएसम्म अरु खाले तालमेलको प्रभावकारी असर हुँदैन । हुन त एमालेसँग अरु वाम समूहहरु र मालेसँग पनि अरु वाम समूहहरुको मात्रै तालमेल भए पनि तुलनात्मक रुपमा त्यो सकारात्मक नै हुनेछ । तर एमाले र मालेबीच तालमेल नहुँदा धेरै ठूलो नोक्सानी हुन सक्दछ । त्यसकारण हामी माले र एमाले दुबैलाई त्यतातिर ध्यान आकृष्ट गर्दैछौं । यो संसदीय चुनावमा हस्तक्षेप गरेर कम्युनिष्टहरुले जुन भूमिका निभाउनुपर्ने हो, त्यो भूमिका निभाउनका लागि यदि दायित्वबोध गर्ने हो भने चुनावी तालमेल हुनै पर्दछ ।

◆ **माले र एमालेबीच त शत्रुतापूर्ण नै जस्तो सम्बन्ध देखापरेको छ, यस स्थितिमा यी दुई पार्टीबीच तालमेल हुनसक्ने संभावना कति रहला ?**

- कम्युनिष्ट पार्टीको दायित्वअनुसार उनीहरुले काम गर्ने हो भने अझै त्यस्तो संभावना छ । यदि यिनीहरु कम्युनिष्ट पार्टी नै हुन् भने आज जे जस्तो कारणले विभाजित भएको भए पनि भोलि एकजूट हुनै पर्दछ । अहिले हामी सुनिरहेका छौं- नेकपा मसाल र एकता केन्द्रबीच एकता वार्ता चलिरहेको छ । त्यस्तै, मसाल र मालेमाबीच पनि एकता वार्ता चल्दैछ । हिजोको कुरा गर्ने हो भने पनि तत्कालीन नेकपा माले र नेकपा मार्क्सवादीबीच एकता भएर नै एमाले बनेको थियो । एकीकरण हुनुअघि ती दुई पार्टीले एकले अर्कालाई आलोचना गर्दा प्रयोग गर्ने गरेको कटु भाषा अहिले पनि हामीलाई संझना छ । अनेक अराजनीतिक कुराहरु त्यतिखेर पनि सुनिन्थे । तर दुई पार्टी एकजूट भएर एमाले बन्यो । त्यसकारण आज जतिसुकै कटुता भए पनि भोलि मिल्नुपर्ने पार्टीले दूरदर्शिता राख्नुपर्छ । त्यस हिसाबले तालमेलको संभावना छ, तर एक अर्काले अराजनीतिक तथा गैर मार्क्सवादी भाषामा गाली-गलौज गरिरहेकोले त्यस्तो संभावना छैन भन्ने कुरा पनि एउटा यथार्थ हो ।

> **तत्कालीन नेकपा माले र नेकपा मार्क्सवादीबीच एकीकरण हुनुअघि ती दुई पार्टीले प्रयोग गर्ने गरेको कटु भाषा अहिले पनि हामीलाई संझना छ ।**

◆ **माले र एमालेबीच तालमेल भएन भने पनि सडक संघर्षमा सहभागी भएका नौ वाम समूहबीच तालमेल वा चुनावी एकता होला कि नहोला ?**

- त्यसको संभावना तुलनात्मक रुपमा बढी छ । माले र अरु वाम समूहबीच त्यसका लागि वार्ता भइरहेको छ । यो सकारात्मक कुरा हो । संसदमा वामपन्थी शक्तिहरुले संयुक्त रुपमा कसरी हस्तक्षेप गर्ने भन्ने कुरा प्रमुख कुरा हो, केही सिटहरुको कारणले तालमेल हुन सकेन भनेर वार्तामा बसेका साथीहरु फर्कनु भयो भने त्यो गैरमार्क्सवादी कुरा हुनेछ । बहुमत ल्याएर सरकार नै बनाउँछौं भन्ने पार्टीले पनि १०३ पुऱ्याउन २०५ वटै सिटमा उम्मेदवारी दिनु जरुरी छैन । अलि लचिलो भएर तालमेलका लागि ५०/५५ सिट त्यस्तो पार्टीले पनि छोड्न सक्नुपर्छ ।

◆ **तपाईंहरु जस्ता स्वतन्त्र वामपन्थीहरुले चाहिं वाम तालमेलका निम्ति कस्तो भूमिका खेलिरहनु भएको छ त ?**

- हामी केही स्वतन्त्र वामपन्थी तथा बुद्धिजीवीहरु आगामी चुनावमा वाम तालमेलका लागि प्रयत्न गर्ने उद्देश्यले सरसल्लाहमा जुटेका छौं । वाम पार्टीहरुबीच पनि त्यसै उद्देश्यका लागि वार्ताहरु भैरहकाले त्यसको परिणामलाई हामी पर्खिरहेका छौं । सबै वामपन्थी पार्टीहरुको अहिलेको स्थितिलाई राम्ररी अध्ययन गर्दै विगतका चुनावहरुको पनि तथ्याङ्क संकलन गरेर हामीले तथ्यसहित वामपन्थी पार्टीहरुसँग व्यक्तिगत र सामुहिक रुपमा वार्ता गर्ने सोच बनाएका छौं । ❑

## एकता र संघर्षसम्बन्धी यो कस्तो बुझाइ हो ?

❑ "बरू अरू बामहरूलाई हामी दुई चार सिट दिन सक्छौं, तर मालेलाई त दिनै सकिन्न !"

◆ "माले बाहेक अरू वामहरूसंग हाम्रो स्थानीय स्तरमा चुनावी तालमेल हुन सक्छ !"

❑ "मालेसंग त मिल्ने कुरै आउँदैन !'

◆ "मालेको त कुरै भएन !"

❑ माले .... माले ........ माले ........... कुरै छैन, हुनै सक्दैन, हुन कुरै आएन, सम्भवै छैन ...... " आदि, आदि ।

यी भनाईहरू आजकाल हामी एमालेका धेरैजसो नेताहरूबाट बारंबार सुन्ने गर्छौं । पत्रपत्रिकाहरूमा रहेका धेरैजसो एमाले-पत्रकारहरू पनि यही रट लगाएर लगातार लेखिरहेछन् र आफ्ना कार्यकर्ताहरूलाई "प्रशिक्षित" गरिरहेछन् ।

मुलुकमा अहिलेको बस्तुस्थितिको माग चाहिँ एमाले, माले र अरू वामहरूबीच चुनावी तालमेल हुनैपर्ने खालको रहेको छ । नत्र कांग्रेसलाई ठाडै र भारी फाइदा पुग्न जाने प्रस्ट देखिएको छ । कारण, वामपन्थीहरू फुटेर अलग अलग उठ्दा वामपन्थीहरूको बाहुल्यता रहेको स्थानमै पनि सजिलै कांग्रेसले जित्ने संभावना रहन्छ । झन्, त्यसमाथि पनि वामहरूमध्येका ठूला घटकहरू एमाले र मालेले अलग अलग उठ्दा त यो संभावना झनै टड्कारो हुनेहुन्छ ।

एकातिर स्थिति यो छ भने, अर्कातिर यहाँ अर्को स्थिति यस्तो रहेको छ- यदि यो चुनावमा एमाले-माले र अरू वामहरूले आपसमा तालमेल गरी उम्मेदवारी दिएमा अत्यधिक संख्यामा वामपन्थीहरू संसदमा चुनिएर जानेछन् । एकलौटी वामपन्थीहरूको सरकार बन्ने संभावना छ । यो संभावना सानोतिनो मात्र नभई यो अत्यन्त बलियो संभावनाको रूपमा रहेको छ ।

तर चुनावी तालमेलका सम्बन्धमा एमालेका अधिकांश मानिसहरूको संकीर्ण सोच निकै ठूलो बाधाका रूपमा देखिएको छ । मालेका नेताहरू तालमेलका सम्बन्धमा एमालेभन्दा केही लचिला देखिएका छन् । माले अध्यक्ष साहना प्रधानले "एमालेसँग पार्टी एकता हाल सम्भव नभए पनि चुनावी एकता हुन सक्छ' भनीं सार्वजनिक रूपले भनेका जस्ता कुराहरू मालेवृत्तबाट अन्य नेताहरूले पनि भन्ने गरेका छन् । यद्यपि, मालेभित्र पनि चुनावी एकताविरोधीहरूको संख्या नरहेको भने हैन । बाहिरबाट हेर्दा यस्तो देखिन्छ, एमालेमा चुनावी एकताप्रेमी र मालेमा चुनावी एकताविरोधीहरू अल्पसंख्यामा रहेका छन् । यो कुरा उनीहरूका भाषण, लेख, अन्तरवार्ता र कुराकानीका आधारमा आंकलन गरिएको कुरा हो ।

◆ **"हो, वामहरूले तालमेल गरेमा अत्यधिक संख्यामा वाम विजय निश्चित छ ।"**

◆ **"तर उनीहरू फुटेर उठेमा कांग्रेसलाई चिट्ठा पर्नेछ ।"**

◆ **"कांग्रेसले आफूलाई पटक्कै सुधारेन, पटक्कै जनपक्षीय बनाएन, तर पनि एमाले-माले फुटका कारण कांग्रेसले नै पो हालीमुहाली चलाउने भयो त ।"**

◆ **"माले-एमालेलाई आपसमा जुधाएर र "माओवादी" को नाममा ती दुवैलाई समेत दमन गरेर नालायक कांग्रेसले राज गर्ने भयो अब ।"**

**एमालेका बहुमत र मालेका अल्पमत "चुनावी एकताविरोधीहरू"ले 'एकता' भनेपछि चाटाचाट् मात्र गर्ने र 'संघर्ष' भनेपछि मारामार मात्र गर्ने चीजका रूपमा बुझेको कुरा उनीहरूको व्यवहारले देखाइरहेको छ ।**

◆ "पार्टी फुट्यो, तर के चुनावी-तालमेल हुनै मिल्दैन ? के अब एमाले र मालेबीच "पानी बाराबार" नै हुनुपर्छ ? के माले र एमाले एक अर्काका वर्ग शत्रु नै भएका हुन् ? भर्खरै फुटेका राप्रपाका दुई चोइटाहरू थापा समूह र चन्द समूह आपसमा चुनावी तालमेलका कुरा गरिरहेछन् । के एमाले-मालेले चाहिँ आपसमा तालमेलका कुरै गर्नु नहुने हो ? तीन वर्षअघि फुटेको सद्भावना पार्टी गत वर्ष पुनः एक भयो । के यसबाट पाठ सिकी एमाले-मालेले पार्टी-एकता नभएपनि चुनावी एकता मात्रै पनि गर्नु मिल्दैन ?"

◆ "भारतको पश्चिम बंगालमा हिजो एउटै पार्टीबाट फुटेर बनेका वामपार्टीहरू आज चुनाव र सरकार दुवैमा मिलेर गइरहेका छन्, काम गरिरहेका छन् । के यसबाट एमाले-मालेले पाठ सिक्नु जरूरी र संभव छैन ?" आदि आदि ।

आज स्वतन्त्र चिन्तन गर्ने जनपक्षीय बौद्धिक व्यक्तिहरू र आम जनतामा यी प्रश्नहरू व्यापक रूपमा उठिरहेका छन् ।

तर एमालेका अधिकांश र मालेका केही नेताहरू

# एमाले भन्छ- "मालेसँग त चुनावी तालमेल हुनै सक्दैन" किन ?

◆ चन्द्रदेव नेपाली

यी प्रश्नहरूको जवाफ निकै नै मनगढन्त कुराहरूको आड लिएर दिइरहेका छन् । मुलुकको बस्तुगत आवश्यकताप्रति उनीहरूमा पटक्कै संवेदनशीलता देखिएको छैन । उनीहरू- बीचको फूटको बेलाको झगडा, झोंक र रीसइबी उनीहरूमाथि यत्ति धेरै हावी भएको छ कि, एमालेमा त "वाम एकता" को कुरा गर्नेहरू किनारा लगाइने "आतंकपूर्ण" स्थिति रहेको छ । त्यसैले, एमालेमा स्थानीय तहका पदहरूमा रहेका कार्यकर्ताहरू नेता रिसाउलान् भन्ने त्रासले र एमाले नजिकका बुद्धिजीवी भनिने कतिपय व्यक्तिहरू सुविधाका पदहरूको आशाले एकताको मामलामा चूप रहेका छन् । उनीहरू "वाम तालमेल" को पक्षमा हैन, विपक्षमा आफ्ना रायहरू व्यक्त गरी आफूलाई नेता-भक्त देखाउने कोशिस गरिरहेछन् ।

"हुन त हो, चुनावी तालमेल नभै हुन्न, नत्र कांग्रेसलाई भारी फाइदा पुग्न जान्छ, तर के गर्ने ? नेताहरू मिल्दैनन्, तालमेलका लागि तयार हुन्नन् ।"- अरूहरूसँग भने ती बुद्धिजीवीहरू यसो भनेर आफ्नो लाचारी व्यक्त गर्ने गर्छन् । एमालेका र मालेका केही कार्यकर्ताहरू यस्ता पनि देखिएका छन्, जो आफू चुनावमा जसरी पनि उठ्ने दाउमा छन्, तालमेल भएमा आफूले उम्मेद्वारी नदिनु पर्ने हुन सक्छ भन्ने 'डर' ले पनि उनीहरू एकताको पक्षमा हैन, विपक्षमा खडा भएका छन् । देशमा कांग्रेसले सजिलै सरकार बनाउने स्थिति र वामहरूका बीच भने विरोध र विभेद बढ्ने संभावनाबाट उनीहरू पटक्कै चिन्तित छैनन् । "आए आँप, गए झटारो" प्रकारको सोच बोकेर उनीहरू हिँडिरहेका छन् । देशमा दक्षिणपन्थी हालीमुहालीको स्थिति पैदा हुन सक्ने ठूलो र गंभीर खतरालाई "गए झटारो" ठान्नेहरूको अचम्मको "स्तर" मा उनीहरूको चिन्तन रहेको छ ।

यसरी देशी-विदेशी प्रतिक्रिया-वादीहरूले एकदमै चाहेजस्तै चिन्तन उनीहरूमा विकसित हुनुको कारण के होला ? किन अविवेक र अन्धद्वेषले यसरी 'कम्युनिष्ट' भनिने एमाले र मालेका नेता-कार्यकर्ताहरूको दिमागमा घर जमाएको होला ?

वास्तवमा यसको पछाडि रहेका कारक तत्वहरू खोतल्दै जाने हो भने, हामी यसको जरोको रूपमा सामन्ती व्यक्तिवाद भेट्दछौं । "मुलुकका लागि राजनीति" को नारा भजाएर यो व्यक्तिवादले "आफ्नो स्वार्थ र अहंको लागि राजनीति" गर्ने गर्छ । 'पूँजीवादी व्यक्तिवाद' को हदसम्म मात्रै पनि यो माथि उठ्न सकेको छैन । त्यसो भएको भए मात्रै पनि "अरूलाई दिने र अरूसँग लिने" नीति उनीहरूले अँगाल्थे । भारतमा लालु यादवहरूको पार्टी समेतले यो नीति लिएको देखिन्छ । "हामीबीच पार्टी स्तरको एकता कायम हुन सकेन, त्यसैले फुट्यौं तर चुनावी स्तरको एकता गरी हामी मुख्य प्रतिद्वन्दी भा.ज.पा.विरुद्ध संयुक्त मोर्चा गर्नेछौं" भन्ने हदका नीतिहरू उनीहरूले जनतामा लगेको उदाहरण पुरानो भएको छैन ।

एमालेको नेतृत्वले यो सामन्ती व्यक्तिवादलाई आफ्नो गुटभरि फैलाएर यसलाई "सामन्ती सामूहिक व्यक्तिवाद" को रूप दिएको छ ।

"मुलुकका लागि बेफाइदा भए पनि हामी चुनावी एकता गर्दैनौं" भन्नुको अर्थ के ? के मुलुकको फाइदा वा बेफाइदा अब उनीहरूको सरोकारको विषय रहेन ? के मुलुकभन्दा ठूलो हुन्छ कसैको कसैमाथिको रीसइबी वा भैं-झगडा ?

यो भनेको "बस्तुस्थिति हेरेर त्यसअनुसार विचार बनाऊ" भन्ने मार्क्सवादको मूल आशय विपरीत कुरा हो । "आफ्नो मनमा रहेका पूर्वाग्रहहरूको आधारमा विचार बनाउने" यो पद्धति बिल्कुलै आदर्शवादी पद्धति हो ।

आफूलाई मार्क्सवादी-लेनिनवादी भन्नेहरूको यो मार्क्सवाद-लेनिनवादविरोधी रवैया देख्दा यस्तो लाग्छ- एमाले-मालेको वृत्तमा मार्क्सवाद-लेनिनवाद वास्तवमा मान्नुपर्ने र आचरण गर्नुपर्ने दिग्दर्शक सिद्धान्त हैन, देखाउने र जनता झुक्याउने "साइनबोर्ड" मात्र बन्न पुग्दैछ । यो बहुतै चिन्ताजनक कुरा हो । हिजो संयुक्त हुँदाको एमालेलाई ठूलो पार्टी बनाउन मद्दत गर्ने सारा सचेत जनताहरू आज यस विषयमा बहुतै चिन्तित भएका पाइन्छन् । र, जनताको यो चिन्ता बिल्कूल जायज र स्वाभाविक छ ।

एमालेका बहुमत र मालेका अल्पमत "चुनावी एकताविरोधीहरू"को दृष्टिकोणगत अर्को खोट पनि देखापरेको छ । उनीहरू "एकता" र "संघर्ष" लाई निरपेक्ष रूपमा बुझ्ने गर्छन् । 'एकता' भनेपछि चाटाचाट् मात्र गर्ने र 'संघर्ष' भनेपछि मारामार मात्र गर्ने चीजका रूपमा उनीहरूले बुझेको कुरा उनीहरूको व्यवहारले देखाइरहेको छ ।

वास्तवमा, भौतिकवादी द्वन्दवादले बस्तुमा एकता भन्नाले त्यसमा संघर्ष पनि निहित हुने कुरा स्वीकार्छ र यसले 'संघर्ष' भन्नाले त्यसमा एकता पनि स्वतः निहित हुने कुरा स्वीकार्छ । तर एमाले-माले आज आपसमा निरपेक्ष 'संघर्ष' का कुरा गरिरहेछन् । चुनावी तालमेलसम्मको हदको एकता पनि नगर्ने यिनीहरूको मति यिनीहरूले अँगालेको यही निरपेक्ष र एकपाखे सोचको उपज हो । आफू सँगै हुँदा चाहिँ गलत प्रवृत्तिको प्रवृत्तिगत विरोधसम्म पनि नगर्ने र गलत प्रवृत्तिहरूलाई "आफ्नो गुटको मान्छेले गरेको" कारण 'सात-खत माफ' दिएर पुल्पुलाएर राख्ने अर्थात् निरपेक्ष चाटाचाट गर्ने । तर जब व्यक्तिगत पद-प्रतिष्ठा र सम्पत्ति हसुर्ने मामलामा झगडा र तानातानी पैदा हुन्छ, तब निरपेक्ष रूपमा पार्टी फुट्ने, फुटाउने र अनि पछि एकले अर्कोलाई अकारण "वर्ग-शत्रु" ठान्न पुग्ने, अर्थात् निरपेक्ष मारामार गर्ने । यस्तो अनौठो "मार्क्सवाद" आज एमाले-मालेले प्रयोग गरिरहेछन् । यसरी यिनले मार्क्सवाद स्वयंको भ्रष्टीकरण गरिरहेछन् । हिजोसम्म 'कमरेड' भनेको मान्छे र गुट ओज फुटपछि अचानक "वर्गशत्रु" बनिहाल्दैन । अन्तरविरोध शत्रुतापूर्ण र मित्रतापूर्ण दुई खाले हुन्छन् । "वर्ग-शत्रु"सँग मात्र शत्रुतापूर्ण अन्तरविरोध रहन्छ । मतभेद भएका मित्रहरूप्रति शत्रुतापूर्ण व्यवहार र नीति लागु गर्नु सन्की, स्वार्थी र नितान्त गैर-मार्क्सवादी प्रवृत्ति हो । यो प्रवृत्ति एमालेको बहुमत पार्टी-पंक्ति र मालेको अल्पमत पार्टी पंक्तिमा देखेर यो प्रवृत्ति त्याग्न हामी जनताले उनीहरूलाई आह्वान गर्नु के उनीहरूको अन्धविरोध गर्नु ठहरिएला र ?

❑



*सनफ्रान्सिस्कोमा १९९४ मा भएको 'बम होइन, भोजन' भनेर गरिएको अहिंसात्मक प्रदर्शनमा प्रदर्शनकारीलाई प्रहरीले गिरफ्तार गर्दै*

*फोटोः एमनेष्टी इन्टरनेशनल*

आँखीझ्याल

> विकसित पूँजीवादी मुलुकमा रोजगारी नहुनु भनेको भोकभोकै पर्नु हो, भोक्कै मर्नु हो । खानै नपाउनु र मर्नु भनेको मानव अधिकारको सबैभन्दा ठूलो अनिकाल हो । खानै नपाएर मर्नु परेपछि बोल्न पाएर के गर्नु ?

# यस्तो छ मानव अधिकारको दुर्दशा अति विकसित मुलुकमा

◆ दीपक वैद्य ◆

## विकसित भनिएका मुलुकहरूमा गरीबहरू नै छैनन् कि जस्तो फुर्ती त्यहाँका शासकहरू र संचार माध्यमहरू लाउँछन् । तर वास्तविकता त्यस्तो रंगीन छैन ।

विकसित पूँजीवादी मुलुकका शासकहरु संसारभरि फुर्ति लाउँछन्- उनीहरुको मुलुकमा मात्र नागरिकहरुले मानव अधिकार पाएका छन् भनेर । उनीहरु तेश्रो विश्वका प्रत्येक मुलुकमा मानव अधिकार छैन भनेर वेस्सँग हल्ला मच्चाउँछन् । उनीहरु कहिले चीनमा र क्यूबामा मानव अधिकार छैन भनेर चिच्याउँछन् । कहिले मलेशियामा र उत्तर कोरियामा ।

हामी आज हेरौं - स्वयम् ती अति विकसित भनिएका पूँजीवादी मुलुकमा मानव अधिकारको स्थिति के छ ?

मानव अधिकारमध्ये एउटा प्रमुख मानव अधिकार हो- रोजीरोटीको निश्चितता अर्थात्, काम । विकसित पूँजीवादी मुलुकमा सवा अरब मान्छे बसोबास गर्छन् । यु.एन.डि.पी.को 'मानव अधिकार प्रतिवेदन, १९९६' का अनुसार तीमध्ये ८ प्रतिशत मानिसहरुको त्यहाँ कुनै रोजगारी नै छैन । यु.एन.डि.पी. कै अनुसार, ३ करोड ७० लाख मानिसहरु त्यहाँ पूर्णतया बेरोजगार छन् र कामको खोजमा छन् । तर त्यहाँको सरकारले उनीहरुको निम्ति कुनै रोजरोजीको बाटो जुटाउन सकेको छैन । विकसित पूँजीवादी मुलुकमा रोजगारी नहुनु भनेको भोकभोकै पर्नु हो, भोक्कै मर्नु हो । खानै नपाउनु र मर्नु भनेको मानव अधिकारको सबैभन्दा ठूलो अनिकाल हो । खानै नपाएर मर्नु परेपछि बोल्न पाएर के गर्नु ?

यु.एन.डि.पी.को १९९८ को तथ्यांक अनुसार विकसित पूँजीवादी मुलुकमा बेरोजगारी सबभन्दा ज्यादा युवाहरुबीच छ । झण्डै १५ प्रतिशत युवाहरु त्यहाँ पूर्णतया बेरोजगार छन् । ३ करोड युवाहरु त्यहाँ कामको खोजमा छन्, तर पाइरहेका छैनन् । फ्रान्समा अझ ३२ प्रतिशत युवतीहरु र २२ प्रतिशत युवकहरुको कुनै काम छैन । इटालीमा बेरोजगार युवतीहरु ३९ प्रतिशत र युवकहरु ३० प्रतिशत छन् । भयावह युवा बेरोजगारी स्पेनमा देखिन्छः त्यहाँ ४९ प्रतिशत युवतीहरु र ३६ प्रतिशत युवकहरुको कुनै रोजीरोटीको बाटो छैन ।

सरकारले अहिले ती मुलुकमा पूँजीपतिलाई बढी नाफाआर्जन गर्न दिनका लागि कारखानामा मजदूर कटौती गर्ने स्वतन्त्रता दिएको छ । यसले गर्दा त्यहाँ बेरोजगारी अरु ज्यादा ताजा बढेको छ। The Economist का अनुसार जर्मनीमा अहिले कुल १०.८ प्रतिशत मानिसहरु पूर्ण बेरोजगार छन् । फ्रान्समा ११.५ प्रतिशत मानिसहरु, इटालीमा १२.३ प्रतिशत मानिसहरु र स्पेनमा १८.२ प्रतिशत मानिसहरु ।

विकसित भनिएका मुलुकहरुमा गरीबहरु नै छैनन कि जस्तो फुर्ती त्यहाँका शासकहरु र संचार माध्यमहरु लाउँछन् । तर वास्तविकता त्यस्तो रंगीन छैन । UNDP को १९९६ कै तथ्यांक अनुसार, त्यहाँ १० करोड मानिसहरु गरीबीको रेखामुनि पशुजीवन बाँचिरहेछन् । घरबास ठ्याप्पै नहुनेहरु पनि त्यहाँ १० करोड नै छन् । अति विकसित भनिएका मुलुकमा मानव अधिकारको स्थिति कति बिजोग छ- त्यसको एउटा ज्वलन्त उदाहरण यो हो । हरेक १० मा एक मान्छे नितान्त गरीब छन्, अति विकसित भनिएका औद्योगिक मुलुकमा । प्रत्येक १० मा एक मान्छेको ओत लाग्ने कुनै घरबास छैन ।

मानव अधिकारको एउटा महत्वपूर्ण नापो-महिलाहरुको समानताको हक हो । तर सम्पूर्ण विकसित भनिएका मुलुकहरुमा उही नै कामको लागि महिलाहरुलाई दिइने ज्याला पुरुषको तुलनामा औसत तीन भागमा दुई भाग मात्र छ । त्यहाँ कुल सांसदहरुमध्ये खालि १२ प्रतिशत मात्र महिला छन् ।

तेस्रो विश्वको सबै मुलुकमा मानव अधिकार छ कि छैन भनेर खुबै नियालेर हेर्ने र छैन भनेर हल्लीखल्ली मच्चाउने अमेरिकामा UNDP का अनुसार कुल सांसदहरुमध्ये ११.२ प्रतिशत मात्र महिला सांसद छन् । त्यहाँ उही कामको लागि पुरुषलाई दिइने ज्याला १०० हुन्छ भने महिलालाई ७५ मात्र दिइन्छ ।

तर गजबको विरोधाभाष के हो भने, अमेरिकाले मानव अधिकार पटक्कै नभएको भनेको क्यूबामा संसदमा महिलाहरुको सीट अमेरिकाको तुलनामा दोब्बरभन्दा पनि ज्यादा छ । कुल सांसदहरुमध्ये त्यहाँ २७.६ प्रतिशत महिलाहरु छन् । (हेर्नुहोस् News from Cuba, March 1998, पृष्ठ १७) त्यहाँ महिलाहरुलाई समान कामको लागि समान ज्याला प्राप्त छ ।

त्यसैले, विकसित भनिएका पूँजीवादी मुलुकहरुले आफ्नो भूमिमा मात्र मानव अधिकार प्रचूर मात्रामा छ भनेर धक्कु लाउने कुनै ठाउँ छैन । जहाँ करोडौं मानिसहरु रोजगारविहीन छन्, करोडौं अरु घरवारविहीन छन् र करोडौं मान्छे गरीबीको रेखामुनि छन्, त्यहाँका शासकहरुले विश्वमा अन्यत्र मानव अधिकार छ कि छैन भनेर नियालेर हेर्ने र छैन भनेर हल्ला मच्चाउने कुनै नैतिक हक छैन । ❑

# बनले नेपाललाई विदेशी ऋणको फन्दाबाट यसरी मुक्त पार्न सक्छ !

◆ डा. नारायणकाजी श्रेष्ठ

## बन व्यवस्थापनको इतिहास

सन् १९६५ सम्म "हरियो बन नेपालको धन" भनेर नेपालको अर्थतन्त्रको मुख्य स्रोत नेपालको बनलाई मानिन्थ्यो । तर १९६९/७० तिर बनको अध्ययन गर्ने व्यक्तिहरुले, खास गरेर विश्व बैंक र यु.एस.आई.डि.हरुले सन् २००० सम्ममा नेपाल मरुभूमिमा बदलिने छ भन्ने कुराहरु ल्याए । त्यतिबेला साँच्चै नै हरेक वर्ष नेपालको ४ प्रतिशतका दरले बनको नाश हुँदै पनि आएको थियो । त्यही दरमा अहिलेसम्म बनको नाश हुँदै आएको भए नेपालमा मरुभूमिकरण हुने अवस्था थियो पनि ।

तर बनको विनाशबाट जनताहरुको आवश्यकता परिपूर्ति हुन छोडेपछि उनीहरु आ-आफैले केही क्षेत्रहरुमा रुखहरु रोपेर बनको संरक्षण र व्यवस्थापन गर्न शुरु गरे । यद्यपि, सरकारले जनतालाई त्यसो गन स्वीकृति भने दिएको थिएन । हुन त २०१८ सालमा बनेको बन ऐनमा सामुदायिक बनको व्यवस्था थियो । तर यो सामुदायिक बन व्यवस्था खास गरेर पंचायतमा केन्द्रित थियो । पंचायतहरुले पनि यसलाई बन जोगाउने पक्षमा भन्दा चुनाव जित्ने साधनको रुपमा मात्र केन्द्रित गर्न थाले । यसले गर्दा झन झन बन नाश हुँदै गयो ।

बन ऐन बनेको झण्डै झण्डै १७ बर्षपछि सन् १९७८ अर्थात २०३५ सालमा आएर मात्र पंचायत संरक्षित बन र पंचायती बन नियमावली आयो । त्यसले पंचायतलाई नै बन संरक्षण र बन व्यवस्थापनको एउटा निकायको रुपमा मान्यो । तर वास्तवमा पंचायतले बनलाई संरक्षण गर्न सकेन, किनभने त्यसले बनको संरक्षण तथा सम्बर्द्धन गर्नुभन्दा पनि राजनैतिक फाइदाको लागि बनविनाश गर्न र त्यसकै माध्यमबाट राजनीति चलाउन थाल्यो ।

यसरी पंचायतले बनको व्यवस्थापन तथा संरक्षण गर्न नसकेपछि सन् १९८३/८४ अर्थात् २०४०/४१ सालतिर बनको संरक्षण कसरी हुन सक्छ भनेर सानो सानो स्तरमा अध्ययन तथा अनुसन्धान हुन थाल्यो । यस अनुसन्धानबाट के कुरा पत्ता लाग्यो भने, स्थानीय व्यक्तिहरुको सहभागितामा उनीहरुकै निर्णयबाट बनको व्यवस्थापन र संरक्षण गर्न दिएमा बन जोगाउन सकिन्छ । सन् १९८७/८८ अर्थात २०४४/४५ सालतिर आइसकेपछि बनेको बनसम्बन्धी गुरुयोजनामा पनि बन व्यवस्थापन तथा बन सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार गाउँलेमै हुनुपर्छ भन्ने धारणा ल्याइयो । त्यही धारणाको आधारमा सन् १९९३ र १९९५ मा अर्थात् २०४९ र २०५१ सालमा बन ऐन र नियमावलीहरु पनि बने । यी ऐन र नियमावलीले उपभोक्तालाई नै बनको व्यवस्थापन को रुपमा स्थापित गरेको छ । साथै, उपभोक्ताहरुले नै कसरी आफ्नो संस्था संचालन गर्ने भनेर विधान बनाउनुपर्ने र आफ्नो जिम्मामा रहेको बनको व्यवस्थापन पनि कसरी गर्ने भन्ने कार्ययोजना बनाउनु पर्ने व्यवस्था त्यो ऐनले गरेको छ ।

यही ऐनअनुरुप पहाडका थुप्रै ठाउँहरुमा सामुदायिक बन बनिसकेको छ । अहिले त तराईमा पनि ३०० जति बन उपभोक्ता समूहहरु बनिसकेका छन् ।

## सरकारको बदमासी

अझै पनि तराईमा १४ लाख हेक्टर क्षेत्रमा बन बाँकी छ । त्यसमध्ये झण्डै झण्डै ५ लाख हेक्टर बनमा ८० देखि १२०/३० वर्ष पुराना रुखहरु छन् । तराईका करिब ६० देखि ८० प्रतिशत बनमा यस्ता रुखहरु छन् । यी रुखहरुलाई तत्कालै निकाल्न सकिएन भने कुहिएर नोक्सान हुने अवस्था छ । तर बनको नियमावली र नीतिले सरकारलाई यी रुखहरु ढाल्ने र बेच्ने अधिकार दिएको छैन । यो अधिकार खालि टिम्बर कर्पोरेशनलाई मात्र दिइएको छ । तर टिम्बर कर्पोरेशन एउटा यस्तो भ्रष्ट संस्था हो, जसले असंख्य रुखहरु काटेर बेच्छ, तर आफू कहिल्यै मुनाफामा गएको देखाउँदैन । टिम्बर कर्पोरेशन आजसम्म जहिले पनि नोक्सान मै मात्र गइरहेको छ । गतः आठ वर्षदेखि यो संस्थाको लेखा परीक्षण समेत हुन सकेको छैन ।



*सरकारी पक्षबाट छपान गर्दा भूक्षय भइरहेको र हुँदै गएका स्थानमा राम्रा कलिला रूखमा पनि छपान गरी खतरा निम्त्याइँदैछ ।*

गतवर्ष श्री ५ को सरकारले यही भ्रष्ट संस्थालाई सम्पूर्ण बन पैदावार निर्यात गर्ने अधिकार दिने निर्णय गरेको थियो । तर विभिन्न निकायहरु, खास गरेर सामुदायिक बन महासंघ र गैर सरकारी संस्थाहरुले यो कदमको डटेर विरोध गरेकोले यसलाई श्री ५ को सरकारले फिर्ता लिनु पर्‍यो । अझै पनि टिम्बर कर्पोरेशनसँग झण्डै झण्डै २१ लाख क्युबिक फीट काठ छ । ती काठमध्ये ५ लाख क्युबिक फीट काठ नेपाली जनतालाई बेचेर बाँकी सबै काठ निर्यात गर्ने

**एक खरब ५१ अरब रूपियाँदेखि ६ खरब ४ अरब रूपियाँ प्रतिवर्ष आम्दानी हुनसक्ने स्रोतको गतिलो उपयोग हुन सकेको छैन ।**


अधिकार सरकारले त्यसलाई दिएको छ । त्यस्तै गरेर श्री ५ को सरकार जिल्ला बन कार्यालयहरु अन्तरगत पनि १५ लाख क्युबिक फीट काठहरु निर्यात गर्ने व्यवस्था गरिएको छ ।

यो निर्यातको सबभन्दा ठूलो दोष र समस्या के छ भने, २६०।- रुपियाँ क्युबिक फीटको दरमा निर्यात गर्न श्री ५ को सरकार तयार छ, जबकि, नेपालीहरुले ३०० देखि ३५० रुपियाँ क्युबिक फीटको दरले बजारमा गोलिया काठ किन्नु पर्छ । तर श्री ५ को सरकार नेपाली जनताहरुलाई भने २६० रुपियाँ क्युबिक फीटमा गोलिया काठ बेच्न तयार छैन । यो नेपालको सबभन्दा ठूलो बिडम्बना हो । २६०।- रुपियाँ क्युबिक फीटमा नेपालीहरुले चाहिँ किन्न नपाइने, तर निर्यात गर्न चाहिँ हुने । यसो गर्नुको कारण के हो र यसबाट फाइदा कसले पाउँने हुन्छ ? यो विचारणीय कुरा हो ।

यस विषयमा श्री ५ को सरकार के भन्दैछ भने, सडेगलेको काठ र कुहिएको काठ बेच्न लागिएको हो । तर प्रश्न के उठ्छ भने, कुहेको र सडेको काठ विदेशीले किन किन्छ ? हामीलाई के शंका लागेको छ भने, सडेगलेको काठ निर्यात गर्ने नाममा श्री ५ को सरकारले अरु राम्रा राम्रा रुखहरु समेत काटेर निर्यात गर्न खोजेको छ । उदाहरणको लागि भन्ने हो भने, अहिले कैलाली, बाँके, नवलपरासी, कपिलवस्तु, बारा र इलाम ६ वटा जिल्लामा Operational Forestry Management Plan (ओ.एफ.एम.पी) म्यानेजमेन्ट गर्ने भनेर रुख छपान र कटान गर्ने प्रकृयाहरु शुरु भइरहेको छ । बाँकेमा हामीले छपान गरेको क्षेत्र पनि हेरिसक्यौं । त्यहाँ छपान गराईमा कुनै बैज्ञानिक तरीका अपनाइएको छैन । त्यहाँ यस्ता रुखहरुमा पनि छपान चिन्ह लगाइएको छ, जुन रुखहरु बूढो पुराना छैनन् र सजिलैसंग बिक्री हुन सक्छन् । अथवा भनौं, फगत २०/२५ वर्षका नयाँ रुखहरुमा तथा भूक्षय भएर गलित बनिसकेका ठाउँहरुमा भएका रुखहरुमा समेत लगातार छपान लगाइएको छ ।

यो छपानको तरिका हेर्दा सजिलैसँग थाहा पाउँन सकिन्छ कि, यो छपान कुनै बन व्यवस्थापनको लागि गरिएको होइन । बरु कुहेको सडेको निर्यात गर्ने भनिएको ३१ लाख क्यूबिक फीट गोलिया काठको सट्टामा राम्रो काठ राखेर बेच्नको लागि सरकारले यो व्यवस्थापन गरेको हो भन्ने हाम्रो दाबी छ । हामीलाई लाग्छ कि, तराईको वनमा भएका ३१ लाख क्यूबिक फीट काठ निर्यात गर्ने नाममा अरु ६०/७० लाख क्यूबिक फीट नयाँ राम्रा काठ निर्यात हुन सक्छ ।

यसरी हुन लागेको बन विनाशलाई रोक्न हामी सामुदायिक बन उपभोक्ता महासंघ, तराई सामुदायिक




कचनापुरमा ढलेका रूखहरू थुप्रै छन् तर व्यवस्थापन गर्न र सदुपयोग गर्न नसकेर सड्न लागेका छन्

**हामी बाँकेकों जंगलमा घुम्न गएको बेलामा त्यहाँ मात्रै अरबौं रूपियाँ मूल्य पर्ने काठहरू उत्तिकै ढलिरहेका पायौं । उपभोक्ताहरूले व्यवस्थापन गरेका वनहरूमा यसरी ढलेका रूखहरूवाट मात्रै लाखौं आम्दानी गरेको देखिएको छ ।**

बन कार्यकारी समूह मिलेर छपान भइरहेको ६ वटा जिल्लाका गा.वि.स.हरुका जनताहरुलाई चेतना जगाउने काम गर्‍यौं ।

यसैक्रममा हामीले गाउँले उपभोक्ताहरुलाई के भन्यौं भने, नीतिगत रुपमा तपाईंहरु नै बनको मालिक हुनुहुन्छ भने यो बन कसैले काटेर लान्छ भने काट्न दिने कि नदिने, तपाईंहरु नै निर्णय गर्नुहोस् ।

यो धारणा राखेपछि, कैलाली, नवलपरासी, कपिलवस्तु र बाँकेका विभिन्न गा.वि.स.हरुले आफ्नै किसिमको सक्रिय समूह बनाएका छन् र बन काट्न आएमा त्यसको सशक्त विरोध गर्ने भनेर उनीहरु तयार भएका छन् । अर्कोतिर, जिल्ला बन अधिकृत अर्थात् डि.एफ.ओ.हरु भने ती रुखहरु काट्नै पर्ने भएको हुनाले शक्ति उपयोग गरेर पनि यो काम गर्छौं भनेर भनिरहेका छन् । यसबाट के बुझिन्छ भने, नेपालमा एउटा खतरनाक स्थिति आउनेवाला छ । हामी कैलाली घुम्न जाँदा त्यहाँको बन अधिकृतले यो वर्ष त्यहाँ १४ लाख क्यूबिक फीट काठ निकाल्नै पर्छ र त्यो "जसरी पनि" निकाल्ने भन्ने धारणामा उहाँ अडिग



*डा. नारायणकाजी श्रेष्ठ सामुदायिक बन सम्बन्धी विज्ञ हुनुहुन्छ । उहाँ FAO अन्तरगत फरेष्ट्री पिपुल्स प्रोग्रामको दक्षिण एशियाली प्रतिनिधि हुनुहुन्छ । उहाँ WATCH भन्ने संस्थासित पनि सम्बद्ध हुनुहुन्छ ।*

*-मूल्यांकन*

हुनुहुन्छ भनेर भनेको भन्ने कुरा सुन्यौं । ओ.एफ.एम.पी. लागु भएका ६ वटा जिल्लाहरुमध्ये चारवटा जिल्लामा हामी घुम्न गएका थियौं । कुन कुन वनमा र कुन कुन गा.वि.स.हरुमा यो कार्यक्रम लागु हुँदैछ भनेर हामीले सोध्यौं । तर बन अधिकृतहरु यो प्रश्नको उत्तर दिन तयार हुनु भएन । जहाँ जहाँ छपान भइरहेका छन्, न त त्यहाँका जनताहरुलाई बन काट्न सोधिएको छ, न त त्यहाँका गा.वि.स.हरुलाई नै यसको जानकारी दिइएको छ । जबकि, प्रचलित ऐन र नियम अनुसार बन अन्ततः उपभोक्ता समुदायको हो ।

अहिले भएको ३१ लाख क्यूबिक गोलिया काठ ३०० देखि ३५० रु. प्रति क्यूबिक फीटमा मात्रै बेच्ने हो भने पनि १ अरब ८ करोड ५० लाख रुपैयाँ आम्दानी हुन्छ । तर सरकारले प्रति क्यूबिक फीटमा ४० देखि ९० रुपियाँ कम गरेर बेच्दैछ । यसबाट हामीलाई करिब १८ देखि २८ करोड रुपैयाँ सोझो घाटा हुँदैछ ।

बन सम्बन्धमा एउटा थाहा नपाई नहुने कुरा के छ भने, हामी बाँकेको जंगलमा घुम्न गएको बेलामा त्यहाँ मात्रै अरबौं रुपियाँ मूल्य पर्ने काठहरु उत्तिकै ढलिरहेका पायौं । उपभोक्ताहरुले व्यवस्थापन गरेका वनहरुमा यसरी ढलेका रुखहरुबाट मात्रै लाखौं आम्दानी गरेको देखिएको छ । जस्तो झापाको कन्काई सामुदायिक बन, जसले ढलेपडेका रुखहरु मात्रै जम्मा गरेर ८० लाख रुपैयाँ आम्दानी गरेको थियो । त्यस्तै चितवनको एउटा सानो बनकाली सामुदायिक बनले पनि ढलेपडेको एउटा सानो भागमा रुखहरुबाट मात्रै २० लाख रुपैयाँ आम्दानी गरेको छ । त्यसै कोषबाट उनीहरुले स्थानीय क्षेत्रमा स्कूल, बाटोघाटो, बाँध बनाउने जस्ता विकास कार्य गर्नुका साथै जनताहरुको गरीबी हटाउनको लागि आम्दानी बढाउने खालका आयमूलक कामहरु गर्न निर्ब्याजी ऋण दिने गरेका छन् ।

तर यता सरकार संरक्षित बनहरुमा भने रुख काट्नको लागि, तथा त्यसको ओसारपसारको लागि समेत सरकारले विदेशबाट अनुदान वा ऋण लिइरहेछ । रुख काटेर बेचिसकेपछि थोरै रकम मात्र राजस्वमा आउँने गरेको पाइएको छ । जस्तो सागरनाथ बन विकास योजना र नेपालगंज बन विकास परियोजनालाई यसको उदाहरणको रुपमा लिन सकिन्छ । यी योजनामा रुखहरु काट्नको लागि सरकारी कोषबाट तथा बाहिरबाट लगानी गरियो । रुख सबै काटेर बेचिए । अझैपनि ती परियोजनाहरु फाइदामा गएका छैनन् ।

**सरकारले संचालन गरेका बन परियोजनाहरूमा चाहिँ बाहिरबाट विदेशी लगानी गरेर पनि परियोजना फाइदामा नजाने । तर जनताहरूले संचालन गरेका सामुदायिक वनमा चाहिँ कुनै किसिमको विदेशी लगानी नगरिकनन ै परियोजना फाइदामा जाने ! यो विचित्रको विरोधाभाष हो ।**

यसरी एउटा गजबको सत्य उद्घाटित भएको छ । सरकारले संचालन गरेका बन परियोजनाहरुमा चाहिँ बाहिरबाट विदेशी लगानी गरेर पनि परियोजना फाइदामा नजाने । तर जनताहरुले संचालन गरेका सामुदायिक वनमा चाहिँ कुनै किसिमको विदेशी लगानी नगरिकननै परियोजना फाइदामा जाने ! यो विचित्रको विरोधाभाष हो । तथापि यो सत्यका बावजूद किन सरकार जनतालाई बन सुम्पन चाहँदैन ? तराईका जनताहरु सामुदायिक बन चाहियो भनेर सरकारसमक्ष माग्न जाँदा किन सरकार उनीहरुलाई लखेट्छ ?



*बाँकेको कचनापुरमा बन उपभोक्ताहरूबीच भएको अन्तक्रिया र छलफल*

## पैसाको ठूलो स्रोत यहाँ छ

अहिले त्यस्ता ढलेपडेका रुखहरुमात्र तराईका जंगलहरुबाट निकाल्ने हो भने पनि ३/४ वर्षको लागि तराईका जनताहरुको काठको आवश्यकता पूरा हुन सम्भव छ । त्यसबाहेक, तराईको १४ लाख हेक्टर बनमध्ये ५ लाख हेक्टर बन अझैपनि राम्रो स्थितिमा छ । तराईको ५ लाख हेक्टर वनमा झण्डै झण्डै ८० प्रतिशत रुखहरु तुरुन्तै निकाल्नु पर्ने स्थितिमा छन् । ती रुखहरु क्रमबद्ध रुपमा निकाल्ने हो भने मेरो विचारमा नेपालको सम्पूर्ण विकास बजेट र साधारण बजेटको थैली सजिलैसंग वनस्रोतबाट मात्रै पूर्ति गर्न सकिने अवस्था छ । त्यसका लागि विश्व बैंक, मुद्रा कोष, वा कुनै दातासित भीख माग्नु पर्दैन । त्यसलाई २० वर्षको चक्रमा निकाल्ने हो भने, त्यो बीस वर्षसम्म कहींबाट पनि ऋण वा अनुदान लिएर नेपालको बजेट चलाउनु पर्ने आवश्यकता छैन । किनभने एउटा राम्रो हुर्केको सालको रुखबाट हामीलाई कम्तिमा पनि ५० हजार रु. देखि दुई लाख रुपियाँसम्म आम्दानी हुन सक्छ ।

हिसाब सोझो छ, पाँच लाख हेक्टर जंगलमध्ये अहिले पनि झण्डै एक हेक्टरमा कम्तीमा पनि दुई शय रुखहरु छन् । अर्थात पच्चीस वर्षको चक्रमा रुख काट्दा एक हेक्टरमा कम्तीमा आठैवटा रुखको हिसाब गर्ने हो भने पनि पाँचलाख हेक्टर बनमा हरेक वर्ष निकाल्न सकिने चालीस लाख रुखहरु छन् । ती चालिस लाख रुखहरुमध्ये ८० प्रतिशत रुख निकाल्नु पर्दा झण्डै ३० लाख २० हजार रुख निकाल्नु पर्छ । ३० लाख २० हजार रुखको प्रति रुखको रु ५० हजार देखि दुई लाखको दरले हिसाब गर्ने हो भने एक खरब ५१ अर ब रुपियाँदेखि ६ खरब ४ अरब रुपियाँ आम्दानी हुन सक्ने छ । यो साइकल (चक्र) पच्चीस वर्षसम्म चलाउन सकिन्छ । पच्चीस वर्षभित्र हामीले बनको व्यवस्थापन राम्रो गर्न सक्यौं भने त्यस्ता रुखहरु त थुप्रै आउँछन् ।

वनस्रोतबाट आउन संभव आम्दानी त तराईको एक तिहाई जंगल अर्थात् नेपालको सम्पूर्ण बनको ९ प्रतिशत बनको मात्र कुरा गरिएको हो । अन्य ९१ प्रतिशत वन अर्थात् पहाडका बनहरु र बनभित्रका अरु पैदावार तथा जडीबूटीलाई पनि मिलाउने हो भने त बनस्रोतबाट मात्रै खरबौं रुपियाँ आम्दानी हुन सक्छ । नेपालको सम्पूर्ण विकासको लागि अर्थस्रोत बनबाटै जुट्न सक्छ ।

नेपालको वास्तविकता के हो भने, यहाँ मनग्य पैसा आउने स्रोतको अभाव होइन, सरकारसित भिजन र आफ्नै स्रोतमा भर परेर विकास गर्ने प्रतिबद्धताको अभाव छ । सरकारसित देश विकासको स्पष्ट भिजन हुने हो भने र आफ्नै स्रोतमा मूलतः भर परेर विकास गर्ने भन्ने आत्मनिर्भर विकासको अवधारणाप्रति प्रतिबद्धता हुने हो भने नेपालको बन त्यस्तो स्रोत हुन सक्छ, जहाँबाट ठूलो लगानीबिना नै खरबौं रुपैयाँको थैली लगातार जुटिरहन संभव छ । नेपालले यही एउटा स्रोतबाट मात्रै पनि आत्मनिर्भरतातिर फड्को मार्न सकिन्छ ।

## कसरी हुन सक्छ यति आय ?

अहिले श्री ५ को सरकारले बनलाई बैज्ञानिक तरिकाले व्यवस्थापन गर्ने भन्ने नाममा जुन ओ.एफ.एम.पि. व्यवस्थापना लागु गरिरहेको छ, यसबाट सरकारलाई खरबौं रुपियाँको आम्दानी हुनु त कता हो कता, यसबाट हामी भएको बन पनि गुमाउँछौं र विदेशी ऋणको भारमा पनि पर्छौं । हामीले माथि नै भन्यौं, सारनाथ र नेपालगंजको बन परियोजनाको अनुभवले यो कुरा सिद्ध गरेको छ । नेपालको बनमा भएको सबभन्दा महत्वपूर्ण काठ भनेको नै साल हो । तर उनीहरुले ती परियोजनामा सालका रुखहरु काट्दै मसलाका रुखहरु रोपेका छन् । ती रुखहरुको त्यति महत्व पनि छैन र मूल्य पनि छैन । अहिले उनीहरुले बैज्ञानिक व्यवस्थापनको नाममा जथाभावी किसिमले रुखहरु काट्न शुरु गर्दैछन्, त्यो काम लगातार हुन थाल्यो भने नेपालमा प्रशस्त मात्रामा भूक्षय हुने अवस्था छ । त्यसको असर नेपालमा मात्र पर्ने नभएर अरु देशहरुमा पनि पर्ने प्रशस्त सम्भावना छ ।

हुनत अहिले बन सम्बन्धी जुन गुरुयोजना बनेको छ, त्यस योजनामा सरकारलाई रुख काट्ने अनुमति छैन । तर बन ऐनमा बन व्यवस्थापनको लागि सरकारले योजना बनाउन सक्छ भन्ने कुरा छ । हामीले पनि सरकारले योजना बनाउन सक्तैन भनेका छैनौं । हाम्रो भनाई यतिमात्र हो कि, बन व्यवस्थापन योजना लागु गर्ने क्षमता र अधिकार उपभोक्ताहरुमा मात्र छ ।

यहाँ विडम्बना त के छ भने, सरकार ओ.एफ.एम.पी.को नाममा धमाधम रुख काट्न लागेको छ । तर बनभित्र रुखहरुमा लागेका रोगहरु निदान गर्ने कामहरु भने पटक्कै गरिरहेको छैन । अहिले बनमा भएका पाटे सल्ला, साल तथा सिसौका रुखहरुमा रोग लागेर सखाप हुन लागिरहेको छ । बन विभागका मानिसहरुसँग यसबारे कुरा गर्दा उहाँहरु "हामीलाई रुख काट्ने अधिकार पनि छैन । हामी रोगहरु सम्बन्धी अनुसन्धान पनि गर्न सक्तैनौं" भन्नुहुन्छ । हामीसित आएको जानकारी अनुसार ढलेपडेका रुखहरु संकलन गर्ने नाममा विभिन्न ठाउँहरुमा उहाँहरु हरिया रुखहरु समेत काट्दै आइरहनु भएको छ ।

साँच्चै नै बनलाई जोगाउने हो भने, यसबाट खरबौंको आय आर्जन गर्ने हो भने र राम्रोसंग बन व्यवस्थापन गर्ने हो भने सबभन्दा पहिले पारदर्शी बननीति र पद्धति अपनाउनु पर्छ । त्यो पारदर्शिता त्यतिबेलामात्र आउँछ, जब जनताहरुले बन व्यवस्थापनबारे सम्पूर्ण कुराहरु थाहा पाउँछन् । र, बन व्यवस्थापनमा उनीहरु नै अधिकारसम्पन्न हुन्छन् । त्यसैले पारदर्शिता ल्याउन र जन सहभागितामुखी बन व्यवस्थापन गर्ने नीतिहरु लागु गर्न हामीले जोड दिनु पर्दछ । उपभोक्ताहरुलाई बन बिनाशकको रुपमा नहेरेर बनको संरक्षक र सक्षम व्यवस्थापकको रुपमा हेर्नु पर्दछ ।

साँच्चै नै बनबाट खरबौं रुपियाँ आम्दानी गर्ने हो भने, अहिले विद्यमान बन ऐन र नीति अनुरुप गाउँका जनताहरुलाई नै बन व्यवस्थापन, संरक्षण तथा सम्बर्धन गर्न दिनु पर्दछ । यसको लागि सरकारले जनताहरुको बन व्यवस्थापन क्षमता बढाउने, बन पैदावारको व्यापार गर्ने र व्यापार विविधिकरण गर्ने क्षमता बढाउने खालका सहयोग गर्नु पर्दछ । यो व्यवस्था भयो भने, बिनालगानी जनताले नै सडेपलेका काठहरुको बिक्री वितरण गर्न सक्छन् । त्यो पैसाबाट श्री ५ को सरकारले गर्नुपर्ने विकास कार्यहरु जनताबाट सजिलैसँग चलाउन सकिन्छ । यसबाट विकेन्द्रिकरणको अवधारणा पनि यहाँ व्यवहारमा लागु हुनसक्छ ।

अब रह्यो, सरकारलाई बजेट बनाउन यसबाट



*कैलाली मसरूयामा बन संरक्षणबारे अन्तर्क्रिया गर्दै स्थानीय जनताहरू*

**बन क्षेत्रमुनि एकदमै उब्जाउ जमीन छ । त्यसलाई उत्पादनको लागि प्रयोग गर्न सकियो भने एकदमै राम्ररी कृषि उत्पादन वृद्धि हुन्छ ।**

कसरी पैसा आउँछ भन्ने कुरा । यो काम पनि सजिलैसँग पूरा गर्न सकिन्छ । यदि सरकारले जनताको व्यवस्थापन क्षमता बढाउने खालका सहयोगहरु गरिदिने तथा बजारहरु खोजिदिने कामहरु गरिदिने हो भने सरकारले जनतामा आयकर लगाउन सक्छ । उपभोक्ताहरुले पनि बन पैदावारबाट आफ्नो आम्दानीको राम्रै प्रतिशत सरकारलाई तिर्न हिच्किचाउँदैनन् ।

अर्को कुरा, जनताहरु आफैंले बनपैदावारको आयबाट स्थानीय विकास कार्यहरु गर्छन भने सरकारले फेरि त्यही विकासका कार्यहरु गर्नु नै परेन । खास खास विकास कार्यहरु सरकारले गर्नु नपरेपछि सरकारी ढुकुटीमा पैसा बँच्ने भयो र त्यो पैसाबाट अन्य विकास गतिविधि चलाउन सकिने भयो ।

यसलाई अर्को पक्षबाट पनि हेर्न सकिन्छ । नेपालमा अरु किसिमका आर्थिक स्रोतहरुलाई संचालन गर्नको लागि बाहिरबाटै मंहगा प्रविधिहरु भित्र्याउनु पर्ने हुन्छ र त्यसका लागि बाहिरै ऋण वा अनुदान ल्याउनु पर्ने हुन्छ । तर बनको विकासको लागि न त बाहिरबाट अनुदान ल्याउनु पर्छ, न प्रविधि नै ल्याउनु पर्छ । यसको लागि हामी आफैं आत्मनिर्भर छौं । बनको काम जनतालाई सुम्पेपछि बन पैदावारको व्यवस्थापन र बिक्री उनीहरु आफैं गर्न सक्छन् । अहिलेसम्म जति पनि जनताहरुले उपभोक्ता सामुदायिक बन संचालन गरिरहेका छन्, त्यसको लागि उनीहरुलाई सरकारबाट केही दिइएको छैन । तर उनीहरुले राम्रैसंग बनको विकास गरिरहेका छन् ।

अहिले नेपालमा आठ हजारजति उपभोक्ता समूहहरु छन् । यसमध्ये बनमा राम्रो व्यवस्थापन गरेनन् भनेर कारवाही गरिएका तीनवटा समूहहरु मात्र छन् । तर ती उपभोक्ता समूहहरुले पनि खासै ठूलो बन विनाश गरेका होइनन् । कार्य योजनाभन्दा अलि बाहिर गएर काम गरे भन्ने मात्र छ । त्यसभन्दा बाहेक, अरु उपभोक्ता समूहहरुले कार्ययोजनाभन्दा बाहिर गएर काम गरेको देखिएको छैन । उपभोक्ता समूहहरुले कति राम्रोसँग काम गरिरहेका छन् भन्ने कुरामा बन मन्त्रालयका सचिवले नै भन्नुभएको छ कि, जहाँ जहाँ हरियो बन देखिन्थ्यो, त्यहाँ त्यहाँ उपभोक्ता समूहहरुको बन व्यवस्थापन थियो । जहाँ जहाँ बन सुख्खा थियो र चोरीचकारी बढी थियो, त्यहाँ त्यहाँ सरकारको व्यवस्थापन थियो भन्ने कुरा बुझियो ।

बरु यी आठै हजार उपभोक्ता समूहहरुमा त के समस्या उत्पन्न भइरहेको छ भने, गाउँलेहरु बनसंरक्षणको नाममा रुख नै काट्न मान्दैनन् । रुख भनेको जोगाउने मात्रै चीज हो, त्यो काट्ने चीज होइन भन्ने धारणाको विकास आम रुपमा भइरहेको छ । तर वास्तवमा रुख भनेको उपयोग गर्ने चीज पनि हो । बनको राम्रो व्यवस्थापन गर्ने हो भने, बूढाखाडा र अलि उमेर पुगिसकेका रुखहरुलाई निकाल्नै पर्छ । यदि ती रुखहरुलाई निकाल्न सकिएन भने त नयाँ रुखहरु कसरी आउन सक्छन् ? बनमा पुराना रुखहरु निकालेर नयाँ रुखहरु रोप्न सकिएन भने त त्यो स्वस्थ बन हुनै सक्तैन । उपभोक्ताहरुलाई हामीले यो धारणा दिन सकिरहेका छैनौं । त्यसैले उनीहरु रुख काट्न डराइरहेका छन् । यस हिसाबले उनीहरुलाई कुरा बुझाउने हो भने उपभोक्ता समूहरुले अझ राम्रोसंग बन व्यवस्थापन गर्न सक्ने हुन्छन् र बन पैदावार बढाउन सक्ने हुन्छन् ।

यसरी हामीले बनको राम्रो व्यवस्थापन गर्ने हो भने, माथि भनेझैं बनबाट खरबौं रुपियाँ आम्दानी गर्नुका साथै अहिले बढिरहेको बेरोजगारीको समस्यालाई पनि धेरै हदसम्म हटाउन सकिन्छ । किनभने, पुराना रुखहरु कटान गर्ने, नयाँ रुखहरु लगाउने, बनभित्रका अन्य बनपैदावार तथा जडीबूटीहरु निकाल्ने तथा त्यसलाई प्रोसेसिङ पनि गर्ने हो भने त त्यसको लागि थुप्रै कामदारहरुको आवश्यकता पर्दछ ।

यति हुँदा हुँदै पनि अहिले स्वस्थ तबरबाट नेपालको बनको विकास भइरहेको छैन । बनको स्वस्थ विकास गर्ने हो भने विभिन्न कदमहरु उठाउनु पर्ने हुन्छ ।

मेरो विचारमा बनलाई सुरक्षा गर्ने हो र बनको राम्रो व्यवस्थापन गर्ने हो भने सर्वप्रथम उपभोक्ता समूहलाई बनको अधिकार सुम्पनु पर्छ । श्री ५ को सरकारको हातबाट बन निकाल्नै पर्छ । यदि यसो गरिएन भने बनको सुधार कहिल्यै हुन सक्तैन । बन सम्बन्धी नीति र गुरु योजना अनुसार उपभोक्ताहरुलाई ६१ प्रतिशत बन दिइनु पर्नेमा अहिलेसम्म १२ प्रतिशत मात्र दिइएको छ । यी सबै बनहरु उपभोक्ताहरुलाई दिइने हो भने ५०।६० हजार उपभोक्ता समूहहरु हुन सक्छन् र बन देशको निकै राम्रो आयस्रोत हुन सक्छ ।

दोस्रो काम नीति, नियम र प्रक्रिया अनुसार गर्ने हो भने, गरिब वा धनी सबै खालका उपभोक्ताहरु सबैलाई निर्णय गर्ने अधिकार छ । तर सबै उपभोक्ताहरु सामेल भएर निर्णय गरिरहेका छैनन् । उनीहरु सबैलाई निर्णय गर्ने काममा सामेल गर्नु जरुरी छ ।

तेस्रो, अहिले नेपालमा १९।२० प्रतिशत जमिनमा मात्र खेती भइरहेको छ । तर त्यसमा जति नै राम्रो प्रविधि अपनाउँदा पनि उत्पादन राम्रोसँग भइरहेको छैन । मेरो विचारमा अब त्यहाँ जस्तोसुकै राम्रो प्रविधि अपनाए तापनि राम्रो उब्जनी हुने सम्भावना छैन । तर अहिले हामीसँग देशको कुल भूभागमध्ये ३७ प्रतिशत बन क्षेत्र अझै पनि छ । त्यो बन क्षेत्रमुनि एकदमै उब्जाउ जमीन छ । त्यसलाई उत्पादनको लागि प्रयोग गर्न सकियो भने एकदमै राम्ररी कृषि उत्पादन वृद्धि हुन्छ । अरु नभए पनि त्यहाँ अदुवा तथा बेसार रोपेर ठूलो फाइदा लिन सक्छौं भन्ने कुरा हामीले साना साना प्रयोगबाट थाहा पाएका छौं ।


यस्ता बन क्षेत्रमुनिका जमिनहरु ५ वा १० वर्षको लीजमा गरीबहरुलाई कमाउन दिइयो भने देशमा गरीबी निवारण पनि गर्न सकिन्छ । र, जग्गामा पनि कुनै नोक्सानी हुने देखिदैन । सो काम गर्न छोटा तथा लामो अवधिका दुई प्रकारका योजना हुनुपर्छ । छोटो अवधिको कार्यक्रममा त्यहाँका बुढाखाडा रुखहरु निकाल्ने तथा सानातिना कुराहरुको उत्पादन गर्ने कुरा पर्नुपर्छ । दोस्रो, लामो अवधिको योजना अन्तरगत उत्पादनमूलक रुखहरु, फलफूलका रुखहरु तथा जडीबुटीहरु लगाउने काम गर्न सकिन्छ । त्यसको लागि हामीसंग प्रविधि पनि छ र बीउ बिजनहरु पनि छन् ।

चौथो कुरा, अहिले बनमा भएका लडेका पडेका रुखहरु निकाल्न जनतालाई अधिकार दिनु पर्छ । केन्द्रले नै निकाल्नु पर्छ भनिरहयो भने त्यो त्यहीं नै जस्ताको तस्तै पडिरहन्छ । जस्तो, दोलखाको सुस्थाको बन डढेलो लागेर धेरै वर्षसम्म त्यसै पडिरहयो । जब त्यसलाई जनताको हातमा सुम्पियो, तब जनताले त्यहाँ लडेपडेका रुखहरु निकालेर बजार लगे । अहिले उपभोक्ता कोषमा लाखौं रुपियाँ जम्मा गरिसकेका छन् । यसैबाट उनीहरुले बन व्यवस्थापन पनि गरिरहेका छन् र गरीबीमुक्तिका विभिन्न कृयाकलाप पनि शुरु गरिरहेका छन् ।

पाचौं कुरा, अहिले बनिसकेको ऐनलाई पूर्ण रुपमा लागु गर्नु पर्छ । र, त्यही ऐन अनुसार जनताहरुलाई काम गर्न दिनुपर्छ ।

यति गर्न सक्यौं भने हरियो बन साँच्चिनै नेपालको बहुमूल्य धन हुन सक्छ । नेपाललाई बन पैदावार मात्रैले पनि खरबौं रुपैयाँको नियमित आर्थिक स्रोत प्रदान गर्न सक्छ, नेपाललाई दाता राष्ट्रहरुको ऋणको भिखारी हुनबाट मुक्त गर्न सक्छन्- यी कदमहरुले । सबैलाई चेतना भया । ❑

चार दर्जन छोटा कथाहरू
बोकेर बजारमा आउँदैछ
हरिगोविन्द लुइँटेलको
समय
र
पोखरी
(कथा संग्रह)
प्रतीक्षा गर्नुहोस् !



# मेरो घर थाहा नपाउने कम्युनिष्ट नेताहरू थोरै मात्र होलान्

◆ क. कृष्णदास श्रेष्ठ ◆

कमरेड कृष्णदास नेकपा मालेमाका अध्यक्ष हुनुन्छ । पूर्णकुमार श्रेष्ठ र कृष्णदेवीका छोरा कृष्णदासको जन्म वि.सं. १९८८ साल आश्विन महिनामा भएको थियो । डेढ वर्षको उमेरमा बुबाको मृत्युपछि उहाँकी आमाले उहाँलाई धेरै दुःख कष्ट गरेर हुकाउर्नु भयो ।
आफूलाई केही राजनैतिक कुराहरू थाहा नभइकन नै २००७ सालमा आन्दोलनमा लागेको र त्यसपछि नै आफनो राजनैतिक जीवन शुरू भएको कुरा उहाँ बताउनु हुन्छ । अहिले उहाँ श्रीमती तथा छोराका साथ आफ्नै पुर्ख्यौली घर काठमाण्डौं नेटपाचो नरदेवीमा बस्नु हुन्छ । केही दिनअघि उहाँकै घरमा उहाँसंग हामीले कुराकानी गरेका थियौं । यहाँ प्रस्तुत छ, त्यही कुराकानीको सार संक्षेप ।

\- मुक्ता श्रेष्ठ

**❑ आजभोलि तपाईं कसरी जीवन बिताइरहनु भएको छ ?**

आजभोलि मेरो प्रमुख काम नै लेखन भइरहेको छ । आजसम्म मेरा मौलिक रचनाहरु र अनुवाद गरेर करीव ५० वटा जति प्रकाशन भइसकेका छन् । लेख्ने कामबाहेक म केही पार्टीको काम पनि गर्छु । जिल्लामा चाहिँ म त्यतिको जान्नँ ।

**❑ बिहानदेखि बेलुकीसम्म तपाईको समय कसरी बित्छ ?**

कहिलेकाहीं त म बिहान चार बजे नै उठेर पढ्न र लेख्न थाल्छु । यो काम मेरो १२/१ बजेसम्म चल्छ । त्यसपछि साथीभाइहरुसंग भेटेर कुराकानी गर्छु । पार्टीको काम भएको बेला पार्टीको काम गर्छु । बेलुकी खाना खाइसकेपछि टि.भि.मा समाचार हेर्छु र त्यसपछि केही बेर पढेर सुत्छु ।

**❑ घरको खर्च कसरी चलिरहेको छ त ?**

पहिले म शिक्षण कार्य गर्थें । २०३५ सालदेखि शिक्षण कार्य छोडेर पूरै पार्टीको काममा लागें । त्यतिबेलादेखि मेरी श्रीमतीले नै केटाकेटीहरुलाई पढाउने र घर चलाउने सम्पूर्ण काम गरिरहेकी छिन् । अहिले त सबै छोरीहरुको बिहा भइसकेको छ ।

छोरा र श्रीमती दुवैको जागिर छ, त्यसैबाट खर्च चलिरहेको छ । म घरबाट पूर्ण स्वतन्त्र छु । मेरो यो सौभाग्यकै कुरा हो ।

**❑ तपाईको परिवार पनि तपाईकै सिद्धान्तमा लागेका छन् ?**

मेरो विचारमा परिवारको समर्थनबिना कसैलाई पनि काम गर्न गाह्रै पर्ला । साँच्चै नै भन्ने हो भने, आमाको पालादेखि नै मेरो घर कम्युनिष्टहरुको घर भएर आएको छ । २००८ सालमा कम्युनिष्ट पार्टी प्रतिबन्धित हुँदाखेरि यो मेरो घर अगाडि नै पार्टीको अफिस थियो । पार्टी प्रतिबन्धित भएपछि मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ मेरै घरमा अण्डरग्राउण्ड बसेका थिए । साथै, निर्मल लामा तथा अन्य नेताहरु पनि मेरो घरमा बसेका छन् । शायद मेरो घर थाहा नपाउने कम्युनिष्ट नेताहरु थोरै मात्र होलान् ।

**❑ बिहा हुनुभन्दा पहिलेदेखि नै तपाईकी श्रीमती कम्युनिष्ट विचारकी हुनुहुन्थ्यो ?**

कम्युनिष्ट विचारकै त थिइनन् । तर त्यतिबेला पार्टीको स्वीकृति नभइकन बिहा गर्न पाईंदैनथ्यो । मेरी श्रीमतीलाई पहिले नै पुष्पलालले चिन्नु भएको थियो । उहाँकै स्वीकृतिमा यो बिहा भएको थियो ।

**❑ पढ्न लेख्नबाट फुर्सद पाएपछि तपाई के गर्नुहुन्छ ?**

पढ्न लेख्नबाट फुर्सद पाएको समयमा म नजीकका साथीभाइहरु कहाँ जान्छु र कुराकानी गर्छु ।

**❑ फुर्सदको समयमा तपाईलाई फिल्म वा टि.भी. हेरेर मनोरञ्जन प्राप्त गर्न मन लाग्दैन ?**

फिल्म हेर्ने त मेरो इच्छा नै छैन । बिहा भएदेखि अहिलेसम्म मैले हलमा गएर कहिल्यै फिल्म हेरेको छैन । फिल्म हेर्न जाने भनेकै पहिले पहिले चाइनिज तथा रसियनहरुले उनीहरुको फिल्म तथा सर्कसहरु देखाउँदा डाकेको बेलामा थियो । टि.भी. मा पनि समाचार नियमित रुपमा हेर्छु, अरु कार्यक्रमहरु हेर्ने गर्दिन । 'महाभारत' र 'चाणक्य' भने मैले हेरेको थिएं । फुटवल भने म कहिल्यै छुटाउँदिनँ । वर्ल्डकप फुटवल भएको बेलामा राति अबेर अबेरसम्म बसेर पनि फुटवल हेरें मैले ।

**❑ यस बाहेक तपाईलाई गीत संगीततिर चाख छैन ?**

साहित्यमा त मेरो औधी रुचि छ । प्रायः म साहित्य हेरेर नै मनोरञ्जन प्राप्त गर्छु । उपन्यासहरु धेरै पढिसकेको छु मैले । रसियन उपन्यासहरु र चाइनिज लिट्रेचरहरु पनि मैले धेरै नै पढेको छु ।

**❑ विश्वका अथवा नेपालका साहित्यकारहरु मध्ये तपाईलाई को को मन पर्छ त ?**

विश्वका साहित्यकारहरुमा त मलाई गोर्की नै मनपर्छ । नेपालका साहितकारहरुमा मलाई पारिजात मनपर्छ । उनको लेखनशैली मलाई असाध्य मनपर्छ ।

**❑ देशी तथा विदेशी नेताहरुमा चाहिं तपाईलाई को को मन पर्छ त ?**

मलाई मनपर्ने विदेशी नेताहरुमा त मार्क्स, एंगेल्स, लेनिन, स्टालिन तथा माओ नै हुन् । उनीहरु त हाम्रो सिद्धान्तको आदर्श नै भए । त्यसबाहेक, सिधासादा र सरल जीवनको प्रतीकको रुपमा मलाई होचिमिन्ह मनपर्छ । स्वदेशी नेताहरुमा मलाई पुष्पलाल श्रेष्ठ नै मनपर्छ । उनले आफ्नो सम्पूर्ण जीवन पार्टीलाई नै अर्पण गरे ।

**स्वदेशी नेताहरूमा मलाई पुष्पलाल श्रेष्ठ नै मनपर्छ । उनले आफनो सम्पूर्ण जीवन पार्टीलाई नै अर्पण गरे ।**
**नेपालका साहितकारहरूमा मलाई पारिजात मनपर्छ । उनको लेखनशैली मलाई असाध्य मनपर्छ ।**

❑ **तपाईलाई मनपर्ने खाना के हो ?**

मन नपर्ने खाना भनेको खासै केही छैन। सबै खानाहरु मलाई मनपर्छ। विशेष गरेर मलाई मनपर्ने खाना दही र माछा हो। तर अहिले चिसो र खोकी लाग्ने गरेकोले त्यही खाना मलाई खान नहुने भएको छ।

❑ **अब हामी व्यक्तिगत जीवन छाडेर राजनीतितिर लागौं। तपाई कसको प्रेरणाले राजनीतिमा लाग्नु भएको थियो।**

राजनीतिमा लाग्नुमा मलाई व्यक्तिगत रुपमा कसैको प्रेरणा छैन। राजनीतिमा लाग्नुमा एउटा कारण भने छ। २००७ सालको शुरुतिर यही नरदेवी टोलका साथीहरु मिलेर हामीले यहीं एउटा लाइब्रेरी खोलेका थियौं। लाइब्रेरी खोलेको थाहा पाएपछि राणा सरकारले हामीहरुलाई पक्रन खोज्यो। लाइब्रेरी खोल्नेहरु सबै भागेर गए। म पनि भागेर पाटनमा लुक्न गएँ। यो घटनाले राणाहरुप्रति मेरो घृणा पैदा भयो। अनि २००७ सालको आन्दोलनमा म पनि जुलूसमा भाग लिन थालें। यसपछि नै म राजनीतिमा लाग्न थालेको हुँ।

❑ **कम्युनिष्ट सिद्धान्तमा कसरी तम्सिनु भयो त ?**

म निम्न मध्यम वर्गमा जन्मेको मान्छे। बालककालमा मैले निकै दुःख कष्ट भोग्नु पर्‍यो। नेपाली काँग्रेस पूँजीपतिको पार्टी हो भनेर भनिन्थ्यो। सामाजवादमा धनी गरीब भनेको हुँदैन। सबै समान हुन्छन्। कम्युनिष्ट पार्टीले यस्तै व्यवस्था ल्याउँछ भन्ने कुरा मैले सुनेको थिएँ। त्यसैबाट प्रभावित भएर म कम्युनिष्ट सिद्धान्तमा लागेको हुँ।

❑ **२०४६ सालपछिको नेपालको स्थितिलाई तपाईंले कसरी हेरिरहनु भएको छ ?**

०४६ सालको आन्दोलन भनेकै पूँजीवादी व्यवस्था ल्याउनको लागि गरिएको आन्दोलन थियो। यो आन्दोलनले जनताको आवश्यकता पूरा गर्न सक्तैन भनेर हामीले त्यतिबेला नै भनेका थियौं। वाममोर्चाले त्यसै आन्दोलनलाई सहयोग गर्‍यो। त्यसैले हामी बाममोर्चामा सामेल नभइकन छुट्टै "संयुक्त राष्ट्रिय जन आन्दोलन कमिटी" बनाएर छुट्टै आन्दोलन गर्‍यौं। ०४६ सालको चैत्र २४ गतेकै आन्दोलन हामीले आव्हान गरेको आन्दोलन थियो। तर पछि आन्दोलनको उभार आयो र सबै मानिसहरु त्यसमा सामेल भए।

यो पूँजीवादी संसदीय व्यवस्था भनेकै समाजलाई भ्रष्ट पारेर मात्रै आफू जीउन सक्ने व्यवस्था हो। त्यही चरित्र अहिले उदाङ्गो रुपमा अगाडि आइरहेको छ। समाजमा दिनानुदिन भ्रष्टाचार बढिरहेको छ। अन्याय, अत्याचार बढिरहेको छ। यो पूँजीवादी व्यवस्थाकै एउटा चरित्र हो- फासिज्म। हत्या तथा दमन बढिरहेको छ। माओवादीको नाममा यो सरकारले जनहत्या गरिरहेको छ। यो व्यवस्थामा जनताको समस्या हल हुँदैन भनेर हामीले भनेका थियौं, त्यो कुरा अहिले लागु भइरहेको छ। त्यसैले हामी के भन्छौं भने, नौलो जनवादी क्रान्तिले मात्रै यहाँका जनताहरुको समस्या हल हुन्छ।

❑ **तपाईंले भन्नुभएको नौलो जनवादी क्रान्ति नेपालमा अहिले सम्भव छ त ?**

यो आवश्यकता हो नेपालको। नयाँ जनवादी क्रान्तिको समर्थन गर्ने पार्टीहरु विभिन्न समूहहरुमा विभाजित छन्। नौलो जनवादी क्रान्तिकै लागि यो एउटा बिडम्बना भएको छ। यी सबै शक्तिहरु एकजुट भए भने नौलो जनवादी क्रान्ति सम्भव छ।

❑ **एउटै उद्देश्य लिएका पार्टीहरु किन एउटै हुन सकेनन् त ?**


मलाई लाग्छ पार्टी एकजुट हुन नसक्नुमा गुटगत स्वार्थ र संकीर्णता नै कारण हो। हाम्रो समाजमा निम्न पूँजीवादी चरित्र हावी छ। यो प्रवृत्ति पार्टी र व्यक्ति व्यक्तिमा पनि हावी छ। यसले गर्दा नै यहाँ पार्टीहरु फुटिरहेका छन् र एउटै पार्टी बन्न सकेको छैन।

❑ **यस्तो प्रवृत्तिको अन्त्य कसरी हुन्छ त ?**

बैचारिक संघर्ष नै यस्तो प्रवृत्तिको अन्त्य गर्ने एउटा उपाय हो। साँच्चै भन्ने हो भने, नेपालको कम्युनिष्ट आन्दोलनको प्रमुख कमजोरी नै निम्न बैचारिक स्तर हो। पचासौं वर्ष कम्युनिष्ट आन्दोलनमा काम गरिसकेका कमरेडहरुको बैचारिक स्तर हेर्ने हो भने पनि उहाँहरुको स्तर निकै कमजोर देखिन्छ। कति बुद्धिजीवीहरु कम्युनिष्ट आन्दोलनमा लागे, तर ती बुद्धिजीवीहरुले कुनै एउटा मार्क्सवादी पुस्तक लेखेको देखिदैन। यहाँका बुद्धिजीवीहरु पनि पैसा आउने काम भए गर्‍यो, पैसा नआउने काम भयो भने गर्नै मान्दैनन्। त्यत्रो वर्ष पार्टी भूमिगत भयो, त्यतिबेला त आफ्नो बैचारिक स्तर उठाउने र नेपाली भाषामा मार्क्सवादी पुस्तकहरु लेख्ने गर्नु पर्ने थियो। त्यतिबेला पनि खालि किसानहरुले उठाएको अन्न खायो, बस्यो गरिरहे पार्टी नेताहरु।

यसरी नेताहरुको नै बैचारिक स्तर माथि उठेको छैन भने कार्यकर्ताहरुको बैचारिक स्तर कसरी माथि उठ्न सक्ला र? बैचारिक स्तर माथि उठ्न नसकेका कार्यकर्ताहरुले के कुरा ठीक छ, के कुरा ठीक छैन भन्ने कुरा पनि थाहा पाउन सकेनन्। आफ्ना नेताहरुले भनेका सबै कुराहरु सबै नै ठीक छन् भनेर नेताहरुको समर्थन गरिरहे। त्यसकारण, बैचारिक स्तरलाई नउठाइकन क्रान्ति ठीक ठाउँमा आउँन सक्तैन भन्ने मलाई लाग्छ।

**साहित्यको अध्ययनले मानिसहरूको साँस्कृतिक स्तर माथि उठ्छ। दर्शनको अध्ययनले हाम्रो सोचाईलाई बलियो बनाउँछ भने साहित्यको अध्ययनले हाम्रो सृजनात्मक शक्ति वढाई दिन्छ।**



❑ **तपाई निम्न बैचारिक स्तर कम्युनिष्ट आन्दोलनको कमजोरी ठान्नु हुन्छ ? साँस्कृतिक स्तर चाहिं कस्तो पाउनु भएको छ ?**

निम्न साँस्कृतिक स्तर पनि हाम्रो आन्दोलनको एउटा कमजोरी हो। अझै पनि हाम्रो नेपालको कम्युनिष्ट पार्टीभित्र सामन्तवादी संस्कृति हावी छ। हाम्रा नेताहरु आफूले भनेका कुराहरु मात्रै सबै ठीक, अरुको कुरा सबै बेठीक भन्ने गर्छन्। विरोधीले भनेका कुराहरु ठीक भए तापनि त्यसलाई मान्यता नै दिंदैनन्।

अझ, पार्टीहरुभित्र सबभन्दा ठूलो खराबी के छ भने, नेताले जे भन्यो, त्यही मानीदिनु पर्छ। नेताहरुको कुरामा थोरै मात्र मत मिलेन भने पनि यहाँ अनुशासनको कारवाहीमा पर्नुपर्छ। पार्टीभित्र एउटा बहुमत सृजना गर्‍यो, कारवाही गर्‍यो बस्। यही प्रवृत्ति पार्टीहरुभित्र हावी छ। यो त राजाले जे भन्यो, त्यो नै ठीक छ भनेर मान्नुपर्ने सामन्तवादी संस्कृति भएन र? पार्टी भित्र यो प्रवृत्तिको अन्त्य हुनुपर्छ।

❑ **यो प्रवृतिको अन्त कसरी हुन्छ त ?**

यसको अन्त्यको लागि साहित्यको अध्ययन शुरु गर्नुपर्छ। साहित्यको अध्ययनले मानिसहरुको साँस्कृतिक स्तर माथि उठ्छ। दर्शनको अध्ययनले हाम्रो सोचाईलाई बलियो बनाउँछ भने साहित्यको अध्ययनले हाम्रो सृजनात्मक शक्ति वढाईदिन्छ। यसको साथै, साहित्यले हाम्रो समाजमा कस्ता कस्ता मान्छेहरु हुन्छन् र उनीहरुको चरित्र कस्तो कस्तो हुन्छ भन्ने कुरा पनि प्रष्टसंग देखाइदिन्छ। सामन्तवादी चरित्रका मानिस कस्ता हुन्छन्? पूँजीवादी चरित्रका मानिस कस्ता हुन्छन्? निम्न पूँजीवादी चरित्रका मानिस कस्ता हुन्छन्? आदि कुराहरु थाहा पाउन साहित्यको अध्ययनले मद्दत गर्छ।

यस्ता कुराहरु बुझेपछि कार्यकर्ताहरुले आफ्ना नेताहरुको चरित्र छर्लङ्ग देख्न सक्छन्। र, उनीहरु नेताको पछि लाग्न छोडेर नेताहरुको खराब प्रवृत्तिको विरोध गर्न थाल्छन्। यस्तो भयो भने पार्टीभित्र भएको खराब प्रवृत्तिको अन्त्य हुँदै जान्छ र सांस्कृतिक स्तर माथि उठ्दै जान्छ।

❑ **अन्त्यमा, तपाई मूल्याङ्कन मार्फत मूल्याङ्कनका पाठकहरुलाई के भन्न चाहनु हुन्छ ?**

मूल्याङ्कनले विश्व कम्युनिष्ट आन्दोलन तथा देशका समस्याहरुको बारेमा सामग्रीहरु दिएर पाठकहरुलाई धेरै कुराहरु थाहा पाउने मौका दिएको छ। अझ, यसले मार्क्सवादी सिद्धान्तहरुको प्रचार गर्ने तथा विभिन्न समस्याहरु उपर विभिन्न मान्छेहरुबीच छलफल गराएर मार्क्सवादी दृष्टिकोण प्रस्तुत गरेमा मूल्याङ्कनको ठूलो भूमिका रहने थियो। मूल्याङ्कनलाई अझ राम्रो पार्ने हो भने गुट संकीर्णताबाट यो बिल्कुलै अलग रहेर यहाँ भएका बैचारिक क्षेत्रका राम्रा राम्रा मानिसहरुलाई समेट्दै जानु पर्दछ। यसो गरियो भने मूल्याङ्कन अझ व्यापक हुँदै जानेछ। ❑

# नक्सलवादी आन्दोलनको उभारबीच विवाद चर्कियो !

मूल्यांकनको पूर्णाङ्क ६२ देखि हामीले जिउँदै किम्वदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. क. नागभूषण पटनायकको आत्म-बलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यसक्रममा, यहाँहरूले जमीन्दारको परिवारमा जन्मेका क. नागभूषणले जमीन्दारहरूकै शोषण उत्पीडनविरूद्ध भएको सशस्त्र नक्सलवादी विद्रोहमा खेलेको संघर्षशील भूमिकाबारे पढ्नुभयो । यस अंकमा पढ्नुहोस्- नक्सलवादी आन्दोलनको उभारबीच चर्किएको विवादमा उनको भूमिका र गिरफ्तारीबारे । -मूल्यांकन



### वर्गशत्रु सफायाको कार्यदिशाबारे मतभेद

'वर्गशत्रु सफाया गर्ने' नीति तय गर्नका लागि आन्ध्र प्रदेशको श्रीकाकुलमको सशस्त्र संघर्षको एउटा घटनाले क. चारु मजुमदारलाई घच्घच्याएको थियो । तर कस्तो संयोग ! यो नीतिको सर्वप्रथम विरोध गर्ने काम पनि त्यहींकै प्रमुख नेता क. वेम्पटापु सत्यारायणन (सत्यम) बाट भएको थियो ।

श्रीकाकुलमको सोमपेटमा मुट्ठीभर छापामारहरुले गरेको वर्गशत्रु सफायाबाट अति उत्साहित भएर क. चारुले संगठनको केन्द्रमा समेत छलफल नगरीकन वर्गशत्रु सफाया गर्ने नीति तय गरेका थिए । यही नयाँ नीति लागू गर्ने क्रममा क. चारु पहिलो पटक २१ जनवरी १९६९ मा श्रीकाकुलमको गंगन्नादोरावलसा गएर क. वेम्पटापु र क. तेजेश्वर रावसित भेटेर नक्सलवादी आन्दोलनको बारेमा रिपोर्ट लिएका थिए । त्यसबेला वर्गशत्रु सफायाको नीतिबारे कुरा हुँदा क. वेम्पटापुले सानो छापामार दस्ताद्वारा गरिने वर्गशत्रु सफायाको अभियान आत्मघाती र गैरजनमुखी हुने विचार व्यक्त गरेका थिए । 'वर्गशत्रु सफाया' को नीति जोडदार रुपमा लागू गराउनका लागि छलफल गर्न श्रीकाकुलम गएका क. चारुको योजनामाथि उनले बरफ पानी खन्याई दिए ।

उनको यस्तो फरक विचार भएकै कारणले क. चारुको उपस्थितिमा गुंटूर जिल्लाको गुट्टीकोंडाबिलममा २८ फेब्रअरीदेखि मार्च २, १९६९ सम्म भएको AICCCR को आन्ध्र प्रदेश राज्य को-अर्डिनेशन कमिटीको पुनर्गठनमा क. वेम्पटापुलाई नेतृत्वबाट अछुतो नै राखियो । श्रीकाकुलमको सशस्त्र जनकारवाहीका अति चर्चित र प्रख्यात नेता क. वेम्पटापुलाई न त राज्यस्तरीय को-अर्डिनेशन कमिटीमा छानियो, न त श्रीकाकुलम आन्दोलनकै इन्चार्ज पद दिइयो । त्यसको सट्टा तेजेश्वर रावलाई राज्यस्तरीय संयोजक र पंचादी कृष्णमूर्ति र मामिडी अप्पलासुरीलाई श्रीकाकुलम आन्दोलनका इन्चार्जहरु बनाइयो । श्रीकाकुलमका अर्का चर्चित नेता तथा क. वेम्पटापुका नजीकका साथी क. आदिबाटला कैलाशमको पनि त्यही हालत बनाइयो ।

सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने नीतिका विरोधीका रुपमा देखापरेका श्रीकाकुलम सशस्त्र आन्दोलनका ती दुवै असली नेताहरुलाई नेतृत्वबाट पन्छाइएपछि नयाँ राज्यस्तरीय को-अर्डिनेशन कमिटीले क. चारुकै नयाँ नीति लागू गऱ्यो । फेब्रुअरी महिनाको आधाआधीदेखि ७-८ जनाको सानो छापामार दस्ताद्वारा स्थानीय र आधुनिक हतियारसहित वर्गशत्रुको रुपमा परिभाषित गरिएका जमीन्दार, साहू र प्रहरीहरुविरुद्ध सफाया अभियान चलाउन थालियो । तर क. वेम्पटापु र क. कैलाशनले भने यो आत्मघाती नीति लागू नगरिकन सयौं किसानहरुको सक्रियता र सहभागितामा सशस्त्र जन-अभियान चलाइरहे । सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने नीति संगठनको कार्यदिशाको रुपमा नआइसकेको स्थितिमा उनीहरुले संगठनभित्र वैचारिक संघर्ष पनि तेज पारे ।

यसरी क. चारुले व्यक्तिगत रुपमै यो कार्यदिशा लागू गराउन खोज्दा श्रीकाकुलमबाट उठेको विरोधको आवाज केही हदसम्म केन्द्रसम्म पुग्यो । क. चारुका सहकर्मीहरुले सोमपेटको एउटा सफलतालाई सामन्यीकरण गरेर वर्गशत्रु सफाया अभियान आमरुपमा लागू गर्नु आत्मघाती कदम हुन सक्छ भनेर चुनौति पनि दिए । यही मतभेदका कारणले २२ अप्रिल १९६७ मा AICCCR बाट कम्युनिष्ट पार्टीमा विकसित भएको भा.क.पा. मालेको राजनैतिक प्रस्तावमा समेत 'सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने नीति' कहीं कतै उल्लेख भएन । तर कस्तो बिडम्बना भने, आन्ध्र प्रदेशमा चाहिं क. चारुको व्यक्तिगत प्रभावस्वरुप यो नीति फेब्रुअरीको आधाआधीबाट लागू गर्न थालिसकिएको थियो । त्यसबेला नक्सलवादी आन्दोलनका सर्वशक्तिमान नेताका रुपमा स्थापित भइसकेका क. चारुले आफ्नो व्यक्तिगत नीति निर्देशनद्वारा लागू गर्न थालेको यो नीतिले मे-जुन, १९६९ बाट मात्रै पार्टीको कार्यदिशाको दर्जा पाएको थियो ।

यसैलाई पार्टी लाइनको रुपमा देशव्यापी रुपमा लागू गर्न थालेपछि क. वेम्पटापुले सानो छापामार दस्ताद्वारा षड्यन्त्रमूलक ढंगले जनताको सहभागिताबिना गरिने व्यक्तिहत्याको अभियानमा आफू चाहिँ अनिच्छुक सहभागी (Unwilling Participant) मात्र भएको कुरा बताएका थिए। यही अनिच्छा र फरकमतकै कारणले क. वेम्पटापु र क.आदिबाटला कैलाशम जस्ता श्रीकाकुलम आन्दोलनका प्रमुख नेताहरु मे, १९६९ मा विशाखापटनममा भएको भाकपा मालेको प्रान्तीय कमिटीको अति महत्वपूर्ण बैठकमा समेत अनुपस्थित रहेका थिए । यही बैठकद्वारा वर्गशत्रु सफाया अभियानलाई पहाड र जंगलबाट तराई इलाकामा समेत विस्तार गर्ने नीति लिइएको थियो ।

यो ठूलो विवाद र मतभेदमा क. वेम्पटापु र क. कैलाशम जस्ता श्रीकाकुलम आन्दोलनका प्रमुख र असली

## जंगल, जेल र अस्पतालका आजाद बन्दी क. नागभूषण पटनायकको संघर्षको गाथा



*मे १९७० मा कलकत्तामा आयोजित भाकपा (माले)को पहिलो पार्टी कंग्रेसमा सहभागी प्रतिनिधिहरू*

*फोटो: नक्सलवाडी के तीन गौरवमय दशक...*

# जीवनको झाँकी

नेताहरु एकातिर थिए भने, क. तेजेश्वर राव, क. नागभूषण पटनायक र क. पेचादी कृष्णमूर्ति जस्ता त्यहाँको आन्दोलनमा पछि सहभागी भएका नेताहरु अर्कातिर थिए। सशस्त्र संघर्षको स्वरुपका बारेमा भएको उक्त विवादकै क्रममा दुबैथरीले आ-आफ्नै कार्यदिशा अनुसार सशस्त्र संघर्ष चलाइरहे। यस्तो असजिलो खालको क्रियाकलाप रोक्न भाकपा (माले) ले क. वेम्पटापुलाई श्रीकाकुलम आन्दोलनको एजेन्सी एरियाको नेतृत्व दियो। पछि गएर त्यसको पहिलो महाधिवेशन हुँदा दुबैथरीका प्रमुखहरुलाई केन्द्रीय कमिटीमा राखियो।

यस्तो टालटुले तरिकाबाट पनि यो विवादलाई निमिट्यान्न भएन। अन्ततः १९७० को अन्ततिर जब श्रीकाकुलमका अधिकांश नेताहरु मारिए वा जेल परे, त्यस संकटकालीन स्थितिमा मात्रै यो विवाद सार्वजनिक भयो। सानो छापामार दस्ताद्वारा षड्यन्त्रमूलक ढंगले गरिने व्यक्तिहत्याको विरोध गर्दै क. वेम्पटापु सशस्त्र जनकारवाहीको पक्षमा हरदम लागिरहेको कुरो सार्वजनिक भयो। १० जुलाई, १९७० मा प्रहरीको गोलीबाट शहादत प्राप्त गर्नुभन्दा केही दिन अगाडि उनले दुख कष्टसाथ भनेका थिए- 'म दुश्चक्र (भिसियस सर्कल)मा फँसें। अहिले यस्तो आन्दोलनलाई फिर्ता लिन पनि सक्दिनँ, न त आत्माघाती दिशातिर गैरहेको यो आन्दोलनलाई हेरिरहन नै सक्छु।'

*युवावस्थामा क. नागभूषण*



## क्रान्तिको शुरुवातपछि पार्टी निर्माण

क. चारु मजुमदारको नेतृत्वमा नक्सलवादी सशस्त्र विद्रोहलाई विकास गरेर भारतमा क्रान्ति छिट्टै सम्पन्न गर्ने घोषणा भइसकेको थियो, तर क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक कम्युनिष्ट पार्टी भने निर्माण नै भैसकेको थिएन, न त भारतको ठोस वस्तुस्थितिको ठोस विश्लेषण गरी क्रान्तिको सिद्धान्त नै बनिसकेको थियो!

यो बिडम्बना देखेर नक्सलवादी विद्रोहका नेता क. चारुले १९६८ को मध्यदेखि अखिल भारतीय क्रान्तिकारी पार्टीको निर्माणमाथि जोडदिन थाले। उनले संयोजन समितिको स्तरमा मात्र रहेको नक्सलवादी विद्रोहको संगठनको स्वरुपलाई विकसित गरेर पार्टी-संगठनको रुप दिनका लागि व्यापक पहल गरे। यही क्रममा ८ फेब्रुअरी १९६९मा AICCCR को भेलाले 'पार्टी निर्माणसम्बन्धी प्रस्ताव' पारित गर्‍यो र सेन्ट्रल अर्गनाइजिंग कमिटी (COC) गठन गरेर पार्टी निर्माणको प्रक्रियालाई अगाडि बढायो। तर त्यसका नेताहरु आफ्नो पंक्तिभित्र एउटा चिन्तन प्रणाली, कार्यपद्धति एवं उद्देश्य बीच एकता तथा सांमूहिक नेतृत्वको एउटा ठोस धारणा निर्माण नगरिकन नै पार्टी निर्माण गर्न हतारिए। विभिन्न राज्यमा छरिएर रहेका नक्सलवादी विद्रोहीहरुको प्लेटफर्म (मंच) को रुपमा रहेको AICCCR ले भारतमा चीनको जस्तो जनवादी क्रान्ति गर्न चाहने व्यक्ति र समूहलाई जोडजाड गरेर कम्युनिष्ट पार्टी बनाउने निर्णय गर्‍यो।

आन्दोलनमा लागिरहेका सबै व्यक्ति र समूहहरुबीच वैचारिक केन्द्रीयता र सामूहिक नेतृत्व विकसित गरेर कम्युनिष्ट पार्टी निर्माण गर्नु पर्नेमा AICCCR ले पश्चिम बंगालदेखि आन्ध्र प्रदेश, विहार, उत्तर प्रदेश, तमिलनाडु, जम्मु-कश्मीरसम्मका गुटहरुलाई पार्टीमा हुल्ने फैसला गर्‍यो।

यसै क्रममा पश्चिम बंगालको प्रख्यात ट्रेड यूनियन नेता परिमलदास गुप्त र आन्ध्र प्रदेशका चर्चित नेता टी. नागी रेड्डीको समूह AICCCR बाट अलग्गिए। परिमलदास गुप्तले शहरका जन संगठनहरु र संघर्षहरुप्रति पटक्कै ध्यान नदिएको र किसान आन्दोलनमा क. चे ग्वेभाराको छापामार युद्ध हावी भइरहेको आरोप लगाए। यथावत स्थितिमा कम्युनिष्ट पार्टी निर्माण गर्नु कच्चापन ठहरिने आरोप लगाएर उनले अलग्गै प. बंगालस्तरीय को-अर्डिनेशन कमिटी बनाए।

त्यस्तै, टी. नागी रेड्डीले क्रान्तिका लागि आवश्यक तयारी गर्नुपर्ने र जनसंघर्षहरु संचालन गर्दै सशस्त्र



नक्सलवादी आन्दोलनका प्रणेता क. चारु मजुमदार

संघर्षतिर जानुपर्ने अडान राखे। क चारुले परिमलदास गुप्तका विचारहरु अर्थवादी भएको र टी. नागी रेड्डीको मतलाई 'भाकपा शैलीको क्रान्ति पर्खने मध्यमार्गी मत' भएको विचार व्यक्त गरेर त्यसका तर्कहरुलाई पूरै खारेज गरे। आन्ध्र प्रदेशमा बलियो पकड भएको टी. नागीरेड्डीको समूहले पछि अलग्गै संगठन बनाएर सशस्त्र संघर्ष शुरु

> **सानो छापामार दस्ताद्वारा षड्यन्त्रमूलक ढंगले गरिने व्यक्तिहत्याको विरोध गर्दै क. वेम्पटापु सशस्त्र जनकारवाहीको पक्षमा हरदम लागिरहेको कुरो सार्वजनिक भयो।**

गर्‍यो। त्यस्तै, AICCCR कै नेताहरु असित सेन, अमूल्य सेन, कोसल रामदास, प्रमोद सेन गुप्ता र केपीआर गोपालनले पनि आ-आफ्ना मतभेदहरु समाधान नभएपछि आफूलाई त्यसबाट अलग्याए। प्रत्येक मतभेद र विवादलाई व्यापक अन्तर्क्रियाद्वारा हल गर्नुपर्नेमा प्रत्येकलाई एउटा एउटा बिल्ला भिडाउने र क्रान्तिविरोधी संज्ञा दिने काम भएपछि व्यक्तिहरु र समूहहरु जोडिनेभन्दा अलग्गिने क्रम स्वतः बेसी भइहाल्छ।

केही प्रमुख व्यक्तिहरु र स्थापित समूहहरु अलग्गिए पनि धेरैजसो क्रियाशील र संघर्षशील समूहहरु AICCCR को पार्टी निर्माण प्रक्रियामा सहभागी भएको दावी नक्सलवादी नेताहरुको रह्यो।

## '१९७५ सम्ममा भारत मुक्त हुनेछ !'- क. चारू

कलकत्तामा १९देखि २२ अप्रिल, १९६९ सम्म भएको त्यसको भेलाले 'भाकपा (माले)' (CPI–ML) नामक 'नयाँ क्रान्तिकारी कम्युनिष्ट पार्टी' निर्माण गर्‍यो। कलकत्ताको शहीद मिनार मैदानमा भएको मे दिवसको ऱ्यालीलाई सम्बोधन गर्दै नक्सलवादी विद्रोहका नेता क. कानु सान्यालले घोषणा गरे- '२२ अप्रिलका दिन ९९ औं लेनिन दिवसको अवसरमा भारतको कम्युनिष्ट पार्टी, मार्क्सवादी लेनिनवादी (भाकपा- माले) स्थापना गरिएको छ।'

गाउँमा किसानहरुको संघर्षमा आधारित भएर सशस्त्र संघर्षका लागि गोप्य र भूमिगत रुपले क्रियाशील हुने क्रान्तिकारी पार्टीको रुपमा भाकपा (माले) लाई सार्वजानिक गरिएको थियो। मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने सो पार्टीको केन्द्रीय संगठन कमिटीको महासचिव पदमा क. चारुलाई छानिएको थियो। त्यस कमिटीमा क. चारुसँग नजीक रहेका आन्ध्र प्रदेशका क. पंचादी कृष्णमूर्ति र क. तेजेश्वर रावलाई सदस्य बनाइएको थियो।

त्यसबेलासम्म क. नागभूषण

# जीवनको झाँकी



भाकपा (माले)-लिवरेशन समूहका दिवंगत महासचिव क. विनोद मिश्र र अन्य नेताहरूका साथ क. नागभूषण पटनायक (बायाँबाट तेस्रो)

राज्यस्तरीय नेताका रुपमा क्रियाशील थिए । क. नागभूषणहरुले श्रीकाकुलममा प्राथमिक स्तरको छापामार क्षेत्र विकसित गर्न थालिसकेका थिए । तर सरकारले चलाएको भीषण दमनका कारण क. पंचादी कृष्णमूर्ति र क. सुब्बाराव पाणीग्राही लगायत अन्य नेताहरुको हत्या भएपछि त्यहाँको संघर्षले धेरै समस्या भोग्नुपर्‍यो । तापनि यो अवधिमा सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने नाममा धेरै नै जमीन्दार र साहूहरुको हत्या गरियो, प्रहरी र सुराकीहरुको हत्या गरियो, वर्गशत्रु सफाया अभियानका पक्षपातीहरुले यो अवधिलाई सबैभन्दा आकर्षक र प्रभावकारी अवधिको रुपमा लिए ।

यसैबीच, कलकत्ता तथा सिंगो पश्चिम बंगालभरि अभूतपूर्व रुपमा नक्सलवादी आन्दोलनको समर्थनमा विद्यार्थीहरुको विद्रोह शुरु भयो । गाँउ र शहरमा विद्रोह चम्किएपछि क. चारु र अन्य नक्सलवादी नेताहरुले भारतीय क्रान्ति क्षितिजमा स्पष्ट रुपमा देखापरेको व्याख्या विश्लेषण गरे । क. चारुले सगर्व घोषणा गरे- '१९७२ मै गणतन्त्र घोषणा गर्नेछु, १९७५ सम्ममा भारत मुक्त हुनेछ !'

कम्युनिष्ट पार्टीको निर्माणबिना नै शुरु भएको नक्सलवादी विद्रोह 'चरम सफलता' तिर गइरहेको स्थितिमा पार्टी निर्माणको क्रम तीव्र पारिएको थियो । क. चारु एउटा क्रान्तिकारी पार्टीबिना क्रान्ति कहिले पनि सफल हुन सक्दैन भन्ने विचार प्रवाहित गर्दै कार्यकर्ता पंक्तिबीच सम्पूर्ण शक्तिसहित दौडिरहेका थिए ।

यसैबीच, पार्टीको प्रथम महाधिवेशनको तयारी जोडदार ढंगले चल्न थाल्यो । महाधिवेशन हुनुभन्दा दुई हप्ताअगाडि मात्रै पुलिसले नक्सलवादी आन्दोलनका मुखपत्रहरु लिवरेशन, देशव्रती र लोकयुद्धका कार्यालयहरुमा छापा मारेर सरकारको दमनकारी अनुहार प्रकट गर्‍यो । १९७०, अप्रिल २७ मा कलकत्तामा खुलारुपमा पार्टी केन्द्रका रुपमा कार्यरत ती कार्यालयहरुमा छापा मारिएको स्थितिमा पार्टी भूमिगत हुनु पर्‍यो । र, महाधिवेशन त झनै कडा भूमिगत स्थितिमा गर्नुपर्‍यो ।

## महाधिवेशन अगावै तीव्र मतभेद

महाधिवेशन शुरु हुनुभन्दा अगाडि भाकपा (माले) को केन्द्रीय संगठन कमिटीको बैठकमा पार्टीको कार्यक्रम र 'प्राधिकार' को बारेमा विवाद उठ्यो । बैठकमा उत्तर प्रदेशका प्रतिनिधि क. शिवकुमार मिश्रले पार्टी कार्यक्रममा ठूल्ठूला पूँजीपतिहरुलाई मात्रै विदेशी पूँजीका दलाल मान्नुपर्ने, हतियारबन्द लडाईंलाई मात्र संघर्षको एक मात्र रुप नमानिकन जन आन्दोलनहरु र कानूनी-लडाईंहरुलाई पनि प्रयोग गर्नुपर्ने माग राखे । तर क. चारुले यी मागहरु नागी रेड्डीको जस्तो मध्यमार्गवाद कै प्रकट रुपहरु हुन् भन्दै यस्ता संघर्षहरुले सफाया अभियानमाथिको जोडलाई कम् पार्ने बताए ।

बैठकमा क. सौरेन बोसले सामूहिक नेतृत्वबाट चल्ने कम्युनिष्ट पार्टीमा बढ्दो क्रममा रहेको क. चारुको व्यक्तिगत नेतृत्वलाई नै संस्थागत गर्ने उद्देश्यले क. चारुलाई 'राष्ट्रिय प्राधिकार' को रुपमा मान्नुपर्ने प्रस्ताव राखे । प्रस्तावमा 'पार्टी भनेको चारु मजुमदार र ग्रामीण सर्वहारा एवं गरीब किसानहरुबीचको सम्पर्कको माध्यम मात्र हो' भन्ने खालको विचार प्रस्तुत गरिएको थियो ।

> **युद्धकालमा पार्टीभित्र सामूहिक नेतृत्व प्रयोग गर्न संभव नहुने तर्कसहित उनीहरूले क. चारूमा पार्टीको सम्पूर्ण नीति-निर्णय गर्ने सर्वोच्च प्राधिकार हुनु पर्ने माग गरे**

यो अति गैरजनवादी प्रस्ताव आउनासाथ बैठकमा समर्थन गर्ने र विरोध गर्नेहरुको लर्को लाग्यो । उत्तर प्रदेशका क. शिवकुमार मिश्र, प. बंगालका क. सुशीतल-राय चौधरी र विहारका क. सत्यनारायण मिश्रले यो प्रस्तावको धज्जी उडाए । तमिलनाडुका क. अप्पु र काश्मीरका आरपी सर्राफ पनि यस प्रस्तावको विपक्षमा बोल्न उठेपछि क. चारुले यस तूफानमाथि तुरुन्तै हस्तक्षेप गरे । र, त्यो प्रस्ताव त्यतिकै तुहियो ।

स्मरणीय छ, नक्सलवादी आन्दोलनका वैचारिक गुरुका रुपमा विकसित भएका क. चारुलाई पार्टीभन्दा माथि राखेर प्रस्तुत गर्ने काम बैठकभन्दा अगाडिदेखि नै शुरु भइसकेको थियो । चीनमा सांस्कृतिक क्रान्तिको उभार आइरहेको बेला चिनियाँशैली कै क्रान्ति गर्न चाहनेहरुले क. चारुबाट पार्टीको प्राधिकार व्यक्तिगत रुपले अभिव्यक्त भइरहेको कुरा बारम्बार उठाएका थिए । सरकारी दमनका कारणले पार्टीको संगठन पद्धति र संचार अस्तव्यस्त भइरहेकाले क. चारु कै व्यक्तिगत नीति-निर्देशनमा आन्दोलन अगाडि बढिरहेको स्थितिमा क. चारुलाई पार्टी-संगठन र आन्दोलनभन्दा माथि राखेर विश्लेषण गर्न थालिएको थियो ।

## महाधिवेशनमा प्राधिकारको बारेमा विवाद

क. चारु नक्सलवादी आन्दोलनका सर्वेसर्वाका रुपमा उदय भइरहेको स्थितिमा उठेको प्राधिकारको यो विवाद १५ र १६ मे, १९७० मा कलकत्ताको गार्डन रीच इलाकामा अत्यन्त गोप्य रुपमा भएको पहिलो महाधिवेशनमा फेरि उठ्यो । सरकारी दमनका कारणले धेरै कम मात्रै प्रतिनिधिहरुको उपस्थिति रहेको भूमिगत महाधिवेशनमा यो विवाद फरि चर्कियो । क. चारुका समर्थक नेताहरुले महाधिवेशनमा क. चारुको व्यक्तिगत नेतृत्वलाई संस्थागत जडौरी लगाउने उद्देश्यले फेरि एक पटक क. चारुलाई 'राष्ट्रिय क्रान्तिकारी प्राधिकार' मान्नुपर्ने प्रस्ताव राखे । युद्धकालमा पार्टीभित्र सामूहिक नेतृत्व प्रयोग गर्न संभव नहुने तर्कसहित उनीहरुले क. चारुमा पार्टीको सम्पूर्ण नीति-निर्णय गर्ने सर्वोच्च प्राधिकार हुनु पर्ने माग गरे । जनवादी केन्द्रीयताको चिहानबाट मात्रै ब्यूँझने यो केन्द्रीकरणको प्रयोग क. चारु र उनीसँग नजीक रहेका केही केन्द्रीय नेताहरुबाट भइरहेको थियो । यसै सन्दर्भमा आएको यो प्रस्ताव त्यही प्रयोगलाई सही साबित गर्नको लागि आएको थियो । यही विवाद केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा पनि उठेको थियो । यो प्रस्तावमाथि क. सुशीतलराय चौधरी र क. सत्यनारायण सिंह लगायतका प्रतिनिधिहरुको कडा विरोध भएपछि पार्टीमा ठूलो संकट आइपर्‍यो ।

यो विवाद चर्केर गएमा पार्टी एकता नै विखण्डित हुने छाँटकाँट देखेर क. चारुले नै त्यो विवादलाई तुरुन्तै रोके । संकटको यो घडीमा क. नागभूषणको भूमिका प्राधिकारकै पक्षमा थियो । क. नागभूषणलाई त्यस महाधिवेशनले केन्द्रीय कमिटीका सदस्य र पोलिटब्यूरोका सदस्यका रुपमा छानेको थियो । उनी वर्गशत्रु सफायाका हिमायती थिए । त्यस्तै, सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया अभियान चलाउने कार्यदिशाका विरोधीहरु क. वेम्पटापु सत्यनारायण र क. आदीबाटला कैलाशमलाई केन्द्रीय समितिमा ल्याइएको थियो ।

## वर्गशत्रु सफायाबारे संघर्ष

त्यस महाधिवेशनमा सफायाको कार्यदिशाबारे पनि ठूलो विवाद भएको थियो । महाधिवेशन हुनुभन्दा अगाडि भएको केन्द्रीय संगठन कमिटीमा जस्तै उत्तर प्रदेशका प्रतिनिधि क. आर. एन. उपाध्यायले छापामार संघर्ष नै संघर्षको एकमात्र रुप भन्ने प्रस्थापना र सफायाको नीतिलाई निर्णायक बनाउने विचारको विरोध गरे । यसमा आन्ध्र प्रदेशका क. वेम्पटापु र क. कैलाशमले षड्यन्त्रमूलक ढंगले व्यक्ति-हत्या गर्नुलाई जनयुद्ध भन्न नमिल्ने तर्क अगाडि सारे ।

क. सुशीतलराय चौधुरी र क. कानु सान्यालले व्यक्तिहत्या गर्ने वर्गशत्रु सफाया अभियानको विरोध गर्दै नक्सलबाडीमा भएको सशस्त्र किसान विद्रोहजस्ता अरु जनविद्रोह र संघर्षहरु गर्दै जनताको राजनैतिक चेतना अभिवृद्धि गर्नुपर्ने विचार राखे । उनीहरु सबैले सशस्त्र संघर्षमा जनताको सक्रिय सहभागिताको प्रश्न उठाए, अरु खाले संघर्षहरुमा पनि हात हाल्नुपर्ने सवाल उठाए ।

तर १९७० को दशकलाई मुक्तिको दशकमा बदल्ने घोषणासहित क. चारुले महाधिवेशनका ती सबै तर्कहरुमाथि प्रहार गरे- 'क्रान्ति गर्न अब अरु ढीलो गर्नु हुँदैन, किनकि, त्यसै त २० वर्षभन्दा बेसी समय ढिलो भइसकेको छ ।'

क्रान्तिको बाटोमा आउने हरेक

खालका बाधा-अड्चन हटाउनका लागि उनले अचूक मंत्र जस्तो फर्मूला देखाए- 'वर्ग संघर्ष वा सफाया अभियान चलाएर हामी आफ्ना सारा समस्याहरु हल गर्न सक्छौं ।'

## क. चारूको आलोचना

महाधिवेशनमा नक्सलवादी आन्दोलनको सफलताबाट उत्साहित भएर विद्रोहमा उत्रेका कलकत्ता र सिंगो पश्चिम बंगालका विद्यार्थीहरुलाई सशस्त्र हुनका लागि क. चारुले गरेको आव्हानमाथि ठूलो मतभेद भयो । क. चारुले पार्टीमा छलफल नै नगरीकन विद्यार्थीहरुलाई स्कूल, क्याम्पस छाडेर सशस्त्र क्रान्तिमा हाम्फाल्न आह्वान गरेका थिए । उनले रेडगार्ड बनाएर छापामार शैलीबाट शहरमा पनि फासिष्ट हमलालाई रोक्ने आव्हान गरेका थिए ।

यस विवादमा क. सत्यनारायण सिंह र क.सुशीतलराय चौधरीले उनको कडा विरोध गरेका थिए भने क. नागभूषण र क. सुनीति घोषले उनको पक्षमा वकालत गरेका थिए । पछि निर्णय के भयो भने, अब यस्तो कुरा केन्द्रीय कमिटीको इजाजतबिना गरिने छैन ।

नक्सलवादी आन्दोलनको उभारको क्रममै क्रान्तिको बाटाको बारेमा देखापरेको यो मतभेद प्रारंभिक सफलताको प्रकाशमा फिक्का भएको थियो । तर जब सरकारले प्रहरी र सैनिक शक्ति प्रयोग गरेर नक्सलवादीहरुमाथि

**क्रान्तिको बाटोमा आउने हरेक खालका बाधा-अड्चन हटाउनका लागि क. चारू मजुमदारले अचूक मंत्र जस्तो फर्मूला देखाए- 'वर्ग संघर्ष वा सफाया अभियान चलाएर हामी आफ्ना सारा समस्याहरू हल गर्न सक्छौं ।'**

निर्मम प्रहार गर्‍यो, जब सानो छापामार दस्ता जनताबाट अलग्गिएको कारणले असफलताहरु हात लाग्न थाले, तब क. चारुका अत्यन्त निकटतम अनुयायीहरुले समेत सफायाको लाइन, जनसंघर्षको पृष्ठभूमिबिनाको छापामार युद्ध, अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण र माओ त्से तुङलाई हाम्रो पनि अध्यक्षको दर्जा दिने नाराहरुको व्यापक विरोध शुरु भयो । पछि यही विरोध चर्किंदै गएर अन्ततः भाकपा माले गन्न नै नसकिने समूहहरुमा विभाजित हुन पुग्यो ।

## क नागभूषणको गिरफ्तारी

क. चारुका अनुयायीका रुपमा देखापरेका क. नागभूषण महाधिवेशनबाट भाकपा मालेका पोलिटब्यूरो सदस्यका रुपमा आन्ध्र प्रदेश र उडिसा फर्के । त्यहाँ उनलाई आन्ध्र-उडिसा स्पेशल बोर्डर क्षेत्रीय कमिटीको जिम्मेवारी दिइएको थियो । ती दुवै राज्यहरुमा सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने अभियानका पक्षपाती र विरोधीहरुको प्रभाव थियो । यी दुवैथरि नक्सलवादीहरु आ-आफ्नै ढंगले सशस्त्र संघर्ष गरिरहेको स्थितिमा छापामार नेताहरु क. वेम्पटापु र क. कैलाशम जस्ता केन्द्रीय नेताहरु एकसाथ १० जुलाई, १९७० मा गिरफ्तार भए । श्रीकाकुलमको सशस्त्र संघर्षको दन्त्यकथाका नायक जस्तै भइसकेका क. वेम्पटापु र क. कैलाशमलाई पुलिसले ठंडा दिमागले निर्ममतापूर्वक हत्या गर्‍यो । यसरी अधिकांश छापामार नेताहरु फर्जी मुठभेडमा मारिएपछि त्यहाँ नेतृत्वहीनताको स्थिति देखापर्‍यो ।

ती दुवै राज्यहरुमा यो विकराल संकट देखापरेपछि स्थानीय नेता, कार्यकर्ता र जनतामा प्रश्न पैदा हुन थाल्यो । कसैले छापामार संघर्षबारे प्रश्न उठाए, कसैले वर्गशत्रु सफाया अभियानका कमी-कमजोरीबारे सवाल उठाए । कसैले त अधिकांश छापामार नेताहरुको हत्या हुनुका पछाडि जनता, जनताको संघर्षबाट पार्टी र नेताहरु अलग्गिनु हो भन्ने विश्लेषण अगाडि सारे । यी सवालहरुले पार्टीको वर्गशत्रु सफाया अभियानबारे जरोदेखि नै पुनः अध्ययनको माग गरेपछि क. नागभूषण र क.अप्पलासुरी कलकत्ता गए । त्यहाँ उनीहरुले क. चारु समक्ष आन्ध्र र उडिसाका जनता र कार्यकर्ताहरुमा विकास भइरहेको मनस्थिति अगाडि सारे ।

तर विडम्बना, उनीहरुले क.चारुसँगको सल्लाहपछि आफ्नो क्षेत्र फर्केर जान पाएनन् । १४ जुलाईका दिन कलकत्ताको एउटा क्लिनिकमा जँचाइरहँदा लालबजारका कुख्यात पुलिसहरुले क. नागभूषण र क अप्पलासुरीलाई गिरफ्तार गरे । जेल, जंगल र अस्पतालका आजीद बन्दी क. नागभूषण आफ्ना पुराना रोगहरु बल्झिएको कारणले क्लिनिक गएका थिए । तर अस्पताल र क्लिनिकबाट स्वास्थ्य उपचारको सुविधा पाउनुको सट्टा बिरामी क. नागभूषणले लालबजार थानाका पुलिसको निर्मम चुटाइ खाए । ❑


*(पुलिस यातना र फाँसीको सजाय पाएका क. नागभूषणको जीवनकथा अर्को अंकमा दिइनेछ ।)*



**सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा**

मूल्यांकन मासिकको सहकर्मी

नव युवा मासिक

युवाहरूको मासिक खुराक
तपाई निम्ति पनि उपयोगी !
तपाईका छोराछोरीहरू,
भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!










**स्वस्थ, सार्थक, प्रगतिमुखी, रोचक र ज्ञानवर्द्धक सामग्रीहरूको संगालो !**

❑ के तपाईंले किनेर पढ्नु भयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ?

❑ तपाईंले नै लामो समयअधिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन

❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाई पनि सघाउनु होस् :-

-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।

-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानवर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

**अन्तर्क्रिया प्रकाशन प्रा. लि.**



# पिपुल्स वार ग्रुप टुट-फूट, एकता र संघर्षबाट अगाडि बढ्दैछ !

बन्दूकको नालबाट भारतको राजनीतिक सत्ता प्राप्त गर्नका लागि सशस्त्र संघर्ष गरिरहेको भारतीय माओवादी संगठन भाकपा (माले)- पिपुल्स वार ग्रुप (CPI-ML, PWG) अचेल के गर्दैछ ?

-यो जिज्ञासा मेट्नका लागि खोजी पस्दा थाहा भयो, हाल पिपुल्स वार ग्रुप आन्ध्र प्रदेशतिर टुट-फूटको स्थितिबाट गुज्रँदैछ भने विहारतिर अर्को माओवादी संगठन- 'पार्टी यूनिटी' सँग एकीकरण गरेर हिंसात्मक संघर्ष गर्दैछ ! टुट-फूट र एकताको अनौठो स्थितिबाट अगाडि गइरहेको संगठन पिपुल्स वार ग्रुपले विहारमा जमीन्दारहरूको गुण्डादल- "रणवीर सेना" का विरुद्ध युद्धको घोषणा गरेको छ ।

भारतमा हुने प्रत्येक उथलपुथलबाट प्रभावित भइरहने नेपालका वामपन्थीहरू यो एकीकरणबाट पनि अप्रभावित रहन सक्दैनन् । नेकपा (माओवादी) को भाइचारा सम्बन्ध रहेको संगठन पिपुल्स वार ग्रुपको यो स्थितिबाट नेपालका माओवादीहरु धेरै हदसम्म प्रभावित हुन सक्दछन् । नेपाली वामपन्थीहरूले पनि पिपुल्स वार ग्रुपका संघर्ष, टुट-फूट र एकीकरणका प्रयासहरूबाट धेरै नै सिक्न सक्छन् ।

## पिपुल्स वार ग्रुपको जन्म

चिनियाँ शैलीको जनवादी क्रान्ति गर्ने नारासहित क. चारु मजुमदारको नेतृत्वमा भएको सशस्त्र नक्सलवादी विद्रोहको अवशेषबाट पुनः जन्मेका असंख्य संगठनहरूमध्ये एकको नाम हो- पिपुल्स वार ग्रुप ।

माओ त्से तुङका विचारहरूको अन्धअनुशरण गर्ने नक्सलवादी नेताहरूमध्येका एक राज्यस्तरीय नेता क. कोण्डापल्ली सीतारमैयाले स्थापना गरेको यो संगठन अहिले प्रमुख नक्सलवादी समूहहरूमध्ये एकको रूपमा स्थापित छ । भाकपा, माकपा र भाकपा (माले) को अनुभव संगालेका क. सीतारमैयाले आन्ध्र प्रदेशकै अर्का नेता क. केजी सत्यमूर्तिको महत्वपूर्ण सहयोग लिई यो समूह स्थापना गरेका थिए ।

महाराष्ट्रमा क्रियाशील कोबाड गान्धीको समूह र तमिलनाडुमा सक्रिय रहेको कोदण्डरामनको गुटलाई पनि समाहित गरेर सन् १९८० को २२ अप्रिलका दिन लेनिन दिवसको अवसर पारेर भाकपा (माले) पिपुल्स वार ग्रुप स्थापित गरिएको थियो ।

## आत्मसमीक्षा गर्दै अगाडि बढ्दा .....

पिपुल्स वार ग्रुपले नक्सलवादी आन्दोलनका असफलताहरूबाट अलिकति पाठ सिकेर केही हदसम्म अगाडि बढ्ने प्रयत्न गर्‍यो । त्यसका नेता क. सीतारमैयाले १९६७ मा नक्सलवादी आन्दोलन शुरु भएदेखि १९७० को दशकको पहिलो चरणसम्म आन्ध्र प्रदेशमा "वर्गशत्रु सफाया अभियान' चलाएर हेरिसकेका थिए । नक्सलवादी आन्दोलनका नायक क. चारु मजुमदारको हत्या भएपछि, क. सीतारमैयाले प्रहरी र सैनिकहरूबाट हतियार खोस्ने, जमीन्दार र साहूहरूको हत्या गर्ने र सम्पत्ति जम्मा गर्ने अभियान दनादन चलाएर हेरे, परीक्षण गरे । तर यो कार्यदिशा लागू गरिँदाखेरि सधैं सधैं नै जनताबाट छापामारहरू एक्लिने, उनीहरू प्रहरी र सैनिकहरूको दमनमा सजिलै पर्ने तथा सशस्त्र संघर्ष निमिट्यान्न हुन सक्ने स्थिति देखे भोगेपछि क. सीतारमैयाले पुरानो कार्यदिशामा पुनर्विचार गरे । यसै सिलसिलामा १९७० का दशकको उत्तरार्द्धमा सशस्त्र संघर्ष र जनआन्दोलनहरू सञ्चालन गरे, उनले वर्गशत्रु सफाया अभियानलाई संरक्षण प्रदान गर्न सशस्त्र संघर्ष र जनआन्दोलन एकसाथ चलाउने कार्यदिशा बनाए । उनले जन संगठनहरू निर्माण गर्ने र आंशिक मागहरूका लागि आन्दोलन गर्ने नीतिलाई सशस्त्र संघर्षको पूरक बनाउने कार्यदिशा निर्माण गरे । यही कार्यदिशाअन्तर्गत शहर र गाउँमा विद्यार्थी, मजदूर, किसान आदिवासीहरूको संगठन निर्माण गर्ने र सफल संघर्षहरू सञ्चालन गर्ने एवम् लेखक-कलाकारहरूबाट नक्सलवादी राजनीतिको व्यापक प्रचार गर्ने काम गरेर त्यस समूहले राष्ट्रव्यापीरूपमा व्यापक लोकप्रियता हासिल गरेको थियो । यसले मूलरूपमा आन्ध्र प्रदेशमा र मध्य प्रदेश, उडिसा, विहार, तमिलनाडु, महाराष्ट्र, गोवा, कर्नाटकमा पनि छिटपुट रूपमा आफ्नो क्रियाशीलता देखाउन थाल्यो ।


**पिपुल्स वार ग्रुप र पार्टी युनिटी समूहबीच एकीकरण**

## कमाण्डो प्रवृत्ति हावी

सशस्त्र संघर्ष र जन-आन्दोलनको तालमेलको क्रममा त्यस समूहको जोड सशस्त्र संघर्षमाथि नै रह्यो । सानो सानो छापामार दस्ताद्वारा वर्गशत्रु सफाया गर्ने अभियान चलाइरहेको यो समूहले सशस्त्र संघर्षको क्षेत्रमा धेरै नाम कमाइसकेको छ । सफायाका बारेमा त्यस समूहको धारणा छ- जन संघर्षहरूमा बाधा, व्यवधान खडा गर्ने जमीन्दारहरू, पुलिसहरू र सरकारी एजेन्टहरूलाई छापामार दस्ताले मार्दाखेरि संघर्ष अगाडि बढाउन मद्दत मिलेको छ । तर पुलिस र जासूसहरूलाई गोलीले उडाउने र हातखुट्टा काट्ने काममा चर्चित रहेको त्यस समूहका छापामारहरूले जनजागरणको पक्षलाई याद गर्न छोडेको आरोप उनीहरूमाथि पटकपटक लागेको छ ।

भारतीय लेखक-पत्रकार अभयकुमार दुबे लेख्छन्- 'यस्तो खालको सफायाका बारेमा माओ त्से तुङदेखि लिएर चारु मजुमदारसम्मको निर्देशन हमेशा के थियो भने, हिंसा एउटा राजनीतिक कारवाही हो, जसको प्रचारात्मक स्वरूप हुनुपर्छ, जबकि पिपुल्स वार ग्रुपका यी कारवाहीहरूमा फौजी रुप प्रधान हुन्छन् । भूमिगत पार्टी र फौजी हमलाहरूमाथि बेसी जोड दिइनाले पिपुल्स वार ग्रुपले कैयौं समस्याहरूको सामना गर्नु परिरहेको छ, जसले त्यस समूहको विकासमा गतिरोध ल्याएको छ । स्वयं पिपुल्स वार ग्रुपले स्वीकारेको छ- उसले संगठनमा आएका केही कमी-कमजोरी र खराबीहरू विरुद्ध जुध्नु परिरहेको छ । ती कमी कमजोरी र खराबीहरू हुन्- पार्टी कोषको दुरुपयोग, गोप्य अड्डाहरूमा खराब आचरण, केही नेताहरूद्वारा आफ्ना कमजोरीहरूलाई समर्थन गर्ने

**विभाजन र एकीकरणको बाटोबाट अगाडि बढिरहेको भारतको माओवादी संगठनको नालीबेली !**



पिपुल्स वार ग्रुपका छापामारहरू आन्ध्र प्रदेशका दिवंगत मुख्यमन्त्री एन. टी. रामरावसमक्ष आत्मसमर्पण गर्दै

कार्यकर्ताहरूलाई लिएर गुट बनाउनु, पार्टी-अनुशासनमा कमी, सावधानीका नियमहरूको अनुशरण नगर्नु, आदि। अर्कोतिर, पिपुल्स वार ग्रुपद्वारा जङ्गलका ठेकेदारहरूसँग फिरौती रकम असुल्ने वा अन्य तरिकाबाट हतियार आदि किन्नका लागि मोटो रकम असुल्ने र जासूस एवम् सुराकी दिनेहरूको हात-खुट्टा काट्ने आदि घटनाहरूका बारेमा अखबार, रेडियो र टि.भी.ले यति धेरै प्रचार गरे कि, सीतारमैयालाई पनि आफ्नो संगठनको छविको बारेमा चिन्ता हुन थाल्यो। 'उदयम'लाई दिइएको अन्तर्वार्तामा उनले यो कुराहरूलाई स्वीकारेका छन्।'

उनी थप लेख्छन्- '१९७७ को तेलंगाना क्षेत्रीय अधिवेशनको बेला गैर राजनीतिक सफायाको नीतिलाई आधिकारिक रूपले छाडिसकेपछि पिपुल्स वार ग्रुपका गतिविधिहरूमा जनसंगठनहरुका कारवाहीको मात्रा काफी धेरै वृद्धि भए। RSU, RYL र रैयत् कुली संघममार्फत् पिपुल्स वार ग्रुपले आफ्नो आधार विस्तृत गर्ने काममा सफलता हासिल गऱ्यो। तर विस्तारै-विस्तारै पुलिसमाथि हमलाहरूका कारणले उनीहरूको जोड फौजी पक्षमाथि बेसी हुँदै गयो। आज स्थिति के भइसकेको छ भने, जन नाट्य मण्डली जस्तो प्रचारात्मक सांस्कृतिक संगठनका कार्यक्रमहरू प्रस्तुत गर्नपनि उनीहरूका लागि असंभवप्राय: जस्तै भइसकेको छ। सीतारमैया स्वयंले पनि स्वीकारेका छन् कि, उनको संगठनले जननाट्य मण्डली कार्यक्रमहरू भिडियो क्यासेटहरू बनाएर देखाउनु परिरहेको छ। अर्थात्, पिपुल्स वार ग्रुपका लागि कानूनी कामहरूको गुञ्जायस हाल झन् झन् कम हुँदै गइरहेको छ र त्यो ग्रुप शुद्ध फौजी लडाईंमा संकुचित हुँदै गइरहेको छ। यस्तो परिस्थितिमा फँस्नु भनेको त पिपुल्स वार अर्थात् 'जनयुद्ध' कै नियमहरू कै विपरीत कुरो हो।'

## पिपुल्स वार ग्रुपमा विभाजन

क. चारु मजुमदारकालीन भाकपा (माले) जस्तै पिपुल्स वार ग्रुप पनि वैचारिक केन्द्रीयताको आधारमाथि निर्माण हुने सामूहिक नेतृत्व प्रयोग भइरहेको संगठन थिएन। किनकि, यो संगठन निर्माणको क्रममा यस समूहसँग सम्बन्धित सबै व्यक्ति तथा गुटहरूमा आधारभूत कुराहरूमा एउटै चिन्तन प्रणाली, चिन्तनको एकरूपता र कार्यपद्धति एवम् उद्देश्यबीच अभिन्नताको स्थिति विकास गरिएको थिएन। क. चारु मजुमदारले भाकपा (माले) निर्माण गरे जस्तै, नक्सलवादी आन्दोलनप्रति समर्पित व्यक्ति र गुटहरूलाई जोडजाड गरेर बनाइएको यस संगठनमा अलिकति विवाद शुरु भएपछि फूट हुनु त स्वाभाविक नै हो।





*क. सीतारमैया (माथि) र पिपुल्स वार ग्रुपका छापामारहरू (बायाँ)*

**पिपुल्स वार ग्रुपका लागि कानूनी कामहरुको गुञ्जायस हाल झन् झन् कम हुँदै गइरहेको छ र त्यो ग्रुप शुद्ध फौजी लडाईंमा संकुचित हुँदै गइरहेको छ।**

पिपुल्स वार ग्रुपमा नेतृत्वमाथि हानथाप भएपछि सन् १९८७ मा निकै ठूलो विभाजन भएको थियो। क. सीतारमैयापछि दोस्रो नम्बरका नेताका रूपमा प्रख्यात क. केजी सत्यमूर्तिलाई १९८२ देखि १९८४ सम्म क. सीतारमैयाका गिरफ्तारीको बेला उनले संगठनमा गलत प्रवृत्तिहरू जन्म दिएको आरोप लागेपछि विभाजनको क्रम सुरु भएको थियो। उनलाई 'नेतृत्व हत्याउने उद्देश्यले संगठनलाई दुई टुक्रा गर्न गलत प्रवृत्तिहरु जन्म दिएको' आरोप लगाउँदै प्रान्तीय कमिटीको पूर्ण अधिवेशन बोलाएर एउटा कडा प्रस्ताव पास गरे। त्यस प्रस्तावमा क. सत्यमूर्तिले 'आत्मालोचना गरेर अपराध स्वीकार गरेमा सजायँमा केही कमी गर्ने सुविधा' पनि दिइएको थियो। तर उनले 'आफ्नो अपराधलाई अस्वीकार गर्दै सीतारमैयालाई एउटा पत्र लेखी, आफू विरुद्ध 'पुलिसिया तरिका'ले तर्साउने धम्काउने जस्ता हथकण्डाहरू प्रयोग गरिरहेको' आरोप लगाए। उनले 'आफ्ना विचारहरूलाई आलोचना गर्नेहरूप्रति असहिष्णु व्यवहार गर्ने' क. सीतारमैयाले पार्टीमा 'सामन्ती व्यवहार गर्न थालेको, जनतालाई भन्दा AK-47 राइफलमाथि बेसी विश्वास गर्न थालेको, जन संघर्षमा भन्दा बेसी फौजी कारवाहीमा जोड दिन थालेको, पार्टीलाई फौजी रूपमा सुदृढ पार्ने क्रममा पार्टी जनताबाट अलग्गिएको' आरोप लगाए। उनको भनाइअनुसार, पिपुल्स वार ग्रुपको अहिलेको मुख्य ध्यान कार्यकर्ताहरूलाई सैनिकीकरण गर्ने अभियानमा गइरहेको छ। अन्तत: १४ मे, १९८७ मा उनलाई पार्टीबाट निष्काशित गर्ने प्रस्ताव पास गरियो।

कटु विवादपछि त्यस समूहका एक संस्थापक नेता क. केजी सत्यमूर्तिसँगै तमिलनाडुका क. कोदण्डरामन, क. तामिल भन्नात र महाराष्ट्रका क. कोबाड गान्धी जस्ता केन्द्रीय नेताहरू र उनीहरूका धेरैजसो समर्थकहरूलाई त्यस समूहले निष्काशन गऱ्यो। पिपुल्स वार ग्रुपका लागि यो गहिरो धक्का पहिलो र अन्तिम चाहिँ भएन।

## केन्द्रीय सदस्यद्वारा आत्मसमर्पण !

क. केजी सत्यमूर्ति लगायतका केन्द्रीय नेताहरूलाई निष्काशित गरेपछि पिपुल्स वार ग्रुपको केन्द्रीय नेतृत्वमा थोरै मात्र पुराना नेताहरू बाँकी रहे। त्यसमा क. सीतारमैयाका अलावा क. सम्बासिव राव र क. मुक्कु सुब्बा रेड्डी थिए। तर १९८९ को अप्रिल महिनाको शुरुतिर नक्सलवादी आन्दोलनको इतिहासमा एउटा अनौठो घटना भयो। पिपुल्स वार ग्रुपका केन्द्रीय सदस्य क. मुक्कु सुब्बा रेड्डीले 'पिपुल्स वार ग्रुपका हिंसावादी नीतिहरूबाट निराश भएर' प्रहरीसमक्ष आत्मसमर्पण गरे।

वारंगलको रेजीनल इन्जीनियरिङ कलेजमा इन्जिनियरिङ पढ्दा-पढ्दै नक्सलवादी आन्दोलनमा हाम्फालेका ४२ वर्षीय क. रेड्डी आन्ध्र राज्य कमिटीको सचिव हुँदै दुई दुई पटकसम्म केन्द्रीय सदस्य भएका थिए। करीब २२ वर्षसम्म

# प्रहरी समक्ष आत्मसमर्पण गर्ने पिपुल्स वार. ग्रुपका नेताहरू



केन्द्रीय सदस्य
क. मुक्कु सुब्बा रेड्डी



निजामावाद जिल्ला कमिटीका
सदस्य पेडेल्ला नरसा रेड्डी



भूमिगत छापामार दस्ताकी सदस्या
क. वरालक्ष्मी रेड्डी

नक्सलवादी सशस्त्र आन्दोलनमा लागेका क. रेड्डीले अन्ततः हिंसाको राजनीतिबाट वाक्कदिक्क भएर पिपुल्स वार ग्रुपको केन्द्रीय सदस्य पदबाट राजीनामा दिए, अनि १९८९, अप्रिल १० का दिन हैदरावादमा आन्ध्र प्रदेशका पुलिस महानिर्देशक शुशीलकुमारका सामु आत्मसमर्पण गरे। सरकारले उनको टाउकोको मोल १ लाख भारु तोकिराखेको थियो।

त्यसै सिलसिलामा गरिएको पत्रकार सम्मेलनमा उनले भने- 'म पिपुल्स वार ग्रुपका नीतिहरूबाट निराश भइसकेको छु। मानिसहरू सशस्त्र संघर्षका लागि तयार छैनन्। जनताहरू नक्सलवादीहरूका सशस्त्र कारवाहीका केवल मूकदर्शक मात्रै बनिरहेका छन्। पिपुल्स वार ग्रुपभित्र अहिले हिंसावादी विचार र वामपन्थी संकीर्णतावाद हावी भइरहेको छ। १९७० को दशकको

**१९८९ को अप्रिल महिनाको शुरुतिर पिपुल्स वार ग्रुपका केन्द्रीय सदस्य क. मुक्कु सुब्बा रेड्डीले 'पिपुल्स वार ग्रुपका हिंसावादी नीतिहरुबाट निराश भएर' प्रहरीसमक्ष आत्मसमर्पण गरे।**

जननीति त्याग्दै गएको यो ग्रुप १९८० को दशकमा आएर जनताबाट पनि अलग्गिन थालेको छ। ग्रुपभित्रका छापामार दस्ताहरू स्वतःस्फूर्त कारवाहीमा बेसी व्यस्त छन् र वैचारिक-सैद्धान्तिक ज्ञान अभिवृद्धि गर्ने कामहरू ग्रुपभित्र पूरै गायब भएका छन्।'

क. केजी कृष्णमूर्तिको निष्काशनपछि पिपुल्स वार ग्रुपमा क. सीतारमैयापछि दोस्रो नम्बरका नेता भएका क. मुक्कु सुब्बा रेड्डी भन्छन्- 'डेढ वर्षअघिदेखि सीतारमैयासँग मेरो भेटघाट भएको छैन। सीतारमैयाले जनवादी केन्द्रीयतालाई लात मारेर जसरी पिपुल्स वार ग्रुप चलाइरहेका छन्, त्यसबाट म झनै दिग्भ्रमित भएँ, असन्तुष्ट भएँ र पार्टी नै छोडें।'

क. मुक्कु सुब्बा रेड्डीको आत्मसमर्पणबाट प्रभावित भएर पिपुल्स वार ग्रुपकै निजामावाद जिल्ला कमिटीका सदस्य पेडेल्ला नरसा रेड्डी र उनकी पत्नी तथा भूमिगत छापामार दस्ताकी सदस्या वरालक्ष्मीले जुलाई ६ मा प्रहरी समक्ष आत्मसमर्पण गरे। नक्सलवादी सिद्धान्तप्रति आस्थावान हुँदाहुँदै पनि पिपुल्स वार ग्रुपबाट राजीनामा दिने रेड्डी दम्पत्ति भन्छन्- 'नक्सलवादी सिद्धान्त जनताको समर्थन र सहभागिताबिना बेकम्मा हुन थालेको छ।' ❑

*(पिपुल्स वार ग्रुपका संस्थापक नेता क. सीतारमैयालाई पार्टीबाट किन निष्काशित गरियो ? अर्को अंकमा पढ्नुहोस्)*

# पार्टी यूनिटी समूह कस्तो पार्टी हो ?

भारतका दुई वटा प्रमुख नक्सलवादी संगठनहरु भाकपा (माले) - पिपुल्सवार ग्रुप र भाकपा (माले) -पार्टी यूनिटी बीच केही समय अगाडि पार्टी एकीकरण भएको छ। विशेषतः आन्ध्र प्रदेशमा सशस्त्र संघर्ष गरिरहेको संगठन पिपुल्स वार ग्रुप र विहारमा सशस्त्र संघर्ष गरिरहेको पार्टी यूनिटीबीचको पार्टी एकीकरणले भारतका माओवादीहरुलाई मात्र होइन, विश्वभरिकै माओवादीहरुलाई हर्षित तुल्याएको छ। पिपुल्स वार ग्रुपसँग भाईचारा सम्बन्ध भएको नेकपा (माओवादी) समर्थक नेता र कार्यकर्ताहरु पनि यो एकीकरणको खुसीबाट निकै प्रभावित देखिन्छन्।

पिपुल्स वार ग्रुपका सचिव क. गणपति र पार्टी यूनिटी सेन्टरका सचिव क. प्रसादले "यो एकीकरणलाई भारतको क्रान्ति एउटा अग्रिम कदम" को संज्ञा दिएका छन्। एकीकरणपछि राखिएको नाम एकीकृत भाकपा (माले) पिपुल्स वारको रातो झण्डामुनि भारतका सबै क्रान्तिकारीहरु एकजूट हुन पनि उनीहरुले जोडदार अपील गरेका छन्। उनीहरुले भारतका विभिन्न मार्क्सवादी-लेनिनवादी पार्टीहरुका सही क्रान्तिकारी तत्वहरुलाई दक्षिणपन्थी वा वामपन्थी अवसरवादी नेतृत्वका भडकाऊहरुका विरुद्ध संघर्ष गर्न र आफ्नो एकीकृत पार्टीको झण्डामुनि एकजूट भई जनवादी क्रान्तिको संघर्षमा आफ्नो रगतले क्रान्तिको बाटो सिंच्ने हजारौं शहीदहरुको हत्याको बदला लिनका लागि शपथ खानका लागि पनि आह्वान गरेका छन्।

जनताको राजनीतिक सत्ता स्थापित गर्ने र देशभरमा गाउँ गाउँमा क्रान्तिकारी आन्दोलनको निर्माण गर्न आह्वान गर्दै एकीकृत भाकपा (माले) पिपुल्स वार ग्रुपका नेताहरुले आह्वान गरेका छन् "यो क्रान्तिको युग हो, संघर्ष गर, विजयी होऊ !"

## पार्टी यूनिटी (माले) कस्तो पार्टी हो ?

भाकपा (माले) पिपुल्स वार ग्रुपसँग पार्टी एकीकरण गर्ने नक्सलवादी समूह पार्टी यूनिटी (माले) पनि नक्सलवादी सशस्त्र आन्दोलनको विखण्डनपछि जन्मेको थियो। मुख्यरुपमा, विहारमा सशस्त्र संघर्ष गरिरहेको यस समूहका संस्थापक नेता क. नारायण सान्याल हुन्।

क. नारायण सान्याल नक्सलवादी आन्दोलनका प्रणेता क. चारु मजुमदारका कट्टर समर्थकका रुपमा परिचित छन्। नक्सलवादी उभारको क्रममा संघर्षमा हाम्फालेपछि उनी विहारका युवा नक्सलवादी नेताका रुपमा देखापरे। त्यसबेला विहारको नक्सलवादी आन्दोलनको नेतृत्व गरिरहेका क. सत्यनारायण सिंहले "चारु गुटले किसान, मजदूर र मध्यम वर्गका आर्थिक र आंशिक संघर्षहरु वहिस्कार गरिरहेको र माओ विचारको सट्टा चारुवाद स्थापित गरेर अन्धभक्ति एवं नोकरशाही केन्द्रीयता हावी गर्न खोजेको" आरोप लगाउँदै विद्रोह गरे। क. चारु मजुमदारको नेतृत्ववाला भाकपा (माले) बाट विहारका नेता

पिपुल्स वार ग्रुप, पार्टी यूनिटी र एम.सी.सी.का खुला जनसंगठनहरूको मोर्चा AIPRF को कलकत्तामा भएको आमसभाको एक दृश्य



# पिपुल्सवार ग्रुप र पार्टी यूनिटीबीच एकीकरण

क. सत्यनारायण सिंह अलग्गिएपछि क. नारायण सान्याल (दीपक) र क. सुव्रत दत्त (जौहर) जस्ता युवा नेताहरुले क. चारुकै पछि लाग्ने निर्णय गरे ! क. चारुलाई "क्रान्तिकारी प्राधिकार" मान्ने ती युवा नेताहरुले साना साना छापामार दस्ताहरुद्वारा वर्गशत्रु खत्तम गर्ने अभियान र प्रहरी एवं सैनिकहरुमाथि हमला गर्ने कार्य जारी राखे ।

क. नारायण सान्याल उर्फ दीपकको गिरफ्तारीपछि विहारको नेतृत्व सम्हालेका ३० वर्षिय सुव्रतदत्त उर्फ जौहरले भाकपा (माले) लिवरेशन गूट स्थापना गरे । जेल जीवनको क्रममा उनको क. जौहरहरुसँग पनि मतभेद शुरु भयो । फलस्वरुप, १९७७ मा जेलवाट छुटेपछि उनी लगायत अरु केही नक्सलवादीहरुले अनगिन्ती संस्थामा विभाजित नक्सलवादी गूटहरुवीच एकता स्थापना गर्ने मनशायले "पार्टी यूनिटी" नामक पत्रिका प्रकाशित गरे । त्यस पत्रिकाबाट पार्टी एकताको लागि आवश्यक वैचारिक छलफल थाल्ने र आफ्नै ढंगले सांगठनिक काम पनि उनीहरुले शुरु गरे । पछि "पिपुल्स वार ग्रुप" "लिवरेशन गूट" "जनशक्ति गूट" जस्तै यो समूहको नाम पनि पत्रिका कै नामबाट पार्टी यूनिटी हुन गयो ।

पार्टी यूनिटी समूहले मूलरुपमा विहारको गया, जहानावाद क्षेत्रमा संगठन निर्माण गर्ने र वर्ग शत्रु सफाया गर्ने अभियान चलायो । यस अभियानमा पार्टी युनिटी समूहले पनि पिपुल्स वार ग्रुप र लिवरेशन गूटले जस्तै विभिन्न जन संगठनहरु निर्माण गरेर सशस्त्र संघर्ष र जनसंघर्षवीच तालमेल गर्ने प्रयास गऱ्यो ।

आफ्ना छापामार दस्तामार्फत् पार्टी यूनिटीले आफ्नो सशस्त्र संघर्षलाई विहारको गया, जहानावादबाट पटना, औरंगावाद र पलामू जिल्लाका विभिन्न ब्लकहरु र बेगूसराय, खगडिया र रोहतास जिल्लाका विभिन्न ब्लकहरुमा विस्तार गरिरहेको दावी गरेको छ । तर यसका छापामार दस्ताहरु गया जहानावाद जिल्लामा सबैभन्दा बेसी सशक्त देखिन्छन् । यिनीहरुले त्यहाँ जमीन्दारहरु र पुलिसहरुकाविरुद्ध सशस्त्र कारवाहीहरु निरन्तर गर्दै आइरहेका छन् ।

पिपुल्स वार ग्रुप र पार्टी यूनिटीका छापामारहरू



सशस्त्र संघर्ष र जन आन्दोलनलाई तालमेल गर्ने क्रममा पार्टी यूनिटीको पनि पिपुल्स वार ग्रुपकै जस्तो सशस्त्र कारवाहीमा वेसी जोड देखिन्छ । जनसंघर्ष, जनसंगठन र जनकारवाहीमाथि कम जोड दिइनाले, फौजी कारवाहीलाई वेसी महत्व दिइनाले यो समूहका गतिविधिहरु विहारभरि पनि विस्तार हुन सकिरहेका छैनन् । छापामार दस्ताहरुमाथि पार्टीको वैचारिक सांगठनिक नियन्त्रण कम हुँदै जान थालेको स्थितिमा छापामार दस्ताहरुले पनि पुलिस र जमिन्दार सफायामा बेसी रुचि लिने गरिरहेका छन् । उनीहरुमा जनतामा राजनीतिक चेतना जागृत गर्दै, जन संगठन र संघर्षहरुमार्फत् संघर्षशील बनाउँदै सशस्त्र गर्ने काममा कम रुची र कम महत्व दिने प्रवृत्ति हावी भइरहेको देखेर स्वतन्त्र नक्सलवादीहरु समेत चिन्तित हुन थालेका छन् ।

"जनताको क्रान्तिको ठेक्का लिने" मानसिकताद्वारा प्रेरित यस्ता नराम्रा प्रवृत्तिहरुले गर्दा पार्टी यूनिटीको नीति, कार्यक्रम र क्रियाशीलता र प्रभाव विस्तारमा समेत जडता आइरहेको देखिन्छ । अपराधीहरुलाई सजायँ दिने नाममा हात खुट्टा, नाक कान काट्ने मध्ययुगीन शैली र नक्सलवादी गूटहरुवीचको आपसी मारकाट र हत्याको श्रृंखलामा माओवादी कम्युनिष्ट सेन्टर (MCC) को जस्तै पार्टी यूनिटीका छापामारहरुको संलग्नताले पनि यसलाई जनतावाट अलग्याउने र सरकारी दमनमा झोस्ने काम गरिरहेको छ ।

**छापामार दस्ताहरूमाथि पार्टीको वैचारिक सांगठनिक नियन्त्रण कम हुँदै जान थालेको स्थितिमा छापामार दस्ताहरूले पनि पुलिस र जमिन्दार सफायामा बेसी रूचि लिने गरिरहेका छन् ।**

यी सबै कमी कमजोरीका वावजूद, पार्टी यूनिटीका छापामारहरुले विहारमा निकै महत्वपूर्ण फौजी कारवाहीहरु चलाएका उदाहरणहरु पनि पाइन्छन् । विहारका जमीन्दारहरुका गुण्डावाहिनीहरु -भूमि सेना र लोरिक सेनाका सशस्त्र गुण्डाहरुको सफाया गर्ने काममा पार्टी यूनिटीका छापामारहरुको मुख्य भूमिका रहेको देखिन्छ । तर यस सफलतामा पनि छापामारहरुको फौजी कारवाहीलाई मात्रै श्रेय दिन मिल्दैन, किनकि, यी कारवाहीहरुमा मजदूर किसान संग्राम समिति जस्ता पार्टी यूनिटी समर्थक जन संगठनका ठूलठूला जनसंघर्षहरुको उत्कर्षमा भएका सफाया अभियानकै क्रममा गुण्डावाहिनीहरुलाई निमिट्यान्न पार्न सकेको आफ्नै इतिहासवाट समेत सिक्न नसकेर पनि पार्टी यूनिटीमा यसरी जडता छाएको पाइन्छ ।

## जनसंघर्ष र सशस्त्र संघर्षबीच तालमेल ?

पार्टी यूनिटी समूह जन संघर्षमा १९८० को दशकको शुरुतिर आफ्नो खुला जन संगठन "मजदूर -किसान संग्राम समिति" मार्फत् प्रवेश गरेको थियो ।

जयप्रकाश आन्दोलनको क्रममा प्रतिष्ठा हासिल गरेका डा. विनयनको अध्यक्षतामा "मजदुर-किसान संग्राम समिति" जस्तो खुला जन संगठन निर्माण गरेर पार्टी यूनिटी समूहले १९८० को दशकको शुरुतिर ठूलठूला किसान आन्दोलनहरु संचालन गरेको इतिहास छ । किसान आन्दोलनलाई मजबूत पकड जमाउन दिन र त्यसलाई केन्द्रीय सरकार, राज्य र जमीन्दारहरुको गुण्डावाहिनीहरुवाट संरक्षण प्रदान गर्ने काममा पार्टी यूनिटीको छापामार दस्ताले निकै महत्वपूर्ण भूमिका खेलेको कुरा महसूस गर्ने भारतीय वाम पर्यवेक्षकहरु धेरै छन् ।

विहारको मध्ययुगीन सामन्ती वातावरणमा किसान आन्दोलनको मजवूत पकड निर्माण गराउन पार्टी यूनिटीको छापामार दस्ताले कति मद्दत दियो भन्ने कुरा मजदूर किसान संग्राम समितिका पूर्व नेता तथा पार्टी युनिटीदेखि असन्तुष्ट डा. विनयन भन्छन् - "मजदूर किसान संग्राम समितिको शुरुवातको वेला पार्टी यूनिटीको दस्ता किसान आन्दोलनलाई अग्रगति दिने काममा काफी उपयोगी साबित भयो ।"

पार्टी युनिटीको मजदूर किसान संग्राम समितिले पनि गया, जहानावाद, पटना हुँदै खगडिया, रोहतास, औरंगावाद, पलामू जिल्लामा शुरुमा आफ्नो प्रभाव विस्तार गरेको थियो । विशेष गरी जमिन्दारहरुको उत्पीडन, पुलिसको दमन, न्यूनतम मजदूरी र हदवन्दीभन्दा

वाहिरको अतिरिक्त जमीन खोस्ने सवालमा यसले धेरै नै संघर्षहरु गरेको थियो । यसका साथै, माछाको लिलामीदेखि चोरी डकैतीका समस्याहरुमा समेत जनसंघर्षहरु संचालन गरेर यसले काफी उपलब्धि हासिल गरेको थियो ।

यस्ता जन संघर्षको उभारकै क्रममा जन संगठकहरुलाई मार्ने उद्देश्यले जमीन्दारहरुद्वारा निर्मित भूमि सेना र लोरिक सेना तथा किसान सेवक समाजका गुण्डाहरुलाई सखाप पार्ने काम पार्टी यूनिटीका छापामारहरुले गरेका थिए । जनसंघर्षको बलमा पार्टी यूनिटीले छापामार कारवाही गरेकै कारणले ती गुण्डा वाहिनीहरु नष्ट भएका थिए भन्ने कुरा पार्टी यूनिटीले १९८० को दशकको अन्ततिरदेखि विर्सन थालेको आभाष मिल्न थालेको छ ।



**पार्टी यूनिटीले पनि त्यसवेला जमीन्दार र राज्य प्रशासनवाट भएका यस्ता प्रहारहरूको प्रत्युत्तरमा आफ्नो छापामार दस्तामार्फत् जमीन्दार, प्रहरी र गुण्डाहरूको हत्या गर्ने र मजदूर किसान संग्राम समिति मार्फत् ठूल ठूला जन संघर्षहरू गरेर नराम्ररी चोट पुऱ्यायो ।**

## जनसंघर्षमा क्षय

पार्टी यूनिटीले मजदूर किसान संग्राम समितिमार्फत् शुरु गरेको जनसंघर्षलाई नष्ट गर्न जमीन्दार र राज्य प्रशासनले विभिन्न नरसंहारहरु गरेका थिए । उनीहरुले अरवल जनसंहार जस्तो दोस्रो जलियांवाला बाग काण्डको नामले कुख्यात हत्याकाण्ड र कंसारा हत्याकाण्ड मच्चाएर जन संघर्षलाई आतंकित पार्न खोजेका थिए । पार्टी यूनिटीले पनि त्यसवेला जमीन्दार र राज्य प्रशासनवाट भएका यस्ता प्रहारहरुको प्रत्युत्तरमा आफ्नो छापामार दस्तामार्फत् जमीन्दार, प्रहरी र गुण्डाहरुको हत्या गर्ने र मजदूर किसान संग्राम समिति मार्फत् ठूल ठूला जन संघर्षहरु गरेर नराम्ररी चोट पुऱ्यायो । यसको ठोस उदाहरण हो, अरवल नरसंहारकाविरुद्ध विभिन्न जनसंगठनहरुसित मिलेर बनाइएको संयुक्त मोर्चा र २१ अगष्ट, १९८६ मा विहार विधान सभालाई हजारौं हजार जनताद्वारा गरिएको घेराउको कार्यक्रम !

अरवल र कंसारा नरसंहारले गर्दा असजिलो स्थितिमा फँसेको संग्राम समितिमाथि जब विहार सरकारले प्रतिबन्ध लगायो, तव संग्राम समितिका नेता डा. विनयन र पार्टी युनिटी वीच चर्को मतभेद शुरु भयो । डा. विनयनले पार्टी युनिटीमाथि आरोप लगाए- पार्टी युनिटीले संग्राम समितिको आडमा हिंसक कारवाहीहरु चलाइरहेको छ, जसले गर्दा विहार सरकार संग्राम समितिमाथि प्रतिवन्ध लगाउन र अरवल जस्ता नरसंहारहरु गर्न हौसियो । संग्राम समितिको शुरुवातको बेला पार्टी यूनिटीका सशस्त्र दस्ताहरु निकै सहयोगी भए, तर पछि गएर यिनै दस्ताहरु संग्राम समितिका आन्दोलनहरुमा बाधा हुन थाले ।

पार्टी युनिटीले पनि डा. विनयनमाथि आन्दोलनलाई गलत दिशातिर लगेको, स्त्री पुरुष सम्वन्धवारे उन्मुक्त प्रेमको वकालत गरेको आदि आरोप लगायो । यही आरोप प्रत्यारोप बढ्दै गएर अन्तमा पार्टी यूनिटीले आफ्ना सशस्त्र दस्ता प्रयोग गरेर डा. विनयनलाई गाउँमा घुस्न पनि नदिने काम गर्ने हदसम्म पुग्यो । पार्टी यूनिटीलाई मान्ने अरविन्दको नेतृत्ववाला "मजदूर किसान संग्राम समिति" ले डा. विनयनको गूटका विरुद्ध पहिले जति तीक्ततापूर्वक र तीखो ढंगले राजनीतिक विचारधारात्मक संघर्ष चलाउनु पर्ने थियो, त्यति नगरेकै कारणले यो विजोग भएको कुरा उठाएर त्यस्तै खालको संघर्ष शुरु गऱ्यो ।

यसरी पार्टी यूनिटीको जनसंघर्षको एउटा अध्याय सकिन्छ ।

यो अध्यायलाई राम्ररी अधयनन गर्ने हो भने सवाल उठ्छ, जयप्रकाश आन्दोलनवाट प्रतिष्ठित भएका डा. वितयनको नेतृत्वमा चलेको संग्राम समितिमाथि समेत किन प्रतिबन्ध लाग्यो ? यो किन भूमिगत हुनु पऱ्यो ? यसको जनसंघर्ष किन बीचैमा तुहियो ?

यही सवालको जवाफमा लुकेको छ- भूमिगत पार्टी र खुला जनसंगठनबीचका अन्तरसम्बन्ध र अन्तरसंघर्षका सफलता र असफलताको रहस्य, जन संघर्षको सफलता र असफलताको रहस्य ! यो रहस्यलाई राम्ररी बुझ्न नसकेको स्थितिमा पार्टी यूनिटीले पछि गएर लोक संघर्ष मोर्चा नामक खुला जनसंगठन निर्माण गरे तापनि त्यसले अपेक्षाकृत सफलता हासिल गर्न सकिरहेको छैन ।

## संयुक्त कारवाहीका सफलता र असफलताहरू

पार्टी यूनिटीले विगतका संघर्षहरुका सफलता र असफलताहरुबाट पाठ सिकेर अगाडि बढ्ने जमर्को गरेको भए त्यस्ता शिक्षाप्रद र उदाहरणीय संघर्षहरुको कुनै कमी थिएन । यसको एउटा ज्वलन्त उदाहरण हो- २१ मे, १९८६ मा पार्टी युनिटी र लिवरेशन गूटका सशस्त्र दस्ताहरुले जमीन्दारहरुका विरुद्ध गरेको संयुक्त सैनिक कारवाही ।

१३ मे, १९८६ का दिन मजदूर किसान संग्राम समितिका एक स्थानीय कार्यकर्ता र शिवनान गाउँका अर्जुन पाण्डेयको हत्या गर्ने काम विन्दूसिंह र कौशल सिंह नामक जमीन्दारहरुको गुण्डावाहिनीले गऱ्यो । त्यो वाहिनी इन्दिरा कांग्रेसको राज्यसभा सदस्य 'किंग' महेन्द्र, ब्रम्हर्षि सेनाका नाइके कृष्ण सिंह र इन्दिरा कांग्रेसकै नेता जगदीश शर्माको सम्पर्कमा थियो । उक्त हत्यांबाट उत्साहित भएर २१ मेका दिन विन्दू सिंहको गिरोहका तीन जना सशस्त्र गुण्डाहरुले जहनावादको दौलतपुरका हडतालरत खेतीहर मजदूरहरुलाई अपहरण गर्न खोजे । त्यसबेला त्यस गाउँमा बसिरहेको लिवरेशन गुटको एउटा दस्ताले तिनीहरुमाथि आक्रमण गऱ्यो । यो अप्रत्याशित आक्रमणले गर्दा भाग्नु परेका ती गुण्डाहरु केही समयपछि नै अरु केही सशस्त्र गुण्डाहरुसहित कौशल सिंहको नेतृत्वमा त्यहाँ फर्केर आए ।

ठीक त्यही बेला, पार्टी यूनिटीको एउटा छापामार दस्ता पनि दौलतपुर आइपुगी सकेको थियो । पार्टी यूनिटी र लिवरेशन गूटका दुवै छापामार दस्ताहरुले आपसमा मिलेर कौशल सिंहको गुण्डावाहिनीको सामना गर्ने निश्चय गरे । उनीहरुले राम्ररी योजना बनाएर कौशल सिंहको गिरोहलाई घेराउमा पारे । आत्मसमर्पण गर्नका लागि चेतावनी दिंदा दिंदै फायरिङ हुन थालेपछि कौशल सिंहका ५ जना गुण्डाहरु भुटिए, उनीहरुका राइफलहरु लुटिए ।

यसरी दुईवटा नक्सलवादी गूटका छापामार दस्ताहरुले संयुक्त कारवाही गरेर सफलता हासिल गरेको घटनाले राष्ट्रिय स्तरमा चर्चा पायो । स्मरणीय छ, केन्द्रीय सरकारले 'टास्क फोर्स रणनीति'अन्तर्गत नक्सलवादीहरुलाई दमन गर्न थालेपछि ती दुवै समूहले मिलेर आपसमा २० हजारभन्दा बढी जनताको सहभागितामा संयुक्त ऱ्याली र आमसभा गरिसकेका थिए ! पहिलो पटक दुइवटा महत्वपूर्ण गुटहरुका वन्दूकहरुले एकसाथ एक अर्कालाई मद्दत दिएर शत्रुलाई हराएको देखेर नक्सलवादीहरुले आशा गरे, अब पार्टी युनिटी र लिवरेशन गूटले आपसी मतभेद भुलेर विहारमा नक्सलवादी आन्दोलनलाई नयाँ गति प्रदान गर्ने छन् ।

तर यो आशा निराशामा परिणत भयो । आं-आफ्नो प्रभाव विस्तारको क्रममा एक आपसमा टक्कर लिने प्रवृत्ति भएका यी दुवै समूहको संयुक्त सशस्त्र कारवाही र संयुक्त जनसंघर्ष अन्ततः आपसी हिंसा र मारकाटसम्ममा झऱ्यो । १९८८ सम्म दुवै गूटको हिंसक टक्करमा १५ जना कार्यकर्ताहरुको ज्यान गइसकेको डरलाग्दो आंकडाले पनि यी दुवै समूहको आपसी होड गर्ने आत्मघाती मानसिकता भएका नेताहरुलाई संवेदनशील पार्न सकिरहेको देखिँदैन र यो होड माओबादी कम्युनिष्ट केन्द्र

**विगत ४ वर्षमा माओवादी कम्युनिष्ट केन्द्रले करीव ८४ जना पिपुल्स वार ग्रुपका समर्थकहरू र नेताहरूको हत्या गरिसकेको छ । त्यसको वदलामा हामीले पनि त्यसका ४५ जनालाई मारिसकेका छौं ।**

(MCC) नाम अर्को उग्रवामपन्थी गूटसंगको टककरसम्ममा विस्तार भएका दृश्यहरुले यदुवंशी शैलीको मारकाटको संझना दिलाउँछन् ।

### एकीकरणको प्रक्रिया

टुटफूट र आरोप प्रत्यारोपकै बीचबाट गुज्रिरहेका असंख्य नक्सलवादी गूटंहरुमध्येका दुईवटा समूहहरु पिपुल्स वार ग्रुप र पार्टी यूनिटीबीच हालै पार्टी एकीकरण भएको छ । एउटै रणनीति र कार्यनीति भएका यी दुईवटा समूहहरु १९७० को दशकको पछिल्लो अवधिदेखि एकता र संघर्षका बीचवाट अगाडि वढिरहेका थिए ।

१९८० मा क. सीतारमैयाले पिपुल्स वार ग्रुप निर्माण गर्दाखेरिनै पार्टी यूनिटी समू० र माओवादी कम्युनिष्ट केन्द्र (MCC) यो ग्रुपमा समाहित हुन खोजेका थिए । पछि केही मतभेदका कारण अलग्गिएका यी तीन वटै समूहहरुवीच आपसी अन्तर्क्रिया गर्ने क्रम १९८० को दशकभरिनै चलेको थियो । यसबीच, कहिलेकाहीं निर्माण भएका तिनीहरुका संयुक्त मंचहरु र संयुक्त संघर्षहरुवाट उत्साहित भएका नक्सलवादीहरुले 'लौ अब यी तीनवटै माओवादी समूहहरु एक हुने भए' भनेर पटक पटक प्रचार पनि गरे । १९९४ को मार्चतिर यी तीनवटै भूमिगत संगठनका ५० वटा खुला जनसंगठनहरुको संयुक्त मोर्चा All India People's Resistance Forum (AIPRF) मार्फत् संघर्षहरु शुरु भएपछि पनि तीन पार्टीको एकीकरणको प्रक्रिया तीव्र पार्ने प्रयास भएको थियो ।

यसैवीच, पिपुल्स वार ग्रुप र पार्टी यूनिटीका केन्द्रीय नेताहरुवीच अगष्ट, १९९६ मा सप्ताहव्यापी द्विपक्षीय वार्तापछि पार्टी एकीकरणको कुरो टुंगो लागेको थियो । एकीकृत भएका यी दुवै पार्टीको अबदेखि एउटै नाम हुने छ भाकपा (माले) पिपुल्स वार !

### माओवादी कम्युनिष्ट केन्द्र (MCC) संग संघर्ष र एकता

एकीकृत भाकपा (माले) पिपुल्स वार ग्रुपले माओवादी कम्युनिष्ट केन्द्रसँग पनि पार्टी एकीकरण र आपसी समझदारीको लागि हात मिलाउने घोषणा गरेको छ । क. चारु मजुमदारको नेतृत्वमा नक्सलवादीहरुको पार्टी भाकपा (माले) गठन हुँदा "पार्टी गठनको समय आइनसकेको" तर्क दिंदै नक्सलवादी नेताहरु अमूल्य सेन र कन्हाई चटर्जीले माओवादी कम्युनिष्ट केन्द्र (MCC) वनाएंका थिए । पहिले पश्चिम बंगाल र विहारमा क्रियाशील यो समूह जन संगठन र जन संघर्षमा विश्वास नगर्ने खालको भएकोले अचेल विहारका केही भूभागमा मात्रै सक्रिय छ ।

भूमिगत रुपमा सशस्त्र संघर्ष गर्ने अठोटसाथ क्रियाशील यो समूह र विहारको अर्को नक्सलवादी समूह पार्टी यूनिटीबीच रणनीति र कार्यनीतिमा धेरै जसो समानता छ, तर पनि आपसी संघर्ष र टक्कर वाटोवाट अगाडि बढिरहेका यी दुवै समूहको सशस्त्र टकरावले गर्दा सयौं नक्सलवादीहरुले ज्यान गुमाइसकेका छन् । यसवाट नक्सलवादी आन्दोलन स्वयंको पनि ज्यान गइरहेको छ ।

पार्टी एकीकरणपछि एउटा भूमिगत पत्रकार सम्मेलनमा बोल्दै भाकपा (माले) पिपुल्स वारका विहार सचिव श्रवणले स्पष्ट रुपमा स्वीकारेका छन्- 'विगत ४ वर्षमा माओवादी कम्युनिष्ट केन्द्रले करीव ८४ जना पिपुल्स वार ग्रुपका समर्थकहरु र नेताहरुको हत्या गरिसकेको छ । त्यसको वदलामा हामीले पनि ४५ जना माओवादी कम्युनिष्ट केन्द्रका कार्यकर्ता र समर्थकहरुलाई मारिसकेका छौं । रणवीर सेनातिर सोझिनु पर्ने MCC को बन्दूकले हामीमाथि निशाना लगाइरहेको छ । *-यस सम्वन्धी थप रिपोर्ट मूल्यांकनको पूर्णांक ४१ मा हेर्नुहोस् ।)*

उनले MCC संग मिलेर जमीन्दारहरुको नयाँ गुण्डावाहिनी रणवीर सेनाका विरुद्ध संयुक्त सशस्त्र कारवाही चलाउनका लागि अपील गर्दै घोषणा गरेको छ- 'हामी रणवीर सेनालाई भोजपुरमै गाड्नेछौं । आज हामी यो संकल्प फेरि फेरि दोहोऱ्याउने छौं ।'


पार्टी युनिटी र पिपुल्स वार ग्रुपको पार्टी एकीकरण, माओवादी कम्युनिष्ट केन्द्र (MCC) संग हातेमालो गर्ने आह्वान र रणवीर सेनाविरुद्ध युद्धघोषले नक्सलवादी क्षेत्रमा एउटा नयाँ हलचल शुरु गरेको आभाष भइरहेको छ । भारतीय पूँजीवादी अखरवारहरुले यो एकीकरणवाट मध्य र दक्षिण विहारको वातावरण गरम हुने अनुमान गरेको छ । पिपुल्स वार ग्रुपले MCC संग पनि एकताको हात वढाएको स्थितिमा विहारको नक्सलवादी आन्दोलनले फेरि एक पटक थप हिंसात्मक रुप लिने अनुमान गरिएको छ । विहारमा कार्यरत माओवादी कम्युनिष्ट केन्द्र, भाकपा (माले), लिवरेशन समूह र एकीकृत पिपुल्स वार ग्रुपले आपसमा एकता, संघर्ष र एकताको नीतिद्वारा अगाडि बढ्ने नीति नलिई पहिले जस्तै संघर्ष-संघर्ष-संघर्षको नीति नै अख्तियार गरिरहेमा यो एकताले यदुवंशी शैलीको आत्मघाती कामलाई बढावा दिने काम पनि हुन सक्ने संभावनालाई नकार्न सकिंदैन । आशा गरौं यस्तो आत्मघाती दुर्घटनाबाट उनीहरु बच्न सकून !

◆ राजेन्द्र महर्जन



# भोक र टेलिभिजन

◆ मीनबहादुर विष्ट



०४६ सालसम्म सक्रिय लेखनमा संलग्न प्रखर कवि मीनबहादुर विष्टले ८-९ वर्षको अन्तरालपछि पुन: कविता सृजना गर्न थाल्नु भएको छ । प्रस्तुत छ, उहाँका दुई कविताहरु-

भोकको आगोमा
जलिरहेका
मानिसहरुको क्लोज अप देखाउँदै
टेलिभिजनमा जब समाचार आउँछ
दिनभर
देश चलाएर घर फर्केकाहरु
ककटेल
मिटबल र रोष्टेड चिकेनसंग
भोकका रंगीन तस्वीरहरु हेर्छन्
टेलिभिजनको पर्दामा !
साक्षात्
कहिल्यै नदेखेको भोक
आफ्नै आँखाले
आफ्नै बैठक कोठाको
सोफामाथि बसेर
धेरै नजीकबाट हेर्छन्
भोकका समाचार र रिपोर्टहरु सुन्छन्
र त्यो सुन्दर फोटोग्राफी
र सन्तुलित कभरेको
प्रशंसा गर्दै
मानिसहरुका
काला, कुप्रा, डढेका र
कुच्चिएका
जीउहरु
धेरै बेरसम्म हेर्न नसकी
च्यानल फेर्छन्
र अर्धनग्न
सुकोमल सुकुमारीको
नृत्य हेर्दै
झुम्न थाल्छन् ।
❑

*-साभार: 'गरिमा'*

# छतमा बसेको मान्छे



छतमा बसेको मान्छे
आफूभन्दा तल
धेरै तल
पृथ्वीमा बसिरहेका
मानिसहरूलाई हेर्छ
र देख्छ-
केवल साना, मसिना
पृथ्वीमा खिइँदै गरेका
भुसुना जस्ता
मानिसहरू !


छतमा बसेको मान्छे
आकाशतर्फ हेर्छ
संसारका धेरै मानिसहरूभन्दा माथि, धेरै
माथि
पाउँछ आफूलाई आकाशको नजीक
र, आफ्नो उच्चताको स्वाद लिँदै
थुक्छ
तल भुइँमा
खन्याउँदै आफ्नो सम्पूर्ण फोहोर
मानिसहरूमाथि !

हामीहरू केही मानिसहरूलाई छतमा
पठाउँछौं
र, तल बसेर
तिनीहरूले गरेका
फोहोर सफा गर्छौं !
❑

*साभार: 'विकास'*

# मेरो घरको इतिहास

◆ क. निर्मल लामा



म आजभोलि एक शान्दार विल्डिङ्गमा बसिरहेको छु । यो विल्डिङ्ग कसरी बन्यो भनेर भन्ने क्रममा मलाई मेरो घरकै इतिहास बताउन मन लागिरहेछ ।

मैले एउटा लेख लेखेको छु, जुन प्रकाशित भइसकेको छैन । अहिले म त्यसलाई परिमार्जित गरेर प्रकाशित गर्न खोजिरहेको छु । त्यसमा मैले के लेखेको छु भने, एउटा नयाँ नाइट बस अलि दिनपछि त्यो "डे बस" हुन्छ, फेरि अलि दिनपछि त्यो लोकल बस हुन्छ, अलि दिन बादमा त्यो थोत्रिएर फ्याँकिन्छ ।

त्यस्तै मलाई के लाग्यो भने, मेरो घरको विकास कसरी भयो भन्ने कुरा मैले बताउनु पर्छ ।

म दार्जिलिङ्ग जिल्लाको खरसाङ्ग सब डिभिजनको काफीवारी भन्ने गाउँको गोदामघरमा जन्मैं, १९८६ सालको माघ १ गते । त्यतिखेर हाम्रो परिवार १४-१५ जनाको थियो । आमाबुबा लगायत मेरा फुपूहरु, मेरा काकाहरु, बाजे बज्यै, मेरो परिवारमा थिए ।

पछि मेरो बाले छोटास्प्रिङ्ग भन्ने ठाउँमा "राइटर" को काम पाए । "राइटर" भनेको यहाँको नेपालको स्तर अनुसार बहिदार तह हो । अनि, हामीहरु त्यहाँ गयौं, गएछौं- पछि मलाई आमाले बताउनु भयो । हामीले त्यहाँ बहुत दुःख पायौं ।

त्यतिबेला हामी 'बुद्धिमान बाबु' भन्ने मान्छेको घरमा सानो टुक्रा कोठा बारेर बस्याथ्यौं । हामीहरु त्यहीं खान्थ्यौं, त्यहीं बस्थ्यौं, त्यहीं सुत्थ्यौं सबै कुरो एउटै सानो कोठामा हुन्थ्यो । अनि त्यसपछि त्यसको बाहिरपट्टि हामी अलि ठूला भए पछि मेरा दाइ र मैले एउटा सानो छाप्रो बनायौं । त्यो छाप्रो माथि "भार" बनायौं । अनि त्यहाँ एकजना मान्छे छिर्ने एउटा सानो प्वाल बनायौं । त्यस माथि गएर हामी दाइ र भाइ सुत्थ्यौं । त्यसको बादमा हामीहरु एउटा यस्तो ठाउँमा पुग्यौं, जुन घरको नाम धोबीघर थियो, अंग्रेजहरुको लुगा धुने धोबी बस्ने घर । त्यो धोबीघरलाई सरसजावट गरेर हामी बस्यौं । त्यसपछि खर्स्याङ्गको मन्टिविट रोडको दुई नम्बर कोठी, त्यहाँको भाषामा कोठी भनेको बङ्गला हो, मा बस्ने मल्रोमी भन्ने एक अंग्रेजले मेरो बुबालाई माली बनायो । अनि उसले हामीलाई उसको सर्भेन्ट क्वाटरमा ठाउँ दियो । त्यो सर्भेन्ट क्वाटरमा हामी बस्यौं । त्यस सर्भेन्ट क्वाटरलाई पनि हामीले हाम्रो बुता र क्षमता अनुसार राम्रो बनाएर बस्यौं ।

त्यसैबेलामा भारत स्वतन्त्र भयो । त्यो अंग्रेज मल्रोमी अष्ट्रेलिया जाने भयो । त्यतिबेला उसले हामीलाई त्यो पहिले हामी बसेको धोवीघर किनीदिन्छु भनेको थियो । तर किनीदिएन । हामीहरु बहुत दुःख पाएर त्यही धोबी घरमा बस्यौं । पछि त्यो धोवीघरको पनि आधा अर्कोले लियो । त्यो पनि पछि एउटा कुनै बङ्गालीले किनेर हामीलाई सुकुम्बासी बनाइदियो । यसरी हाम्रो घरको इतिहास अघि बढ्यो ।

**मेरा ६ वटा भाइहरू र एउटा दाइ गरी हामी आठभाइ थियौं । ६ जना भाइहरूलाई पढाउने कि मैले पढ्ने भन्ने समस्या जन्म्यो ।**

त्यसको बादमा मैले आठ क्लास पास गरें । त्यसपछि एउटा समस्या आइपर्‍यो । मेरा ६ वटा भाइहरु र एउटा दाइ गरी हामी आठभाइ थियौं । ६ जना भाइहरुलाई पढाउने कि मैले पढ्ने भन्ने समस्या जन्म्यो । मलाई मेरा धेरै नातेदारहरुले इण्डियन आर्मीमा वा मलायामा जाने सल्लाह दिए । तर, त्यतिबेला मसँग अलिकति मार्क्सबादी ज्ञान भएकोले मैले त्यो सल्लाह पटक्कै मानिनँ ।

त्यसपछि मेरो एउटा सहपाठी डोनाल्स ग्राङडङ भन्नेले मलाई विराटनगर बोलायो र म त्यहाँ गएँ ।

डोनाल्स ग्राङडङ बर्माको थियो र उसको भिनाजु विराटनगरमा भएकोले ऊ त्यहाँ आवतजावत गरिरहन्थ्यो । विराटनगरमा अर्को एकजना साथी बलबहादुर राई भन्ने मान्छे थियो । ऊ नेपाल प्रजातन्त्र कांग्रेसमा लागेको रहेछ ।

क. निर्मल लामा नेपाली कम्युनिष्ट आन्दोलनमा परिचय गराई राख्नुपर्ने नाम होइन । दार्जिलिङ्गमा जन्मेर पनि २००७ सालदेखि नै नेपालको क्रान्तिकारी प्रक्रियामा आफूलाई समर्पित गर्दै आउनु भएका व्यक्तित्व हुनुहुन्छ उहाँ । मार्क्सवादी शिक्षाबाट प्रभावित भएर पनि राणा शासनको अन्त्यको लागि नेपाली कांग्रेसको कार्यकर्ताको रुपमा रही त्यतिखेर फौजी गतिविधिमा संलग्न भएर पश्चिमका विभिन्न क्षेत्रहरु कब्जा गर्न हिंड्न पुगेका क.निर्मल लामा २००८ सालदेखि कम्युनिष्ट बन्नुभयो ।

२०१७ सालमा सैनिक "कू" बाट तानाशाही पंचायती व्यवस्थालाई भित्र्याइएपछि जेल पर्नु भएका क. निर्मल लामा २०२७ सालमा मात्र जेलमुक्त हुनु भयो । २०३१ सालमा नेकपा (चौम) को गठन भएपछि उहाँ शुरुदेखि नै त्यस पाटीको महत्वपूर्ण नेता बन्नुभयो ।

क. मोहन विक्रम सिंह र क. निर्मल लामाले नेतृत्व गर्नु भएको नेकपा (चौम) २०३९ सालमा नफुट्दासम्म देशको सबभन्दा ठूलो र शक्तिशाली कम्युनिष्ट पार्टी त्यही थियो । तर, २०३९ सालमा त्यो पार्टी बहुमत र अल्पमतको नाममा दुई फ्याक हुन पुग्यो । बहुमतको पार्टी नेकपा (मसाल) लाई क. मोहनविक्रम सिंहले नेतृत्व दिनु भयो भने अल्पमतको पार्टी नेकपा (चौम) लाई क. निर्मल लामाले नेतृत्व दिनुभयो ।

२०४२ सालतिर नेकपा (मसाल) पनि फुट्यो र फुटेर बनेका दुई पार्टीहरु नेकपा (मसाल) लाई क. मोहन विक्रम सिंहले नेतृत्व दिनुभयो भने नेकपा (मशाल) लाई क.प्रचण्ड र क. किरणले नेतृत्व दिनुभयो ।

२०४६ सालको जन आन्दोलनमा नेकपा (चौम) संयुक्त वाममोर्चामा सामेल भई जन आन्दोलनको एक महत्वपूर्ण घटकको रुपमा देखापर्‍यो भने नेकपा (मसाल) र नेकपा (मशाल) ले संयुक्त राष्ट्रिय जन आन्दोलनको नामबाट अर्कै मोर्चा बनाएर क. शम्भुरामको कम्युनिष्ट लीग र क. कृष्णदासको ने.मा.ले.मा. सँग समेत मिली ०४६ सालको जन आन्दोलनमा भाग लिए ।

२०४७ सालमा नेकपा (मशाल), नेकपा (चौम) र सर्वहारा श्रमिक संगठनबीच पार्टी एकता भयो र नेकपा (एकता केन्द्र) को जन्म भयो । तर, यो एकता धेरै समयसम्म टिकेन । २०५१ सालमा एकता केन्द्र पुनः फुटेर नेकपा (मशाल) र नेकपा (एकता केन्द्र) पार्टीहरु बने । नेकपा (मशाल)ले पछि नेकपा (माओवादी) भनेर आफ्नो नाम परिवर्तन गर्‍यो र यसले अहिले क. प्रचण्डको नेतृत्वमा विगत तीन वर्षदेखि जनयुद्ध संचालन गरिरहेको छ ।

यतिञ्जेलभित्रमा नेकपा (एकता केन्द्र) भित्र विभिन्न हेरफेरहरु भए । हिजोसम्म क. निर्मल लामाले नेतृत्व दिंदै आउनु भएको नेकपा (एकता केन्द्र) को नेतृत्व हाल क. प्रकाशले गरिरहनु भएको छ ।

हाल ६९ वर्षको वृद्धावस्थामा पुग्नु भएका क. निर्मल लामा नेकपा (एकता केन्द्र) का वरिष्ठ नेता हुनुहुन्छ । वृद्धावस्थाको कारणले शारीरिक अशक्तता व्यहोरिरहनु भएका उहाँ अहिले पार्टी काममा त्यति व्यस्त हुन सक्नु हुन्न ।

आधा शताब्दीसम्म कम्युनिष्ट आन्दोलनमा निरन्तर लागीपरेर एउटा पार्टीको शीर्षस्थ नेता र कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता समेत बन्न पुग्नु भएका क. निर्मल लामा २०४६ सालको जन आन्दोलनपछि बनेको संविधान निर्माण आयोगको सदस्य पनि बन्नुभयो र वर्तमान संविधान निर्माण गर्न उहाँले महत्वपूर्ण योगदान पुर्‍याउनु भयो ।

हाल उहाँ काठमाण्डौ म्हेपीमा आफ्नी श्रीमती सुकन्या वाइबा (प्रसिद्ध साहित्यकार पारिजातकी बहिनी) को घरमा आफ्नो परिवारको साथमा बसिरहनु भएको छ ।

क. निर्मल लामाको अहिलेसम्मको जीवनले सिङ्गो नेपाली कम्युनिष्ट आन्दोलनको विभिन्न आरोह अवरोहहरुलाई आफ्नै सहभागितामा नितान्त नजिकैबाट हेरिसकेको छ । त्यसैले नेपाली कम्युनिष्ट आन्दोलनको सिङ्गो तस्वीर कोर्न उहाँको संस्मरणले महत्वपूर्ण काम गर्न सक्नेछ भन्ने ठानेर हामी यसपल्टदेखि क. निर्मल लामासँग टेपवार्ता गरी उहाँको संस्मरणलाई निरन्तर रुपमा पाठक समक्ष प्रस्तुत गर्दैछौं ।

*- मूल्याङ्कन*

◆ प्रस्तुति : तुल्सीदास महर्जन

साथीले बैंकलाई पैसा तिर्छन् कि तिर्दैनन्, केही थाहा छैन ।. तिरेनन् भने कुनै पनि समयमा यो घर लिलाममा जान सक्छ ।.. ...उनले बेइमानी नै गरे भने त हामी फेरि सुकुम्बासी हुने हुन्छौं ।



डोनाल्सले मलाई चिट्ठीपत्र पठाई नेपालको बारेमा धेरै कुराहरु बतायो । पछि ऊ आर्मीमा काम गरेर कर्णेल भइकन हाल रिटायर्ड भई नेपालगञ्जमा बस्या छ ।

त्यसपछि म धेरै समयसम्म यताउती गर्दै कहाँ कहाँ गएँ र त्यही क्रममा पछि काठमाण्डौंमा आएँ र यहाँ सुकन (सुकन्या) सँग मेरो बिवाह भयो ।

सुकन कमाउपुत्री हुन् । मैले त कहिल्यै कमाइनँ । उनकै कमाइद्वारा हामीले यो जग्गा किन्यौं, ३०००।- रुपियाँ रोपनीमा । यो शायद २७-२८ सालको कुरो होला, म जेलबाट छुटेको लगत्तै । अहिले यो ज़ग्गाको दाम ६५ लाख पुगेको छ । त्यतिखेर यहाँ एउटा पनि घर थिएन । सबै साथीहरु भन्थे मलाई कि, यस्तो मसानघाटमा, बेलुकी स्याल कराउने ठाउँमा पनि त्यति महँगो मोल तिरेर किन जग्गा किनेको ? तर, अहिले हेर्दा राम्रै भएछ ।

पोहर सालसम्म अहिलेको यो बिल्डिङ्ग थिएन । जस्ताको छाना भएको घर मात्र थियो । पोहोर साल केही साथीहरु आएर मलाई एउटा सुझाव दिए । उनीहरुले हामी यो जग्गा, जमीन, घर बन्धकीमा राखेर पैसा लिई ब्यापार गर्छौं र बैंकलाई सयकडा अठार तिरेर पनि तपाईंलाई अर्कै छुट्टै सयकडा दश ब्याज तिर्छौं भने । अहिले यो अट्ठाईस लाखको बन्धकीमा छ । घरमात्र होइन, यो पूरा कम्पाउण्ड नै बन्धकीमा छ ।

तर, साथीले बैंकलाई पैसा तिर्छन् कि तिर्दैनन्, केही थाहा छैन । तिरेनन् भने कुनै पनि समयमा यो घर लिलाममा जान सक्छ । यही कारणले अहिले मलाई राती करीब करीब निद्रा नै लाग्दैन ।

अब भइदियो के भने, ती मान्छे बेइमान चाहिँ होइनन् । उनी काठको ब्यापारी हुन् । उनले साढे तेह्रसय रुपियाँ क्युफीट काठको मोल हुँदा मेरो घर जग्गा बन्धकमा राखेर अट्ठाईस लाख रुपियाँ बैंकबाट लिएर काठको ब्यापार शुरु गरेका थिए । तर, अकस्मात त्यो काठको दाम एक्कासी साढे सातसय क्युफीट हुन पुग्यो । त्यसैले उनी आफैं पनि टाट पल्टे । तैपनि उनले बेइमानी चाहिं गर्दैन भन्ने मलाई विश्वास छ। उनले बेइमानी नै गरे भने त हामी फेरि सुकुम्बासी हुने हुन्छौं ।

तर, म अहिले ती साथीको नाम उल्लेख गर्दिनँ । पछि आवश्यक भएमा शायद मैले ती साथीको नाम पनि लिनु पर्ला ।

ती साथीसँग मेरो घर जग्गा मात्र परेको छैन, लिलामणिको बिल्डिङ्ग पनि उनैसँग परेको छ । म सुन्छु अरु अरुको पनि त्यसरी नै उनीसँग परेको छ रे !

यो बिल्डिङ्ग त्यस हिसाबले बनेको हो ।

ती साथीले बैंकमा ऋण लिएर ब्याज तिरिराखेका छन् कि छैनन्, त्यो पनि मलाई थाहा छैन । लिलामणिकहाँ बैंकबाट दुई तीनचोटि चेतावनी आइसक्यो रे- ब्याज पनि तिरेको छैन, यो के हो भनेर ? तर यहाँ चाहिँ अहिलेसम्म चेतावनी आइसकेको छैन ।

बैंकबाट अट्ठाईस लाख झिक्दा पनि केही जटीलता हुन गयो । अट्ठाईस लाखमध्ये ६ लाख हामीले पाउने र त्यसको ब्याज पनि हामीले नै तिर्ने कुरो भयो । त्यही मुताबिक पहिलो किस्ताको रुपमा तीन लाख लिएर यहींको गुठीको जग्गालाई रैकरमा परिणत गर्‍यौं । त्यस काममा पूरा तीनलाख खर्च भइहाल्यो । अर्को तीन लाखले यो घरको तल्ला थप्छु भनेर सोचेको थिएँ, तर मलाई पहिलो तीन लाख चाहिँ दिए, अर्को दिएनन् । उनी मान्छे त बेपत्ता । फोन गर्दानि भेट भएन, भेट्न जाँदा नि भेट भएन । के हो ? के हो ? त्यो स्थितिमा बनेको घर हो यो ।

म कस्तो घरमा जन्मेर कस्तो घरमा हुर्के र आज कस्तो बिल्डिङ्गमा बस्दैछु भनेर मैले जे भनें, त्यो यथार्थ हो । यो स्थितिमा अहिले म यो जुन बिल्डिङ्गमा बसिराखेको छु, यो पनि मेरो हो कि के हो ? मैले भन्न सकिरहेको छुइनँ । ❑

*(क्रमशः)*

## मूल्यांकनको कभरमा छापिएको चित्रबारे निर्मल लामाको प्रतिक्रिया

आजकल विश्वमा कम्युनिष्ट आन्दोलन पछि परेको स्थितिलाई लिएर प्रतिक्रियावादीहरुले प्रगतिशील आन्दोलनलाई बिभिन्न तरिकाले बद्नाम गर्न खोजिराखेका छन् । यसै क्रममा, नेपालको सर्वोत्तम ठानिने मासिक पत्रिका 'मूल्यांकन'ले पनि आफ्नो आवरण पृष्ठमा हँसिया-हथौडा चर्केर भाँच्चिनै लागेको तस्वीर छापेको रहेछ ।

यो कुरा सही हो कि, हाल बिभिन्न देशहरुमा कम्युनिष्ट आन्दोलन पछि परेको छ । तर के मार्क्सवाद पछि परेको हो ? हँसिया-हथौडा चिन्ह त मार्क्सवादको सारतत्व हो । केही देशहरुमा त्यहाँको शासन पद्धति असफल भयो भन्दैमा हँसिया हथौडा चर्कन्छ र भाँचिन्छ ? यो मार्क्सवादको कस्तो ज्ञान हो ?

मार्क्सवाद भनेको त समाज विकासको वस्तुगत धारणामा निर्भर गरेको छ । मार्क्स, एंगेल्सको दिमागले मनोगत रुपमा कल्पना गरेर मार्क्सवादको जन्म भएको हैन । यो त सामन्तवादलाई समाप्त गरेर पूँजीवादको विकास भैरहेको समाजको स्थितिलाई समातेर बैज्ञानिक समाजवादको जन्म भएको स्थिति हो । त्यसैको चिन्हस्वरुप मजदूर वर्गको चिन्ह हथौडा र कृषि मजदूरको चिन्ह स्वरुप हँसियाको प्रादुर्भाव भएको हो ।

यस विषयमा तलमाथि हुन सक्छ । सोभियत रुस टुक्राटुक्रा हुन सक्छ । पूर्वी युरोपीय देशहरु यताउति हुन सक्छन् । चीनमा पनि गोलमाल हुन सक्छ । हँसिया हथौडा कहिले ठूलो हुन सक्छ, कहिले सानो हुन सक्छ, तर यो चर्किदैन, यो भाँचिदैन ।

नेपालको कम्युनिष्ट आन्दोलनमा बिभिन्न क्षेत्रमा कम्युनिष्ट भनाउँदाहरु टुक्रिएका छन् । कोही बहुदलीय जनवाद भनेर सरकार कब्जा गरी महल र पजेरोको संस्कृतिमा डुबेका छन् भने, अर्काथरि तुरुन्त हतियार उठाएर जनताभित्रकै मान्छे मारी नयाँ जनवाद स्थापना गर्ने दिवास्वप्नमा डुबेका छन् । यसको अर्थ, हँसिया-हथौडा अथवा साबिक भाषामा भन्ने हो भने, मार्क्सवाद चर्केको छैन, मार्क्सवाद फुटेको छैने । हँसिया-हथौडा कहिल्यै पनि फुट्दैन । केही

**हँसिया हथौडा कहिल्यै चर्कदैन, कहिल्यै भाँचिदैन**

मानिसहरुले हँसिया हथौडालाई साधन बनाएर ब्यक्तिगत स्वार्थपूर्ति गर्न पनि सक्छन् । अर्काथरि मानिसहरुले हँसिया हथौडालाई नै साधन बनाएर आफ्नो मनोगत भावनात्मक आत्मरति पूर्ति गर्न सक्छन् । यस्तो त विश्वभरि भैराखेको नै छ । तरपनि मार्क्सवादको मूलचिन्ह हँसिया हथौडा चर्कन र भाँचिन सक्तैन । मलाई आश्चर्य लागेको छ, 'मूल्यांकन' पूर्णाङ्क ६३ पुष २०५५ को अंकको आवरणपृष्ठमा नै हँसिया हथौडालाई चर्किएको र भाँचिनै लागेको देखाउनुको उद्देश्य के ? कहीं मार्क्सवादप्रतिको प्रतिबद्धता नै भंग भएको त हैन ?

जसरी माओवादीहरुलाई उनीहरुको त्याग तपस्या र बलिदानको लागि सम्मान गर्नुपर्छ, त्यसरी नै मूल्याङ्कनको पनि विचार, बिश्लेषण र निष्कर्षहरुलाई सम्मान गरिन्छ । तर हँसिया हथौडालाई नै 'मूल्याङ्कन'ले चर्काउँछ र भाँच्छ भने त्यो असह्य हुन्छ । हुन सक्छ, नेपालमा कम्युनिस्ट आन्दोलनमा विभिन्न फुट भएकोले हँसिया हथौडा चर्किएकै देखाएर त्यसलाई एकबद्ध गर्न खोजिएको होस्, तर यो तरीका ठीक छैन । यहाँनिर मलाई के भन्न मन लाग्छ भने, ९० सालको भूकम्प नगएको भए आजको नयाँ सडक बन्ने थिएन । तर त्यो नयाँ सडकको स्थल नै नभएको भए भूकम्पले केही गर्दैनथ्यो । त्यस्तै, मार्क्सवादको आधारभूत चिन्ह हँसिया र हथौडा नै चर्कियो र भाँचियो भने फेरि मार्क्सवाद कहाँ रहन्छ ?

तसर्थ, म "मूल्यांकन" का सम्पादकहरुलाई के अनुरोध गर्छु भने, हँसिया हथौडालाई चर्किएको र भाँचिएको देखाइएको तस्वीरको सट्टा सग्लो रुपमा पेश गरियोस्, सानै होस तर सग्लो रुपमा पेश गरियोस् । जस्तो कि, पारिजात र रायनले 'ढुंगाको मूर्ति भाँचेर मेरो हृदयको मूर्ति त कसैले भाँच्न सक्दैन' भने जस्तै हँसिया हथौडा पनि कहिल्यै चर्कदैन, कहिल्यै भाँचिदैन । ❑

# 'सिम्मा' र 'कहाली' पछिको गीतिनाटक बुहारी



शरद पौडेलको लेखन तथा संगीत र हरिकृष्ण दर्शनधारीको निर्देशनमा तयार गरिएको बुहारी गीति-नाटकको दृश्यहरू (माथि र तल)

"सिम्मा" र "कहाली" जस्ता गीतिनाटकहरु प्रस्तुत गरी चर्चित बनेको "इन्द्रेणी सांस्कृतिक समाज" (इसास) ले गत माघ २२ र २३ गते "बुहारी" गीति नाटक प्रस्तुत गऱ्यो। काठमाण्डौंको प्रज्ञाभवनको हलमा प्रस्तुत झण्डै तीन घण्टा लामो उक्त गीति नाटकको तयारी निकै लामो समय अघि देखि हुँदै आएको थियो।

यस गीतिनाटकले नेपाली रंगमंचको क्षेत्रमा नेपाली जनताको जल्दोबल्दो समस्यामा आधारित यथार्थवादी सृजनाको पंक्तिमा आफूलाई पनि उभ्याएको छ। "मुनामदन" को आंशिक जनपक्षीय प्रवृत्तिलाई विगतमा "मालती मंगले" को जनविरोधी प्रवृत्तिले ओझेलमा पारेको इतिहासलाई व्यहोर्दै र चिर्दै "सिम्मा" ले आफ्नो दोस्रो संस्करण २०४६ सालपछि प्रस्तुत गरेको थियो। यसै सिलसिलालाई "फूलबारीको कथा, हवाईको व्यथा", "कहाली" र "ठूली" ले अगाडि बढाए। अहिले "बुहारी" सम्म आइपुग्दा यो सिलसिलाले प्रस्तुतिको परिपक्वता र विषयको विविधताको पक्षमा राम्रो स्तरवृद्धि गरेको देखिएको छ।

"बुहारी" साँच्चै एउटी नेपाली ग्रामिण समाजकी बुहारीको कथामा आधारित छ। लोग्नेले सताउने, पिट्ने र सासूले वचन लगाउने, मानसिक यातना दिने अनि माइतीमा शरण पर्न जाँदा भाउजूले वचन लगाउने तीतो यथार्थ भोग्दै ऊ मर्नु न बाँच्नुको जिन्दगी बाँची रहेकी र निराश भएकी हुन्छे। मास्टरनी नानी र गाउँको कोही कान्छादाइको संझाइ बुझाइपछि "बुहारी" र उसका साथीहरु हाम्रो पुरुष प्रधान समाजमा नारीहरु हेपिनुका कारण र यो हेपाईबाट बच्ने उपायहरु बारे सोच्न थाल्छन्। यो हेपाईका विरुद्ध आफैं उठ्नु पर्छ र समाजका अन्य शोषित पीडितहरुको आन्दोलनसंग आफूलाई जोड्नु पर्छ भन्ने अठोटमा उनीहरु पुग्छन्। यतिमै यो गीतिनाटक समाप्त हुन्छ।

कथानक अत्यन्त क्षीण भए पनि "बुहारी"ले हाम्रो समाजमा पुरुषहरुको हैकमवाद र खराब बानी बेहोराको मारमा परेका बुहारीहरुको अवस्थाको राम्रो चित्र उतारेको छ। पुरुष प्रधान मानसिकता बोकेका सासू र भाउजुहरुले आफैं नारी भएर पनि 'बुहारी' वा नन्द - आमाजु लाई हेलाँ गरेको र सताएको चित्र पनि यसले राम्रोसंग उतारेको छ।

गीतहरुको रचनाशील्प र गायन एवं संगीत निकै राम्रो र खारिएको पाइन्छ। सासूले बोलेको एक ठाउँमा शब्दहरु केही नबुझिने भएको बाहेक गीतहरुको प्रस्तुति राम्रो रहेको पाइन्छ भने दृश्य संयोजन पनि प्रभावकारी देखिन्थ्यो। मंचमै खोला बगेको र झर्ना झरेको दृश्य दुई तीन पटक देखाइयो, यो दृश्य संयोजन निकै आकर्षक देखिन्थ्यो। बगर र जंगलको दृश्य, घर बारीको दृश्य पनि निकै प्रभावकारी देखिन्थे। पर्दा खुल्न पटक्कै ढिलो नगरिनुमा पनि निर्देशकको विशेष खुबी झल्किन्थ्यो। अभिनय प्रायः स्तरीय नै लाग्थ्यो। भेषभूषा ग्रामीण गरीबहरुको जस्तो नदेखिनु र बुहारीका साथीहरुले दुःखको भाव आफूमा राम्ररी उतार्न नसक्नु केही कमजोरीहरु थिए।




समग्रमा, यो गीतिनाटकको मूल कमजोरी भनेको कथालाई सटीक समाधानसम्म पुऱ्याउन नसक्नु नै देखिन्थ्यो। नारीहरुमाथिको उत्पीडन हटाउन नारीहरु आफैले सोच्न र बाटो खोज्न थालौं भन्ने हदसम्ममा नाटक सीमित भएको भए यो थप प्रभावकारी बन्थ्यो। उठौं, लागौं, शोषितहरुको आन्दोलन संग जोडिनु पर्छ भन्ने सन्देश केही अमूर्त लाग्छ। नारीहरुमाथिको उत्पीडन कति सांस्कृतिक समस्या हो र कति वर्गीय समस्या हो? ती दुबैको समाधान कसरी हुन्छ? सुधार र सांस्कृतिक आन्दोलन पनि गर्दै र समग्र समाजकै मुक्ति आन्दोलनमा पनि जोडिंदै नारीहरु संगठित रुपले अगाडि बढ्ने भनेको मूर्त रुपमा कसरी हो? त्यो मूर्त रुप यस गीतिनाटकमा प्रस्तुत हुन सकेन। फलतः दर्शकहरुले "आफैं जाग्नु पर्छ" भन्ने अमूर्त सन्देश मात्र बोकेर घर फर्कनु पर्ने स्थिति रह्यो। लोग्नेको उत्पीडन र सासू भाउजूको उत्पीडन एवं समस्त शोषितहरुमाथिको उत्पीडन कति र कसरी छुट्टाछुट्टै हुन् एवं कति र कसरी एउटै कुराका दुई पक्षहरु हुन्? -यो प्रष्टाप्रष्टि जवाफ दिनमा गीतिनाटक कमजोर देखिन्छ। मास्टरनीदिदी र कान्छादाइ जस्ता पात्रहरुको चरित्र निर्माण पनि कमजोर रहेको छ। अचानक उनीहरुलाई नाटकमा नउतारेर अगाडि बीच बीचमा पनि उनीहरुको उपस्थिति गराइएको भए स्वभाविकता थपिने थियो।

❑ हरिगोविन्द लुईंटेल

# हामी कसरी आदर्शवादी भइरहेका हुन्छौं ?

◆ प्रज्ञानरत्न ◆




हाम्रो कम्युनिष्ट आन्दोलनमा सबैले एक स्वरले आदर्शवादको विरोध गर्छन् । आदर्शवादको परिभाषा सोधियो भने कण्ठस्थ भन्न सक्नेहरु पनि धेरै छन् । तर आदर्शवादको शव्दमा विरोध गर्दैमा कोही आदर्शवादबाट मुक्त भई हाल्दैन । आदर्शवाद एउटा चिन्तन गर्ने ढंगको नाम हो । त्यस्तो चिन्तन गर्ने ढंग हामीसित छ भने हामी शब्दमा आदर्शवादको घोर विरोधी भएर पनि आदर्शवादी भइरहेका हुन्छौं ।

मनगढन्त ढंगले विचार वनाउने, धारणा निर्माण गर्ने ढंगको नाम नै आदर्शवाद हो । आदर्शवादलाई अर्को शब्दमा मनगढन्तवाद भने पनि हुन्छ ।

हामीले बिरामी नै राम्रोसित नजाँचीकन, रोगीको विमारीबारे समग्र र सही सूचना नै प्राप्त नगरीकन होंचपोंचमै ओखती लेख्ने डाक्टर पटक पटक देखेका छौं । त्यो डाक्टरलाई थाहा नहुन सक्छ, आदर्शवाद के हो भनेर, तर उसको होंचपोचमै विचार बनाउने ढंगको नाम नै आदर्शवाद हो । वास्तवमा, आदर्शवाद भनेको हचुवावाद हो ।

देश र समाजबारे गहिरोमा र समग्रतामा खोजीनीति नै नगरीकन हचुवामै समाज परिवर्तनको नीति र कार्यक्रम वनाउनु पनि बिरामी नै राम्रोसित नजाँचीकन प्रेस्क्रीप्शन लेख्नु जस्तै कुरो हो ।

विरामी नै राम्रोसित नजाँचीकन हचुवामै प्रेष्क्रिप्शन लेख्दा गलत ओखती परेर अनाहकमा रोगीको ज्यान जान्छ वा उसको रोग र दुःख कष्ट अरु ज्यादा जटील बन्छ । त्यस्तै, समाज र देशबारे राम्रोसित खोजवीन नगरीकन हचुवामै संघर्ष वा क्रान्तिको नीति, कार्यक्रम अघि सार्दा क्रान्ति खोज्ने वर्गहरुको संघर्ष बीचैमा तुहिन्छ वा जनताले अनावश्यक रुपमा धेरै दुःख कष्ट भोल्नुपर्ने हुन जान्छ । खती ज्यादा, उपलब्धि शून्य वा नगण्य हुन जान्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा अहिले यही भइरहेछ । आधा शताब्दी बितिसकेको छ, नेपालको कम्युनिष्ट आन्दोलन प्रारम्भ भएको । तर यसबीच नेपाली क्रान्तिको प्रेष्क्रिप्शन लेख्ने काम नेपाली समाजका समस्या र रोगहरुको सर्वाङ्ग र राम्रो जाँचपरख नगरीकन नै हुने गरिरहेको छ । हचुवामै मनगढन्त विचारका आधारमा हाम्रा संघर्षका नीति र कार्यक्रम बन्ने गरिरहेछन् । यसले गर्दा नेपाली समाजका समस्याहरु हल हुने दिशातिर होइन, जटिल बन्ने दिशातिर गइरहेछन् । रोगहरु निको हुनेतिर होइन, क्रोनिक बन्ने दिशातिर गइरहेछन् ।

बिरामी सर्वांग जाँचे जस्तो नेपाली समाजलाई समग्रतामा र राम्ररी नजाँचीकन नै जथाभावी र होंचपोंचमा कार्यक्रमको ओखती सिफारिश गर्ने गर्नाले नेपाली समाजले संघर्षमा खती ज्यादा व्यहोर्नु परिरहेछ । उपलब्धि निकै कम मात्र हात लागिरहेछ । क्रान्ति दिशाविहीन भइरहेछ ।

यसको मतलब के हो भने, नेपालको कम्युनिष्ट आन्दोलन शव्दमा आदर्शवादको विरोधी त छ, तर व्यवहारमा यो आदर्शवादले लफ्रक्क भिजेको छ, किनकि मनगढन्त ढंगले विचार र धारणा वनाउने र हचुवामै कदम उठाउने प्रवृत्ति हाम्रो आन्दोलनमा व्याप्त छ । हचुवापन हाम्रो कम्युनिष्ट आन्दोलनको एउटा मुख्य रोग हो ।

"न्याउरी मारी पछुतो" भन्ने कथा हाम्रो समाजमा निकै चल्तीमा छ । वास्तवमा यो कथा आदर्शवाद कसरी हाम्रो घरघरमा हावी छ र आदर्शवादले हाम्रो दैनिक व्यवहारमा र जीवनमा के फरक पार्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो ।

एउटा किसान हुन्छ । उसले आफ्नो घरमा न्याउरीमूसा पालिरहेको हुन्छ । न्याउरीमूसा मालिकप्रति निकै इमान्दार र भरोसिलो हुन्छ । एक दिन किसान खेत जानैपर्ने स्थितिमा हुन्छ, तर घरमा आफ्नो वच्चा हेर्ने मान्छे कोही हुन्न । श्रीमती पनि वन गएकी हुन्छे । किसानले न्याउरीमूसाको जिम्मामा बच्चालाई छोडेर खेत जान्छ । खेतबाट फर्कदा मुखमा रगतै रगत लागेको न्याउरी मुसो बाटैमा भेटिन्छ । किसानलाई शंका हुन्छ कि, न्याउरीमूसोले उसको बच्चालाई त कतै मारेन ? यो शंका सत्य हो कि होइन भन्ने कुरामा राम्ररी खोजवीन नै नगरिकन किसान के टुंगोमा पुग्छ भने, पक्कै पनि न्याउरीमूसाले उसको छोरालाई मारेकै हुनुपर्छ, नत्र न्याउरी मूसो किन रगताम्मे हुन्छ ? किन ऊ बाटोमा भेटिन्छ ? यही धारणा वनाएर उसले न्याउरीमूसालाई एउटा ढुंगाले हिर्काएर ठहरै पारीदिन्छ । तर घरमा आएर हेर्दा के भेटिन्छ भने, वच्चा त सग्लै छ, बस एउटा अत्यन्त विषालु सर्प बच्चाको छेवैमा मारिराखेको छ । वास्तवमा न्याउरीमूसाको मुखको रगत त्यही सर्प मार्दाको रगत रहेछ भन्ने पक्का हुन्छ । किसानलाई अब भारी पछुतो हुन्छ । आफ्नो वच्चालाई वचाउन सर्पलाई मार्ने न्याउरीमूसो आफूले मारेकोमा ऊ पछुताउको आगोमा जल्छ । हाम्रो समाजमा धेरैले भन्दै र सुन्दै आएको यो कथा यति हो ।

यो कथामा किसानको विचार गर्ने ढंग बिल्कुलै हचुवा र मनगढन्त देखिन्छ । उसमा शंका र अनुमानकै भरमा विचार वनाउने र त्यही हचुवा विचारका आधारमा निर्णायक र जोखिमपूर्ण कदम उठाउने प्रवृत्ति देखिन्छ । यही हचुवा प्रवृतिको नाम आदर्शवाद हो ।

हाम्रा घर घरमा आदर्शवाद निकै चर्को मात्रामा हावी छ । अरुसित वोलेको शंकाकै भरमा श्रीमतीलाई नाठो खेलाएको भनेर कुट्ने, छाड्ने र घरबाट निकाल्ने श्रीमानहरु हाम्रो समाजमा छ्यास्छ्यास्ती भेटिन्छन् । छोराछोरीले किन पैसा चोर्‍यो वा किन पढ्नमा मन लाएन भन्ने कारण नै राम्ररी नखोजीकन छोराछोरीलाई पूरै वदमास भएको ठहर्‍याएर निर्दयतापूर्वक कुट्ने बाबुआमाहरु पनि समाजमा थुप्रै छन् । वालकले वारम्वार गृहकार्य किन गरेर ल्याएन, पढ्नमा किन मन दिएन भन्ने

**छोराछोरीले किन पैसा चोर्‍यो वा किन पढ्नमा मन लाएन भन्ने कारण नै राम्ररी नखोजीकन छोराछोरीलाई पूरै वदमास भएको ठहर्‍याएर निर्दयतापूर्वक कुट्ने बाबुआमाहरू पनि समाजमा थुप्रै छन् ।**

**विचार वनाउनुअघि सत्यको गहिराई खोज्नु, वास्तविक कारण खोज्नु भनेको आदर्शवादको निम्ति वाहियात कुरो हो ।**

कुराको वास्तविकता नखोतलीकन हचुवामै वालकलाई वेस्सरी पिटेर तह लाउन खोज्ने शिक्षकहरु पनि हाम्रो समाजमा अनगिन्ती छन् । यी सबै विचार वनाउने आदर्शवादी ढंगको एक से एक उदाहरणहरु हुन् ।

हरेक समस्याको वास्तविक कारण थाहा पाउन खोज्नु र कारण थाहा पाएर मात्र कदम चाल्नु भौतिकवादी ढंग हो । यो नै हामीले अप्नाउनु पर्ने बैज्ञानिक ढंग हो । तर आदर्शवादी ढंग यसको ठीक उल्टो हुन्छ । आदर्शवादको दोष नै यही हो कि, यसले कुनै पनि समस्या र घटनामा त्यसको वास्तविक कारण पत्तो लाउन सिकाउँदैन । यसले सत्यको गहिराइमा जान सिकाउँदैन ।

आदर्शवादले यस्तो किन गर्छ भने आदर्शवादले चेतना, विचार, आत्मा, भाव, जस्ता आत्मिक कुरालाई माउ र प्राथमिक मान्दछ । आदर्शवादका अनुसार मान्छेको विचार आत्मामा आफसे आफ उत्पन्न हुन्छ, त्यसैले यो बाहिरी दुनियाँसित मिल्दोजुल्दो हुनुपर्ने जरुरी नै छैन । वाहिरको भौतिक संसारले आत्मा र विचार पैदा गरेको होइन, वरु आत्मा र विचारले चाहिँ वाहिरी संसार पैदा गरेको हो । त्यसैले, कुनै पनि समस्याको वा घटनाको वास्तविक भौतिक कारण खोज्नु जरुरी नै छैन । आत्मा वा विचार स्वतन्त्र रुपमा आफै अस्तित्वमा रहन्छ । यो बाहिरी दुनियाँको उपज पनि होइन, प्रतिविम्ब पनि होइन । वाहिरी संसार अपरंपार छ, त्यो वुझ्हीनसक्नुको छ, त्यसैले, वुझ्हीनसक्नुको कुरो खोजवीन गर्नमा किन समय फाल्ने ?

आदर्शवादको विचार गर्ने ढंग यस्तो हुने हुनाले विचार वनाउनुअघि सत्यको गहिराई खोज्नु, वास्तविक कारण खोज्नु भनेको आदर्शवादको निम्ति वाहियात कुरो हो । यो सम्भव र जरुरी कुरा नै होइन । संसारमा विचार र आत्मा नै जेठो र माउ हो भन्ने विचारको पनि कारण र माउ किन खोज्ने ? कुनै पनि घटना र समस्याको भौतिक कारण किन खोज्ने ? संसार नै वुझ्हीनसक्नुको छ, अपरंपार छ वा अज्ञेय छ भने कुनै पनि घटनाको वा समस्याको वास्तविक कारण वुझ्नु, थाहा पाउन किन टण्टा गर्ने ? ❑

# प्रगतिशील लेखक संघ साझा संगठन होला कि नहोला ?

यही फागुनभित्रै 'प्रगतिशील लेखक संघ'को राष्ट्रिय सम्मेलन हुनुपर्ने हो । मुलुकमा आम चुनावको सरगर्मीका कारण यो सम्मेलन केही पछि सर्ने प्रवल संभावना रहेको छ । र पनि, यस सम्मेलनबारे हाल प्रगतिशील लेखकहरुबीच र विभिन्न छापाहरुमा चर्चाहरु हुन थालेका छन् ।

विगत सम्मेलनमा नेतृत्वमा "सम्मानजनक सहभागिता नस्वीकारिएको कारण" प्रलेसंघको नेतृत्वमा नरहने निर्णय गरी इसास, कलम, रक्तिम लगायतसंग नजीकका लेखकहरुले कार्यसमिति वहिष्कार गरेपछि एकलौटी रुपमा बनेको बर्तमान प्र.ले.संघको नेतृत्व पंक्तिभित्र पुनः मतभेदहरु देखिने संभावना पैदा भएको छ । ने.क.पा. एमालेको विभाजनका कारण पैदा भएको यो संभावनाले साह्रै नै गतिछाडा परिणाम पैदा गर्ने संभावना पनि रहेको छ भने, संबद्ध सबैको सकारात्मक रबैया रहेमा हालभन्दा निकै राम्रो परिणामको दिशातिर पनि यो जान सक्ने देखिन्छ ।

सबैभन्दा नराम्रो परिणाम भनेको वर्तमान एमाले वा माले गुटले आफ्नो "बहुमत खडा गरी" यसलाई आफ्नो पार्टीको जनवर्गीय संगठनको तहमा झार्ने संभावना हो । केही समयअघि मात्र उत्पीडित दलितहरुको "मुक्ति समाज" लाई एकलौटी पार्न एमाले तम्सेझैं यसले प्रलेसलाई पनि एकलौटी पार्न अगाडि नबढ्ला भन्न सकिने स्थिति छैन । 'साहित्य सन्ध्या' जस्तो संस्थालाई समेत यस पक्षले यस्तै गर्न खोजेको हालैको घटनाले यो आशंकामाथि थप बल पैदा गरेको छ । यसको प्रतिक्रियास्वरुप, मालेले पनि यही रबैया नअप्नाउला भन्न सकिन्न ।

एमाले नजीकका कतिपय व्यक्तिहरुले एमालेको यस्तो फुटपरस्त रबैयाको आफूले पनि आलोचना गरी पार्टीलाई सही सल्लाह र दवाव प्रदान गर्नुपर्नेमा अरुले गरेको आलोचनालाई समेत नरुचाउने गरेका छन् । र पनि, एमालेलाई तटस्थ भई हेर्नेहरुले भने उसलाई जति नै अप्रिय लागे पनि उसले यो गलत प्रवृत्ति त्यागोस् भनी सुझाव दिनु जरुरी छ । मालेले पनि झोंक र द्वेषवश यही बाटो नहिँडोस् भन्ने सुझाव दिनु जरुरी छ । कारण, मुलुकमा विभिन्न प्रवृत्ति भएका प्रगतिशीलहरुले साँझा बुँदाहरुमा मिलेर काम गर्नुपर्ने आवश्यकता यहाँ बस्तुगत रुपले नै विद्यमान रहेको छ । यसले समूहहरुलाई आ-आफ्ना जनवर्गीय संगठनहरु प्रभावकारी रुपले संचालन गरी "आफ्नो पंक्तिलाई सुदृढ पार्न" बाट रोक्दैन, छेक्दैन । त्यसैले; संबद्ध कसैको लागि पनि साझा मोर्चाहरु मास्ने, भत्काउने काम फाइदाजनक छैन भने समग्र वाम आन्दोलनका लागि त यो निकै हानीकारक नै छ ।

प्रलेस जस्तो न्यूनतम सहमतिका बुँदाहरुमा संगै बसी काम गर्न सकिने फराकिलो मोर्चाबारे "माओवादी जनयुद्ध" समर्थक कतिपय लेखकहरुमा "विशुद्धतावादी" सोच रहेको पाइन्छ । यो संकीर्ण सोचले पनि आन्दोलनलाई हानी पुर्‍याउने उत्तिकै संभावना रहेको छ । आफूले सोचे जस्तै मात्र त आफ्नै संगठनमा मात्रै हुन सक्छ । साझा विषयमा मात्र काम गर्न सकिने संस्थाहरुबाट धेरै कुराको अपेक्षा गर्नु राम्रो होइन । धेरै कुराको अपेक्षा गर्न सकिने अरु खाले साझा मोर्चाहरु पनि बनाउन संभव छ, तर यसको अर्थ, फराकिलो साझा मोर्चालाई नकार्नु जरुरी छैन । यसलाई जोगाउने र सृजनशील क्षेत्रमा क्रियाशील बनाउने कामले ठूलो अर्थ र महत्व राख्ने देखिन्छ ।

यस स्थितिमा, प्रलेसंघको वर्तमान नेतृत्वले विगतमा एकपक्षीय संगठन बन्न पुग्नुमा भएको कमजोरी महसुस गरी अब पुनः सबैलाई यसमा समावेश गराउने रुचि लिनु र पहल गर्नु जरुरी छ । बाहिर रहेका लेखकहरुले पनि आफ्नो व्यक्तिगत वा समूहगत रुचि वा स्वार्थभन्दा माथि उठेर यस संस्थालाई जोगाउन र क्रियाशील पार्न सक्रिय हुनु जरुरी छ । प्रलेस धेरै ठूलो कामकाजी संस्था नभए पनि यो प्रतीकात्मक छाता-संगठन भने अवश्य नै हो । खास खास प्रतिभाहरुको क्रियाशीलताको र योगदानको निम्ति उपयुक्त थलो पनि हो यो । विचार-द्वन्दका माध्यमद्वारा आफूबीचका मतभेदहरुलाई अलग्गै सञ्चालन गर्दै मतैक्यता रहेका काममा मात्र कसरी यो संगठनलाई केन्द्रित गर्ने भन्ने मूर्त र वैज्ञानिक 'संयुक्त मोर्चाको बाटो'को खोजी गर्नु आज हाम्रासामु रहेको महत्वपूर्ण चुनौति हो ।

❑ हरिगोविन्द लुईटेल

## जडसूत्रवाद भनेको के हो ?

संसार हमेशा परिवर्तनशील छ । समय र परिस्थिति लगातार बदलिरहन्छ । एक समयमा उपयुक्त ठहरिएको कुरो अर्को समयमा अनुपयुक्त भइसकेको हुन्छ । एउटा परिस्थितिमा सही भएको कुरो अर्को परिस्थिति सिर्जना हुँनासाथ गलत हुन जान्छ । संसारलाई यसरी हमेशा गतिमा हेर्नु नै द्वन्दवादको एउटा मुख्य सार हो ।

तर जडसूत्रवाद भनेको अद्वन्दवादी चिन्तन प्रक्रिया हो । यसको मुख्य दोष र विशेषता नै के हो भने, गतिशील संसारलाई यसले स्थिरतामा हेर्छ । यसले समय र परिस्थितिको गति र भिन्नतालाई हमेशा हेर्न बिर्सन्छ । कुनै एक समयको सत्यलाई यसले हरेक समयको सत्य भन्ठान्छ । कुनै एक खास परिस्थितिमा सही ठहरिएको विचार र अनुभवलाई यसले सबै परिस्थितिको लागि सही भन्ठान्छ । नामै जडसूत्रवाद । सत्यलाई र ज्ञानलाई जडसूत्र अर्थात स्थिर फर्मुलाको रुपमा लिने सोचलाई नै जडसूत्रवाद भनिन्छ ।

रामले आँप खाँदा उसलाई फाइदा गर्‍यो भने त्यसले श्यामलाई पनि अवश्य फाइदा गर्छ भन्ठान्नु जडसूत्रवाद हो । फाइदा गर्न पनि सक्छ, नगर्न पनि सक्छ । दुवैको शरीरभित्रको समय परिस्थिति उही र उस्तै छ भने फाइदा गर्छ, नत्र विषको काम पनि गर्न सक्छ । राम स्वयम्लाई एउटा खास परिस्थितिमा आँपले फाइदा गर्‍यो भन्दैमा संधैभरि आँपले फाइदा गर्छ भन्ठान्नु पनि जडसूत्रवाद हो । यथार्थ यस्तो हुँदैन । उही रामलाई पेट ठीक भएको वेलामा आँपले फाइदा गर्‍यो भने पेट गडवड भएको समयमा त्यो विष पनि हुन सक्छ । त्यसैले आँप भिटामिनयुक्त फल हुँदैमा त्यसले सबै समय र परिस्थितिमा फाइदा गर्छ भनेर सोच्नु, त्यो कुरोलाई जड वा स्थिर सूत्र बनाउनु जडसूत्रवाद हो ।

जडसूत्रवादको दोष नै यही हो कि, त्यसले व्यक्ति, समाज, प्रकृति र विश्वमा लगातार आइरहेको परिवर्तन र भिन्नतालाई हेर्न जरुरी ठान्दैन, त्यसले एकपाखे ढंगले समानतालाई मात्र जोड दिन्छ । त्यसले समय र परिस्थितिको गतिले गर्दा पैदा भएको विशेषलाई ध्यान दिँदैन । त्यसले एकतर्फी रुपमा सामान्यलाई मात्र जोड दिन्छ । त्यसले शरीर अनुसार लुगा काट्ने होइन, हरेक शरीरलाई उही खालका लुगा फीट हुने कुरा गर्छ । ❑



(कथाकार)

बालक कालमा मेरो गाउँले साथी हरि थियो । ऊ र म निकै मिल्थ्यौं । हाम्रा बा गाउँघरका कहलिएका पण्डित थिए ।

◆ देविका तिमिल्सिना ◆

# झरेको तारा

युवा कथाकार देविका तिमिल्सिनाले लेख्नुभएको एउटा नयाँ कथा यसपटक हामी हाम्रा पाठकहरूसामु प्रस्तुत गर्दैछौं ।
–मूल्याङ्कन

मलाई लाग्छ, काठमाडौंमा सबैभन्दा पहिलो घामको झुल्का हाम्रै गाउँमा पोखिन्छ । हाम्रो गाउँ शहरदेखि पश्चिमतिरको अग्लो ठाउँमा रहेको काँठे बस्ती हो । धेरैजसो गाउँलेहरुको पेशा खेतबारीमा अल्झनु नै हो । जसको खेतबारीबाट खान पुग्दैन, उनीहरु बनीबूतो गर्ने गर्छन् । यहाँ नक्कल प्रशस्त हुने गर्छ र गाउँ शहर बन्ने प्रयास गर्छ तर सँधै असफल हुन्छ । त्यसैले यो ठाउँ गाउँ र शहरको मिश्रित सभ्यता बोकेको ठाउँ हो । यहाँ बिजुली, टेलिफोन, टि.भि., मोटर, मोटरसाइकल सबै आधुनिक उपकरणहरु अहिले देख्न र प्रयोग गर्न पाइन्छ तर अर्कोतिर छुवाछूत छ, जातीपाति छ, आइमाईहरु अति नै उत्पीडित छन् । यस अर्थमा उत्पीडन कि, घाँस दाउरा गर्न जाँदा बलात्कृत हुनु परेका घटनाहरु मार्मिक वेदना भएर लुकेका छन् । यस अर्थमा कि, जाँड रक्सीले आक्रान्त गाउँ रात भएपछि आतंकपूर्ण हुन्छ । त्यस आतंकमा थुप्रै महिलाहरु लुटिनु पर्छ । दुई जीऊकाहरुले पिटाई खाएर गर्भ खसेका मार्मिक व्यथाहरु थुप्रै छन् । त्यसैले यो मेरो गाउँ न शहर जस्तो छ, न गाउँ जस्तो । राणाकालदेखि पंचायत हुँदै वर्तमान प्रजातन्त्रकालसम्म यसको रुप फेरिएको छैन ।

बालक कालमा मेरो गाउँले साथी हरि थियो । ऊ र म निकै मिल्थ्यौं । हाम्रा बा गाउँघरका कहलिएका पण्डित थिए । हाम्रा बाजे-बराजु पनि पण्डित नै थिए । त्यसैले हामीलाई पण्डित खलक भन्छन् गाउँमा । हाम्रा बा बैकुण्ठ शर्मा घिमिरे र मेरो गाउँले साथी हरिका बाउ, दुवै गाउँको ठालु आफैं हुनुपर्ने भावनाले भित्रभित्रै प्रतिस्पर्धा गर्थे । हरिको बाउ अर्थात् केदारमणि उपाध्याय सिंहदरबारका खरिदार भएकाले गाउँका सबै मानिसलाई आफ्ना अगाडि टिक्नै दिँदैनथे । उनी आफूलाई ठालू नै सम्झन्थे ।

मलाई सम्झना भएसम्म हामी अर्थात् हरि र म सात आठ वर्षका हुँदा हौं । गाउँमा एउटा ठूलो हल्लीखल्ली भयो । मैले अनुभूत गरेको पहिलो घटना हो यो जीवनमा । एक दिनको कुरा हो, भोटे बोहोराको छोराले समसाँझै रक्सी खाएर माथ्लाघरे बुहारीलाई घाँसको भारी बोकेर आइरहँदा बाटो छेकेछ । विचरी उमेरमै विधवा भएकी गाउँकी बुहारीलाई त्यसो गर्न आँटिको कुरा केदार खर्दारले देखेछन् । ठोकीहाले बोहोरालाई । हल्लाखल्ला भयो । गाउँलेहरु सबै जुटे । यहाँनिर संयोग भन्ने कि शंका गर्ने, केदार नै किन ती विधुवाका बढी ख्याल गर्छन् ?-कसैले तर्क राखिदिएछ । तर्कमाथि वितर्क हुँदै कुतर्क समेत पस्यो । भनाभन र पोलापोल चल्यो । गाउँमा ठूलो भाँडभैलो भयो । सबैले गाउँमा कुरा फाँडे । बज्यैको हुर्मत बचाउँछु भन्ने सबैको नाम इज्जत लुट्नेको रुपमा काढ्न थालियो । द्वारे, खरिदार, हवल्दार, माटाकोरे थापा, बाँसघरे बोहरा आदि आदिदेखि नामूद पण्डितहरुसम्मको तिथिमितिसहित विभिन्न समयका एकान्तबासका कुरा काटिए । सबैको आँखामा सबैप्रति शंका छ । न गाउँका ठूला ठालूको नियत ठीक छ, न गाउँका चेलीबेटीको इज्जत लुटिएको चर्चा नै ठीक छ । तैपनि मान्छेहरुले मान्छेकै हुर्मत खोले । अब गाउँ सत्यानाशतिर जाने डरले हाम्रा बाउहरुले गाउँको शान राख्न एउटा डरलाग्दो षड्यन्त्र गरेथे रे ! त्यो भनेको माथ्लाघरे जैशीकी बुहारी बोक्सी हो, छौंडा खेलाउँछे, मूल परेकी अलच्छिना हो । गाउँमा हुने अनित्य क्रियाहरु: रुख ठाडै सुक्नु, गाई बाच्छा मर्नु, मान्छेको पेट पोल्नु सबै त्यसैको कारणले भएको हो । यस्तो प्रचारले गाउँ पिटियो र हल्ला गरियो, अब धामी झाँक्री राख्नुपर्छ, डंकिनीलाई गाउँ निकाला गर्नै पर्छ !

यस समय हामी दुवै ओखले पण्डितकोमा रुद्री पढ्न जान्थ्यौं । हरिलाई कस्तो लाग्यो कुन्नि ? म भने भित्रभित्रै पग्लीरहेको थिएँ । बोल्न कसो कसो घाँटीमा अप्ठेरो उत्पन्न भइरहेको लागेथ्यो । एउटी आइमाईलाई कपाल फिंजार्न लगाएर धामी बाले ढ्यांग्रो ठोक्दै धुपौरो अगाडि पछाडि धुवाँउँदै के के भुत्भुताउँदै उफ्री उफ्री खेदिरहेको र ती आइमाई रोइरहेको दृश्य । बाटामा उभिएका आइमाईहरु भन्दै थिए- राँडी भएर नपुगेर अनेक थोक गर्ने, मेरो भैंसीको दूध चुसेर झुम्रो जस्तो बनाएकी, हाम्रो पाठो ठहरै पारेकी, त्यस्तो राम्रो अमलाको बोट खंग्रङ्ग सुकाएकी । आदि आदि भन्दै उनीहरु धारे हात पनि लाउँदै थिए ।

"ठीक भयो ! डंकिनीलाई !" -खर्दानी भन्दै थिइन् ।

"मुखैं गुहू कोचिदिनु पर्ने !" -कसैले भनेको सुनिन्थ्यो ।

त्यसपछि बुहारीलाई भीडले गाउँको खोल्सो कटायो । धामी झाँक्री अन्तिम ढ्यांग्रो ठोकेर सात पल्ट घुमेर नाच्दै फर्के ।

म डिलमा उभिएँ । मनजिकै आएर हरि पनि उभियो र बाहुलामा सिंगान पुछ्यो । मैले हरिलाई हेरें । ऊ पनि मलाई हेरी जिल्ला परिरहेको थियो । सबै मान्छे हाँस्दै गाउँको उकालो लागे । बुहारी खोल्सो पारी नदेखिने भैसकेकी थिइन् । हामी खोल्सोतिर अलिकति ओर्ल्यौं । मलाई लाग्यो, हरिको अनुहार एकदमै रुन्चे रुन्चे जस्तो । म आफैं पनि अप्ठेरो र खालि महसूस गरिरहेको थिएँ । हरिले मतिर हेर्दै भन्यो- 'शिवे ! म त धामी झाँक्री हुन्न । पण्डित बन्छु बुझिस् ?'

मलाई भने हवल्दारको लुगा र जुत्ता खुब मनपर्थ्यो त्यसैले भनिदिएँ- 'के रे ! म त हवल्दार हुन्छु । मलाई कसैले कुट्न सक्दैन । सबैजना डराउँछन् हवल्दार भएपछि !

त्यसदिन हामीले पढ्न पनि परेन । गाउँमा ठूलो जात्रा वा



मेला भैँ त्यो दिन गयो ।

मैले र हरिले अनेक भावना साटेर गाउँको धूलोमा कहिले कुस्ती खेल्दै, डण्डीवियो र गुच्चा खेल्दै रुद्री पढिसक्यौं एक वर्ष लगाएर । मेरा बाले राजगुरु गुहारेर मलाई संस्कृत छात्रावास र संस्कृतप्रधान पाठशालामा भर्ना गरिदिनुभयो । हरिले खोइ कहाँ स्कूल पढ्यो, मैले थाहा पाइनँ । विदामा घर जाँदा कहिलेकहीं भेट हुन्थ्यो तर धेरै कुरा कहिल्यै गर्न पाइएन । मलाई भने पक्कै थाहा थियो- ऊ कुनै सरकारी विद्यालयमा कालीमाटीतिर पढ्छ ।

समयले धेरै कोल्टे फेरेर हामी युवा पुस्तामा प्रवेश गरी क्याम्पस पढ्ने भइसकेका थियौं, तर हरिसंग बालककालको जस्तो पेटभरि कुरा गर्ने मौकै मिलेन । वाल्मिकी क्याम्पसमा म शास्त्रीमा पढ्दै थिएँ । लाग्यो, अंग्रेजी पनि जान्नु पर्छ । अनि त्रिचन्द्र क्याम्पसमा राती डिप्लोमामा भर्ना भएँ । एकतीस साल काटेर बत्तीस साल आयो र त्रिचन्द्रमा हामी आन्दोलनमा थियौं । एकाएक मैले हरिलाई देखें । ऊ विद्यार्थीको मचमा उभिएर बोल्न थाल्यो- "हामी युवाहरुको तागतले यो राष्ट्र त के, विश्व नै बदल्न सक्ने छ । हाम्रो अपार एकता र ऐक्यबद्धताले तानाशाहहरुका दाह्रा नग्रा फालेर विजय हासिल गर्नेछौं । यस राष्ट्रका मुहार फेरेर सामन्तीहरुलाई त्यून पार्न बन्दूक बोक्न पनि तयार छौं । हामीलाइ लाग्छ राजनैतिक शक्ति बन्दूक नउठाइ प्राप्त हुने छैन ।'

मेरो आस्था जनताको जनतान्त्रिक सरकारको स्थापनामा सीमित थियो । म जनताको प्रजातान्त्रिक आन्दोलनको पक्षमा थिएँ । तर हरिको जोश र उमग मलाई अनौठो लाग्यो । मैले उसको पूरै भाषण सुनें । 'अन्त्यमा यस निरकुश पंचायती शासनलाई धराशायी पारेर नयाँ समाजको जग लगाउन सबैजना तयार होऔं' भन्दै उसले आफ्नो मन्तव्य टुग्याएको थियो ।

मेरो कमजोर आर्थिक अवस्थामा पिताजीको असामयिक निधन भयो । मैले सबै पढाइ छोडेर घर परिवार संहाल्नु पर्‍यो । त्यसैले गाउँ फर्केर त्यहींको विद्यालयमा पढाउन थालें । हरि भने विद्यार्थीहरुको ठूलै नेता भयो । उसले भाषणमा भनेका वाक्यहरु गाउँसम्म आइपुग्दा अरुका मुखले भन्नै नहुने कुराहरु समेत आउँथे । खर्दार बाजेको छोरो कम्निष्ट भएछ । ठूलो गाथगादीको कुरो गर्छ रे, भाषणमा समेत डरलाग्दा शब्द बोल्छ रे ! गाउँभरि ऊ कथा-नायक भैं सुनिन थाल्यो । कसैले भन्थे ऊ जेलमा छ । कसैले भन्थे- सरकारले डाँडो कटायो । केही वर्ष हल्लामा नै ऊ हरायो । खर्दार बाजेको परिवारलाई सोध्यो भने 'खोइ काँ छ, काँ छ ?' भन्थे ।

हरिले २०४६ सालमा भूमिगत भएर आफ्नो विचारलाई कायम गर्न सक्यो । प्रजातन्त्रको पुनर्स्थापनापश्चात् उसको पार्टी महत्वपूर्ण पार्टी भयो । उसका नेताहरु राष्ट्रिय नेता भए, मन्त्री भए । ऊ गाउँमा बस्न थाल्यो । उसको घरमा टेलिफोन आयो । ऊ सबैको हाइहाइ भयो ।

कुनै दिन देशमा महानिर्वाचन भयो । हरिप्रसाद उपाध्याय सांसद बन्यो । उसले गाउँमा बाटो बनायो । बाटोकै छेउमा ठूलो बंगला बनायो । रातो एउटा कार बंगलाभित्र छिरायो । अब हरिप्रसाद जनताको भयो । जनता हरिप्रसादका भए । अब उसको नाउँ खर्दार बाजेभन्दा माथि उठ्यो । धनमा धन खोई कसरी थपियो ! अब कामरेड हरिप्रसाद शर्मा देशको उच्च सम्मानित नागरिक बनेको छ । ऊ राष्ट्रको महान् सपूत भएको छ ।

यिनै सपूतहरुले एकदिन आफ्नो पार्टीको बैठक गरे । बैठकमा थेरै खान पाएकाहरुले विद्रोह गरे । खान पाएनौं, हामी छुट्टिन्छौं भन्दै राष्ट्रियताको महान् उत्सर्गका नाउँमा दुई चिरा भए । त्यस चिरामा हरि महान् अनुशासित पार्टी बनाउन कसियो । पहिले गाडी, बगला र डलर खाएकाले फिर्ता गर्ने निर्णय गरियो । कसै कसैले गाडीको साँचो एउटा बुझाए र अर्को साँचोले गाडी चढी नै रहे । यो सबैको रेखदेख र नियन्त्रण गर्ने जिम्मा बोकेको हरि कामरेड पार्टीभित्र जोकर बन्यो ।

**-थुइक्क ! मार्क्सवाद, लेनिनवादको झण्डा उचालेर हामीसंग भोट माग्नेको हविगत !**
**-कमरेड भनेर भोट हालेको त कहाँको सुधारक पो रहेछ !**

उसलाई कसैले टेरेन । ऊ सुस्त भएको देखेर मलाई लाग्यो, यसलाई आड दिऊँ ? अनि मैले विद्यालयमा क्रान्तिकारी नेतासंग विद्यार्थी र शिक्षकहरुको अन्तरक्रिया राखें ।

मैले कार्यक्रमको सचालन गर्दै भनें- 'राष्ट्रवादी नेता कामरेड हरिप्रसादलाई आफ्नो राजनैतिक उकाली ओरालीका अनुभव राखी नयाँ पुस्तालाई प्रेरणाप्रद मन्तव्यका लागि अनुरोध गर्दछु ।' हरिले आफ्ना सम्पूर्ण जीवनको मार्मिक मोड़बारे कुरा राख्दै गयो । अन्त्यमा उसले भन्यो- 'म उग्र सुधारवादी हुँ । म सुधार चाहन्छु । त्यो सुधार यो राजनीतिबाट संभव देख्दिनँ । अब साहित्यबाट जनसेवा गर्छु । त्यसैले म राजनीति छोड्दैछु ।'

विद्यार्थी, शिक्षक, गाउँले लगायत उसका थुप्रै अनुयायीहरु त्यहाँ थिए । उसको भनाइ सकिएपछि प्रश्नोत्तरमा यी प्रश्नहरु उठे- राजनीतिबाट असंभव भएका कुराहरु साहित्यबाट हुन सक्छ ? तपाईं जस्ता क्रान्तिकारीले सुधारको बाटो समाउनु राजनैतिक विचलन होइन ? तपाईं राजनीतिबाट पलायन भइरहनु भएको त होइन ? तपाईं सांसद भएपछि गाडी, बंगला र पेन्सन मासिक रु. तीन हजार पाउने भइहाल्नु भयो, अब जनताको कचकच किन सुन्ने ? आफूलाई पुगीहाल्यो भनेर पन्छिन लाग्नु भएको होइन ? तपाईं पार्टी फुटाउन सही गर्ने र अब नजित्ने देखेर सन्यासको बहाना बनाउने अवसरवादी त होइन ? तपाईं क्रान्तिकारी धारबाट भाग्नु भएको होइन ? आदि आदि ।

उसले नहाँस्नु पर्ने ठाउँमा समेत हाँसेर अन्टसन्ट जवाफ दिइरह्यो । उसले जवाफमा भन्यो- 'यो राजनीतिबाट म थाकें । मेरा खुट्टाहरु लर्खराए । यो राजनीतिबाट समाज परिवर्तन संभव छैन । म मार्क्सवादी होइन, उग्र सुधारवादी हुँ । माफ गर्नोस् म अब राजनीति गर्दिनँ ।'

मानिसहरुले त्यसपछि भीडबाट उग्र प्रतिक्रिया यसरी गरे,

-थुइक्क ! मार्क्सवाद, लेनिनवादको झण्डा उचालेर हामीसग भोट माग्नेको हविगत !

-कमरेड भनेर भोट हालेको त कहाँको सुधारक पो रहेछ !

-कत्रो भ्रम हट्यो आज !

-सक्कली रुप कामरेडले देखाए !

यस्तै यस्तै प्रतिक्रिया जनाउँदै मान्छेहरु उठ्न थाले । मैले हरिलाई हात जोडेर बिदा गरें । मेरा विद्यार्थीहरु मलाई केर्न थाले- सर ! क्रान्तिकारी नेताहरु यस्तै हुन्छन् ? क्रान्तिकारी कम्युनिष्टहरु र सुधारवादीहरु एउटै पार्टीमा हुन्छन् ? के कम्युनिष्टहरु उमेर छँदा मात्र जोशिला हुन्छन् ?

मैले सबै केटाकेटीलाई भने- 'यी सबै कुराहरु किताबमा पढेर र व्यवहारमा परेर जानिन्छ । तिमीहरु अध्ययन गर्दै जाऊ । आफ्नो प्रश्नको उत्तर आफैं पाउने छौं । म राजनीतिज्ञ होइन । त्यसैले यी सबै कुराका जवाफ दिन सक्दिनं ।'

तर मेरो आफ्नै जिज्ञासा भने अधुरै रह्यो । आफ्नो घर आफैंले भत्काउने र त्यसको मर्मत सम्भार नगरी अन्यत्र कुलेलाम ठोक्नेलाई देश र जनताले कसरी बुझ्ने ? मेरो यो जिज्ञासाको जवाफ कोसग मागूं ?

धेरैबेरसम्म अन्तरक्रिया चल्दा साँझ ढलिसकेको थियो । विरक्त मन लाएर बाहिर आएँ र आङ तानें । टाढा पश्चिम क्षितिजबाट एउटा तारा झर्‍यो र बिलायो । ❑

*(चाबहिल, काठमाडौं)*

## दशरथ चन्दसँग उनका साथी रामहरि शर्माले गरेको महत्वपूर्ण कुराकानी संस्मरणको रूपमा ।

*१९९७ सालमा हामीहरु गिरफ्तार भएपछि हामी बन्दीहरुलाई सिंहदरबारको स्कूल घरमा राखिएको थियो । यो स्कूलमा ९वटा कोठाहरु थिए । अघि प्रधानमन्त्री चन्द्रशमशेरले ९ जना छोराहरुलाई पढाउनका लागि यो स्कूल बनाएको रहेछ ।*

*यो स्कूलको पछाडि दक्षिणतर्फ एउटा सानु मैदान थियो र यस मैदानमा सल्लाका ठूला- ठूला रुखहरु थिए । मङ्सिर पुषको जाडोको समय हुनाले हामी बन्दीहरु घाम ताप्न यसै मैदानमा जान थाल्यौं । शुरुशुरुमा त हामीलाई आपसमा भेटघाट कुराकानी गर्न प्रतिबन्ध थियो । तर बिस्तारै यसप्रकारको कड़ाइ खुकुलो हुँदै गयो र हामी आपसमा भेटघाट कुराकानी गर्न थाल्यौं । यस्तै एकदिन घाममा बसेर अमर शहीद दशरथचन्दसँग मेरो कुराकानी भएको थियो । त्यसै कुराकानीको एउटा झलक तल दिएको छ ।*

प्रश्नः रामहरिशर्मा- **आदरणीय चन्दज्यू ! तपाई हरेक कुरामा हामीभन्दा अग्रणी हुनुहुन्छ । तपाई र श्री आचार्यज्यूको नेतृत्व मानेर हामीहरु प्रजापरिषदका सदस्य भयौं । प्रजा-परिषदले निरंकुश राणाशाहीको विरुद्ध संघर्षको थालनी पनि गर्‍यो । चाँडै नै हाम्रो गुप्त सगठनको भेद खुलेर तपाई हामी सबै गिरफ्तार भएर यहाँ यस प्रकारले बसिरहेका छौं । राणाशासकहरु हामीलाई कडा सजायँ गर्नेतर्फ सोचिरहेका छन् । यस्तो स्थितिमा हाम्रो आगामी सोचाइ तथा कार्यक्रम के कस्तो हुनु पर्दछ ? यस विषयमा राम्ररी प्रकाश पारिदिनु हुन्छ कि ?**

*उत्तर: श्रीदशरथचन्द*- प्रिय साथी ! सर्वप्रथम त प्रश्नको लागि म तपाईलाइ धन्यवाद दिन चाहन्छु । कुनै पनि राजनीतिक सगठनका कार्यकर्ताहरुले यस्तो विचार गर्नु नितान्त आवश्यक छ । राजनीतिक जीवनमा यसप्रकारको मारपीट तथा दमनको सामना गर्नुपर्ने कुरा अवश्यम्भावी छ । हामीमध्ये केहीलाई त राणाहरुले निश्चय नै मारिदिन्छन् । मारिने मध्येमा म पर्दछु भन्ने कुरा पनि निश्चितै छ । हामीले बराबर मिटिङ्ग गरेर 'मर्नु परे हाँसीहाँसी

# "क्रान्ति" भन्ने शब्द सुन्नासाथ बहादुर शमशेर पागल जस्तो भयो र मलाई बाँसमा झुण्डाएर कोर्रा लाउने आदेश दियो




◆ शहीद दशरथ चन्द ◆

मर्नेछौं' भनी प्रतिज्ञा पनि गरेका छौं। तथापि, बाँच्नेहरुका लागि कठिन कर्तव्यको बाटो अगाडि छ। प्रजापरिषदको उद्देश्य राणा हुकुमतलाई हटाउनु मात्र होइन, देशमा रहेको सामन्ती व्यवस्थाको उन्मूलन गरी एउटा स्वच्छ प्रजातान्त्रिक समाज खडा गर्नु पनि हाम्रो संस्थाको उद्देश्य हो। यसको निमित्त लामो समयसम्मको संघर्षको जरुरत पर्दछ।

*प्रश्नः रामहरि शर्मा-* **आदरणीय चन्दज्यू ! तपाईंले लामो समयसम्म संघर्ष गर्नुपर्दछ भन्नु भयो। यस प्रकारको लामो समयसम्मको संघर्ष कसले कोसंग गर्ने ? यो कुरा अलि स्पष्ट गरिदिनु हुन्छ कि ?**

*उत्तर - श्री दशरथ चन्द-* प्रिय साथी ! मैले भनेको लामो समयसम्मको संघर्ष शोषित, पीडित र दलित जनताले देशका सबै तहका शोषक सामन्तहरुसंग गर्दछन्। हाम्रो देश त ऐलेसम्म जंगली अवस्थामा छ भने पनि अत्युक्ति हुँदैन। जनतालाई गाँसवास र शिक्षादीक्षाको केही प्रबन्ध छैन। यसले गर्दा जनजागृति हुन सकेको छैन। जनजागृति नभई देशका शोषक सामन्त, ठालु जमीनदारहरुको उत्पीडनबाट देशवासीलाई मुक्त गर्न सकिँदैन। यसैले यो सर्घष लामो समयसम्म हुन्छ भनेर मैले भनेको हुँ।

*प्रश्नः रामहरि शर्मा-* **श्रद्धेय चन्दज्यू ! हाम्रो देशमा विद्यमान राणाहरुको मनपरीतन्त्र सितिमिति हट्ला जस्तो छैन। कदाचित् यसलाई हटाउन सकियो भने यस ठाउँमा प्रजातान्त्रिक परिपाटीको स्थापना गरेर कानूनद्वारा नै यी सबै तहका सामन्तहरुको अन्त गर्न सकिँदैन र ?**



रामहरि शर्मा

*उत्तरः श्री दशरथ चन्द-* बहुतै गाहारो हुन्छ। जनताको आर्थिक तथा शैक्षिकस्तर नउठेसम्म प्रजातान्त्रिक परिपाटीमाथि पनि धनीमानी ठूला-ठालु सामन्तवर्गकै आधिपत्य रहन्छ। अलिकति हावा वद्लिनासाथ उनै सामन्तहरु कोट र टोपी फेरेर प्रजातन्त्रवादी हुन आइपुग्दछन्। भूमिसुधार, जिमीदारी उन्मूलन, बिर्ता बितलब खारेजी संबन्धी सबै प्रकारका कानूनमा यिनीहरु १० औंलाले सहीछाप हाल्दछन्। तर यथार्थमा उनीहरुको पुरानु सामन्ती स्वार्थ अक्षुण्ण रहेको हुन्छ। यसप्रकारका सुधारका कानूनहरुले यथार्थरुप तब मात्र लिन सक्दछन्, जब देशका सर्वसाधारण जनता चेतनशील भएर आफ्नो कानूनप्रदत्त अधिकार उपभोग गर्न सक्ने हुन्छन्।

जनताको आर्थिक तथा शैक्षिकस्तर नउठेसम्म प्रजातान्त्रिक परिपाटीमाथि पनि धनीमानी ठूला-ठालु सामन्तवर्गकै आधिपत्य रहन्छ। अलिकति हावा वद्लिनासाथ उनै सामन्तहरू कोट र टोपी फेरेर प्रजातन्त्रवादी हुन आइपुग्दछन्।

*प्रश्नः रामहरि शर्मा-* **श्रद्धेय चन्दज्यू ! तपाईंलाई, मलाई र हामी प्रजापरिषद्का सबजसो कार्यकर्तालाई थाहा छ कि श्री ५ त्रिभुवनले राणाशासन-विरोधी हाम्रो आन्दोलनलाई समर्थन गरिबक्सेको छ। कदाचित भोलि बदलिएको खण्डमा राजाबाट जनपक्षका लागि गहकिला कदमहरु उठ्न सक्दैनन् र ? यसमा तपाईंको विचार ?**

*उत्तरः श्री दशरथचन्द-* प्रिय साथी ! ऐलेसम्म तपाईं हामीले राजा त्रिभुवनसँग प्रत्यक्ष भेटघाट गर्न पाएका छैनौं तापनि साथी धर्मभक्त र साथी चन्द्रमानमार्फत् हामीले मौसूफका विचारहरु बुझेका छौं। मौसूफलाई राणाहरुले महलबन्दी बनाएर राखेका छन् तापनि मौसूफले विश्व-परिस्थितिको राम्रो अध्ययन गरिबक्सेको छ। नेपाललाई सच्चा प्रजातन्त्रको बाटोमा लगेर राष्ट्रको चौतर्फी विकास गराउने मौसूफको इच्छा छ। तर उहाँका कठिनाइहरु पनि अनेकानेक छन्। हाल हामीहरु अर्थात् प्रजापरिषद्सँगको संबन्ध थाहा पाएर राणाहरुले उहाँमाथि कडा निगरानी राखेका छन् भन्ने सुनिन्छ। १०० वर्षसम्मको यिनीहरुको शासनकालमा राणाहरुले हाम्रो राजपरिवारलाई आफ्नो पारिवारिक जालभित्र पनि पारिसकेका छन्। नजीकको नाता सम्बन्धले पनि ठुलो भूमिका खेल्दछ। श्री ५ त्रिभुवनलाई गोरखामा लगी नजरबन्द राख्नेपनि कुरा राणाहरुले चलाइरहेका छन्। हेरौं, कसो हुन्छ। मेरो भनाइको निचोड के भने, भविष्यमा यदि राजा त्रिभुवनको लाग्यो भने उहाँले देश र जनताको लागि अवश्य पनि केही गरिबक्सिन्छ। यसमा मलाई विश्वास छ।

प्रिय साथी ! हालसालैको एउटा कुरा तपाईंले थाहा पाउनु भएको छ कि छैन। गत मार्ग २८गते अर्थात ९, १० दिनअघि राणाहरुको चार कमान्डिङहरुको इजलासमा श्री ५ त्रिभुवन र मौसूफका तीनै जना छोरा यवराजहरुलाई उपस्थित गराइयो। मौसूफहरुसँग बयान पनि लिइएछ। मेरो पालो बस्ने पारस दलको १ जना सिपाहीले सबै कुरा सुनेको रहेछ। उसलाई पनि राजालाई अपमान गरेको मनपरेको रहेनछ। ऊ भन्दैथ्यो जं. बहादुरशमशेरले दुर्वाच्य बोलेर राजाको अपमान गऱ्यो। यसप्रकार राणाहरु मदोन्मत्त भएर आफ्नै मालिकको पनि अपमान गर्दैछन्। झन् हामी दुनियादाँरलाई त यिनीहरुले के के गर्ने हुन् ? कम्पाउण्डर चन्द्रमानलाई पिट्दा पिट्दा अधमरो गराएको छ। केही दिनअघि बहादुरशमशेरले मलाई पनि चुटेर थला बसालिदियो। मलाई उसको सामुन्ने लगेर भन्यो "लौ भन् हिन्दुस्थानको कुन क्रान्तिकारी दलसँग तेरो साँठगाँठ छ ?" मैले भनें, 'मेरो कसैसँग पनि साँठगाँठ छैन। भारतीय वा अरु कुनै विदेशीको सहयोग लिएर काम गर्ने हाम्रो सिद्धान्त होइन। नेपाली जनतामा विश्वास गरेर नेपालीहरुकै सहयोगले क्रान्ति गर्ने हाम्रो लक्ष्य छ।' "क्रान्ति" भन्ने शब्द सुन्नासाथ बहादुर शमशेर पागल जस्तो भयो र मलाई बाँसमा झुण्डाएर कोर्रा लाउने आदेश दियो। त्यो पिटाइको चोट मेरो शरीरमा ऐलेसम्म पनि छ। यसप्रकार राणाशासकहरु राजा प्रजा दुवैथरिलाई दमन गरेर आफ्नो राक्षसी स्वार्थ अक्षुण्ण राख्ने कोशिशमा छन्। यिनीहरुकै कोशिश सधैं सफल हुन्छ भन्ने कुरा होइन। नियतिले अर्कै कार्यक्रम बनाइसकेको हुन्छ। मैले त अघि नै भनिसकेको छु, मलाई यिनीहरुले जीउँदो छाड्दैनन्। तिमीहरुलाई मारेनन् भने पनि सख्त कारावासको सजाय अवश्य दिन्छन्। बाँचीरहे कारावासबाट छुट्ने सम्भावना पनि हुन्छ। कारामुक्त भयौ भने देशलाई, गरीबी, अशिक्षा र निहित स्वार्थवालाहरुको हतकडी, वेडीबाट मुक्त गराउन इमान्दारीपूर्वक काम गर्दै जाने लक्ष्य तिमीहरुले राख्नुपर्दछ। यही नै मेरो सबै साथीहरुलाई अन्तिम सल्लाह छ। अब धेरैबेर गफ नगरौं, राणाहरुका जल्लाद आठ पहरियाहरुले देखिरहेका छन्, बढी गफ गरे उनीहरुलाई पनि गाल पर्दछ।

❑

*साभारः प्रजा परिषद्को स्मारिका*

# गंगालाल शहीद हुनकै लागि जन्मेका थिए



## शहीद गंगालालका सहकर्मी हरिकृष्ण श्रेष्ठको आँखामा शहीद गंगालाल श्रेष्ठ

*हरिकृष्ण श्रेष्ठ नेपाल प्रजापरिषदको एकजना सदस्य हुनुहुन्छ। उहाँ वि.सं. १९९७ सालमा गंगालाल श्रेष्ठ र गणेशमान सिंह संगसंगै प्रजापरिषदको सदस्य बन्नु भएको थियो र उहाँहरु सँगसँगै पक्राउ पनि पर्नुभएको थियो। शहीद गंगालाल श्रेष्ठको बारे उहाँसँग उहाँकै अफिसमा हामीले केही कुराकानी गरेका थियौं। त्यही कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ।*

**म**, शहीद गंगालाल श्रेष्ठ र गणेशमानलाई शहीद धर्मभक्तले संगसगै नेपाल प्रजापरिषदको सदस्य बनाउनु भएको थियो। त्यतिवेलादेखि नै हाम्रो राजनीतिक जीवन शुरु भएको थियो। हामी यसको सदस्य भएपछि गंगालालसंग मेरो दिनको एकचोटि भेट हुने गर्थ्यो। मसंग भेट हुँदा उनी मसंग या त राणाहरुको अन्याय अत्याचारको बारेमा कुरा गर्ने, या त उनले लेखेका कथा, लघुकथा वा कविता सुनाउने गर्थे। उनले लेखेका रचनाहरु मलाई नसुनाइकन उनलाई चित्त नै बुझ्दैनथ्यो। भात खाइरहेको वेलामा भएपनि आफ्नो रचना सुनाएरै जान्थे। कहिलेकांही त म उनलाई "ठाउँ न थर बुढी बाखीको लहर" भने जस्तो यो के हो भनेर गाली पनि गर्थें। उनको रचनामा अक्सर राणाहरुको अत्याचार र त्यतिबेलाको सामाजिक, आर्थिक तथा देशको परिस्थिति झल्किएको हुन्थ्यो।

उनी एकदमै गम्भीर र सरल स्वभावका थिए। युवा भइकन पनि उनमा कुनै किसिमको उछृंखलता थिएन। बरु म र गणेशमानमा कहिलेकाँही तास खेल्ने, पिकनिक जाने तथा मनोरञ्जन गर्ने प्रवृत्ति थियो। तर उनमा यस्तो प्रवृत्ति थिएन। उनी जहिले पनि देशको परिस्थितिबारे सोच्ने, राणाहरुको अत्याचारी शासन कसरी उखेलेर फाल्ने भन्ने कुरा सोचिरहन्थे, र युवाहरुलाई राणाहरुको अत्याचार र त्यो अत्याचारको अन्त्य कसरी गर्ने भन्नेबारे सचेत पारिरहन्थे। ९७ सालमा प्रजापरिषदको सदस्य भएपछि उनी संगठन वृद्धिको लागि तल्लीन रहे। संगठन वृद्धिको लागि उनी ठाउँ ठाउँमा युवाहरुलाई जम्मा गर्दै भाषण दिने गर्थे। उनी अत्यन्त उत्तरदायी र लगनशील व्यक्ति थिए। उनलाई जिम्मा दिइएको काम रातदिन खटेर भएपनि पूरा गरेर छाड्थे। परिवारमा पनि उनको राम्रो व्यवहार थियो। आमाबाबुले गाली गरेपनि उनी हाँसेरै टारीदिन्थे। तर परिवारप्रतिको दायित्वभन्दा पनि देश प्रतिको दायित्वलाई उनले बढी महत्व दिएका थिए।

उनी खालि प्रजापरिषदको सदस्य भएर मात्रै राणाविरोधी काममा लागीपरेका होइनन्। १९९४ वि.सं. मा शुक्रराज शास्त्रीले खोलेको नेपाल नागरिक अधिकार समितिमा पनि उनी सदस्य भएका थिए। त्यस समितिको तर्फबाट उनले इन्द्रचोकमा जोशिलो भाषण पनि दिएका थिए। काठमाडौं बांगेमुडामा चिनियाँलाल सिंहले खोलेको महावीर स्कूलमा पनि उनी पढाउने गर्थे। त्यहाँ पनि उनले नवयुवाहरुलाई जम्मा गरेर देशको परिस्थिति र राणाहरुको अत्याचारी शासनको बारेमा भाषण दिन्थे। यस्तो स्थितिमा युवाहरुको उत्तरदायित्व के हो, त्यसबारे सम्झाउने गर्थे।

हाम्रो यो राणाविरोधी आन्दोलन पहिलो पटक भएको हुनाले हामीसंग खास परिपक्व योजना थिएन। तैपनि हामीले विभिन्न देशमा भएको क्रान्तिका पुस्तकहरु र जहाँ जहाँ जस जसले देशभक्तिपूर्ण कामहरु गर्थे, उनीहरुबाट हामी प्रभावित हुन्थ्यौं र उनीहरुलाई नै आदर्श मान्थ्यौं। गंगालालले पनि विभिन्न पुस्तकहरु पढ्ने गर्थे। यसैक्रममा उनी लेनिन तथा सुभाषचन्द्र बोसबाट पनि प्रभावित भए। उनी राणाहरुलाई हटाउनका लागि सशस्त्र आन्दोलन नै हुनुपर्छ भन्ने पक्षमा थिए।

गंगालाल निकै क्रान्तिकारी व्यक्ति थिए। उनलाई डर भनेको कहिल्यै लागेन। उनलाई विश्वास थियो कि, उनले देश र जनताको लागि जुन काम गरिरहेका छन्, त्यो ठीक छ। यो काममा उनी लागेपछि लागेको लाग्यै भए। आफुले चालिसकेको पाइलालाई उनले कहिल्यै पछाडि सारेनन्। यो उनमा भएको जन्मसिद्ध क्रान्तिकारी गुण नै थियो।



हरिकृष्ण श्रेष्ठ

गंगालाल एकजना प्रतिभाशाली व्यक्ति हुन्। उनी पछि ठूलो व्यक्ति बन्न सक्छन्, उनलाई राणाहरुको पक्षमा लिन सकियो र उनलाई आफ्नो स्वार्थको लागि प्रयोग गर्न सकियो भने ठूलो हित हुन सक्छ भन्ने कुरा राणाहरुले सोचेका थिए। त्यसैले राणाहरुमध्येमा पनि केही बौद्धिक खालका राणाहरुले गंगालाललाई मृत्युदण्ड दिनु हुँदैन भन्ने कुरा प्रकट गरेका थिए। त्यसैले उनीहरु सकेसम्म गंगालाललाई मृत्युदण्ड नदिने पक्षमा थिए। यो कुरा थाहा पाएर यता दशरथ चन्दले पनि गंगालाललाई एकैछिन पनि नछोडी साथ साथै हिंडाइरहे। दशरथ चन्दको पनि के विश्वास थियो भने, यदि गंगालाललाई राणाहरुले आफ्नो पक्षमा लिए भने, नेपालको क्रान्ति नै डामाडोल हुन पुग्छ। नेपालको राणाविरोधी आन्दोलनमा ठूलो धक्का पुग्न जान्छ। त्यसैले दशरथ चन्दले जहिले पनि गंगालाललाई राणा सामु आत्मसमर्पण नगराउनका लागि उनको साहस बढाई रहे। दुवैजना संगै मर्ने संकल्प गरे। अन्तिम समयमा पनि दशरथ चन्दले गंगालाललाई पहिले गोली हान्न लैगाए।

तर गंगालाल आफैं पनि एक क्रान्तिकारी, निडर तथा कर्तव्यनिष्ठ व्यक्ति थिए। मृत्युदण्ड सुनाइसकेपछि पनि उनको मुहारमा कुनै फरक देखिएको थिएन। माघ ६ गते चारजनालाई मृत्युदण्ड र हामीलाई आजन्मको कैद सजायं सुनाइयो। सजाय सुनाइसकेपछि हामीलाई एकछिन अन्तिम भेटघाट गर्न दिइएको थियो। त्यतिबेला पनि मैले उनमा पहिलेको स्वभाव नै देखें। उनले मलाई पहिलेकै स्वभावले हेरेर भनेका थिए "दाइ, बैनीको विचार गर्नू" यसबाहेक उनले कुनै दुःख लागेको कुरा गरेनन्।


यदि उनले राणासामु आत्मसमपर्ण गर्न चाहेको भए यातना दिएको समयमै आत्मसमर्पण गर्थे। मेरै अगाडि उनलाई ३ जना आठपहरियाले २/३ घण्टासम्म यातना दिएका थिए। यातना पनि यति चर्को दिइएको थियो कि, उनको कंचटको रौं उखेल्नदेखि कहीं कतैको रौ उखेल्नसम्म बाँकी राखेनन्। राणाका आठपहरियाहरुले उनलाई बाँसमा झुण्ड्याएर लगातार कोर्राले हिर्काई रहे। सुरुवाल धुजा धुजा भएर प्लाज्मा देखिन थालिसकेको थियो। तर कोर्राले हान्न छाडेनन्। आठपहरियाहरुले "लौ भन्, संगठनमा को को छन्? यो यो मान्छे पनि संगठनमा छन्, हो कि होइन?" भनेर कोर्रा बर्साइरहे। उनी दुखाई सहन नसकेर ऐया, म मरें, मलाई थाहा छैन, मलाई थाहा छैन भनी चिच्याउँथे। २/३ घण्टापछि उनलाई बाँधेको डोरी फुकाइयो। डोरी फुकाउने वित्तिकै केटाकेटीहरुले चरालाई गुलेलीले हान्दा चरा तल झरे जस्तै उनी पनि पुर्लुक्क तल खसे। मैले दौडेर गएर उनलाई काखमा राखें। तर उनी होसमा थिएनन्। बेहोस भैसकेको गंगालाललाई आठपहरियाहरुले दुई खुट्टा समातेर भेडालाई घिसारे जस्तै घिसारेर लगे। यो दृश्य देखेर एक छिन त म किंकर्तव्यविमूढ भएर हेरिरहें।

यस्तो शासना खाएर पनि गंगालालले आत्मसमर्पण गरेनन्। मलाई लाग्छ, उनी शहीद हुनकै लागि जन्मेका थिए। ❑

*(हरिकृष्ण श्रेष्ठसँगको टेपवार्तामा आधारित)*

**गंगालाल अत्यन्त उत्तरदायी र लगनशील व्यक्ति थिए। उनलाई जिम्मा दिइएको काम रातदिन खटेर भएपनि पूरा गरेर छाड्थे।**

## व्यंग्य




# जनता छाप चप्पल

◆ विमल निभा ◆

रामानन्दबाबु एक ठूलो पार्टीको स्थानीय स्तरका सभापति हुन्। उनको एक निजी चप्पलको कारखाना छ। रामानन्दबाबु आफ्नो पार्टीको प्रजातान्त्रिक सिद्धान्तप्रति पूर्णतया समर्पित छन्। जति निष्ठा उनको प्रजातन्त्रप्रति छ, त्यतिकै चप्पलप्रति पनि छ। उनको जनता छाप चप्पलसँग को अपरिचित छ? हाम्रो शहरको मुख्य चोकमा उनको चप्पल कारखानाको शोरुम अवस्थित छ। जनता चप्पल स्टोर। तल चप्पल पसल छ र माथिल्लो तलामा पार्टीको कार्यालय। जो उनले फ्रीमा पार्टीलाई प्रदान गरेका हुन्। चप्पल पसलको साइनबोर्डमा ठूलो-ठूलो लेटरले सफासँग लेखिएको छ। पार्टी सम्बन्धी कुनै काम छ भने एक तला माथि जानोस्। तर खुसीको कुरो के छ भने माथिसम्म जानु पर्दैन। किनभने, पार्टी कार्यालय धेरैजसो बन्द नै रहने गर्छ। मैनाको एक-दुईदिन छाडेर। जब जिल्ला पार्टीको मिटिङ हुने गर्छ, हामी जस्तो जिज्ञासुहरुलाई कुनै जानकारी हासिल गर्नु छ भने तल चप्पल शोरुममै सोधपुछ गरेर काम चलाउने गर्छौं। राजनैतिक काममा रामानन्दबाबु सदैव हाजिर रहन्छन्। हाम्रा नेता हुन्।

" जय रामजीकी रामानन्द बाबु!"

"जय रामजीकी भैया। भन्नोस्, कति नम्बरको चप्पल दिउँ तपाईलाई?" उनी सदाझैं मुस्कुराउँदै भन्छन्।

"आज चप्पल लिनु छैन।"

"के काम छ?"

"राजनीतिक सरसल्लाह गर्नु छ रामानन्द बाबु।" म छेउको प्लास्टिकको कुर्सीमा बिस्तारै बस्छु, "निर्वाचन आइसकेको छ। राजनैतिक वातावरण तातेको छ। हाम्रो पार्टी पनि चुनावमा छ। सो छलफल गर्नै पर्‍यो। तपाईं हाम्रो नेता रामानन्दबाबु।"

"त्यसो भए के सोध्नु छ, छिटै सोध्नोस्। चप्पलको ग्राहक आउन सक्छ। डिस्टर्ब हुन्छ। तर म जवाफ दिन पछि हट्दिनँ। के गर्ने? पार्टीको नेता हुँ। आफ्नो कर्तव्यको पालना गर्नैपर्छ। केन्द्रले यत्रो विश्वास गरेर जिल्ला सभापति बनाएको छ। सभापति भएपछि सोहीअनुसारको आचरण नगरी भएन" रामानन्दबाबु अनायास गम्भीर हुन्छन्।

"सबै भोटरहरु सोध्छन्, तिम्रो पार्टीको मूल नीति के हो? के जवाफ दिने रामानन्दबाबु?" म वजनदार प्रश्न उपस्थित गर्छु।

"हेर्नोस् भैया, हाम्रो पार्टीको नीति सम्बन्धी आफ्नै धारणा छ। जुनकि, एकदम मौलिक खालको छ। जस्तो मेरो जनता छाप चप्पललाई नै लिनोस्। यो जतिको मौलिक खालको चप्पल हामीकहाँ अरु कुन छ? म यसको लागि असली छाला छिमेकी देश हिन्दुस्तानबाट झिकाउँछु। चप्पलको मेटेरियलमा म सम्झौता गर्न सक्दिनँ। त्यस्तै पार्टीको नीतिमा पनि म सम्झौता गर्ने पक्षमा छैन। नीति, विचार, सिद्धान्त, धारणा आदि त्यही हुनुपर्छ। पार्टीले यसमा विचार गरेको पनि छ। त्यसैले पार्टीको जुन धारण छ, त्यही मेरो पनि हो। यसमा कुनै फरक पर्नु पनि हुन्न। बुझ्नु भयो? सोध्नोस् अरु के सोध्नु छ भैया?"

"पार्टीको धारण के छ रामानन्द-बाबु?"

त्यसैबखत एउटा ग्राहकको पसलमा प्रवेश हुन्छ। मलाई मौन रहन संकेत गरेर रामानन्दबाबु थरिथरिका चप्पलहरु देखाउन थाल्छन्। तर कुनै पनि मन नपराएर ग्राहक बाहिरिन्छ। छरिएका चप्पलहरु र्‍याकमा राखेर रामानन्दबाबु भन्छन्, "अचेलका मानिसहरुलाई चप्पलको कुनै समझ छैन। अब मेरो कारखानाको जनता छाप चप्पल भन्दा कुन चाहिं चप्पल राम्रो छ? तर जनताहरु कुरै बुझ्दैनन्, के गर्ने?" उनी खुइय्य... सुस्केरा काट्छन्, "अँ तपाईको के प्रश्न छ?"

"पार्टीको के धारण छ?" म अघिको प्रश्न दोहोर्‍याउँछु।

"कस्तो धारणा?"

"पार्टीको धारणा रामनन्दबाबु।"

"ए, पार्टीको धारणा! हेर्नोस्, यस सम्बन्धमा तपाईं मेरो पसलको मुनीम अमीन भाईसँग किन सम्पर्क गर्नु हुन्न? उसले तपाईंलाई केन्द्रबाट आएको पार्टी बुलेटीनहरु दिनेछ, त्यसमा सबै प्रस्टसँग लेखिएको छ। हाम्रो पार्टीको केन्द्रिय प्रचार विभागबाट बुलेटीनहरु प्रकाशित भइरहन्छन्। आज पनि थुप्रै पर्चा पोस्टर र पुस्तिकाहरु साझा बसबाट आएका छन्। लिन अमीन भाईलाई पठाएको छ। ऊ मेरो पसलको मुनिम मात्र होइन, हाम्रो पार्टीको जिल्लाको प्रचार हेर्ने पनि हो।"



*व्यंग्यकार*

'मेरो जनता छाप चप्पल जत्तिको मौलिक खालको चप्पल हामीकहाँ अरू कुन छ? म यसको लागि असली छाला छिमेकी देश हिन्दुस्तानबाट झिकाउँछु। चप्पलको मेटेरियलमा म सम्झौता गर्न सक्दिनँ।'

"जिल्ला प्रचारक?" म भन्छु।

"हो, मैले नै पार्टीमा राखिदिएको हुँ। दुवै ठाउँबाट तलब खान्छ। पार्टीको राम्रै प्रचार गरिरहेछ। पार्टीको विचारको प्रचार गरिरहनु पर्छ। जस्तो, म आफ्नो जनता छाप चप्पलको गर्नेगर्छु। मेरो कारखानाको चप्पल यो शहरमा मात्र होइन, जिल्लाभरि प्रसिद्ध छ। अझ देशभरि नैं भने पनि हुन्छ। किनभने यो स्टाण्डर्ड चप्पल हो। छालाको चप्पल। यसमा जति बढि पालिस लाग्छ, त्यति चम्कन्छ।

"रामानन्दबाबु उत्साहपूर्वक भनछन्," म तपाईंलाई दुई वर्षअघिको कुरो सम्झाउँछु भैया। जब हाम्रो केन्द्रिय सभापति यहाँ भ्रमणमा आउनु भएको थियो, मेरो पसलमा पनि सप्रेम पधार्नु भयो। जनता छाप चप्पलको चमक, मजबुती र स्टाइल देखेर उहाँ अति प्रभावित हुनुभयो। हाम्रा पार्टीका वरिष्ठ नेताहरु जनता छाप चप्पल नै मन पराउँछन्। म सबैलाई बराबर उपहारमा पठाई रहन्छु। यो असली चप्पल हो भैया।"

हाम्रो स्थानीय पार्टी सभापति रामानन्दबाबुको उत्तरको भारले थिचिएर म चुप हुन्छु। के गर्ने? उनी नै पार्टीको विचार, नीति र सिद्धान्तको स्थानीय व्याख्याता हुन्। तसर्थ सोध्नै पर्छ। मलाई अवाक् देखेर आफ्नो सदाबहार मुस्कान छर्दै उनी भन्छन्, "सोध्नोस्, अरु के सोध्नु छ भैया?"

"आजको लागि यति नै पर्याप्त छ रामानन्दबाबु। अरु पछि-पछि पनि सोध्नु पर्छ। एकै पटक प्रश्नको स्टक किन समाप्त पार्ने? हुन्न र?" म आत्तिएर भन्छु।

उनी सतुष्ट मुद्रामा भन्छन्, "ठीक छ। ग्राहकहरु आउने बेला पनि भईसक्यो। साँझपख मलाई चप्पल बिक्रीबाट त्यति फुर्सद पनि हुँदैन। तपाई दिउँसोतिर आउनोस् भैया। म कुनै पनि राजनैतिक प्रश्नको जवाफ दिन तयार छु। यही मेरो कर्तव्य हो। जुनकि मलाई मेरो प्रिय पार्टीले सुम्पेको छ। म कर्तव्यपालनबाट किन पछि हटूं? एउटा राजनैतिक व्यक्तिले राजनीति त गर्नैं पर्‍यो। चप्पल बिक्रेता इमान्दारिताका साथ चप्पल बिक्री गर्ने गर्छ। मलाई नै लिनोस्, के म आफ्नो जनता छाप चप्पल बिक्री गर्नबाट के कहिल्यै पछि हटेको छु?"

एकाएक मलाई स्मरण हुन्छ, सानो छोरालाई चप्पल किन्नु छ। म रामानन्दबाबुसंग सानो साइजको चप्पल लिन्छु र पैसा बुझाएर घर फर्कन्छु। हेर्नोस् मेरो दुर्भाग्य! म गएको थिएँ पार्टीको स्थानीय कार्यालय, राजनैतिक विमर्श गर्न र फर्किरहेको छु एक जोडा जनता छाप चप्पल बोकेर। यो के भएको हो? ❑

# मालेॅ-एमालेॅ राप्रपा जतिॅ पनिॅ दूरदर्शी किन हुन सक्दैनन् ?

(१२ पेजको बाँकी)

मित्रहरु चाहिँ जति सक्यो ज्यादा हारुन् भनेर मरिमेट्ने, तर प्रतिक्रियावादीहरु चाहिँ जिते पनि केही छैन भनेर पर्वाह नगर्ने विचार कसरी पैदा हुन संभव छ ? कांग्रेस जस्तो प्रतिक्रियावादी पार्टी संसदीय बहुमतमा जितेको र देशमा हावी भएकोमा वेपर्वाह तब मात्रै हुन संभव छ, जब आफू विल्कुलै बेहोश स्थितिमा हुन्छ वा आफू पनि कांग्रेस जस्तै वर्गमा रुपान्तरित भइसकेको हुन्छ। नत्र कम्युनिष्ट नाम बोकेको प्रत्येक पार्टीले पूँजीवादी ससदीय चुनावमा भाग लिनुको एउटा मुख्य उद्देश्य हुनुपर्छ- ससदमा प्रतिक्रियावादीहरुको संख्या सकेजति ज्यादा घटाउनु, राम्रा र प्रगतिशील मान्छेहरुको संख्या सके जति बढाउनु, राम्रा मान्छे पुऱ्याउन संभव छैन भने कम खराब मान्छे पुऱ्याउनु। तर आधारभूत प्रश्न के हो भने एमाले र मालेका मित्रहरु किन यो उद्देश्य हासिल गर्न मरिमेटी रहनु भएको छैन ? किन उहाँहरु ससदमा वरु अति खराब र प्रतिक्रियावादीहरुको संख्या बढे बढोस्, तर असल वा कम खराब मान्छे चाहिँ कुनै पनि हालतमा नबढून भनेर मरिमेट्दै हुनुहुन्छ ?

यसको दुइटै कारण हुन सक्छ- या त उहाँहरु एक अर्काको द्वेषले गर्दा पुरै मुर्च्छित हुनुहुन्छ या उहाँहरु स्वयको वर्गचरित्रमा आमूल हेरफेर आएको छ। उहाँहरुलाई अब प्रतिक्रियावादीहरु दुश्मन होइन, मित्र लाग्न थालेको छ। आफू स्वयम् भ्रष्ट र प्रतिक्रियावादी भए भने मात्र भ्रष्ट र प्रतिक्रियावादीहरुसित मित्रताभाव पैदा हुन संभव हुन्छ। म एमाले र मालेका मित्रहरु प्रतिक्रियावादी भई सक्नुभयो भन्ने बिन्दुमा पुगिसकेको छुइनँ। तर मभित्र जब्बर प्रश्न भने उठ्न थालेको छ- यो उहाँहरुको मूर्च्छा हो कि वर्ग परिवर्तन ? मूर्च्छा हो भने चीसो पानी छम्के पछि मान्छेमा होश फिर्छ। तर उहाँहरुमा चीसोपानीको कोशी नै ओइऱ्याउँदा पनि किन होश फिरिरहेको छैन ? फेरि नेतृत्व मूर्च्छित छ भने कार्यकर्ताले चीसो पानी छम्कनु पर्ने हो। पार्टी मूर्च्छित छ भने सचेत बुद्धिजीविहरुले होश फिर्ने काम गर्नुपर्ने हो। तर त्यहाँ विशेषत: एमालेमा शिरदेखि पैतालासम्म सबका सब मान्छे किन मूर्च्छित छन् ?

> अहिले संपूर्ण दक्षिण एशियामा विद्यमान नभएको विशिष्ट स्थिति नेपालमा छ: वामपन्थीहरू चुनावमा एक हुनासाथ यहाँ संसदको बहुमत नै वामपन्थीको हातमा सजिलै आउने स्थिति छ।

हाम्रो कामना छ कि एमाले र मालेले वर्ग चरित्र परिवर्तन गर्नाको कारणले यो महाभूल गरिरहेको नहोस्। सिर्फ मूर्च्छाको कारणले यो महाभूल भइरहेको होस् र दुवैको यो मूर्च्छा वेलैमा खुलोस्। हाम्रो अपील छ कि एमाले र मालेले आपसमा तालमेल नगर्ने भन्ने आफ्नो द्वेषपूर्ण निर्णय बदलून्। रा.प्र.पा. पनि त भर्खरै फुटेको हो। उनीहरु चुनावमा आफ्नो प्रतिद्वन्दीलाई र वर्गशत्रुलाई हराउन एक हुन सक्छन् भने माले-एमाले जस्तो वामपन्थी पार्टी रा.प्र.पा. जति पनि दूरदर्शी किन हुन सक्दैनन् ? कांग्रेस पनि त फूटको संघारमै पुगिसकेको पार्टी हो। माले-एमालेलाई र सम्पूर्ण वामपन्थीलाई हराउन उनीहरु एकढिक्का हुन सक्छन् भने वामपन्थीहरु कांग्रेस जत्तिको पनि बुद्धिमान हुन किन सक्दैनन् ?

अहिले वामपन्थी शक्तिको काँधमा गहन दायित्व छ। त्यसमध्ये सबैभन्दा ठूलो पार्टी र शक्ति हुनुको नाताले ज्यादा दायित्व एमाले र मालेको काँधमा छ। त्यो दायित्व के हो भने, अहिले संपूर्ण दक्षिण एशियामा विद्यमान नभएको विशिष्ट स्थिति नेपालमा छ: वामपन्थीहरु चुनावमा एक हुनासाथ यहाँ संसदको बहुमत नै वामपन्थीको हातमा सजिलै आउने स्थिति छ। वामपन्थीहरुले संसदमा सजिलै स्पष्ट बहुमत ल्याएर सरकार गठन गर्न सक्ने र देशमा क्रान्तिमुखी पूँजीवादी प्रजातान्त्रिक सुधार गर्न सकिने स्थिति छ। देशमा साम्राज्यवादी र सामन्तवादी उत्पीडन र शोषण अन्त गर्न ठोस कदम चाल्न सकिने स्थिति छ। तल पार्टीको नेतृत्वमा वर्ग संघर्ष वा जन संघर्ष चलाउने, माथि सरकारबाट त्यो जन संघर्ष वा वर्ग संघर्षलाई त्यसको माग मुताविक प्रजातान्त्रिक सुधारहरुको लर्को लाउने, जनजीवनमा राहत आउने कदमहरु चाल्ने, राष्ट्र स्वाधीन हुने कदमहरु चाल्ने- यस्तो प्रक्रिया अप्नाउन विल्कुलै संभव छ। प्रशासनलाई कम भ्रष्ट, कम ढिलासुस्तीयुक्त, वढी जनमुखी र जनउत्तरदायी पार्नु बिल्कुलै संभव छ।

एउटा साझा न्यूनतम कार्यक्रम बनाएर वामपन्थीहरुले त्यसैका आधारमा तल जगमा संघर्ष पनि चलाउने, माथि सरकारबाट संपूर्ण समाजमा त्यसैको आधारमा प्रजातान्त्रिक सुधार पनि गर्ने अभियान चालेमा अहिलेकै संविधानको सीमाअन्तर्गत निम्न कामहरु गर्न सभव छ :

- *१९५० को भारतसितको शान्ति तथा मैत्री सन्धिको अन्त र अरु सवै असमान सन्धिहरुको अन्त, समानता र पारस्परिक लाभको आधारमा नयाँ सन्धि*
- *नेपाल-भारत सीमा नियन्त्रण गर्ने व्यवस्था*
- *कालापानीबाट भारतीय सेनाको वापसी*
- *भ्रष्टाचार र ढिलासुस्तीयुक्त प्रशासनको अन्त*
- *प्रगतिशील भूमिसुधारको थालनी र कृषिमा सहकारी आन्दोलनको प्रारम्भ*
- *ग्रामीण औद्योगिकीकरण र लघु विद्युतीकरण अभियान*
- *सडक, रेल्वे र रोप-वेको संतुलित किफायती सजालको देशव्यापी विस्तार गर्ने कामको थालनी*
- *बन, जलस्रोत र पर्यटनलाई नेपालको आर्थिक आत्मनिर्भरताको मेरुदण्ड बनाउने प्रक्रियाको थालनी*
- *प्रगतिशील भूमिकर तथा संपति करको प्रारम्भ*
- *विदेशी ऋण घटाउँदै लैजाने प्रक्रियाको थालनी*
- *महिलाहरुलाई पूर्ण समानताको अधिकार र अवसर*
- *एक जाति, एक धर्म, एक भाषा विशेषाधिकारको अन्त।*
- *रोजगारमुखी, वैज्ञानिक, प्रजातान्त्रिक शिक्षा-प्रणालीको प्रारम्भ*, आदि।

यी प्रजातान्त्रिक सुधारका कदमहरु चाल्न वामपन्थीहरुले नेपालका सबै प्रजातान्त्रिक शक्तिलाई एकगठ पार्न सक्छन्। यसो गरेको खण्डमा नेपालको प्रजातान्त्रिक क्रान्ति एक हदसम्म पूर्णतातिर उन्मुख हुनेछ। नेपालमा सामन्तवाद र साम्राज्यवादको उत्पीडन र दवदवा धेरै हदसम्म खत्तम हुनेछ। क्रान्तिको बाटो छोटो हुनेछ। यिनै काम गर्न समेत प्रतिक्रियावादी राज्ययन्त्र र शक्तिहरुले छेकेमा पनि जनतालाई वर्ग सघर्षको व्यवहारिक अनुभवबाटै बल प्रयोगको आवश्यकता छर्लङ्ग हुनेछ।

### टेबिल ५: २०५१ सालको मध्यावधि आम चुनावमा तीन हजारभन्दा कम मतको अन्तरले एमाले जितेका ठाउँहरु

| क्रम संख्या | जिल्ला/ क्षेत्र नं. | मतान्तर | निकतम प्रतिद्वन्दी पार्टी |
|---|---|---|---|
| १ | झापा/५ | २४६३ | ने.का. |
| २ | धनकुटा/१ | २७३७ | रा.प्र.पा |
| ३ | खोटाङ्ग/२ | २६१७ | ने.का. |
| ४ | सिराहा/२ | २४४६ | " |
| ५ | ललितपुर/३ | २०७३ | " |
| ६ | काभ्रे/३ | २०२८ | " |
| ७ | मकवानपुर/३ | २६८४ | रा.प्र.पा |
| ८ | बारा/१ | २४०१ | ने.का |
| ९ | स्याङ्गजा/२ | २५८४ | " |
| १० | गुल्मी/१ | २९१२ | " |
| ११ | नवलपरासी/२ | २९१७ | " |
| १२ | रुपन्देही/२ | २७२१ | " |
| १३ | बाजुरा/१ | १५१० | " |
| १४ | अछाम/२ | २०६४ | " |
| १५ | कञ्चनपुर/१ | २१७१ | " |

*तथ्यांक स्रोत: निर्वाचन आयोग, तथ्यांक विश्लेषण मूल्यांकन*

## के यसो गर्नु नेपालको क्रान्तिको अहितमा हुन्छ ?

नेकपा मसाल, एकता केन्द्र र नेमकिपाका मित्रहरुले के कुरा पुनर्विचार गर्नु जरुरी छ भने, के नयाँ जनवादी क्रान्तिअघि यिनै काम गर्ने उद्देश्य लिएर एउटा कम्युनिष्ट पार्टी सरकारमा जानु गल्ती हुन्छ ? के यसो गर्दा हामी नयाँ जनवादी क्रान्तिअन्तर्गत नै गर्नुपर्ने काम कुरा गरिहेका हुन्नौं ? के क्रान्तिपछि गर्ने भनेर इंगित गरिएको कार्यभारमध्ये क्रान्तिअघि गर्न संभव भएमा त्यो गर्नु गल्ती हुन्छ ?

माओवादी मित्रहरुले पनि यिनै प्रश्न उपर गौर गर्नु जरुरी छ। हिंसाबिना नै गर्न सकिने जनवादी सुधारहरु गर्न के हामीले हिंसाकै सहारा लिनु जरुरी हुन्छ ? यो प्रश्नउपर उहाँहरुले सोच्नु जरुरी छ। आगामी चुनावमा माओवादी मित्रहरुले चाहनु भएमा ९/१० जना भन्दा बढी सांसद सजिलै संसदमा पुऱ्याउन संभव छ। ९/१० जना माओवादी मित्रहरु संसदमा जानु भनेको ९/१० जना प्रतिक्रियावादीहरु संसदमा घट्नु हो। कांग्रेस बहुमतमा नआउन यो कदम थप निर्णायक कदम हुन संभव छ। के कांग्रेसलाई सरकारमा र संसदमा बहुमतमा नल्याउँदा, वामपन्थीहरु वहुमतमा र सरकारमा आउँदा माओवादीहरुलाई पनि तुलनात्मक रुपले बढ्ता सजिलो हुँदैन ? संसदमा आफ्ना ९/१० जना प्रतिनिधि हुँदा दमनविरुद्ध आवाज उठाउन बढ्ता सजिलो पर्दैन ?

यदि सम्पूर्ण वामपन्थीहरुले अहिलेको समय र परिवेशको विशिष्टता वुझेर एकढिक्का भएर अब हुन लागिरहेको संसदीय चुनावलाई प्रयोग गरेमा नेपालको इतिहास नै नयाँ र उन्नत दिशातिर डोरिन संभव छ, सवैलाई चेतना भया। ❑




# अमेरिकी डलरसित पौंठाजोरी खेल्दै नयाँ विश्व मुद्रा यूरो प्रचलनमा

मास्टरिच सन्धिले तय गरे बमोजिम यूरोपेली संघका १५ वटा मुलुकमध्ये ११ वटाले गएको जनवरी महीनाको प्रारम्भदेखि नयाँ विश्व मुद्रा 'यूरो' व्यापारिक प्रचलनमा ल्याएका छन्। सन् १७९२ मा संयुक्त राज्य अमेरिकाले डलरलाई प्रचलनमा ल्याए यताको मुद्रा प्रचलनको विश्व इतिहासमा यूरोको प्रचलन् विश्वस्तरको सवैभन्दा ठूलो मुद्रा प्रचलनको प्रयत्न ठानिएको छ।

यूरोको प्रचलन जनवरी ४ देखि विश्व मुद्रा बजारमा थालिए पनि यूरो मुद्रा र नोट भने अहिल्यै प्रचलनमा ल्याइएको छैन। यो तीन वर्षपछि सन् २००२ देखि मात्र प्रचलनमा ल्याइने योजना छ। त्यतिञ्जेलसम्म 'यूरो' गैर नगद कारोवारमा मात्र प्रचलनमा हुनेछ। जस्तो कि चेक र क्रेडिट कार्डवाट हुने संपूर्ण कारोवारमा, यूरोपसित हुने स्टक र वण्ड व्यापार संवन्धी संपूर्ण कारोवारमा अव उप्रान्त संपूर्ण यूरोपली स्टक र बण्ड व्यापारमा उल्लेख गरिने मुद्रा 'यूरो' हुनेछ। साथै, यूरोपले लेनदेन गर्ने संपूर्ण सरकारी ऋण र अन्य वित्तीय लेनदेन पनि यूरोमा हुनेछ।

यूरोपभरि एउटै मुद्रा यूरो प्रचलनमा ल्याउन सहमत राष्ट्रहरु अहिले अष्ट्रिया, वेल्जियम, फिन्लैण्ड, फ्रान्स, जर्मनी, आयरलैण्ड, इटाली, लक्जेम्वर्ग, नेदरलैण्ड, पोर्चुगल, र स्पेन भएका छन्। संयुक्त अधिराज्य, डेन्मार्क र स्वेडन अहिले यूरोपेली संघमा त छन्, तर यूरोपेली मुद्रा संघ (EMU) मा सामेल छैनन्। ग्रीसले सामेल हुने निर्णय गरेको थियो, तर सामेल हुन पूरा गर्नुपर्ने शर्तहरु पूरा गर्न नसकेकाले ऊ यतिखेर EMU वाट वाहिर बसेको छ। यूरोपेली मुद्रा संघमा ११ वटा मुलुक सामेल भए तापनि यस संघका मूल पहलकर्ता र अगुवा भने जर्मनी र फ्रान्स हुन्। तिनै दुई राष्ट्रको पहलमा साझा यूरोपेली मुद्राको अवधारणा र प्रचलन व्यवहारमा अनुवाद भएको हो।

> यूरोको प्रचलनले विश्वमा डलरको एकलौटी आधिपत्यलाई ठाडो चुनौती दिएको छ।

यूरो अहिले नै डलरपछिको विश्वको दोश्रो ठूलो विश्वमुद्रा भएको छ। यसको प्रचलनले विश्वमा डलरको एकलौटी आधिपत्यलाई ठाडो चुनौती दिएको छ। विश्व मुद्राको रुपमा डलरको प्रयोगलाई यूरोको प्रचलनले काफी मात्रामा घटाई दिने र सीमित पारिदिने लक्षण देखिएको छ। यो संभावना किन टडकारो छ भने, विश्व व्यापारमा अहिले अमेरिकाको हिस्सेदारी १२ प्रतिशत छ, जवकि यूरोपेली संघको ३८ प्रतिशत छ। जनसंख्याकै हिसाबले पनि यूरोपेली मुद्रा संघ मातहतका मुलुकहरुमा २९ करोड मानिसले वसोवास गर्छन्, जवकि अमेरिकी जनसंख्या २६ करोड मात्र छ। विश्वको कुल गार्हस्थ उत्पादन (GDP) मा पनि यूरोपेली राष्ट्रहरुको योगदान २९ प्रतिशत छ, जवकि विश्वको मुख्य आर्थिक महाशक्ति भनिने अमेरिकाको २५ प्रतिशत छ। त्यसैले एउटा साझा मुद्राको रुपमा यूरोको प्रचलनले विश्व वजारमा डलरको एकछत्र प्रभुत्वलाई गम्भीर चुनौती पैदा गरेको छ। स्मरणीय छ, अहिले विश्वको ८३ प्रतिशत विदेशी मुद्राको सट्टा कारोवारमा डलरको प्रयोग हुन्छ।

यतिखेर विश्वका धेरैजसो मुलुकहरुले आफ्नो आधिकारिक विदेशी मुद्राको संचिति डलरमै राख्ने गरिरहेका छन्। डलर यसरी अन्तर्राष्ट्रिय संचितिको लागि सवैभन्दा ज्यादा प्रयोग हुने मुद्रा भएको छ। यसले गर्दा अमेरिकी अर्थतन्त्रलाई मुफ्तमा निकै राम्रो लाभ भइरहेको छ। तर केही दशक यता अन्तराष्ट्रिय संचितिको निम्ति डलरको प्रयोग घट्दो छ। सन् १९७३ मा ७६ प्रतिशत अन्तर्राष्ट्रिय संचिति डलरमा राख्ने गरिन्थ्यो। तर अहिले त्यो ५६ प्रतिशतमा झरेको छ। यूरोको प्रचलनले यसमा पनि अरु चर्को गिरावट ल्याउने संभावना देखिएको छ।

अमेरिका र यूरोपबीचको टक्कर र अन्तर्विरोध भनेको विश्वका उत्पीडित राष्ट्रहरुको हितमा नै हुने गर्छ, यद्यपि दुवै साम्राज्यवादी शक्तिहरु हुन्। यस कोणबाट डलर र यूरोवीचको टक्कर पनि त्यही अन्तरविरोधको अभिव्यक्ति हो, जुन हाम्रो अहितमा छैन।

## एक यूरो बराबर कति ?

| | |
|---|---|
| अष्ट्रियन शिलिङ | १३.७६०३ |
| बेल्जियन फ्यांक | ४०.३३९९ |
| डच गिल्डर | २.२०३७१ |
| फिनीश मार्का | ५.९४५७३ |
| फेञ्च फ्रैंक | ६.५५९५७ |
| जर्मन मार्क | १.९५५८३ |
| आइरिश पुण्ट | ०.७८७५६४ |
| इटालियन लीरा | १९३६.२७ |
| लक्जेम्वर्ग फ्रयांक | ४०.३३९९ |
| पोर्तुगिज एरक्यूडो | २००.४८२ |
| स्पेनीश पेसेटा | १६६.३८६ |
| अमेरिकी डलर | १.१७ |
| जापानी येन | १३३ |
| व्रिटीश पौण्ड | ०.७० |

(डिसेम्वर ३१, १९९८ मा)

*स्रोतः यूरोपेली कमीशन*

एउटा साझा मुद्राको रुपमा यूरोलाई प्रचलनमा ल्याउन ११ वटा यूरोपेली राष्ट्रहरुले एउटा साझा केन्द्रिय वैंक स्थापना गरेका छन्- यूरोपेली केन्द्रिय बैंक (ECB) का नाममा, जसको केन्द्रिय कार्यालय जर्मनीको फ्रयांकफर्टमा छ। यी ११ वटै राष्ट्रहरुले एउटा सन्धिद्वारा मुद्रास्फीतिबारे, पैसा छापेर बजेट घाटा पूर्ति गर्नेबारे र मुद्रा अवमूल्यनद्वारा निर्यात वृद्धि गर्नेबारे नीति निर्णय गर्ने सारा राष्ट्र राज्यको अधिकार यूरोपेली केन्द्रिय बैंकलाई स्थानान्तरण गरेका छन्। यो वैंकको मुख्य काम तोकिएको छ- मूल्य स्थिर गर्न मनपरी खर्च गर्ने कुनै पनि घाटाग्रस्त सरकारलाई वचाउ धनराशी दिन नपाइने नियम कडाइपूर्वक तोकिएको छ। र यो बैंकलाई राजनैतिक हस्तक्षेपबाट मुक्त र स्वाधीन राख्ने नीति तय गरिएको छ।

यो नीतिले एउटा समस्या गंभीर रुपमा पैदा गर्ने संभावना छ। त्यो के भने यी मध्ये कुनै पनि मुलुक मन्दीको चपेटामा परेमा सन्धि अनुसार राष्ट्रले अलग्गै वित्तीय नीति तय गरेर त्यो मन्दी विरुद्ध लड्न सकिने छैन। यस्तो स्थितिमा कुनै पनि मुलुक मन्दीग्रस्त भएमा त्यहाँ यूरोपेली संघविरुद्ध नै तीव्र नकारात्मक प्रतिक्रिया पैदा हुने संभावना छ। त्यसो त अहिले नै पनि यूरोपेली संघ त्यहाँको जनता बीच त्यति लोकप्रिय हुन सकेको छैन।

तथापि 'यूरो' अब एउटा वास्तविकता भइसकेको छ। यो कत्तिको प्रभावकारी र दिगो विश्व मुद्रा होला, त्यो चाहिँ भविष्यको गर्भमा हेर्नै बाँकी छ।

❑ दीपेश उपाध्याय

## 'अन्तर्क्रिया डबली' संचालन हुन थाल्यो !

**नेपालको** वाम तथा प्रजातान्त्रिक आन्दोलनका विभिन्न पक्षहरुमा विचार स्पष्टता प्राप्त गर्ने प्रयत्नलाई सघाऊ पुर्‍याउने उद्देश्यले गत माघ महिनादेखि काठमाडौंमा एक पाक्षिक विचार-मन्थन कार्यक्रम संचालन गर्न थालिएको छ।

'अन्तर्क्रिया डबली' नामको सो कार्यक्रम हरेक महिनाको पहिलो र तेस्रो शुक्रबार अपरान्ह ३ बजे काठमाडौं मोडेल अस्पतालको हलमा संचालन हुने गरेको छ।

गत माघको पहिलो शुक्रबारको कार्यक्रममा 'नेपाली कम्युनिष्ट आन्दोलनका सबलता र दुर्बलता के के हुन् ?' भन्नेबारे पूर्व सांसद घनश्याम भूसाल तथा मूल्यांकनका प्रधान सम्पादक श्याम श्रेष्ठको शुरु प्रस्तुतिमाथि अन्तर्क्रिया गरियो। अन्तर्क्रियामा क. चित्रबहादुर के.सी., क. रोहित, क. विष्णुबहादुर मानन्धर, क. झलनाथ खनाल, क. सी.पी. मैनाली र क. लोकनारायण सुवेदीले आ-आफ्ना विचारहरु व्यक्त गर्नु भएको थियो। सो कार्यक्रममा क. कृष्णदास श्रेष्ठ, क. लिलामणि पोखरेल र गोविन्द भट्ट, श्यामप्रसाद शर्मा, डा. चैतन्य मिश्र, डा. सरोज धिताल लगायतका बौद्धिक व्यक्तिहरुको पनि उपस्थिति थियो।

माघको तेस्रो शुक्रबार यसै विषयमा थप अन्तर्क्रिया सम्पन्न भयो भने माघको चौथो शुक्रवार अतिरिक्त कार्यक्रमका रुपमा 'दीर्घकालीन स्वास्थ्य नीतिका संभावित असरहरु' बारे डा. चैतन्य मिश्रको शुरु प्रस्तुतिमा विषयविज्ञहरु र अन्य बौद्धिक व्यक्तिहरुले छलफलमा भाग लिनुभयो। यसैगरी, माघको अन्तिम शुक्रबार गत २९ गते आयोजित अन्तर्क्रिया डबलीमा पूर्व सांसद दमननाथ ढुंगाना र प्रा. माणिकलाल श्रेष्ठले २०४६ पछिका आठ वर्षहरुको समीक्षा गर्नुभयो र त्यस समीक्षामाथि सहभागीहरुद्वारा छलफल गरियो। ◆

# पाठकको कुरा

## मूल्य र अन्य पक्षबारे

मूल्यांकनको मूल्यबारे राय सोध्नु भएको रहेछ। के मूल्यांकन मासिक तपाईहरुले व्यवसायिक ढंगले संचालन गर्न लाग्नु भएको हो कि यो सैद्धान्तिक वैचारिक रुपले जनतालाई सुसज्जित गराउनको लागि हो ? यदि व्यवसायिक ढंगले संचालन गर्ने नै हो भने के भयो र होइन ? होइन भने, कम्युनिष्ट भनेका सर्वहारा वर्गको हित रक्षाको लागि संघर्षरत रहने एउटा त्यो वर्ग हो, जसलाई बिहान बेलुका हात मुख धान्न धौ धौ छ। त्यस वर्गको उत्थानको लागि आम नेपाली समाजमा रहेको वर्ग चिन्तनलाई वैचारिक सैद्धान्तिक र द्वन्दात्मक ढंगले बुझ्नु पर्छ। नेतृत्व तहमा रहेको नेतृत्वदायी व्यक्तिलाई ठीक ठाउँमा ल्याउनकै लागि वैचारिक सैद्धान्तिक रुपमा सजग गराउने मासिक पत्रिकाको मूल्यवृद्धिले आम पाठक वर्गमा निराशावादी भावना पलाउन थाल्ने त होइन ? यस मासिकका प्रधान सम्पादकले कम्युनिष्ट आन्दोलनमा विकृति विसंगतिका साथै नवसामन्तवादी वर्गको उदय हुँदै गएको छ, त्यसलाई ठीक गर्न सबैले आ आफ्नो ठाउँबाट लागौं पनि भन्ने र मूल्याङ्कन जस्तो वैचारिक सैद्धान्तिक पत्रिकाको मूल्यवृद्धि पनि गर्ने गरेको के सुहायो र ?

मूल्याङ्कन मासिकले अब नेपालका कम्युनिष्ट नेताहरुलाई विश्वको कम्युनिष्ट आन्दोलनका नेताहरुको सिद्धान्त-दर्शनको मात्र अनुसरण गर्ने होइन, उनीहरुले प्रयोग गरेको व्यवहारको पनि अनुशरण गर्न सिक, होइन भने तिमीहरुलाई मार्क्सवाद लेनिनवाद र माओवाद भन्ने अधिकार छैन भन्ने उद्घोष पनि गर्नुपर्‍यो। साथै, तिनै नेताहरुलाई समेटनु भन्दा पनि शोषित पीडित तमाम कार्यकर्ताहरुलाई पनि समेटनु पर्‍यो।

**- माधव दाहाल**
**का.म.पा. ७, चावहिल, मैजुवहाल**

## नारी स्तंभ र मूल्य

"मूल्याङ्कन"ले नारी स्तम्भ नदिनाले यो अपूरो झै लाग्छ। आम शोषित पीडित जनतामा पत्रिका पुर्‍याउनका लागि मूल्यवृद्धि बाधक हुने हुनाले "मूल्यांङ्कन" को मूल्य बढाउनु राम्रो हुन्न।

**- दीपा सिटौला, दमक, झापा**

## हो पुनर्गठन जरूरी नै छ

हाम्रो मुलुकको कम्युनिष्ट आन्दोलन पुरानो शैलीको त छँदैछ, साथमा नेपाली कम्युनिष्ट आन्दोलनको थालनीदेखि वर्तमान अवस्थासम्म नेपाली कम्युनिष्ट पार्टीहरुले जनतालाई पटक पटक सिद्धान्त र विचारका नाममा खोले खुवाउने सपना देखाउँदै आइरहेका छन्। तर ती पार्टीहरुले नेपाली जनतालाई खोले खुवाउनेतर्फ भन्दा आफैं भास्से बन्नेतर्फ पौठेजोरी खेल्दै तँ छाँड, म छाँड गरीरहेका छन्। उनीहरुको रबैया देखेर नेपाली जनता मात्रै होइनन्, उनीहरुसंग रहेका असल विचारका, कर्तव्यनिष्ठ, सिद्धान्तनिष्ठ नेता-कार्यकर्ताहरु समेत वाक्कदिक्क भइसकेका छन्। यस अवस्थामा अर्को पार्टी खोल्नुको अर्थ र औचित्य छैन। अब नयाँ शैली र ढाँचामा नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनर्गठित गर्नु बाहेक अर्को विकल्प नरहेको देखिएको छ।

**-महेश श्रेष्ठ, धरान, ७/१० सुनसरी**

## पुनर्गठनबारे र महाकालीबारे

मूल्याङ्कन मासिकको पूर्णाङ्क ६३ हात पर्‍यो। यो अंकमा श्याम श्रेष्ठको आवरण लेख "के नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुन संगठित गर्न जरुरी छ ?' ले नेपालका कम्युनिष्ट पार्टी नेता कार्यकर्ताहरुलाई राम्रो पाठ सिकाएको छ। किन चुनावी सरकार महाकाली सन्धी लागु गर्न खोज्दैछ भन्ने लेखले तमाम नेपाली जनतालाई आफ्नो देशको स्वाधीनताप्रति सचेत गराउने जमर्को गरेको छ।

**-विश्वनाथ पौडेल र रुपक पौडेल**
**भ.न.पा. १२, वसन्त चौक, चितवन।**

## कम्युनिष्ट आन्दोलनको पुनर्गठनबारे

सदा झै पूर्णाङ्क ६३ हेरें। यसमा दिएको के "नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगबाट पुन संगठित गर्नु जरुरी छ" अति मन पर्‍यो। जसको लागि मूल्याङ्कनलाई धेरै धेरै बधाई। विनोद मिश्रको बारेमा थप जानकारीको आशा राख्दछु। मूल्याङ्कनमा मूल्य बढाएर भए पनि पृष्ठ संख्या थपियोस्।

**-कुमार बजगाई दीन,**
**जलथल- ७, झापा**

## हँसिया हथौडा किन चर्काएको ?

एक त चुनावको मुखमा र अर्को, विश्व कम्युनिष्ट आन्दोलनको चिन्ह हसिँया-हथौडा अंकित झण्डालाई चर्काएर मुखपृष्ठमा छाप्नु भएकोमा दुःख लाग्यो।

**- गोविन्दराज नेपाल,**
**बछौली ९, टरौली, चितवन**

*(नेपालको विभाजित वाम आन्दोलनलाई दर्शाउने उद्देश्यले यसो गरिएको हो। कम्युनिष्ट पार्टीहरु फुटेपनि कम्युनिष्ट आन्दोलन निरन्तर अगाडि बढ्ने कुरामा हाम्रा आदरणीय पाठकहरुझैं हामी पनि विश्वस्त नै छौं र एकताको पक्षमा हाम्रो प्रयत्न निरन्तर रहनेछ। -मूल्याङ्कन)*

## नागभूषणबारे

मूल्याङ्कन मेरो राजनितिक खुराक नै भएको छ। किन किन यो मूल्याङ्कन हाम्रो विराटनगरको पसलमा एक दिन आउन लेट गर्‍यो भने म गालीसम्म गर्न बाँकी राख्दिनँ। अहिले ६३ पूर्णाङ्क पनि किनेर पढें। राजेन्द्र महर्जनले लेख्नु भएको नागभूषण पटनायकको राजनीतिक जीवन झाँकी मलाई असाध्यै मन पर्‍यो। चीनको वर्तमान कम्युनिष्ट आन्दोलन कसरी चलिरहेछ, त्यसको बारेमा आउने अंकहरु मार्फत लेखीदिनु हुन अनुरोध छ।

**-भोगेन्द्र प्र. यादव, विराटनगर -१७**
**पशु अस्पताल चोक**

## डा. सरोजको विचार मनपर्‍यो

म मूल्याङ्कन मासिकको नियमित पाठक हुँ। समयमै पूर्णाङ्क ६३ पढ्न पाउँदा खुशी लागेको छ।

नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन केका लागि र किन ? भन्ने अन्तर्क्रियामा- डा. सरोज धितालको धारणा अति राम्रो लाग्यो। यसले आजका विकृत, तर आफूलाई समाजवादी अगुवाको रुपमा ठम्याउने अगुवाहरुलाई चिन्तन मात्र हैन, व्यवहारको पनि परिवर्तन हुनु पर्ने आवश्यकता औंल्याएको छ।

त्यस्तै, माओको अंगरक्षकको सम्झना पनि अति रोचक लाग्यो। यसले आजका तमाम नेता क. हरुलाई नेतृत्वमा हुनुपर्ने गुणबारे असल शिक्षा अवश्य दिएको छ।

**-मानबहादुर सिंह, ने.रे.सो.के.का.**
**पो.ब.नं. २१७**

## अंक ६१ बारे

"मूल्याङ्कन"को अंक ६१ समयमै पढ्ने मौका पाएँ। म मूल्याङ्कन मासिक पत्रिकाको नियमित पाठक हुँ। यस अंकको आवरण कथामा रुसमा पुन साम्यवादको आवश्यकता महसुस गरी त्यहाँका जनताहरु संघर्षमा उत्रिएको सचित्र व्याख्या गरिनाले पूंजीवादी मुलुकहरुलाई राम्ररी जवाफ मिलेको छ। लेखकप्रति आभार व्यक्त गर्दै यस्ता अरुपनि लेखहरुको प्रतीक्षामा छु। साथै, मूल्याङ्कन अझ स्तरीय बन्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**-रणवम लोहार, स्याबुन- ४,**
**कुसुवा, संखुवासभा**

## मूल्यबारे

"मूल्याङ्कन" लाई दीर्घकालीन रुपले टिकाउनु जरुरी छ। त्यसकारण, यसले बजारमा आफूलाई टिकाउन गाह्रो परेको भए रु. २०।- सम्म गरे हुन्छ। तर पृष्ठ बढाइनु पर्छ र स्तर घटाइनु हुन्न। केही पैसा थप तिर्दा "मूल्याङ्कन" दीगो हुन्छ र धेरै सामाग्री पढ्न पाइन्छ भने अरुचीकर भएपनि र मर्का पर्ने नै भए पनि मूल्यवृद्धिलाई स्वीकारेको हुँ। समर्थ भएकोले स्वीकारेको भन्ने नठान्नु होला।

**-राजु अवाले, न:टोल, पाटन**

## जर्मनीका नेपालीको पीडा

जर्मनीमा नेपाली राजदूतावासले त्यहाँ रहेका नेपालीलाई सरसहायता गर्नुको साटो झन सताउने गरिरहेको छ। ६५ लाख विदेशीहरु भएको जर्मनीमा २ हजार नेपालीलाई जर्मन सरकारले आफै खेद्न चाहँदैन। तर हाम्रै देशको प्रतिनिधि दूतवासले घूस नदिने नेपालीलाई खेद्छ। प्रवीण भट्टराई र खतिवडा भन्नेले यो दूतावासमा नेपालीहरुलाई सताउने गरेका छन्। कम्प्यूटर किन्न पैसा चाहियो भन्दै पैसा ठग्ने वा भिडियो डेकहरु जस्ता सामानहरु घूसको रुपमा लिने काम यहाँबाट भैरहेको छ। सम्बन्धित निकायले यस भ्रष्ट आचरणविरुद्ध कारवाही गरोस् भनी नेपालका प्र.म, परराष्ट्र र गृह मन्त्रालय समेतलाई अनुरोध गरेका छौं। त्यस पत्रिकाबाट पनि हाम्रो आवाजले स्थान पाओस् भनी अनुरोध गर्दछौं।

**-पीडित नेपालीहरु, जर्मनी।**

## अंक ६२ बारे

अलि ढिलै भएपनि अंक ६२ राम्ररी पढ्ने मौका पाएँ। माओवादी गतिविधिप्रति यस मासिकले गरेको विश्लेषण अति सान्दर्भिक छ। अझ त्यसमा विभिन्न नेताहरुको विचारले गर्दा अझ स्पष्ट भएको छ। वाम आन्दोलनमा यो हिंसात्मक प्रक्रियाले वास्तवमा शान्ति सुरक्षाको नाममा प्रतिक्रियावादी शक्तिलाई कम्युनिष्ट सिध्याउने राम्रो मौका मिलेको छ, त्यसैले सबै वाम समूहहरु मिलेर आगामी आम निर्वाचनमा वहुमतको सरकार बनाउने हो भने साम्यवादी आन्दोलन अवश्य अगाडि बढ्नेछ। त्यसैले आजको आवश्यकता भनेको वाम समूह एक हुनु नै हो।


मूल्याङ्कनमा विश्व कम्युनिष्ट आन्दोलन स्तम्भ शिक्षाप्रद छ। साथै, विमल निभाको लेख प्रेरणाप्रद र मन छुने खालको छ। दीपक ज्ञवालीको माओवादप्रतिको धारणा समयसापेक्ष लाग्यो। अन्तर्क्रिया र विचार मञ्च नहुँदा अलि खल्लो लाग्यो। अन्य स्तम्भहरु स्तरीय नै छन्।

**-होम थापा, बेगाँडावर- ८, धनुषा**

## मूल्यांकनको मूल्यबारे

**यस अंकदेखि हामीले मूल्यांकनमा चार पृष्ठहरु थपी यसको मूल्य रु. २०।- गरेका छौं। हामीले नाफामुखी हुन खोजेर मूल्य बढाउन खोजेका हैनौं। अन्य कतिपय प्रकाशनहरुले हाम्रोभन्दा कम पृष्ठसंख्याकै रु. २०।- मूल्य निर्धारण गर्दा पनि हामीले आफ्नो मूल्य बढाएका थिएनौं। हाल विभिन्न पाठकहरु र विक्रेताहरुको सुझाव समेतका आधारमा हामीले यसो गरेका हौं। मूल्यांकनको यस मूल्यवृद्धिबाट पाठकमा पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौं।**

**मूल्यांकनलाई झन झन उपयोगी र वस्तुपरक पार्दै लैजान यहाँहरुको सुझाव र आलोचनाको हामी सदैव अपेक्षा गर्दछौं।** *-अन्तर्क्रिया प्रकाशन प्रा.लि.*




# Here, There and Everywhere

10th ANNIVERSARY 1987 1997

Nepal Grindlays Bank Limited

नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

## A DECADE OF "SERVICE EXCELLENCE"

Member ANZ group of companies

| | Nayabaneswar | Kantipath | Thamel Exchange Bureau | Lalitpur | Biratnagar(Morang) |
|---|---|---|---|---|---|
| Tel: | 246753,229333 | 228474 | 233128 | 524990 | 27983 |
| Fax: | 226762 | 228692 | 228692 | 523266 | 27982 |
| TLX: | 2531 GRNDLY NP | 2736 GMNEPL | 2268 GRCRD | 2532 NGBL NP | 2037 ANZBRT |

| | Duhabi (Sunsari) | Pokhara (Lakeside) | Arghaun Bazar, Pokhara |
|---|---|---|---|
| Tel: | 40030 | 20102 | 21676 |
| Fax: | 40177 | 20318 | 20318 |
| TLX: | | 6003 GR POREX | 6003 GR POREX |


BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
GOLD LABEL
TUBORG
DE LUXE BEER
"Brewed by Gorkha Brewery Ltd., (Most modern and environmentally friendly brewery of Nepal) with genuine and pure Australian and European malts and selected European hops. Sold in more than 120 countries world wide."
TUBORG ... WHEREVER YOU ARE.